


**कमरेड गोञ्जालो: नेपाली वामपन्थीहरुको असंगतिपूर्ण समर्थन**

'साइनिङ्ग पाथ' प्रति असहमत एकजना विदेशी लेखकको अभिमत

# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ७४

मूल्य रु. २०/-
भा.रु. १५/-




म साहित्यकार नभएको भए
संगीतकार हुन्थें
-रमेश विकल



शिक्षामा प्रजातान्त्रीकरण
कसरी संभव छ ?
-शिक्षाविद् डा. विद्यानाथ
कोइरालासंग कुराकानी


- चेचेन्यामा अहिले भैरहेको भीषण युद्धको मूल कारण के हो ?
- किन प्रगतिशील प्राध्यापकहरुको एकतावद्ध सम्मेलन हुन सकेन ?
- यिल्माज गुने: जेलभित्रैबाट फिल्म निर्देशन गर्ने क्रान्तिकारी फिल्मकार
- मैले माओवादी पार्टी यसकारण छाडें -पुष्कर गौतम



## जंगली ढेडु कसरी मान्छेमा विकसित भयो ?

हालसालैको नयाँ वैज्ञानिक खोज-अनुसन्धानको विस्तृत रिपोर्ट

# DUCKHAMS




अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल






**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

राष्ट्रिय प्रजातन्त्र दिवसको
उपलक्ष्यमा बाग्लुङ्ग
नगरवासी तथा समस्त
देशवासीहरूप्रति
**हार्दिक मंगलमय**
**शुभ-कामना**
व्यक्त गर्दछौ !
ऋषिराम शर्मा
मेयर
तथा बाग्लुङ्ग नगरपालिका परिवार

राष्ट्रिय प्रजातन्त्र दिवसको
उपलक्ष्यमा बाग्लुङ्ग
जिल्लावासी तथा समस्त
देशवासीहरूप्रति
**हार्दिक मंगलमय**
**शुभ-कामना**
व्यक्त गर्दछौ !
लीलाबहादुर थापा मगर
सभापति
तथा बाग्लुङ्ग जि.वि.स. परिवार

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ७४
फागुन, २०५६



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख ब्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा
प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. न. ७०५०, काठमाडौं
*इमेल :*
mulyankan@hons.com.np
*वेभसाइट:*
www.webnepal.com/mulyankan


## जंगली ढेडु कसरी मान्छेमा विकसित भयो ?

हालसालैको नयाँ वैज्ञानिक खोज
अनुसन्धानको बिस्तृत रिपोर्ट



**मानवको विकास र विकास-क्रमबारे महत्वपूर्ण संस्कृतिको शुरुवात कहिलेदेखि भयो ?**

## शिक्षामा प्रजातन्त्रीकरण गर्न हाम्रो टाउकोमा प्रजातन्त्रीकरण गर्नुपर्छ

शिक्षाविद् डा. विद्यानाथ कोइरालासँग
शिक्षामा प्रजातन्त्रीकरणको प्रश्नबारे गरिएको कुराकानी

## साहित्यकार नभएको भए म संगीतकार हुन्थें

◆ रमेश विकल



## क. गोन्जालो: नेपाली वामपन्थीहरूको असङ्गतिपूर्ण समर्थन

-स्टेफन माइकसेल

प्रगतिशील प्राध्यापकहरुको धरान सम्मेलन

## किन यो संपूर्ण प्रगतिशील प्राध्यापकहरुको एकताबद्ध सम्मेलन हुन सकेन ?

*पक्षको तर्फबाट नेपाल प्रगतिशील प्राध्यापक संगठनका सभापति चिरञ्जीवि शर्मा र विपक्षको तर्फबाट डा. हीराबहादुर महर्जन, रमेश शर्मा, डा. ओम गुरुङ र डा. जगदीशचन्द्र भण्डारीका विचारहरु*

**प्रगतिशील प्राध्यापक संगठनको इतिहासमा आएको पटाक्षेप**
*-राजेन्द्र सुवेदीको विश्लेषण*


**हाम्रो मूल्यांकन**
के महँगीका विरूद्ध प्रतिपक्षी पार्टीले गर्नसक्ने यति नै हो ? ४

**घटना र प्रवृत्ति**
नेपालमा पहिलो पटक अन्तर्राष्ट्रिय समाजवादी सम्मेलन हुने ! ५
मेलम्चीको पानी आकाशको.... ५
प्रगतिशील लेखक संघका आजका सरोकारहरू के के ? ५
भारतमा बिजुली कामदारको हड्ताल १६
छापामार भएर हिंड्दा जनतालाई धम्क्याएर खाना खानुपर्ने स्थिति पनि रह्यो - *ने.क.पा. (माओवादी) का भू.पू. जिल्ला कमिटी सदस्य र जिल्ला सैन्य कमाण्डर पुष्कर गौतम* ४०

**कभर स्टोरी**
जंगली ढेडु कसरी मान्छेमा विकसित भयो ? ६
प्राचीन ढुङ्गे युगदेखि नै मानव संस्कृतिको शुरूवात भयो १३

**आँखीझ्याल**
किन चेचेन्यामा अहिले भीषण युद्ध चल्दैछ ?
*-श्याम श्रेष्ठ* १७

**विश्व कम्युनिष्ट आन्दोलन**
कमरेड गोन्जालो: नेपालीवामपन्थीहरूको असङ्गतिपूर्ण समर्थन
*-स्टेफन माइकसेल* २०

**अचेल**
साहित्यकार नभएको भए म संगीतकार हुन्थें
-रमेश विकल २४

**व्यंग्य**
खलनायक
-विमल निभा २७

**अन्तर्क्रिया**
शिक्षामा प्रजातान्त्रीकरण गर्न हाम्रो टाउकोमा प्रजातान्त्रीकरण गर्नुपर्छ
*शिक्षाविद् डा. विद्यानाथ कोइरालासँग कुराकानी* २८
शिक्षा प्रणालीमा प्रजातन्त्रीकरण: किन र कसरी ? २९
प्रगतिशील प्राध्यापकहरूको धरान सम्मेलन: किन यो संपूर्ण प्रगतिशील प्राध्यापकहरूको एकताबद्ध सम्मेलन हुन सकेन ?
*पक्षको तर्फबाट नेपाल प्रगतिशील प्राध्यापक संगठनका सभापति चिरञ्जीवि शर्मा र विपक्षको तर्फबाट डा. हीराबहादुर महर्जन, रमेश शर्मा, डा. ओम गुरूङ र डा. जगदीशचन्द्र भण्डारीका विचारहरू* ४२
प्रगतिशील प्राध्यापक संगठनको इतिहासमा आएको पटाक्षेप
*-राजेन्द्र सुवेदी* ४४

**जीवनको झाँकी**
क. नागभूषणको दुःखद् मृत्यु
*'जीवन होस् या मृत्यु, हरक्षण म पार्टीकै लागि हुँ'* ३४

**आत्मकथा**
बुद्धसिंह गुरूङलाई अनसन गराउंदा र माडवारीविरूद्ध जुलूस गर्दाको सम्झना
*-निर्मल लामा* ३६

**पर्दा / रंगमञ्च**
यिल्माज गुने
जेलभित्रैबाट फिल्म निर्देशन गर्ने क्रान्तिकारी फिल्मकार ! ३८
पाठकको कुरो ४६



आवरणमा : एक प्राग्मानवको खप्पर/स्रोत : Time । इन्सेटमा : होमिनिडको काल्पनिक चित्र/स्रोत : Anthropology by C.R. Ember / K.M. Ember
काँधमा: बन्दी अवस्थामा क. गोञ्जालो । आवरण सज्जा: टाइम्स क्रिएशन, बागबजार, फोन: २५२६४५
कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारू, यति आर्ट, पुतलीसडक मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार

## हाम्रो मूल्यांकन

# के महँगीका विरुद्ध प्रतिपक्षी पार्टीले गर्नसक्ने यति नै हो ?

गएको ८ महीनामा महँगी जुन ढंगले बढेको छ र प्रतिपक्षी वामपन्थी पार्टीहरुले जुन ढंगले संघर्ष गरेका छन्, त्यो हेर्दा यस्तो प्रतीत भएको छ कि नेपालमा जनताको पीरमर्कासित कुनै सरोकार नभएको जनतामारा सरकार मात्र अस्तित्वमा छ । त्यो सरकारको बदमाशी र जनविरोधी कदमहरुको जन स्तरमा सशक्त भण्डाफोर र प्रभावकारी प्रतिरोध गर्नसक्ने प्रतिपक्षी पार्टी चाहिँ मैदानमा छैन ।

एमाले देशकै सबैभन्दा ठूलो प्रतिपक्षी पार्टी हो । चुनावका बेला यसले एक्लैले टुँडिखेलमा कुनै पनि बेला एकलाख मान्छे ओराल्ने क्षमता राख्छ । तर अपार महँगीको यति ठूलो जनपक्षीय सवालमा उसले दश हजार मान्छे पनि विद्युत प्राधिकरण, आयल निगम र खानेपानी संस्थानमा सशक्त धर्नाका निम्ति उतारेन । केही सडक संघर्षका कार्यक्रमहरु त तुरुन्तै राखिए, परन्तु सरकारलाई मूल्य घटाउन बाध्य पार्ने कुनै पनि प्रभावकारी र सशक्त सडक संघर्षको कार्यक्रम यसले राखेन । संसदमा कांग्रेसको स्पष्ट बहुमत भएको प्रष्ट हुँदाहुँदै संसदको विशेष अधिवेशन डाकेर त्यो अधिवेशनको बहुमतले उसको महँगी घटाउने प्रस्ताव तुहाइदिएपछि एमालेको संपूर्ण महँगीविरोधी संघर्ष नै सामसुम भयो । संसदबाट जनताको समस्या समाधान नभएको उदांगो उदाहरण प्रष्ट देखाएर अब हामी सशक्त सडक संघर्षमा आउन बाध्य भयौं भन्ने ठाउँ एमालेलाई कांग्रेस स्वयंले जुटाइदिएको थियो । परन्तु यति राम्रो सुवर्ण अवसर उपयोग गर्नमा समेत एमाले नेतृत्वले ध्यान दिएन । एमाले महँगीविरुद्ध संघर्ष गरिहेका नौ वामसित समेत संयुक्त हुन तैयार भएन । संसदको विशेष अधिवेशनको अन्त्यसँगै उसको महँगीविरोधी संघर्ष र संघर्ष गर्ने प्रतिपक्षीय दायित्वको समेत अन्त्य भएको देखियो ।

यी सब घटनाले के देखाए भने एमाले नेतृत्व विश्वका तथाकथित दातृ समुदायलाई यो देखाउन मात्र संसदको विशेष अधिवेशन डाकिरहेको थियो कि ऊ जनताका सबै समस्याको समाधान संसदीय घेरोबाटै गर्ने कुरामा प्रतिवद्ध छ, सशक्त सडक संघर्षबाट होइन । यो घटनाले के पनि देखायो भने एमाले अरु वामसित आफ्नो दूरी देखाउन चाहन्छ । नत्र जनतालाई यति धेरै मर्का पारेको महँगीजस्तो सवालमा उसले सशक्त र संयुक्त जनसंघर्ष उठाउन सक्दा आम जनताको भरोसा र विश्वास एमालेप्रति अचाक्ली बढ्दैनथ्यो र ? यसबाट कांग्रेस नांगेझार र अत्यन्त कमजोर हुँदैनथ्यो र ? जम्मामा यो संघर्ष आम जनता र एमाले दुइटैको फाइदामा हुँदैनथ्यो र ?



*एउटै संगठनका पनि विशाल सभाहरू हुने गर्थे तर धेरै संगठनहरू मिल्दा चाहिँ किन जनमघट सानो हुने ?*

नौ वामशक्ति नेपालको अर्को सशक्त वामपन्थी शक्ति हो । यसभित्र माले, राष्ट्रिय जनआन्दोलन संयोजन समिति, एकताकेन्द्र, मसाल, र ने.म.कि.पा जस्ता वामघटकहरु विद्यमान छन्, जसले खोजेको खण्डमा दश बीस हजार मान्छे सशक्त संघर्षका निम्ति उतार्नु संभव कुरो थियो । माले एक्लैले चुनावमा झण्डै एकलाख मान्छे टुँडिखेलमा उतारेको जगजाहेर छ । परन्तु नौ वाम संघर्ष यसपटक पटक्कै प्रभावकारी भएन । यसका संयुक्त संघर्षहरु यति फितला र पातला भए कि त्यसले सिंहदरवारलाई महँगी घटाउन सशक्त दवाव नै सिर्जना गर्नसकेन । उनीहरुका झारा टराई संघर्ष हेर्दा संघर्षको प्रमुख उद्देश्य महँगीको विरुद्ध सशक्त जनदवाव पैदा गर्नु नभएर अस्तित्व धान्नु मात्र भएझैं देखियो ।

एक्लै संघर्ष गर्दा दुई चार हजार मान्छे ओराल्न सक्ने पार्टीले संयुक्त संघर्षमा दुईचार सय मान्छे समेत नओरालेको उदेकलाग्दो दृष्य देखियो । यो संस्कृति समाजवादलाई फेल ख्वाउने संस्कृति हो भन्ने हामीलाई लागेको छ । सामूहिक खेतबारीमा झाराटराई काम मात्र गर्ने नाम मात्रको आलु फलाउने, आफ्नो निजी खेतवारीमा चाहिँ मरिहत्ते गरेर काम गर्ने, ठूला ठूला आलु फलाउने यो खालको व्यक्तिवादी प्रवृत्तिले नै समाजवादलाई फेल ख्वाउने हो । नौ वामको संघर्षमा पनि ठीक त्यस्तै प्रवृत्ति देखियो । संयुक्त संघर्षमा एकाध सय मान्छे मात्र ओराल्ने, पार्टीको आफ्नै निजी संघर्षमा चाहिँ विशाल शक्ति प्रदर्शन गर्ने- सारमा यो एउटै प्रवृत्ति होइन र ?

नौ वामका संघर्षका कार्यक्रमहरुमा सिर्जनशीलताको पनि ठूलो अनिकाल देखिएको छ । जहिले कार्यक्रम राख्यो- मशाल जुलुस, आमसभा, नेपाल बन्द । त्योभन्दा फरक र प्रभावकारी अर्को कुनै सिर्जनात्मक कार्यक्रम उसले अगाडि ल्याउन सकेको देखिएन । महँगीको सवालमा सशक्त कार्यक्रम त संबन्धित निकायका अगाडि अल्टीमेटम सहितको विशाल जनसमुदायको धर्ना र प्रभावशाली नेताहरुको अनशन हुने थियो । यसका निम्ति जनताले चिनेका नेताहरु, कार्यकर्ताहरु र सांसदहरु स्वयं टोल छिमेकमा गएर सशक्त पर्चा तथा प्रभावकारी पोष्टर मार्फत् जनतालाई महँगीको कारण बुझाउने गर्नुपर्थ्यो । अनि धर्ना र अनशन कार्यक्रममा आउन उनीहरुले अपील गर्ने हो भने के आम जनता सडकमा आउँदैनथे ? के यसबाट सशक्त जनदवाव सिर्जना हुन्नथ्यो ?

त्यस्तै, संघर्षको औजार पनि महँगीको सवालमा फरक हुनु जरुरी थियो । महँगी पीडित उपभोक्ताहरुको फोरम बनाएर संघर्ष गर्ने हो भने त्यो ब्यानरमुनि धेरैथरिका मान्छेहरु सामेल हुनसक्ने थिए । नाम चलेका वाम र गैरवाम व्यक्तित्वहरुसमेत जो महँगीका विरुद्ध अक्रोशित छन्, त्यसमा सामेल हुनसक्ने थिए । आम उपभोक्ताहरुलाई समेत त्यसमा सामेल हुन ज्यादा सजिलो पर्थ्यो । आउन चाहने साना ठूला अन्य समूहहरुलाई संगेट्ने सवालमा नौ वामको संघर्षमा संकीर्णता देखापऱ्यो । यो संकीर्णता उसले हटाउन सक्दा नै संघर्ष सर्वव्यापी र शक्तिशाली बन्नसक्ने थियो । परन्तु नौ वामले यी सवालमा दिनुपर्ने हदको ध्यान दिएको पाइएन ।

फलस्वरुप, देशमा अहिले निष्पट्ट निराशा र अकर्मण्यताभाव छाएको छ । 'खोइ कोही पार लाउने हिसावले केही गर्न सक्ने होइनन् !' र 'सबै उस्तै उस्तै हुन्' भन्ने मनोभाव जनतामा अहिले छाएको छ । जनतामा कुनै शक्तिप्रति पनि भरोसा र आशा नहुनु भनेको साह्रै नकारात्मक स्थिति हो । यस्तो स्थितिमा अति दक्षिणपन्थ मजाले मौलाउन सक्छ । अहिले नेपालमा यस्तो स्थिति पैदाभएको छ कि मानौं, नेपालमा सशक्त प्रतिपक्ष भन्ने नै छैन । यो स्थितिलाई संपूर्ण जिम्मेवार वामपन्थीहरु मिलेर हटाउनु जरुरी छ । त्यस्तै जिम्मेवार र संवेदनशील प्रजातान्त्रिक तत्वहरु समेतलाई यसमा संगेट्न कोशिस गर्नु पनि उत्तिकै जरुरी छ । गर्ने हो भने अहिले पनि समय छ, अहिले पनि धेरै बिग्रिहालेको छैन । नत्र जनतामा प्रश्न पैदा हुनेछ- के महँगीको विरुद्ध सारा प्रतिपक्षी वाम पार्टीहरुले गर्नसक्ने यति नै हो त ? ❑

**एक्लै संघर्ष गर्दा दुई चार हजार मान्छे ओराल्न सक्ने पार्टीले संयुक्त संघर्षमा दुईचार सय मान्छे समेत नओरालेको उदेकलाग्दो दृष्य देखियो ।**

# नेपालमा पहिलोपटक अन्तर्राष्ट्रिय समाजवादी सम्मेलन हुने !

नेकपा एमालेको पकडमा रहेको मदन-आश्रित स्मृति प्रतिष्ठानले आउँदो नोभेम्बर महिनाको ५ देखि १० तारिखसम्म नेपालमा पहिलो पटक समाजवादीहरूको अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्नेभएको छ ।

मदन-आश्रित स्मृति प्रतिष्ठानका अनुसार यो सम्मेलनमा विद्यमान समाजवादी मोडेलका विभिन्न रूप, विचार निर्माण तथा संघर्षका रणनीतिमाथिको बहसमा केन्द्रित रहेर सहभागीहरूका बीचमा अनुभवको आदान-प्रदान गर्ने उद्देश्य राखिएको छ । सम्मेलनको क्रममा एक्काइसौं शताब्दीमा समाजवादको सार्थकता र त्यसको क्षेत्रको बारेमा गंभीर छलफल गर्ने र समाजवादमाथि विश्वास राख्ने दल, संघ-संस्था र आन्दोलनका बीच पारस्परिक मित्रता बढाउने लक्ष्य पनि लिइएको छ ।

परिवर्तित परिस्थितिमा समाजवादको बारेमा गंभीर छलफल चलाउन र विश्वव्यापी सहमतिका बिन्दुहरू खोजीगर्न सम्मेलन गर्न लागिएको बताउँदै प्रतिष्ठानका अध्यक्ष तथा एमालेका पोलिटब्यूरो सदस्य क. प्रदीप नेपालले जनाउनुभएको छ- 'सम्मेलनमा सबै महादेशका समाजवादको बृहत्तर सीमाभित्र आफूलाई समेट्न चाहने पार्टीहरू, आन्दोलनहरू र बौद्धिक व्यक्तिहरूको सहभागिता हुनेछ ।'

'समाजवादको बृहत्तर सीमाभित्र प्रजातान्त्रिक



क. प्रदीप नेपाल

**समाजवादी सम्मेलन कति वैज्ञानिक समाजवादमुखी होला ?**

समाजवादको मन्त्र जप्ने नेपाली कांग्रेसदेखि लिएर साम्राज्यवादी राष्ट्र ब्रिटेनको शासक-दल- लेबोर पार्टीसमेत अटिरहेको वर्तमान स्थितिबारे धेरैथोरै सबैलाई थाहा छ । यस्तो स्थितिमा यो सम्मेलन कहीं कम्युनिष्टहरूदेखि लिएर सोशलिष्ट र सोशल डेमोक्रेटको खोल ओढिरहेका पूँजीवादीहरूको खिचडी त हुने होइन भन्ने प्रश्न पनि यतिखेर उठिरहेको छ ।

समाजवादको बारेमा हुने बहस, अन्तर्क्रिया र भेटघाटलाई अझ गहिरो, बिस्तृत र साम्यवादमुखी बनाउन जरूरी भइरहेको छ । यस्तो स्थितिमा सोशल डेमोक्रेटिक लाइनको सार निहित जनताको बुहदलीय जनवादका पक्षधर अध्यक्ष क. प्रदीप नेपाल लगायतका एमाले नेताहरू सामेल यस अन्तर्राष्ट्रिय समाजवादी सम्मेलनलाई पनि मार्क्स-एंगेल्सद्वारा प्रतिपादित र लेनिन, स्तालिन एवं माओद्वारा विकसित गरिएको वैज्ञानिक समाजवादी दिशातिर अग्रसर बनाउने कि छद्म पूँजीवादी दिशातिर अग्रसर बनाउने भन्ने चुनौति खडा भएको छ ।

हामी आशा गर्छौं- यो सम्मेलन वैज्ञानिक समाजवादकै दिशातिर अभिमुख होस् र यसले ठोस उपलब्धी हासिल गरोस् ।

❑ राजेन्द्र महर्जन

# मेलम्चीको पानी आकाशको फल

बहुचर्चित मेलम्ची खानेपानी आयोजनामा विश्व बैंकले फेरि एकपटक आफ्नो स्वार्थ थोपर्ने नियतलाई सार्वजनिक गरेको छ । काठमाण्डौंमा यही माघ २६ गतेदेखि शुरु भएको दातृसंस्थाहरुको चौथो परामर्श बैठकमा भाग नलिने निर्णय गरेर विश्व बैंकले त्यस्तो नियत देखाएको छ । बैठक शुरु हुनु एकदिन अघि मात्र माघ २५ गते विश्व बैंकले त्यस्तो निर्णय सार्वजनिक गरेको थियो ।

नेपालमा विश्व बैंकको लगानीको समीक्षामा व्यस्त भएकोले बैठकमा भागलिन असमर्थ भएको भन्ने कारण विश्व बैंकले देखाएको छ । तर मेलम्ची खानेपानी आयोजना विश्व बैंकका यसअघिका शर्तहरु बुझ्ने विज्ञहरु आयोजना संचालन प्रक्रियाप्रति नै विश्व बैंकले आपत्ति प्रकट गर्नखोजेको अनुमान गर्दैछन् । ज्ञातव्य छ, काठमाण्डौ उपत्यकाको खानेपानी वितरण व्यवस्था सुधार गर्न विश्व बैंकले खानेपानी संस्थान नै निजीकरण गर्नुपर्ने दवाबमूलक राय दिँदै आएको छ । त्यतिमात्र नभएर खानेपानीको उपभोक्ता महशूलमा बृद्धि गर्न पनि विश्व बैंकले दवाव दिइरहेको कुरा यसअघि नै पटक पटक सार्वजनिक भैसकेको छ ।

माघ २६ गते अर्थात् ९ फेब्रुअरी २००० मा शुरु भएको मेलम्ची खानेपानी विकास समितिद्वारा आयोजित दातृसंस्थाका प्रतिनिधिहरु सम्मिलित बैठकमा सहभागी अन्य संस्थाका प्रतिनिधिहरुले विश्व बैंकको निर्णयप्रति आश्चर्य प्रकट गरेका थिए । एसियाली विकास बैंकका आवासीय प्रतिनिधि रिचार्ड भोक्सले बैठकको शुरुमै विश्व बैंकको निर्णयलाई 'दुर्भाग्यपूर्ण' भनेका छन् । यस घटनाले अब मेलम्ची आयोजनामा दातृसंस्थाहरुबीच नयाँ समीकरण बन्ने र यस आयोजनाको माध्यमद्वारा निजीकरण तथा उदारीकरणको पक्षपोषक विश्व बैंकजस्ता संस्थाहरुले नेपालको अर्थतन्त्रमा खुला हस्तक्षेप बढाउने संभावना देखाएको छ ।

अहिले मेलम्ची खानेपानी आयोजनालाई बहुउद्देश्यीय आयोजनाको रुप दिने प्रयास गरिँदैछ । तर माघ २६ र २७ गते बसेको उपर्युक्त बैठकले यस आयोजनाबाट विद्युत उत्पादन गर्ने कि नगर्ने भन्ने विषयमा बृहत् छलफल गरे पनि निर्णय गर्न सकेको थिएन । २८ अरब रुपैयाँ (४० करोड अमरिकी डलर)को लागतमा संचालन गर्न लागिएको यो आयोजनामा विद्युत उत्पादन पनि गर्ने हो भने थप ३ करोड डलर लाग्ने कुरा बताइएको छ । यसरी बढी लाग्ने ३ करोड अमेरिकी डलर कसरी जुटाउने भन्ने विषयमा पनि यो बैठक अनिर्णित नै देखिन्छ ।

उता सरकारी पक्षले सन् २००५ को जुलाई महीनासम्ममा पूरा गर्ने लक्ष्य राखेको मेलम्ची आयोजना सन् २०१० सम्म पनि पूरा हुन गाह्रो हुने कुरा जलश्रोतविद्हरुले बताउँदै आएका छन् । त्यसमाथि आगामी डिसेम्बर महीनादेखि कार्यान्वयन शुरु गर्ने पूर्व तालिका त्यसदेखि कम्तीमा ६ महीना पछाडि सरेको बताइन्छ ।

मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक दिनेशचन्द्र प्याकुरेलले आयोजनासम्बन्धी ठोस निर्णयहरु तीन हप्ताभित्र लिइने कुरा सार्वजनिक गर्नुभएको छ । तर ती निर्णयहरु नेपालले एक्लै गर्नसक्ने निर्णय नै होइन । त्यहाँमाथि विश्व अर्थतन्त्रलाई आफ्नो ईच्छामुताविक हाँक्न चाहने विश्व बैंकको वास्तविक नियत प्रष्ट नभैसकेकोले मेलम्ची आयोजनासम्बन्धमा अरु जटिलता देखापरेको छ । यी सबै घटनाक्रमहरुको पृष्ठभूमिमा काठमाण्डौका उपभोक्ताहरुका लागि मेलम्चीको पानी 'आकाशको फल आँखातरी मर' हुने संभावना टड्कारो देखिएको छ ।

- समीर थापा

## प्रगतिशील लेखक संघका आजका सरोकारहरु के के ?

प्रगतिशील लेखक संघले आफ्नो पाचौं राष्ट्रियं सम्मेलन यही फागुन २८ र २९ गते काठमाण्डौमा गर्ने भएको छ ।

लामो इतिहास बोकेको यस लेखक संघको यो राष्ट्रिय सम्मेलन पनि गत राष्ट्रिय सम्मेलनजस्तै एकपक्षीय नेतृत्व निर्माण गर्न र बाँकीले नेतृत्वमा रहन अस्वीकार गर्ने स्थितिमा नपुगोस् भनी प्रगतिशील लेखकहरु चनाखो भएको र सक्रिय भएको सकारात्मक स्थिति अहिले देखा परिरहेको छ । बिगतको नेतृत्वले गत सम्मेलनमा कमीकमजोरी भएको स्वीकारेर र बाँकी लेखकहरुलाई एकताबद्ध हुनआउन आह्वान गरेर जुन आत्मालोचक व्यवहार गऱ्यो, त्यसले यस संघलाई पुनः एकीकृत साझा मंच बनाउन सकिने संभावनालाई निकट तुल्याएको छ ।

हाम्रो समाजमा साझा-मंच वा साझा मोर्चाहरु खडा गर्न, टिकाउन र तिनलाई रचनात्मक अग्रगतिमा लान हरेक क्षेत्रमा गाह्रोगाह्रो हुने गरेको छ । संकीर्ण गुट स्वार्थ व्याप्त हुनु र साझा मोर्चा संचालनको विज्ञान पक्रिन नसक्नुका कारणले नै यस्तो हुने गरेको हो । नेतृत्वमा को जाने वा नजाने भन्ने होडबाजीले धेरै साझा संगठनहरुलाई बेलाबेलामा क्षति पुऱ्याइरहेको देखिन्छ । यो वास्तविकताबाट पाठ सिकेर प्रलेसंघले पनि कि त समझदारीमा सार्वमान्य नेतृत्व छान्न सक्नुपर्छ कि त नेतृत्व सम्हाल्ने 'अवसर' र दायित्व' पालैपालो सबै वरिष्ठ लेखकहरुमा स्वतः सर्दै जाने बस्तुगत नियम बनाएर त्यसै अनुरुप चल्नुपर्छ ।


हाम्रा साझा मोर्चाहरु भताभुंग हुने अर्को कारण हो- संयुक्त-मोर्चाको 'क्षेत्राधिकार' बारेको अस्पष्टता । आफ्नो विशिष्ट विचार अनुरुपको व्यवहार गर्न पनि अथवा कुनै विरोध वा समर्थनमा वक्तव्य निकाल्ने काम गर्न पनि 'साझा मोर्चा' कै मंच र नाम प्रयोग गर्ने गरिएको देखिन्छ । विशिष्ट काम आफ्नै सोच अनुसारको विशिष्ट संगठनमार्फत् वा व्यक्तिगत हैसियतमा गर्ने र साझा काम मात्र साझा मोर्चाबाट गर्ने संस्कृतिको विकास नगर्ने हो भने प्रलेसंघ पुनः अनावश्यक विवादमा पर्नसक्छ र गतिरोधमा फस्न सक्छ । यसबारे लेखकहरु कति सचेष्ठ हुने हुन्, त्यसैमा प्रलेसंघको नेतृत्वको स्थिरता र व्यापकता निर्भर गर्नेछ ।

प्रलेसंघले आफ्नो राष्ट्रिय सम्मेलनअघि नै समूहबद्ध र स्वतन्त्र संपूर्ण लेखकहरुसम्म आफ्ना सरोकारहरु लिएर पुग्नु जरुरी छ । राजनीतिक आधारमा मात्र हैन, लेखकीय गहनताका आधारमा यसको नेतृत्व निर्माण गर्ने, यो साझा-मोर्चाका सीमाहरु बुझेर यसबाट हुनसक्ने हदका मात्र कार्ययोजना बनाउने र मूलतः लेखकीय सिर्जनात्मक-विचारधारात्मक काममा जोड दिने जस्ता आजका जल्दाबल्दा आवश्यकताहरु पूरा गर्न केन्द्रित हुने दिशामा प्रलेसंघ अघि बढोस् भन्ने हाम्रो शुभकामना छ । ❑

- हरिगोविन्द लुइँटेल

◂ आवरण कथा

# जंगली ढेडु कसरी मान्छेमा विकसित भयो ?


फोटो: एन्थ्रोपोलोजी

## हालसालैको नयाँ बैज्ञानिक खोज अनुसन्धानको बिस्तृत रिपोर्ट

◆ तुल्सीदास महर्जन

चार्ल्स डार्विनले यो भनेर त्यतिखेर विश्वमा सन्सनी मच्चाएका थिए कि - मान्छेको उत्पत्ति बाँदरको क्रमिक विकासबाट भएको थियो, मान्छेको टाढाको पुर्खा र ढेडु बाँदरको पुर्खा एउटै थियो ।

परन्तु प्रश्न उठ्छ - यदि त्यसो हो भने अचेलका ढेडुहरू चाहिं किन मान्छेमा विकसित भइरहेका छैनन् त ? केले गर्दा र कसरी पहिलेका ढेडु चाहिं मान्छेमा बदलिए त ? केले बदल्यो जंगली जन्तु ढेडुलाई आजको विकसित मानवमा ?

यी प्रश्नहरूको उत्तर खोज्ने सिलसिलामा भर्खरै बितेको शताब्दीको अन्तिम दशकमा थुप्रै नयाँ घतलाग्दा तथ्यहरू बैज्ञानिकहरूले पत्ता लगाएका छन् । लामो खोजबाट बैज्ञानिकहरूले पत्ता लगाएका ती तथ्यहरू ज्यादै महत्वपूर्ण त छन् नै, ती ज्यादै रोचक पनि छन् ।


आजभन्दा एक करोड साठी लाखदेखि एक करोड दश लाख बर्ष पहिलेको समयावधिमा जंगलै जंगलले भरिएको अफ्रिकाको उष्ण प्रदेशीय भूभागको हावापानीमा ठूलो फेरबदल आयो । बर्षाको कमीले गर्दा उष्ण प्रदेशीय घना जंगलहरू क्रमशः नष्ट हुँदै गए । ती भूभागहरू लामा लामा घाँसका फाँटहरूमा बदलिन थाले । ढेडुहरूको अस्तित्वको लागि यो नयाँ परिस्थितिले निकै ठूलो चुनौती खडा गऱ्यो । जंगल हुँदा रूख चढेर उनीहरू शत्रुबाट ज्यान जोगाउन सक्थे । तर अब रूखै नभएपछि र लामा लामा घाँसै घाँसका फाँटहरूमा नयाँ ढंगले जीवन निर्वाह गर्न बाध्य भएपछि खाना खोज्ने कसरी ? शत्रुबाट जोगिने कसरी ? यो नयाँ समस्या उनीहरूको सामु खडा भयो ।

लामा लामा घाँसका फाँटहरूमा खाना खोज्न तथा शत्रु आयो कि भनेर हेर्नका लागि ढेडुहरूलाई पछाडिका दुई खुट्टाले मात्र टेकेर हिँड्नु पर्ने, दायाँ-बायाँ, अगाडि-पछाडि हेर्नुपर्ने खण्ड आयो । आफ्नो अस्तित्वको बाध्यतावश उनीहरूले यो कठिन गतिविधि लगातारजसो गर्नुपऱ्यो, लाखौं बर्षसम्म गर्नुपऱ्यो ।


यो बदलिएको नयाँ र कठिन परिस्थितिमा लाखौं बर्षको क्रममा

**जंगली ढेडु कहिले मानव पुर्खामा रूपान्तरण भयो र कसरी आधुनिक मानवसम्म विकास भयो ?**

चित्र साभार: Time



**आजभन्दा १४२ वर्ष अगाडि चार्ल्स डार्विनले 'मानव जातिको सृष्टि कुनै ईश्वरले एक्कासी गरेको' नभई जीव विकासको क्रममा लाखौं बर्षको समयावधिभित्र बाँदरको कुनै एक पुर्खा मानवमा बिकसित भएको हो भन्ने सन्सनीपूर्ण बिचार व्यक्त गरेका थिए ।**



चार्ल्स डार्विन

जुन जुन ढेडु बाँदरहरूले आफूलाई अनुकूलतामा ढाल्न सकेनन् ती या त खाने नपाएर भोकै मरे या मांशाहारी हिंस्रक जन्तुको शिकार भएर नष्ट भए । केही त्यस्ता ढेडुहरू पनि बाँचे जो जंगल भएका क्षेत्रहरूमा बसाइँ सरे । परन्तु ती ढेडुको ढेडु नै भईरहे । जुन ढेडुहरू घाँसिला क्षेत्रहरूमा नै रहिरहे र नयाँ परिस्थितिमा दुई खुट्टाले मात्र टेकेर हिंड्नु पर्ने प्राकृतिक बाध्यतालाई उनीहरूले लाखौं वर्षको संघर्षपछि शारीरिक स्वभावको रूपमा ग्रहण गरे, ती ढेडुहरू चाहिँ अरू सारा ढेडुभन्दा एक कदम विकसित भए : उनीहरूको हात फुक्का भयो । हात फुक्का भएपछि यी ढेडुहरूले खानाको ओसार-पसार गरेर टाढाको वासस्थलसम्म लान सक्ने भए र त्यसको जोगाड गर्न सक्ने भए । जन्तुको मानवमा रूपान्तरणमा यो सारै महत्वपूर्ण घटना थियो, किनकि कुनै अर्को जन्तुले खानाको जोगाड गर्न सक्दैन । ढेडुले पनि यस्तो गर्न सक्दैन । हात फुक्का भएका यिनै ढेडुहरू नै मानवहरूको पहिलो पुर्खा थिए । आजभन्दा ६० देखि ४० लाख बर्षको बीचमा विश्वमा पहिलोपटक यो घटना घट्यो । मानव विकासको इतिहासको यो पहिलो फड्को थियो ।

यिनै हात फुक्का भएका ढेडुहरूले आफ्नो अस्तित्वको लागि ढुंगाको औजार निर्माण गर्नथाल्नु र प्रयोग गर्नथाल्नु मानव विकासको इतिहासमा दोस्रो ठूलो फड्को थियो । किनभने, जन्तु र मान्छेको आधारभूत अन्तर नै यही हो- खालि संपूर्ण जन्तुमध्ये मान्छेले मात्र औजार निर्माण गर्न सक्छ, कुनै अर्को जन्तुले यसो गर्न सक्दैन । हात फुक्का नभएको तर हात भएको अन्य कुनै ढेडुले पनि औजार निर्माण गर्न सक्दैन । झन् राम्रो जीविका र झन् सुरक्षित अस्तित्वको लागि औजार निर्माण गर्ने श्रमको क्रममा नै ढेडु बाँदर लाखौं बर्षपछि आजको मानवमा विकसित भएको हो । आजभन्दा २५ लाख बर्ष पहिले हात फुक्का भएको ढेडु बाँदरले ढुंगाको आदिम औजार पहिलोचोटि निर्माण गर्न र प्रयोग गर्न थालेको कुरा हालैको बैज्ञानिक अनुसन्धानबाट पत्ता लागेको छ । अन्यथा, यस अघिसम्म ढुंगाको हतियार पहिलोचोटि प्रयोग गर्ने प्रागमानव १९ लाख वर्ष पहिले विकसित भएको भन्ने वैज्ञानिक समुदायको टुंगो थियो । सन् १९९७ मा इथियोपियामा भएको बैज्ञानिक उत्खननबाट प्राप्त मानव निर्मित ढुंगाका औजारहरूको अनुसन्धान गरेपछि बैज्ञानिकहरू यो नयाँ टुंगोमा पुगेका हुन् ।

भखरै बितेको बीसौं शताब्दीको अन्तिम दशकमा आएर बैज्ञानिकहरूले मानव जातिको उत्पत्तिबारे थप नयाँ प्रमाण फेलापारेका छन् । सन् १९९४ र १९९५ को बीचमा जीवावशेषविद् टिम ह्वाइटको सह-नेतृत्व रहेको बैज्ञानिक टोलीले अफ्रिकी देश इथियोपियाको मध्य आवाश नामको क्षेत्रमा करीब ४४ लाख बर्ष अगाडिको अहिलेसम्म भेटिएकोमा सबभन्दा पुरानो मानव पुर्खाको जीवावशेष फेलापारेको छ । अनुसन्धानबाट त्यस मानव पुर्खामा चिम्पाञ्जी र मानव दुवैका गुणहरू सम्मिश्रणको रूपमा रहेको थाहा भएको छ । बैज्ञानिकहरूले त्यस नयाँ मानव पुर्खालाई 'आर्डिपिथेकस रामिडस' (Ardipithecus ramidus) भनी नामाकरण गरेका छन् । तर उनीहरूले त्यस मानव पुर्खा दुई खुट्टाले टेकी हिंड्ने भए पनि आजको मान्छेजस्तै सिधा उभिएर हिंड्थे वा हिंड्दैनथे, एकिन गरेर भन्न नसकिने बताएका छन् ।


आजभन्दा १४२ वर्ष अगाडि सन् १८५८ मा बेलायतका महान बैज्ञानिक चार्ल्स डार्विनले 'मानव जातिको सृष्टि कुनै ईश्वरले एक्कासी गरेको' नभई जीव विकासको क्रममा लाखौं बर्षको समयावधिभित्र बाँदरको कुनै एक पुर्खा मानवमा विकसित भएको हो भन्ने सन्सनीपूर्ण बिचार व्यक्त गरेका थिए । उनको त्यो भौतिकवादी तथा बैज्ञानिक बिचारलाई त्यतिखेर इसाई पादरी तथा आध्यात्मवादी मानिसहरूले ठूलो बिरोध गरे । तर त्यसपछिको अवधिमा बैज्ञानिकहरूको लगातारको खोज अनुसन्धानबाट यूरोप, अफ्रिका तथा एशियाका बिभिन्न ठाउँहरूमा भेट्टिएका हज्जारौं र लाखौं बर्ष पुराना मानव पुर्खाका जीवावशेषहरूको विश्लेषणबाट डार्विनको भनाइलाई नै पुष्टि गऱ्यो ।




पूर्व र दक्षिण अफ्रिकामा रहेका अस्ट्रालोपिथेकस र होमो प्रागमानवहरूका प्रमुख वसोबास क्षेत्रहरू

फोटो: एन्थ्रोपोलोजी

**बैज्ञानिक टोलीले अफ्रिकी देश इथियोपियाको मध्य आवाश नामको क्षेत्रमा करीब ४४ लाख बर्ष अगाडिको अहिलेसम्म भेटिएकोमा सबभन्दा पुरानो मानव पुर्खाको जीवावशेष फेलापारेको छ ।**





अस्ट्रालोपिथेकस आफरेन्सिस प्राग्मानवका पदचिन्हहरू । चित्रमा देखिएका खुट्टा चाहिँ वर्तमान मानवको हो ।

र, त्यही क्रममा मानव जातिको उत्पत्तिदेखि अहिलेसम्मका मानव विकास क्रमको समग्र अध्ययन गर्ने एक छुट्टै शास्त्रको नै जन्म भयो । त्यो शास्त्र हो - मानवशास्त्र ।

## *नयाँ- तथ्यहरू*

डार्विनपछि करीब डेढसय बर्षको समयभित्र मानवशास्त्रले ठूलो उन्नति गरिसकेको छ । यो डेढसय बर्षको समयभित्र मानवशास्त्रीहरूले मानव विकासको एक 'क्रम विकास तालिका' (Evolutionary chronicle) नै तयार पारेका छन् । त्यस तालिकामा उनीहरूले हालैको अनुसन्धानबाट पत्ता लागेअनुसार आजभन्दा ६० देखि ४० लाख बर्ष पहिलेको समयावधिमा ढेडु बाँदर (पुच्छर नभएको बाँदर, जस्तो कि चिम्पाञ्जी, गुरिल्ला, गिब्बन आदि) को पुर्खाबाट मानव पुर्खा अर्थात् होमिनिड (Hominid) को विकास भएको उल्लेख गरेका छन् । नत्र यस अघिसम्म बैज्ञानिकहरूले करीब ३६ लाख वर्ष पुरानो 'अष्ट्रलोपिथेकस आफरेन्सिस' (Austrolopithecus afarensis) नामको मानव पुर्खाको जीवावशेषसम्म मात्र भेट्टाउन सकेका थिए । उनीहरूले ढेडु बाँदरबाट मानव पुर्खामा विकास हुँदाको बीचको संक्रमण अवस्थामा रहेको मानव पुर्खालाई पत्तालगाउन सकेका थिएनन् ।

एक समयमा एशिया र अफ्रिकामा भेटिएको करीब १ करोड ४० लाख बर्ष पुरानो 'रामापिथेकस' (Ramapithecus) नाम राखिएको मानवजस्तो जन्तुको दाँत र बङ्गाराको अध्ययन गरी त्यसैलाई मानवको पहिलो पुर्खाको रूपमा बैज्ञानिकहरूले मान्दै आएका थिए । तर पछि पाकिस्तान र टर्कीमा भेटिएको रामापिथेकसको करीब करीब पूर्ण अवस्थामा रहेको खप्परको अध्ययनबाट बैज्ञानिकहरूले त्यो मानव पुर्खा नभई ढेडु बाँदर ओराङ्गउटाङ्गको पुर्खा भएको ठहर गरे । रामापिथेकसलाई आजभोलि शिवापिथेसिन (Sivapithecine) भनिन्छ । यसबाट ढेडु बाँदरको पुर्खाबाट मानव पुर्खाको विकास भएको हो भन्ने कुरामा सबै मानवशास्त्रीहरूको मतैक्यता भए पनि बीचको संक्रमणकालीन समयको मानव पुर्खाको बारेमा बैज्ञानिकहरूले केही भन्न नसकिने स्थिति कायम नै रह्यो । तर अहिले १९९०को दशकमा आएर मात्र चिम्पाञ्जी र मानव दुवैका गुणहरू मिश्रित अवस्थामा रहेको, आजभन्दा ४४ लाख बर्ष पहिलेको (अर्थात् ६० देखि ४० लाख बर्ष पहिलेको समयभित्रको) मानव पुर्खा आर्डिपिथेकस रामिडसको खोजले बाँदर र मानव पुर्खा बीचको संक्रमणकालीन समयको खालि भागलाई एक हदसम्म पूर्ति गर्ने काम भएको छ । र, यसले मानव जातिको विकास जीव विकासको क्रममा लाखौं बर्ष पहिले बाँदरको एक पुर्खाबाट भएको हो भन्ने बैज्ञानिक डार्विनले प्रतिपादन गरेको भौतिकवादी तथा बैज्ञानिक विचारलाई थप मजबूत गरेको छ ।

**१९९० को दशकमा बैज्ञानिकहरूले अन्य थप तीन नयाँ मानवपुर्खाका जीवावशेषहरू पनि फेलापारेका छन् ।**

यसैबीच, १९९० को दशकमा बैज्ञानिकहरूले अन्य थप तीन नयाँ मानवपुर्खाका जीवावशेषहरू पनि फेलापारेका छन् । यो प्राप्तिले गर्दा मानवशास्त्रीहरूले यसअघि बनाइराखेको मानव विकासको 'क्रम विकास तालिका'मा नै केही हेरफेर गर्नुपर्ने भएको छ ।

बैज्ञानिकहरूले हालै पत्तालगाएको नयाँ मानव पुर्खा 'अष्ट्रलोपिथेकस आनामेन्सिस' (Australopithecus anamensis) हो । यो मानव पुर्खाका जीवावशेषहरू केन्याको राष्ट्रिय म्यूजियमकी मीभ लीकीले नेतृत्व गरेको बैज्ञानिक टोली तथा अमेरिकाको पेन्सिलभानिया स्टेट यूनिभर्सिटीका बैज्ञानिक एलन वाकरले केन्याको टुर्काना ताल नजीकका छुट्टा छुट्टै दुई ठाउँहरूमा फेलापारेका छन् । तिनीहरूका अनुसार ती जीवावशेषहरू आजभन्दा ४२ लाख बर्ष पुराना मानव पुर्खाका जीवावशेष हुन् । यी जीवावशेषहरूको अध्ययनबाट के थाहाभएको छ भने 'यो समयका यी प्राग्मानवहरू' - सिधा उभिएर हिंड्थे ।

यसबाट पहिले पत्ता लागेको भन्दा पाँच लाख बर्ष पहिले नै मानव पुर्खा सिधा उभिएर हिंड्थे भन्ने कुरा थाहाभएको छ ।

सन् १९९९ को बसन्त याममा इथियोपियाको राजधानी अदिसअवावा स्थित 'रिफ्ट भ्याली रिसर्च सर्भिस' (Rift valley research service) का बैज्ञानिक तथा आर्डिपिथेकस रामिडसका एक सह-अन्वेषक बरहेन आस्फा र बैज्ञानिक टिम ह्वाइटको टोलीले के घोषणा गऱ्यो भने उनीहरूले एक नयाँ मानव पुर्खाको जीवावशेष फेलापारेका छन्, जो आधुनिक मानवको शुरूको पुर्खा होमो हाविलिसभन्दा ठीक अगाडिको पुर्खा हो । तिनीहरूका अनुसार पहिले होमो हाविलिसभन्दा अगाडिको पुर्खाको रूपमा ठानिएको मानव पुर्खा अष्ट्रलोपिथेकस आफरेन्सिसभन्दा पछि र होमो हाविलिसभन्दा अगाडि त्यो मानव पुर्खा अस्तित्वमा रहेको थियो । र, यसरी नयाँ पत्तालागेको त्यस मानव पुर्खाले मानव विकासमा अहिलेसम्म खालि रहेको एउटा अर्को रिक्त स्थानलाई भरिदिएको छ । बैज्ञानिकहरू आस्फा र ह्वाइटले त्यस मानव पुर्खाको नाम 'अष्ट्रलोपिथेकस गाह्री' (Australopithecus Garhi) भनी राखेका छन् । उनीहरूले 'अष्ट्रलोपिथेकस गाह्री' को खप्पर लाई सन् १९९७ मा इथियोपियाको राजधानी अदिसअवावाको उत्तरपूर्वतिर नजीक मध्य आवाश क्षेत्रको बोउरी भन्ने गाउँको आसपासमा भेट्टाएका हुन् । अ. गाह्रीको जीवावशेष २५ लाख वर्ष पुरानो भएको बताइएको छ ।

बैज्ञानिकहरूले अ. गाह्रीका जीवावशेषहरूसँगै उही समयका ढुङ्गाका हतियारहरू र जनावरका हाडखोरहरू पनि फेलापारेका छन् । यसबाट अ. गाह्रीले ढुङ्गाको हतियार बनाएर जनावरहरूको शिकार गर्न जानेको कुरा थाहाभएको छ । यस अघिसम्म मानव विकासको क्रममा सबभन्दा पहिले आजभन्दा १९ लाख वर्ष पहिलेको मानव पुर्खा होमोहाविलिसले ढुङ्गाको औजार बनाउन थालेको कुरा बताइएको थियो । तर अ. गाह्रीको अन्वेषणले मानव पुर्खाले पहिले ठानिएको भन्दा ६ लाख वर्ष पहिले अर्थात् आजभन्दा २५ लाख बर्ष पहिले नै ढुङ्गाको औजार बनाउन र प्रयोग गर्न थालिसकेको नयाँ तथ्य पत्तालाग्न आएको छ ।

हालसालै उत्तरी स्पेनको आटापुएर्का पहाडका दुई स्थानहरूमा ८ लाख बर्ष पुराना मानव पुर्खाका जीवावशेषहरूको थुप्रो फेलापरेको छ । स्पेनिश अनुसन्धानकर्ताहरूले ती जीवावशेषहरू आधुनिक मानव होमोस्यापियन र होमोनेन्दरथलको साभा पुर्खाको भएको विश्वास गरेका छन् । उनीहरूले त्यस मानव पुर्खालाई होमोआयन्टेसेसर (Homo antecessor) भनी नामाकरण गरेका छन् । ती अनुसन्धानकर्ताहरूका

अनुसार होमो आयन्टेसेसरसँग प्रारम्भिक खालको बङ्गारा र प्रष्ट किसिमको आँखीभौं थिए भने उनीहरूको अनुहार बाहिर निस्केको, गालाको हाड दबिएको र दाँत आधुनिक मानवको जस्तै विकसित अवस्थामा रहेको थियो ।

बैज्ञानिकहरूले भर्खरै खोज गरेका यी चार नयाँ मानव पुर्खाहरूको विश्लेषणबाट पृथ्वीमा मानवको उत्पत्ति कसरी भयो भन्ने प्रश्नमा सही ढंगले बुझ्न धेरै हदसम्म हामीलाई मद्दत पुगेको छ । यसै सिलसिलामा मानवको उत्पत्ति र विकासको प्रश्नमा अहिलेसम्म बैज्ञानिकहरूले के कति तथ्य प्रमाणहरू जुटाइसकेका छन् र के कस्ता बिचारहरू अगाडि सारेका छन् भन्ने बारेमा केही चर्चा गर्नु सान्दर्भिक देखिन्छ । त्यसैले आउनुहोस् अब हामी यहाँ त्यसबारे विस्तृतमा चर्चा चलाउने प्रयत्न गरौं ।

## *यो पृथ्वीमा मानव कसरी र कहाँबाट आयो ?*

सन् १८६० को जून महिनाको एक दिन । बेलायतको प्रख्यात अक्सफोर्ड विश्वविद्यालयको सभाकक्षमा 'विज्ञानको उन्नतिको लागि बेलायती संघ' (British association for the advancement of Science) नामको बैज्ञानिक संस्थाको बार्षिक सभा भइरहेको थियो । त्यस सभामा बेलायतका ख्यातिप्राप्त बैज्ञानिक, प्राध्यापक, सोधकर्ता तथा खोजकर्ताहरूका साथै चर्चका पादरीहरू पनि उपस्थित थिए ।

सभालाई सम्बोधन गर्दै गरेका बिशप विलवरफोर्सले आफ्नो भाषणको अन्त्यतिर डार्विनवादीहरूलाई उपहास गर्दै त्यहाँ सहभागीको रूपमा रहेका बैज्ञानिक चार्ल्स डार्विनका प्रमुख प्रवक्ता थोमस एच. हक्सलेको मुख हेर्दै भने- 'के बाँदर उनको हजूरबुबा थियो कि हजूरआमा ?'

प्रत्युत्तर भाषण दिने क्रममा थोमस एच. हक्सलेले भने- 'यदि ..... त्यो प्रश्न मलाई सोधिएको हो भने प्रकृति र उच्च साधन तथा प्रभावले सम्पन्न मान्छेलाइ हैन, म त क्षुद्र ढेडु बाँदरलाई नै हजूरबुवाको रूपमा लिन्छु । र, जसले मान्छेका

**बिशप विलवरफोर्सले डार्विनवादीहरूलाई उपहास गर्दै बैज्ञानिक चार्ल्स डार्विनका प्रमुख प्रवक्ता थोमस एच. हक्सलेको मुख हेर्दै भने- 'के बाँदर उनको हजूरबुबा थियो कि हजूरआमा ?'**

ती सामर्थ्य तथा प्रभावहरूलाई गम्भीर बैज्ञानिक बहसप्रति केवल उपहास गर्न नै प्रयोगमा ल्याउँछन्, तिनीहरूलाई कुनै हिच्किचाहट बिना नै भन्छु कि ढेडु बाँदरप्रति मेरो आदरभाव छ भन्ने कुरा म स्वीकार्छु ।'

हक्सलेको प्रत्युत्तर भाषणपछि सभामा ठूलो बादविवाद र होहल्ला शुरूभयो । र, त्यसपछि सभा अगाडि बढ्न सकेन ।

हो, बैज्ञानिक चार्ल्स डार्विनले मान्छेलगायत पृथ्वीमा रहेका अन्य सम्पूर्ण जीवहरू एक्कासी नभई क्रमिक रूपमा लाखौं र करोडौं बर्षको समयबीच सरलबाट जटिल किसिमका जीवहरूमा विकसित भई अस्तित्वमा आएका हुन् भन्ने क्रान्तिकारी र भौतिकवादी बिचार ल्याएर बाइबलको भनाइप्रति चुनौती दिए । उनले सर्वश्रेष्ठ प्राणी भनिने हामी मान्छेहरू पनि कुनै ईश्वरले सृष्टि गरेको नभई लाखौं वर्ष पहिलेको ढेडु बाँदरको पुर्खाबाट क्रमिक रूपमा विकसित हुँदै अस्तित्वमा आएको हो भन्ने बिचार अगाडि ल्याए ।


सन् १८५० को दशकको अन्त्यतिर प्रकाशमा ल्याइएको डार्विनको त्यस बिचारले यूरोपमा ठूलो तहल्का मच्चायो । उनको बिचारले हज्जारौं बर्षदेखि जरा गाडेर बसेको धार्मिक विश्वासमा ठूलो प्रश्न तेर्स्यायो । त्यसैले पादरीहरूले डार्विन र उनका समर्थक तथा प्रचारकहरूलाई उपहास गर्ने तथा हतोत्साहित गर्ने धृष्टता गरे ।

तर आज जीव विकासको सम्बन्धमा बैज्ञानिक चार्ल्स डार्विनको क्रम विकासको सिद्धान्त (Evolutionism) लाई नै विश्वभरि सबैले मनेका छन् । यही सिद्धान्तको जगमा नै अहिले मानवशास्त्र (Anthropology) ले ठूलो विकास गरिरहेको छ । मानवशास्त्रीहरूले जमिनमुनि गाडिएर रहेका जीवावशेषहरू (Fossils) को अध्ययन गरी लाखौं बर्षको अन्तरालमा क्रमिक रूपमा विकसित भएका विभिन्न मानव पुर्खाहरूको 'क्रम विकास तालिका' नै बनाएका छन्, जुन माथि पनि उल्लेख गरिसकिएको छ । त्यस तालिकामा आजभन्दा करीब ३० हजार बर्ष पहिले नै लोप भएको नेन्दरथल मानव पुर्खापछि आधुनिक मानवजाति होमोस्यापियन्स स्यापियन्सएकै मात्र अस्तित्व रहँदै आएको देखाइएको छ ।

## *प्राचीन प्राइमेट ढेडु बाँदर र होमिनिड*

पछिल्लो खोजीको आधारमा बैज्ञानिकहरूको के अनुमान छ भने मान्छेलगायत बाँदर, ढेडु बाँदर र लेमुर सम्मिलित स्तनधारी जन्तुहरूको उच्च समूह 'प्राइमेट'को साझा पुर्खाको उदय आजभन्दा करीब ७ करोड बर्ष पहिले भएको हो । बैज्ञानिकहरूले सन् १९६४ मा फेलापारेका ७ करोड बर्ष अगाडिको प्राइमेट वर्गमा पर्ने दुई जन्तुका चपाउने दाँतहरूको अध्ययनपछि यो अनुमान गरेका हुन् । जीवावशेषको अध्ययनबाट शुरूको प्राइमेट जन्तु रूखमा बस्थ्यो या बस्दैनथ्यो भन्ने कुरा चाहिँ बैज्ञानिकहरूले एकिन गरी भन्न सकेका छैनन् । तर त्यो जन्तुका हातमा औंलाहरू भएको र त्यसबाट त्यसले बस्तुहरू समात्ने गरेको कुरा भने बैज्ञानिकहरूले ठोकुवा गरी बताएका छन् । उनीहरूले शुरूको प्राइमेट जन्तुलाई पुर्गाटोरिन्स नाम दिएका छन् । त्यो जन्तु २५ सेन्टिमिटर मात्र लामो भएको सानो मुसोजस्तो देखिन्थ्यो । राती सक्रिय हुने त्यो जन्तुले सम्भवतः किराफट्याङ्ग्रा, पातहरू र फलफूल खान्थ्यो ।

बैज्ञानिकहरूका अनुसार शुरूको प्राइमेटको उदय भएको करीब साढे तीन करोड वर्ष पछाडि अर्थात्




सबभन्दा पछिल्लो नयाँ खोजका आधारमा तैयार गरिएको मानव विकासक्रमको मोडेल ।

-लेखक

# के कारणले गर्दा मान्छे दुई खुट्टामा उभिन थालेको हो ?

आजभन्दा ३.५ करोड बर्ष अगाडि शुरूको ढेडु बाँदर र पुच्छरवाला बादरको उदय भयो । वास्तवमा शुरूको एउटै प्राइमेट वर्गबाट नै शुरूको ढेडु बाँदर र पुच्छरवाला बाँदरको विकास भएको थियो । त्यसकारण शुरूको प्राइमेट वर्गको जन्तुलाई शुरूको ढेडुबाँदर र पुच्छरवाला बाँदरले आजभन्दा ३.५ करोड बर्ष पहिले विस्थापन गरेको देखिन्छ ।

शुरूको ढेडु बाँदरबाट नै शुरूको मानव पुर्खा होमिनिडको विकास भएको हो भन्ने बिचारलाई अहिले भइरहेको नयाँ नयाँ खोज तथा अनुसन्धानले झन् झन् पुष्टि गर्दैछ । माथि उल्लेख गरिएको 'आर्डिपिथेकस रामिडस'को खोजले त्यस बिचारलाई प्रमाणित गर्न अर्को सशक्त प्रमाण जुटाएको छ ।

बैज्ञानिकहरूले धेरै समय पछाडिसम्म पनि रामपिथेकस अर्थात् शिवापिथेसिन नै शुरूको ढेडु बाँदरबाट विकसित भएको पहिलो होमिनिड हो भनेर विश्वास गर्दै आए, जुन पछिआएर झूठो साबित भयो । रामापिथेकसको समयलाई याद गरेर नै बैज्ञानिकहरूले धेरै पछाडिको समयसम्म नै होमिनिडको विकास आजभन्दा करीब डेढ करोड बर्ष पहिले नै भयो भन्ने विचार व्यक्तगर्दै आएका थिए । यो बिचार सही नभएको कुरो पछिल्ला अनुसन्धानहरूले देखाएका छन् ।

सन् १९६६ मा बैज्ञानिकहरू विन्सेन्ट सारिच र अलन विल्सनले बिभिन्न जीवित प्राइमेटहरूको रगतमा भएका प्रोटिनहरूको जैव रासायनिक (Biochemical) तुलनात्मक अध्ययन गरे । र, उनीहरूले त्यस अध्ययनबाट पहिले ठानिएको भन्दा धेरैपछि मात्र ढेडु बाँदरबाट होमिनिड छुट्टिएको हो भन्ने कुरा पत्तालगाए ।

बैज्ञानिकहरू सारिच र विल्सनले जैव रासायनिक तुलनात्मक अध्ययनको आधारमा अन्य होमिन्वाइड्स (मानव र ढेडु बाँदर मिली बनेको समूह) बाट ढेडु बाँदरहरू गिब्बन र ओराङ्गउटाङ्ग आजभन्दा क्रमशः करीब १ करोड २० लाख र १ करोड बर्ष अगाडि नै छुट्टिन गएको अनुमान लगाएका छन् । त्यस्तै उनीहरूले अन्य ढेडु बाँदरहरू-गुरिल्ला र चिम्पान्जीबाट केवल ४५ लाख बर्ष पहिले मात्र छुटिएको अनुमान गरेका छन् ।

तर पाँचबर्ष अगाडि मात्रै पहिलो होमिनिडको बारेमा बैज्ञानिकहरूले नयाँ र सबभन्दा बढी तथ्यसंगत बिचार अगाडि ल्याए । ती आणविक जैवशास्त्री बैज्ञानिकहरू (Molecular biologists) ले सर्वप्रथम मानव र चिम्पान्जीका डि.एन.ए.हरू एकसाथ राखेर तुलनात्मक अध्ययन गरे । साथै उनीहरूले फरक फरक जन्तुका ती डि.एन.ए.हरू बीचको फरकपनालाई सूक्ष्मतम् रूपमा नापेर हेरे । त्यसपछि उनीहरूले बंशाणुगत परिवर्तनको दरलाई मोटामोटी रूपमा निश्चित गरे । अनुसन्धानबाट आएका तथ्यहरूको आधारमा गणना गरी ती बैज्ञानिकहरूले ठूलो ढेडु बाँदर र होमिनिड एउटै साझा पुर्खाबाट आजभन्दा करीब ६० देखि ४० लाख वर्ष पहिलेको समयबीच विकसित भएका हुन् भन्ने नयाँ कुरा पत्ता लगाए ।

जीवावशेषहरू प्राप्त भएको आधारमा शुरूका दुई खुट्टाले टेकेर हिँड्ने होमिनिडहरू ४० लाख वर्ष पहिले पूर्वी अफ्रिकामा बस्थे भन्ने कुरामा अधिकांश मानवशास्त्रीहरू सहमत छन् । भर्खरै खोज गरिएको आर्डिपिथेकस रामिडसबाहेक गएको २० लाख बर्ष अगाडिसम्म पूर्वी र दक्षिणी अफ्रिकामा बस्ने होमिनिडहरूलाई एउटै समूह अष्ट्रलोपिथेकसमा वर्गिकृत गरिएको छ ।

ढेडु बाँदरको पुर्खाबाट होमिनिडमा विकास हुँदा पहिलो र महत्वपूर्ण परिवर्तन भनेको चार खुट्टाले हिँड्न छोडेर दुई खुट्टाले हिँड्नु थियो । तर होमिनिडको विकास हुँदा तिनीहरूले दुई खुट्टाले हिंड्ने स्वभाव चाँडै ग्रहण गरे कि बिस्तारबिस्तारै ग्रहण गरे भन्ने बारेमा बैज्ञानिकहरूले अहिलेसम्म एकिन भन्न सकेका छैनन् । किनकि ८० देखि ४० लाख बर्ष अगाडिको समयभित्रका अति थोरै मात्र जीवावशेषहरू बैज्ञानिकरूले फेलापार्न सकेका छन् ।

हामीले माथि भनि सक्यौं कि दुई खुट्टाले हिड्ने पहिलो होमिनिडको उदय अफ्रिकामा भयो । बैज्ञानिकहरूको के भनाइ छ भने आजभन्दा करीब १ करोड ६० लाखदेखि १ करोड १० लाख बर्ष अगाडिको समय बीचमा अर्थात् पृथ्वीको भौगोलिक युग मिओसिन (Miocene)मा अफ्रिकाको हावापानीमा ठूलो फेरबदल आयो । बर्षातको कमीले गर्दा उष्ण घना जंगलहरू धेरै हदसम्म खुल्ला चौरहरूमा परिणत भए । मिओसिन युगको शुरूवातमा त्यहाँ रसिलो उष्ण बर्षाद-जंगलहरू थिए । त्यस हावापानीमा प्रारम्भका ढेडु बाँदरहरू राम्ररी विकास भएका थिए । तर जब जंगलहरू लामा लामा घाँसका चौरहरू (सबानाभूमि) मा परिणत भए, तब प्रारम्भका ढेडु बाँदरहरूको अस्तित्वमा संकट आइपर्‍यो । अफ्रिकाका घना जंगलहरू सुकेका रूखहरू वा घाँसका चौरहरूमा परिणत हुने क्रम पृथ्वीको भौगोलिक युग मिओसिन पछिको प्लिओसिन युगसम्म नै जारी रह्यो । तर यति हुँदा हुँदै पनि केही मात्रामा घना जंगलले ढाकिएको भूभाग पछिसम्म बाँकी नै रह्यो । त्यसैले प्रारम्भका केही ढेडु बाँदरहरू पुनः पहिलेकै अवस्थामा रहन थाले भने खुल्ला चौरमा संकटमा परेका अन्य ढेडु बाँदरहरूले भने नयाँ भौगोलिक वातावरणसँग ठूलो संघर्ष गर्नुपर्‍यो । लामा लामा घाँसको खुल्ला चौरमा आफू कहाँ जाने र आफ्नो वरपर कहीं कोही शत्रु आइपुगेको छ कि भनेर हेर्नको लागि ती ढेडु बाँदरहरूलाई पछाडिका दुई खुट्टाले टेकी टाउको उठाएर यताउती हेर्नुपर्ने भयो । साथै खानेकुराहरूको कम प्राप्यताले गर्दा एक ठाउँमा भएको खाने कुरा हातमा बोकेर अर्को ठाउँसम्म लिएर जानुपर्ने बाध्यता ती ढेडु बाँदरहरूमा आइपर्‍यो । त्यस अवस्थामा दुई खुट्टाले टेकेर हिँड्न सक्ने गरी आफूलाई बदल्नसक्ने जातिका ढेडु बाँदरहरूलाई नयाँ खुला चौरको हावापानीले ठूलो अनुकूलता प्रदान गर्‍यो । तर जसले नयाँ हावापानीसँग आफूलाई बदल्न सकेनन् ती ढेडु बाँदरहरूलाई प्रकृतिले छनौट गर्‍यो र तिनीहरू लोप भएर गए । यसरी प्रारम्भका ढेडु बाँदरहरूको एक समूहबाट दुई खुट्टाले हिँड्ने नयाँ जीवको विकास भयो जुन प्रारम्भको मानव पुर्खा होमिनिड थियो ।

अमेरिकी मानवशास्त्री गोर्डन डब्ल्यू हेवेस भन्छन् - हातमा खाद्यबस्तु लिएर हिँड्ने काम प्रारम्भका होमिनिडहरूको लागि धेरै कठिन गतिविधि थियो । तर त्यस गतिविधिले तिनीहरूलाई पछाडिका दुई खुट्टाले मात्र टेकेर हिँड्ने अनुकूलता प्रदान गर्‍यो । ढेडु बाँदरबाट भर्खर विकसित भएका प्रारम्भका होमिनिडहरूले कुनै पनि खाद्यबस्तु अन्य जंगली जन्तुबाट टाढा सुरक्षित ठाउँमा लुकाएर राख्नसक्ने क्षमता हासिल गर्नुमा दुई



होमोइरेक्टस मानव ((जाभा) मानव) को खप्पर (दायाँ), जसको आधारमा बैज्ञानिकहरूले उक्त मानवको यो रूप तयार पारे (बायाँ)



खुट्टाले टेकेर हिंड्ने गुणको महत्वपूर्ण योगदान थियो । तर त्यतिखेरका होमिनिडहरूले खाद्यवस्तु प्राप्त गर्नको निम्ति आफैं शिकार गर्थे कि अरू जन्तुले शिकार गरेर ल्याएकोलाई नै खोसेर वा चोरेर लिन्थे भन्ने प्रश्नमा अभसम्म कसैले पनि एकिन गरेर भन्न सकेका छैनन् । सम्भवतः शुरू शुरूमा प्रारम्भका होमिनिडहरूले दुई खुट्टाले टेकेर हिंड्ने गतिविधि लगातार नगरिकन बेला बेलामा मात्र गरे होलान् । तर दुई खुट्टाले टेकेर हिंड्दा लामा लामा घाँसका फाँटहरूमा टाउको उठाएर टाढा टाढासम्म हेर्न सकिने, बास बस्ने ठाउँसम्म खाद्यवस्तु हातले बोकेर सजिलै ल्याउन सकिने र हतियार तथा औजारहरू हातले समाती सजिलै बोक्न तथा प्रयोग गर्न सकिने भएकोले गर्दा प्रारम्भका होमिनिडहरू क्रमशः बेला बेलामा मात्र दुई खुट्टाले हिंड्ने प्राणीबाट सधैं दुई खुट्टाले हिंड्ने प्राणीमा विकसित भएको हुनुपर्छ भन्ने धारणा मानवशास्त्रीहरू राख्दछन् ।

तर हालै मात्र जीवावशेषविद् टिम ह्वाइट र उनका सहकर्मीहरूले इथियोपियाको आरामिस गाउँ नजीक जमिनमुनि खनेर पत्तालगाएको अहिलेसम्मको सबभन्दा पुरानो होमिनिड आर्डिपिथेकस रामिडसका जीवावशेषहरू फेलापारिएको ठाउँको वरपर जमिनमुनि बीउबिजनका अवशेषहरू, ढुङ्गामा परिणत भइसकेका काठहरू र जनावरका हाडखोरहरू भेटिएका छन् । यसबाट त्यतिखेर अफ्रिकामा घना जंगलहरू नष्ट भएर लामा घाँसका चौरहरू बनिसकेका र त्यही परिवेशमा दुई खुट्टाले टेक्ने प्रारम्भिक होमिनिडको विकास भएको थियो भन्ने विचारमा केही प्रश्नचिन्ह खडा भएको छ । तर यो विचारलाई खण्डन गर्न अहिले भेटिएको आर्डिपिथेकस रामिडस नै सबभन्दा अगाडिको होमिनिड हो भनेर ठोकेर भन्नसक्ने स्थिति भने अझै कायम भएको छैन । किनकि आर्डिपिथेकस रामिडसभन्दा अगाडिका होमिनिडहरूको जीवावशेष अहिलेसम्म भेट्टाउन सकिएको छैन ।

## *अष्ट्रलोपिथेसिन प्राग्मानवको उदय*

हामीले माथि पनि उल्लेख गरिसक्यौं- आर्डिपिथेकस रामिडस दुई खुट्टाले हिंड्ने भएपनि त्यो आजको मान्छेजस्तै सिधा हिड्थ्यो कि हिंड्दैनथ्यो भन्ने कुरा बैज्ञानिकहरूले एकिन गरिसकेका छैनन् । तर जीवावशेषविद्हरू विश्वास गर्छन् कि दुई खुट्टाले हिंड्नु नै प्रारम्भिक ढेडु बाँदरबाट हाम्रा पुर्खाहरूलाई अलग्याउने पहिलो महत्वपूर्ण र उल्लेखनीय रूपान्तरण थियो । पुराना हाडखोरहरू र अष्ट्रलोपिथेकस आफरेन्सिस तथा त्यसका साथसाथै आधा दर्जनजति अन्य अष्ट्रलोपिथेसिन प्राग्मानवका पद चिन्हहरूको अध्ययनबाट बैज्ञानिकहरूले पहिले नै थाहा पाइसकेका थिए कि हाम्रो पुर्खाले अन्य मानव चरित्रहरू ग्रहण गर्नुभन्दा धेरै समय पहिले नै सिधा उभिएर हिंड्न थालिसकेका थियो । आर्डिपिथेकस रामिडस सिधा हिंड्दैनथ्यो, तर जीवावशेषविद् मिभ लिकीले नेतृत्व गरेको टोलीले भर्खरै अफ्रिकाको केन्यास्थित टुर्काना ताल वरिपरि पत्तालगाएको अहिलेसम्म भेटिएकोमा सबभन्दा पुरानो मानव पुर्खा अष्ट्रलोपिथेकस आनामेन्सिस भने सिधा उभिएर हिंड्थ्यो । आनामेन्सिसको बारेमा हामीले शुरूमा पनि उल्लेख गरिसक्यौं ।

अ. आनामेन्सिस सिधा हिंड्थ्यो भन्ने कुराको अर्थ त्यो अहिले हामीजस्तै हिंड्थ्यो भन्ने होइन । सम्भवतः त्यसको हिंडाइसित तुलना गर्न अहिले हामीसँग अर्को कुनै त्यस्तो जीवित प्राणी मौजुद छैन । तर जीवावशेषविद् मीभ लिकी अ. आफरेन्सिसको नजीकको पुर्खा भनेको अ. आनामेन्सिस नै हो भन्ने विश्वास राख्दछिन् । यस अर्थमा अ. आनामेन्सिस आधुनिक मानवको पनि पुर्खा हो भन्ने कुरा बुझिन्छ ।

प्राग्मानव अष्ट्रलोपिथेसिनको उदय भएपछि आजभन्दा ४० देखि १९ लाख वर्ष पहिलेको समयावधिमा पूर्वी र दक्षिण अफ्रिकी क्षेत्रमा विभिन्न किसिमका अष्ट्रलोपिथेकस प्राग्मानवहरूको विकास भयो । बीसौं शताब्दीको नवौं दशकमा इथियोपियाको अफार त्रिकोणमा पर्ने हाडार भन्ने ठाउँमा र तान्जानियाको लाइटोली भन्ने ठाउँमा भेटिएका प्राग्मानवका विभिन्न जिवावशेषहरूले यही कुरालाई पुष्टि गर्दछन् । त्यस्तै लाइटोलिमा भेटिएका करिव ३६ लाख वर्ष पुराना मानवका जस्ता १५ सयभन्दा बढी पदचिन्हहरूले त्यतिखेर त्यस क्षेत्रमा प्राग्मानवहरूको राम्रो विकास भएको संकेत दिन्छ । हाडार र लाइटोलीका प्राग्मानव अथवा होमिनिडहरूलाई जीवावशेषविद्हरूले अष्ट्रलोपिथेकस् आफारेन्सिस जातिमा वर्गीकृत गरेका छन् । तर केही जीवावशेषविद्हरूले अष्ट्रलोपिथेकस आफारेन्सिसलाई कुनै छुट्टै वर्गमा नराखी दक्षिण अफ्रिकाको टाउङ्ग भन्ने ठाउँमा जीवावशेष भेटिएको करीब ३० देखि २३ लाख बर्ष पहिलेको समयावधिमा अस्तित्वमा रहेको अष्ट्रलोपिथेकस अफ्रिकानस (Australopithecus africanus) वर्गमै रोखका छन् ।

अफ्रिकामा बस्ने अन्य अष्ट्रलोपिथेसिन प्राग्मानवहरूमा करीब २८ देखि २३ लाख बर्ष पहिलेको समयावधिमा रहेको अ. एइथिओपिकस (A. aethiopicus), करीब २३ देखि १४ लाख वर्ष पहिलेको समयावधिमा रहेको अ. बोइसेइ (A. boisei) र करीव १९ देखि १५ लाख वर्ष पहिलेको समयावधिमा रहेको अ. रोबुस्टस (A. robustus) हुन् । अ. एइथिओपिकस प्राग्मानवको जीवावशेष प्रख्यात जीवावशेषविद् रिचार्ड लिकीको टोलीले इथियोपियाको ओमोबेसिन भन्ने ठाउँमा भेट्टाएका थिए । यसलाई अ. बोइसेइ र अ. रोबुस्टसको पुर्खा मानिन्छ । त्यस्तै अं बोइसेइको जीवावशेषलाई लिकीले नै तान्जानियाको ओल्डुबाइ गोर्ज भन्ने ठाउँमा भेट्टाएका थिए । सन् १९३८ मा बैज्ञानिक रबर्ट ब्रुमले दक्षिण अफ्रिकाको क्रोमड्राइमा अ. रोबुस्टसको जीवावशेष फेलापारे । अ. रोबुस्टस दक्षिण अफ्रिकामा मात्र पाइन्थ्यो । यो आधुनिक मानवको प्रत्यक्ष पुर्खा होइन ।

> **अष्ट्रलोपिथेसिन प्राग्मानवका पद चिन्हहरूको अध्ययनबाट बैज्ञानिकहरूले पहिले नै थाहा पाइसकेका थिए कि हाम्रो पुर्खाले अन्य मानव चरित्रहरू ग्रहण गर्नुभन्दा धेरै समय पहिले नै सिधा उभिएर हिंड्न थालिसकेका थियो ।**

अष्ट्रलोपिथेसिन प्राग्मानवहरू दुई खुट्टाले टेकेर सिधा हिंड्ने प्राणीहरू भएपनि यिनीहरूमा आधुनिक मानवका अति थोरै गुणहरू मात्र थिए । यिनीहरू आकारमा पनि साना थिए । यस्तो हुनुमा उनीहरूको दिमागको विकास कम मात्र हुनु कारणको रूपमा रहेको थियो । अष्ट्रलोपिथेसिन प्राग्मानवहरूको दिमागको साइज ३८० देखि ५३० घन सेन्टिमिटरसम्मको मात्र भएको थाहा भएको छ । आधुनिक मानवको दिमागको साइज सरदर १३०० घन सेन्टिमिटर रहेको छ । दिमागको विकास कम हुनुले नै अष्ट्रलोपिथेसिन प्राग्मानवहरूले धेरै कम मात्र सोच्न जान्दथे । तिनीहरूले औजार बनाउन तथा प्रयोग गर्न जानेका थिएनन् ।

## *अष्ट्रलोपिथेसिनबाट होमो प्राग्मानवको उदय कसरी भयो ?*

अष्ट्रलोपिथेसिन प्राग्मानवपछि होमो प्राग्मानवको उदय भयो । होमो प्राग्मानव अष्ट्रलोपिथेसिनहरूभन्दा धेरै कुरामा भिन्न थियो । यिनीहरू अष्ट्रलोपिथोसिनहरूभन्दा ठूला थिए भने यिनीहरूको दिमाग बढी तीक्ष्ण थियो । यस्तो हुनुमा यिनीहरूको दिमागको साइज अष्ट्रलोपिथेसिनहरूको भन्दा धेरै ठूलो हुनु हो । होमोको दिमागको साइज ७५० घन से.मी.भन्दा बढी थियो । तीक्ष्ण दिमागकै कारणले गर्दा यिनीहरू औजार बनाउन र प्रयोग गर्न जान्दथे ।

बैज्ञानिक लिकीको टोलीले सन् १९६० मा आजभन्दा १९ देखि १६ लाख बर्ष अगाडिको समयावधिमा रहेको होमो जातिको प्राग्मानव 'होमो हाविलिस' (Homo habilis) को जीवावशेष पत्तालगाएका थिए । यो प्राग्मानवले ढुङ्गाको औजार प्रयोग गर्न जानेको थियो । त्यसैले यसलाई 'हाते मानिस' (Handy Man) भनी नामाकरण गरियो । यिनीहरू समूहमा बस्थे । र, समूहमै रहेर शिकार पनि खेल्थे । तर यिनीहरूले आगो निकाल्न भने जानेका थिएनन् ।

अष्ट्रलोपिथेसिन प्राग्मानवभन्दा होमो हाविलिस धेरै उन्नत थियो । त्यसैले एउटा प्रश्न के रह्यो भने अष्ट्रलोपिथेसिनबाट होमो प्राग्मानवमा एकैचोटि कसरी फड्को आयो ? होमो हाविलिसकै समयका अष्ट्रलोपिथेसिन वर्गका प्राग्मानव अ. रोबुस्टस थियो । तर अ. रोबुस्टस र होमो हाविलिसमा धेरै फरकहरू थिए । अ. रोबुस्टस होमो प्राग्मानवको पुर्खा हुनै सक्दैनथ्यो । त्यसैले बैज्ञानिकहरूले अष्ट्रलोपिथेसिन र होमो प्राग्मानव बीच नाता जोड्ने अर्कै कुनै एक प्राग्मानव हुनुपर्छ भनेर अनुमान गरे ।

बैज्ञानिकहरूले अहिले भर्खरै तीन वर्ष अगाडि इथियोपियाको मध्य आवाशक्षेत्रको बोउरी गाउँको नजीक पत्तालगेको प्राग्मानवको जीवावशेषले अष्ट्रलोपिथेसिन र होमो प्राग्मानवबीच नाता जोड्ने कुरा बताएका छन् । आजभन्दा २५ लाख बर्ष अगाडि अस्तित्वमा रहेको त्यस प्राग्मानवलाई अष्ट्रलोपिथेकस गाह्री (Australopithecus garhi) नाम दिइएको छ । यसलाई हामीले


माथि शुरूमै पनि उल्लेख गरिसक्यौं ।

अ. गाह्री मानव ढुङ्गाको औजार प्रयोग गर्ने तथा मांश भोजन गर्ने पहिलो प्राग्मानव भएको थाहा भएको छ । यसअधिसम्म ढुङ्गाको औजार प्रयोग गर्ने पहिलो प्राग्मानवको रूपमा होमो हाबिलिसलाई लिइएको थियो । अ. गाह्री प्राग्मानव अष्ट्रलोपिथेसिन जातिमा पर्दछ । तर योसँग होमो प्राग्मानवका धेरै गुणहरू पाइन्थे । यही कारणले नै यसलाई अष्ट्रलोपिथेसिन र होमो प्राग्मानवलाई जोड्ने कडीको रूपमा लिइएको छ । बैज्ञानिकहरूको के धारणा छ भने अ. गाह्रीबाट नै प्रत्येक्ष रूपले होमो प्राग्मानवको विकास भयो । त्यसैले होमो प्राग्मानव (जो पछि गएर आधुनिक मानवमा विकसित हुन्छ ।)को एक पाइला अगाडिको पुर्खा भनेको अ. गाह्री नै हो भन्ने बिचार बैज्ञानिकहरू राख्दछन् ।

जीवावशेषविद्हरूका अनुसार अ. गाह्रीसँग धेरै विशिष्ट खालको दाँत तथा ठूलो मस्तिष्क कोठा (brain-case) थियो । त्यसैले यो अ.आफरेन्सिसभन्दा धेरै विकसित देखिन्थ्यो ।

अनुसन्धानकर्ताहरूले अ. गाह्रीको जीवावशेष भेटिएको ठाउँको नजीक उही समयका जनावरका हाडखोरहरू र ढुङ्गाका हतियारहरू फेलापारेका छन् । उनीहरूले त्यहाँ एउटा मृगको काटिएको बङ्गाराको हड्डी पनि भेट्टाएका छन् । काटिएको त्यस बङ्गाराको प्रकृति हेर्दा त्यस प्राग्मानवले जनावरको जिब्रो निकाल्न धारिलो ढुङ्गाको प्रयोग गरेको बुझिन्छ । त्यस्तै जनावरका हाडहरू काटिएको, घनले हानिएको र हड्डीभित्रको पोषिलो मासी झिकिएको अवस्थामा पाइनुले प्राग्मानव अ. गाह्री हतियार प्रयोग

ओल्डोवाइ गर्ज भन्ने ठाउँमा भेट्टिएका प्राग्मानवहरूले प्रयोग गरेका ढुंगाका औजारहरू (ओल्डोवान औजारहरू)




मानवको टाढाको पुर्खा र ढेडु बाँदरको पुर्खा एउटै थियो । तर अहिलेसम्म पनि जनावरकै रुपमा रहेको ढेडु बाँदरको पुर्खाबाट मानव जातिको उदय कसरी हुनसक्यो त ? यो प्रश्न जति रोचक छ, त्योभन्दा पनि बढी महत्वपूर्ण छ ।

ढेडु बाँदरबाट मानवमा विकासको पहिलो खुड्किलो वा पहिलो फड्को भनेको ढेडु बाँदरको समूहबाट केही ढेडु बाँदरहरु छुट्टिएर गई उनीहरुलाई आफूलाई बदलिएको भौगोलिक परिस्थितिसँग मेल हुनेगरी दुई खुट्टाले हिँड्न योग्य तुल्याउन सक्नु हो । दुई खुट्टाले हिँड्न सक्नाले अगाडिका दुई हातहरु स्वतन्त्र भए । र, ती स्वतन्त्र हातहरुले गर्दा नै टाढा टाढासम्मका आफ्ना बासस्थानहरुमा खाना लिएर गई सुरक्षित रुपमा जोगाइराख्न उनीहरु सक्षम भए । त्यस्तै, औजारलाई हातले समाई आवश्यकता अनुसार कुशलतापूर्वक प्रयोग गर्न पनि उनीहरु सक्षम भए । यी क्षमताहरुले नै ढेडु बाँदरबाट भर्खर छुट्टिएका आदिमानव पुर्खा (Hominid) लाई आफ्नै पुर्खा तथा अन्य जनावरहरुभन्दा बलिया र उन्नत तुल्याए ।

पृथ्वीको भौगोलिक युग मिओसिनमा अफ्रिकाका उष्ण प्रदेशीय घना जङ्गलहरुमा आदि-ढेडुबाँदरहरुको विकास राम्रो भएको कुरा बैज्ञानिकहरु बताउँछन् । तर त्यसै युगमा आजभन्दा करिव १ करोड ६० लाख वर्षदेखि १ करोड १० लाख वर्ष पहिलेको समयबीच अफ्रिकाको हावापानीमा ठूलो फेरबदल आयो । वर्षातको कमीले गर्दा उष्ण प्रदेशीय घना जङ्गलहरु क्रमशः नष्ट हुँदै लामा लामा घाँसका फाँटहरुमा बदलिन थाले । यो जङ्गलको विनाश र घाँसका फाँटहरुको निर्माणको क्रम प्लिओसिन भौगोलिक युगसम्म पनि जारी रह्यो । ठीक यही समयमा अर्थात् आजभन्दा ६० देखि ४० लाख वर्ष पहिलेको समयबीचमा अझै बाँकी बसेका जङ्गलहरुमा रहेका ढेडुबाँदरहरु बाहेक अन्य ढेडु बाँदरहरुलाई लामालामा घाँसका फाँटहरुमा जीवन निर्वाह गर्नु पर्ने बाध्यता आयो ।

लामा घाँसका फाँटहरुमा खाना खोज्न तथा शत्रु आयो आएन हेर्नका लागि ढेडु बाँदरलाई पछाडिका दुई खुट्टाले मात्र टेकी यताउता हेर्नुपर्ने भयो । यो कठीन गतिविधि बाध्यतावश उनीहरुले लगातार जस्तो गर्नु पऱ्यो । यस बदलिएको परिस्थितिमा आफूलाई अनुकुलतामा ढाल्न नसक्ने जति ढेडु बाँदरहरु कि खान नपाएर भोकैले मरे , कि त मांशहारी अन्य जन्तुको शिकार भई नष्ट भएर गए । तर जसले दुई खुट्टाले मात्र टेकेर हिँड्नुपर्ने बाध्यतालाई स्वभावको रुपमा ग्रहण गरी अनुकूलता प्राप्त गरे, तिनीहरु अन्य जन्तुभन्दा एक कदम विकसित भए र मानवको पहिलो पुर्खा बने । मानव विकासको 'क्रम विकास तालिका' का तीन ठूलाठूला फड्कोहरु मध्ये यो पहिलो फड्को थियो ।

मानव विकासको 'क्रम विकास तालिका' को दोस्रो ठूलो फड्को भनेको ढुङ्गाको औजारको निर्माण र प्रयोग थियो । शुरुमा प्राग्मानवहरुले ढुङ्गा हातले टिप्ने र शत्रु वा शिकारलाई हिर्काउने गर्न थाले । यो क्रम सम्भवतः हजारौं लाखौं वर्षसम्म जारी रह्यो । यही क्रममा स्वयं नै चुच्चो वा धारिलो अवस्थामा रहेको ढुङ्गाको प्रयोगबाट जनावरलाई शिकार गर्न वा जङ्गलमा कन्दमूलहरु उखेल्न बढी सजिलो भएको अनुभव सायद उनीहरुले गरे । र, त्यसपछि एउटा ढुङ्गा हातले समाती त्यही ढुङ्गाले अर्को ढुङ्गालाई हानेर चुच्चो पार्ने तथा धारिलो पर्ने कामको अभ्यास उनीहरुले गर्न थाले ।

आजभन्दा २५ लाख वर्षपहिले अष्ट्रलोपिथेकस गाह्री नामको प्राग्मानवले पहिलो पटक ढुङ्गाको औजार निर्माण तथा प्रयोग गरेको कुरा भर्खरै मात्र पत्ता लागेको छ । यस अघिसम्म ढुङ्गाको हतियार पहिलो पटक प्रयोग गर्ने प्राग्मानव आजभन्दा १९ लाख वर्ष अगाडिको होमो हाविलिस थियो भन्ने विश्वास गरिन्थ्यो । तर त्यो अहिले गलत सावित भएको छ ।

मानवशास्त्रीहरु के भन्छन् भने, जुन बेलादेखि मानवले ढुङ्गाको औजार बनाउन र प्रयोग गर्न थाल्यो, त्यही बेलादेखि मानव संस्कृतिको पनि शुरुवात भयो । नियमित ढाँचामा ढालिएका ढुङ्गाका औजारहरुले प्राचीन प्राग्मानवको संस्कृतिको पुरातात्विक संकेत दिन्छ । किनभने प्रचिलित अर्थमा संस्कृति भन्नाले मानवले सिकेका तथा ग्रहण गरीलिएका व्यवहार, विचार र भावनाको खास ढाँचा वा रुप हो ।

हालै मात्र बैज्ञानिकहरुले इथियोपियामा २५ लाख वर्ष पुराना दुई धार भएका ढुङ्गाका हतियारहरु फेला पारेका छन् । ती हतियारहरु अष्ट्रलोपिथेकस गाह्रीले प्रयोग गरेर छोडेको विश्वास गरिन्छ । त्यस्तै, इथियोपियाकै हाडार भन्ने ठाउँमा २४ लाख वर्ष पुराना थुप्रै ढुङ्गाका हतियारहरु फेला परेका छन् ।

प्राग्मानवका ढुङ्गाका हतियारहरु प्रायःजसो एक ढुङ्गाले अर्को ढुङ्गालाई हानेर बनाइएका देखिन्छन् । ती ढुङ्गाका हतियारहरु कुनै एक पाटोमा मात्र धार भएका फल्याक आकारका छन् भने कुनै दुइटै पाटोमा धार भएका फल्याक आकारका छन् ।

सन् १९३० मा बैज्ञानिकहरु लुइस र मारी लिकीले धैर्यतापूर्वक अनुसन्धान गरी तान्जानियाको ओल्डोवाई गोर्ज भन्ने ठाउँमा थुप्रै प्राग्मानवका ढुङ्गाका हतियारहरु भेट्टाएका थिए । ती हतियारहरुलाई 'ओल्डोवान औजार' भनिन्छ ।

बैज्ञानिकहरु निकोलस टोथ र पिटर जोन्सले 'ओल्डोवान औजार'हरुले के के गर्न सकिन्छ भन्ने प्रयोग गरीहेरे । उनीहरुका अनुसार, ती औजारहरुबाट जनावरको छालालाई चिर्न सकिन्थ्यो, जनावरको शरीरबाट छाला पूरै निकाल्न सकिन्थ्यो र काठबाट धारिला लट्ठीहरु बनाउन सकिन्थ्यो । त्यस्तै, ठूला ढुङ्गे हतियारबाट रुखका हांगाहरु काट्न सकिन्थ्यो । यसरी बैज्ञानिकहरु टोथ र जोन्सले प्राग्मानवहरुले ढुङ्गाका औजारबाट के के काम गर्थे भन्ने कुरा पत्ता लगाए ।

तर प्राग्मानवहरुले छोडेका जनावरहरुका हाडखोरहरुलाई सूक्ष्मतम रुपले हेर्दा ती हाडखोरहरुमा मांशहारी जन्तुहरुका दाँतका चिन्हहरु देखिन्छन् । त्यसैले बैज्ञानिक पाट शिपम्यान भन्छन् कि, ओल्डोवाईका २० देखि १७ लाख वर्ष पुराना प्राग्मानवहरु आफैले शिकार गर्नु भन्दा अरु मांशाहारी जन्तुले शिकार गरेर छोडेको जनावर-मांश भोजन गर्ने गर्थे ।

करिब १५ लाख वर्षपहिले प्राग्मानव होमो इरेक्टसले पूर्वी अफ्रिकामा ढुङ्गाको औजार बनाउने एउटा विशेष किसिमको तरिकाको विकास गऱ्यो । त्यो तरिकालाई आयकेउलियन् भनिन्छ । र, त्यस तरिकाबाट निर्मित औजारहरुलाई 'आयकेउलियन् ढुङ्गाको औजार' भनिन्छ । आयकेउलियन् औजार सर्वप्रथम फ्रान्सको आयकेउल भन्ने ठाउँमा भेट्टाइएको थियो । त्यसैले त्यस औजारको नाम आयकेउलियन् औजार हुन गएको हो ।

आयकेउलियन् समयका औजारहरु उन्नत खालका थिए । औजारहरु सानाठूला गरी धेरै किसिमका हुन्थे । खाल्डो खन्नको लागि ढुङ्गाको कथित हाते बन्चरो पनि बनाइएको थियो ।

बैज्ञानिकहरुले होमो इरेक्टस् प्राग्मानवले नै सर्वप्रथम आजभन्दा करिब १४ लाख वर्ष पहिले पूर्वी अफ्रिकाको

# प्राचीन ढुङ्गे युगदेखि नै मानव संस्कृतिको शुरुवात भयो



*माथिल्लो पालिओलिथिक युगमा होमो स्यापियन्स् स्यापियन्स् मानवहरुले फ्रान्सको एक गुफामा कोरेको चित्र*

केन्यामा आगोको प्रयोग गर्न थालेको अनुमान गरेका छन् । तर उनीहरुले यसको प्रमाण अझसम्म पनि जुटाउन सकेका छैनन् । आजभन्दा ५ लाख वर्षपहिले होमो इरेक्टस्ले नै चीन र यूरोपमा आगोको आविष्कार गरेको तथा त्यसलाई आफ्नो बशमा लिएको प्रमाण भने भेटिएको छ । त्यसैले होमो इरेक्टस्ले सम्भवत: आजभन्दा करिब ७ लाख वर्षपहिले आगोको प्रयोग गर्न थाल्यो भन्नु नै बढी उपयुक्त होला ।

अफ्रिका गर्मी महाद्वीप हो र यूरोप चिसो महाद्वीप हो । त्यसैले सम्भवत: आगोको आविष्कार पछि नै प्राग्मानव अफ्रिकाबाट यूरोपतिर सऱ्यो । किनकि आगोबिना जाडो याममा यूरोपमा बस्न टिक्न सकिदैनथ्यो ।

बैज्ञानिकहरुले के अनुमान गरेका छन् भने, शुरुमा प्राग्मानवहरुले प्राकृतिक रुपमा उत्पन्न भएका आगोहरु, जस्तो : ज्वालामुखीबाट उत्पन्न आगो, चट्याङ्बाट उत्पन्न आगो आदिलाई नै प्रयोगमा ल्याए । र, प्राकृतिक आगोलाई प्रयोग गरेको धरै समयपछि सम्भवत: सयौं र हज्जारौं वर्षपछि मात्र उनीहरुले प्राकृतिक रुपमा उत्पन्न आगोको कारण खोतलेर त्यसको ज्ञानबाट स्वयं आफैंले आगो निकाल्न शुरु गरे । पेकिङ नजीकको झोउकोउण्डियन गुफामा आगोमा पोलिएका जनावरका हाडखोरहरु प्रशस्त पाइएका छन् । यसबाट आगोको आविष्कारपछि प्राग्मानवहरुले मासु आगोमा पोलेर खान थालेको प्रष्ट देखिन्छ ।

प्राग्मानवले आगोको आविष्कार गर्नु र प्रयोगमा ल्याउनु मानव विकासको श्रृंखलामा अर्को ठूलो फड्को हो । किनकि आगोको आविष्कारपछि नै मानवले खाना पकाएर खाने तरिका जन्मियो । यसले गर्दा खाना स्वादिलो हुनुका साथै पोषिलो पनि भयो । र, अर्को कुरो आगोको आविष्कारपछि नै मानव माछा वा समुद्री खाद्य वस्तु भोजन गर्न सक्षम भयो । किनकि समुद्री भोजन आगोमा नपोलिकन वा नपकाइकन खान सम्भव थिएन । यसबाट मानवलाई निरन्तर रुपमा पोषिलो खाना प्राप्त भयो । पोसिलो खाना खान पाएपछि मानव बढी स्वस्थ हुन थाल्यो । र, यसको साथै उनीहरुको दिमागको पनि उल्लेखनीय विकास हुनपुग्यो ।

आगो नियन्त्रणमा लिन सकेको कारणले गर्दा नै मानवलाई जङ्गली युगको समयमा पनि संसारभरि घुम्न सक्ने क्षमता हासिल भयो । किनकि आगोले गर्दा चिसा ठाउँहरुमा पनि उनीहरु बस्न सक्ने भए । त्यस्तै, आगोको प्रयोगले गर्दा जङ्गली हिंश्रक जनावरहरुलाई सजिलै धपाउन पनि उनीहरु सक्षम भए । तर यतिबेलासम्म पनि मानवले उत्पादन र सिर्जनामा उल्लेखयोग्य स्तर कायम गर्न सकेको थिएन । उत्पादनको नाममा उनीहरु औजार उत्पादन गर्न मात्र जान्दथे । अरु त जम्मै उनीहरु प्रकृतिमा जे पाइन्थ्यो, त्यसैलाई कच्चा अवस्थामै उपभोग गर्दथे ।

मानवले मासुको लागि शिकार गर्ने कामलाई बढाउँदै लगेपछि ती आदिम मानव समुदायमा पुरुषहरु टाढा टाढासम्म शिकार गर्न जाने र महिलाहरु वासस्थानमै बसिरहने संस्कृति शुरु भयो । किनकि बच्चा पाएका महिलाहरु लामो समयसम्म शिशु बच्चालाई स्याहारसुसार गर्नको निम्ति वासस्थानमै अड्नु पर्ने बाध्यता भयो । र, ती महिलाहरुले बच्चालाई स्याहारेर बाँकी बचेको समयमा फुर्सद निकालेर आफ्नो वासस्थान वरपरका बोटविरुवाहरु खानयोग्य छन् छैनन् परीक्षण गरी हेर्ने काम गर्न थाले । पछि त्यही कामबाट बोटबिरुवाहरु रोप्ने र उत्पादन गर्ने शीप महिलाहरुले सिके ।

आगोको आविष्कार भएपछि पनि धेरै समय पछाडिसम्म प्राग्मानवहरु गुफा वा ओढारहरुलाई नै वासस्थानको रुपमा प्रयोगमा ल्याउँथे ।

तर आकेउलियन् क्षेत्रमा होमो इरेक्टस् मानवहरु केही मात्रामा मात्र गुफामा बस्थे । अधिकांश होमो इरेक्टस् मानवहरु त्यस आकेउलियन् क्षेत्रमा खुला रुपमा बाहिर छाप्रो बनाएर बसेको प्रमाण पनि फेला परेको छ । छाप्रोमा बस्दा वा गुफामा बस्दा जुन अवस्थामा पनि उनीहरुले नजीक पानीको स्रोत छ कि छैन, शाकाहारी जन्तुहरु धेरै संख्यामा पाइने क्षेत्र हो कि होइन आदिलाई राम्ररी हेरेका हुन्थे ।

**करिब २ लाख वर्ष पहिलेदेखि ३० हजार वर्ष अगाडिसम्म यूरोपमा एकछत्र फैलिएका नेण्डरथल मानवहरु मूल रुपमा गुफाभित्र नै बस्थे ।**

करिब २ लाख वर्ष पहिलेदेखि ३० हजार वर्ष अगाडिसम्म यूरोपमा एकछत्र फैलिएका नेण्डरथल मानवहरु मूल रुपमा गुफाभित्र नै बस्थे । उनीहरुमा कोही मर्दा त्यसलाई सम्मानपूर्वक दाहसंस्कार गरी जमिनमा गाडिदिने प्रचलन भएको कुरा जीवावशेषहरुबाट थाहा भएको छ । त्यसैले त्यस समयसम्म आउँदा मानवमा धेरै हदसम्म बुद्धि, विवेक, संवेदना र भावनाको पनि विकास भएको देखिन्छ । तर ढुङ्गाको सियो बनाई जनावरको छालाको लगाउने बस्त्र बनाई जीउ ढाक्ने संस्कृति भने आधुनिक मानव होमो स्यापियन्स् स्यापियन्स्को ठीक अघिल्लो मानव क्रोम्यागननले शुरु गरेको देखिन्छ । क्रोम्यागनन भन्दा अघिल्ला मानवहरुमा बस्त्रले जीउ ढाक्ने चलन थिएन । उनीहरु नाङ्गै हुन्थे ।

पृथ्वीको भौगोलिक युग माथिल्लो पालिओलिथिक अर्थात् आजभन्दा करिब ४० हजार वर्ष पहिलेदेखि मेसोलिथिक युग अर्थात् आजभन्दा १४ देखि १० हजार वर्ष पहिलेसम्मको समयमा मानव पुर्खाले शिकार गर्न जानको लागि गुफाभित्र चित्रकलाहरु कोर्थ्यो । यो समय पुरानो विश्वको अन्तिम ढुङ्गे युग थियो ।

शिकार गर्न जाँदा आफ्नो विचार अरुलाई पोख्न जरुरी पर्थ्यो । यही परिस्थितिमा आजभन्दा ७ लाख वर्ष पहिले नै होमो इरेक्टस् मानवले केही मात्रामा बोलेर आफ्नो विचार अरुलाई भन्ने शीप सिकेको थियो । अर्थात् होमो इरेक्टस्ले नै भाषाको शुरुवात गऱ्यो ।

आजभन्दा ११ हजार वर्षअगाडि होमो स्यापियन्स् स्यापियन्स् मानवले पशुहरुलाई आफ्नो नियन्त्रणमा लिई दूध र मासु उत्पादन गर्न थाल्यो । पशुपालनको लागि नै मानवहरु गुफाबाट बाहिर निस्की खोलानाला नजीकको हरिया घाँसे मैदानहरुमा छाप्रो बनाई बस्न थाले । र, पशुपालनको साथसाथै बिस्तारै खेतीपाती गर्न पनि होमो स्थापियन्स् मानवहरुले ज्ञान हासिल गर्न थाले ।

यही क्रममा प्राग्मानव आधुनिक, सुसंस्कृत र सभ्य मानवमा व्रिकसित भयो । र, आजभन्दा करिव ५ हजार वर्षपहिले आधुनिक मानवले लिपिको पनि विकास गऱ्यो । त्यसपछि विस्तारै गाउँ, वस्ती र शहरहरु बन्न थाले ।

हामीले प्राग्मानवले ढुङ्गा उठाएर आफ्नो शिकारलाई हान्न थालेदेखि गाउँ र शहर बन्दा सम्मको लाखौं वर्षको समयावधिलाई नियालेर हेर्ने हो भने मानवको जीवनशैली वा संस्कृति पूर्ण रुपले नै उसको श्रम र उत्पादनसँग सम्बन्धित भएर आएको देखिन्छ । ❑

गर्न सिपालु थियो भन्ने कुरा देखिन्छ ।

बैज्ञानिकहरूले यसअघि नै बोउरीबाट(अ. गाह्री पत्ता लागेको ठाउँबाट) ९५ कि.मी. उत्तरमा पर्ने इथियोपियाको गोना भन्ने ठाउँमा अ. गाह्री जत्तिकै पुरानो समयका होशियारीपूर्वक निर्माण गरिएका ढुङ्गाका हतियारहरू पत्तालगाएका थिए । जीवावशेषविद्हरू आस्फा र ह्वाइटले ती ढुङ्गाका हतियारहरू अ. गाह्रीले नै बनाएको हो र त्यो प्रागमानव कुशल औजार निर्माता थियो भन्ने निश्कर्ष निकालेका छन् ।

गोनामा भेटिएका ढुङ्गाका औजारहरूको सन्दर्भमा पुरातत्वविद सिलेशी सेमाअ भन्छन् कि ती औजारहरू मात्र औजारहरू थिएनन् ती त प्रविधि पनि थिए । उनले गोनाका प्रागमानवहरूले प्रयोगयोग्य कच्चा सामग्रीहरू छनौट गर्दथे भनेका छन् । उनका अनुसार बोउरीमा प्राप्त प्राचीन सामग्रीहरू त्यहाँ वरपर कहींबाट पनि पाउनसक्ने खालका होइनन् । त्यसैले पक्कै पनि ती सामग्रीहरू अ. गाह्रीले अन्य कुनै ठाउँबाट औजार बनाउनका लागि त्यहाँ ल्याएको हुनुपर्छ ।

बैज्ञानिकहरूका अनुसार जसले प्रविधिको सिर्जना गर्‍यो, त्यसले त्यसबाट अवश्य पनि बढी नै फाइदा लियो । यस अर्थमा ढुङ्गाका हथौडा तथा धारिला हतियारहरू निर्माण गरिनाले अ. गाह्रीले ती हतियारहरू प्रयोग गरेर अवश्य पनि अन्य जन्तुहरूले शिकार गरेर ल्याएका खाद्यबस्तुहरूमा कब्जा जमाउन सफलता प्राप्त गर्‍यो होला । यसबाट त्यसले बढी शक्ति दिने पोषिला खोनेकुराहरू प्राप्तगर्न थाल्यो । यसले गर्दा उनीहरूको दिमाग बढी ठूलो र बढी क्षमताशील बन्नथाल्यो । वास्तवमा औजारहरूलाई सिर्जनात्मक प्रयोग गर्ने काम बढी गरेपछि नै होमिनिडहरूको दिमागको बृद्धि राम्ररी हुन्थ्यो ।

यसरी अ. गाह्रीको दिमागको साइजमा तुलनात्मक रूपमा बढी बृद्धि भएबाट उनीहरू आफ्नो बासस्थानको संकुचित घेरालाई तोडेर टाढा टाढा अन्य ठाउँहरूसम्म यात्रा गर्न सक्षम भए । र, उनीहरू बिस्तारै अफ्रिकालाई छोडेर विश्वका अन्य अधिकांश ठाउँहरूमा बस्ती बसाल्न गए ।

यसरी अष्ट्रलोपिथेकस गाह्री मानव विकासको क्रममा एउटा ठूलो फड्को थियो । त्यसले प्रागमानव अष्ट्रलोपिथेसिनलाई होमो प्रागमानव अर्थात् आधुनिक मानवको प्रारम्भिक पुर्खामा रूपान्तरण गराउन पुल वा लिंकेजको काम गर्‍यो ।

होमो प्रागमानवहरू अष्ट्रलोपिथेसिन प्रागमानवहरूभन्दा स्पष्ट रूपले नै भिन्न थिए । होमो प्रागमानवको दिमाग अष्ट्रलोपिथेसिनको भन्दा ठूलो थियो । होमो प्रागमानवको पहिलो पुर्खाको रूपमा होमो रूडोल्फेन्सिस (Homo rudolfensis) देखिनआएको छ । यो मानव पुर्खा आजभन्दा २४ देखि १८ लाख वर्ष पहिलेको समयावधिमा अफ्रिकामा बस्थ्यो । यो प्रागमानव होमो हाविलिसको एक कदम अगाडिको मानव पुर्खा थियो । यसको जीवावशेषलाई केन्याको कूबीफोरा भन्ने ठाउँमा उत्खनन गरी निकालिएको थियो ।

होमो रूडोल्फेन्सिसपछि होमो हाविलिसको विकास भयो । यसबारे माथि हामीले चर्चा चलाइसक्यौं । यसको दिमागको साइज ६०० देखि ८०० घन से.मी. मात्र भएको कुरा बैज्ञानिकहरू बताउँछन् ।

होमो हाविलिस पछिको अर्को मानव पुर्खा होमो इरगास्टर (H.ergaster) हुनआउँछ । १७ देखि १५ लाख बर्ष पहिलेको समयावधिमा अफ्रिकामा रहने गरेको यो होमो प्रागमानवको जीवावशेष केन्याको कूबीफोरा भन्ने ठाउँमा फेलापरेको हो । होमो इरगास्टरलाई छुट्टै प्रजातिको रूपमा राख्नु पर्छ या पर्दैन भन्ने सवालमा मानवशास्त्रीहरूबीच मतक्यैता हुनसकेको छैन । केही मानवशास्त्रीहरूको बिचारमा होमो इरगास्टर र होमोइरेक्टस (H. erectus) एउटै हुन् ।

धेरै बैज्ञानिकहरू के कुरामा विश्वास गर्छन् भने होमो इरेक्टस् मानव विकासको श्रृंखलामा अहिलेको मानवबाहेक सबभन्दा पछिल्लो प्रजाति थियो । अर्थात् यो आधुनिक मानवको सबभन्दा नजीकको पुर्खा हो ।

उनीहरूको बिचारमा अफ्रिकाबाट विश्वका अन्य ठाउँमा बसाइँ सराइ गर्ने पहिलो होमिनिड होमो इरेक्टस् नै थियो । कम्तिमा पनि १७ लाख बर्ष पहिले यो प्रागमानव अफ्रिकाबाट बाहिर निस्कदै चीन र इण्डोनेशियामा पुग्यो ।

होमो इरेक्टसको जीवावशेष सन् १८९१ मा इण्डोनेशियाको जाभा टापूको ट्रिनील भन्ने ठाउँमा एक डच बैज्ञानिक इयूजीन डुबोइसले पत्तालगाएका थिए । त्यस्तै सन् १९२१ मा चीनको बेइजीङ्ग नजीकको झोउकोउडियन नामको एक गुफाभित्र क्यानाडाका बैज्ञानिक तथा प्रोफेसर डाविड्सन ब्ल्याकले पत्तालगाएका थिए । सन् १९३० मा अर्का अनुसन्धानकर्ता जि. एच. आर. बोन कोएनिग्सवाल्डले इण्डोनेशियाको जाभा टापूमा होमो इरेक्टस्को अर्को जीवावशेष पनि जमिनमुनि खनेर पत्तालगाए । बेइजीङ्गमा पत्तालागेको करीब ५ लाख वर्ष पुरानो होमो इरेक्टस्लाई 'पेकिङ्ग मानव' भन्ने नाम राखियो ।

बैज्ञानिकहरूले इण्डोनेशिया र चीनमा पत्तालागेका होमो इरेक्टस्का जीवाशेषहरूको अध्ययनबाट यिनीहरू ७ लाख वर्षभन्दा बढी पुरानो नभएको र यिनीहरूको उदय अफ्रिका बाहिर चीन र इण्डोनेशियातिर नै भएको हुनुपर्ने अड्कल गरेका थिए । तर सन् १९७५ मा प्रख्यात जीवावशेषविद् रिचार्ड लिकीको टोलीले अफ्रिकाको केन्याको रूडोल्फ ताल नजीक करीब १६ देखि १३ लाख वर्ष पुरानो होमो इरेक्टसको खप्पर पत्ता लगायो । यसबाट होमो इरेक्टस प्रागमानव पहिले अड्कल गरिएको भन्दा बढी पुरानो भएको र यो अफ्रिकाबाहिर नभई पूर्वी अफ्रिकामा उदय भएको कुरा थाहा भयो ।

जीवावशेषहरूको अध्ययनबाट के थाहा भएको छ भने होमो इरेक्टसको दाँत अष्ट्रलोपिथेसिनको भन्दा सानो र बङ्गारा बढी शंकुवक्रता (parabola) आकारको रहेको हुन्छ । यिनीहरूको स्पष्ट देखिने बाहिर निस्किएको लाम्चो खालको नाक हुन्छ जबकि अष्ट्रलोपिथेसिनको चेप्टो र दबिएको नाक हुन्छ । हड्डीको साइजको अध्ययनबाट पुरूष होमो इरेक्टस्को उचाइ ५.५ देखि ६ फिटसम्म भएको थाहा भएको छ ।

जाभामा पत्ता लागेको होमो इरेक्टस् 'जाभा मानव' को दिमागको साइज ९०० घन से.मी. रहेको छ भने 'पेकिङ्ग मानव' को १०५४ घन से.मी रहेको छ । स्मरणीय छ, आधुनिक हामी मानवको सरदर दिमागको साइज १३०० घ.से.मी. रहेको छ ।

बैज्ञानिकहरूले होमो इरेक्टसले सर्वप्रथम आजभन्दा करीब १४ लाख वर्षपहिले पूर्वी अफ्रिकाको केन्यामा आगोको प्रयोग गरेको अनुमान लगाएका छन् । आगोको आविष्कारपछि होमो इरेक्टटस्ले नै सर्वप्रथम बोलेर कुरा गर्ने शीपको पनि आविष्कार गरेको हो भनी बैज्ञानिकहरू विश्वास राख्दछन् । त्यस्तै यिनीहरूले रूखका हाँगाहरू ल्याई छाप्रो बनाएर सुरक्षित भएर बस्ने शीप पनि सिके । यसरी, घर बनाउने काम होमो इरेक्टस्को समयबाट मानव जातिले थालनी गरेको देखिन्छ ।

होमो इरेक्टस्बाट आजभन्दा करीब ७ लाखदेखि २ लाख बर्ष अगाडिको समयबीच होमो नेण्डरथलेन्सिस् अर्थात् नेण्डरथल मानवको विकास भएको देखिन्छ । यिनीहरू आजभन्दा ३० हजार बर्षअगाडिसम्म यूरोपमा रहने गर्दथे । नेण्डरथल मानवहरू गुफामा बस्थे भने उनीहरू आगो निकाल्न जान्दथे र कडा पत्थरबाट बिभिन्न आकारका औजारहरू बनाउन पनि जान्दथे ।

नेण्डरथल मानवको जीवावशेष सर्वप्रथम सन् १८५६ मा जर्मनीको नेण्डर उपत्यकामा फेला परेको थियो । तर त्यतिखेर चार्ल्स डार्विनको क्रम विकासको सिद्धान्त बाहिर प्रकाशमा आइसकेको थिएन । चुनढुङ्गाको पत्रभित्र सुरक्षित अवस्थामा भेटिएका नेण्डरथल मानवका हाडखोरहरूलाई शुरूमा बैज्ञानिकहरूले धेरै समय पहिलेका कुनै जोगीहरूको हुनसक्ने बताएका थिए । त्यस्तै, कसैले ती हाडखोरहरू प्राचीन समयमा मङ्गोलियाबाट यूरोप आएर रिकेट्स रोगबाट मरेका घोडचढीहरूको हुनसक्ने बताए ।

तर सन् १८५८ मा डार्विनको 'क्रम विकास' को सिद्धान्त बाहिर



*H. neanderthalensis*

होमो नेण्डरथलको खप्पर



*H. antecessor*

होमो आयन्टेसेसरको खप्पर

**नेण्डरथल मानवहरू गुफामा बस्थे भने उनीहरू आगो निकाल्न जान्दथे र कडा पत्थरबाट विभिन्न आकारका औजारहरू बनाउन पनि जान्दथे ।**

> **कोहीकोही मानवशास्त्रीहरूका अनुसार, नेण्डरथल मानव आजभन्दा ३०,००० बर्ष पहिले लोप भएको नभई त्यो मानव अझै पनि रूसको ककेशस पहाडी क्षेत्र तथा मंगोलियाका जङ्गलहरूमा अस्तित्वमा रहिरहेको हुनसक्छ ।**

प्रकाशमा आएपछि नेण्डरथल मानवका जीवावशेषहरूले विशेष महत्व पाए । र, त्यसपछिका समयहरूमा झण्डै १५० बर्षसम्म बैज्ञानिकहरूले नेण्डरथल मानवका जीवावशेषहरूको अध्ययन गरेका छन् । नेण्डरथल मानवका जीवावशेषहरू जर्मनी, फ्रान्स, बेल्जियम, क्रोएसियालगायत यूरोपभरि नै पाइएका छन् । यसबाट त्यतिखेर नेण्डरथल मानवले यूरोपमा एकछत्र बस्ती बसालेको थियो भन्ने कुरा बुझिन्छ ।

जर्मन भाषामा थल (thal) या टल (tal)को अर्थ उपत्यका हो । नेण्डर भन्ने उपत्यकामा भेटिएको कारणले गर्दा त्यस प्रागमानवको नाम नेण्डरस्थल वा नेण्डरटल राखिएको हो । (पहिले नेण्डरथल भनिन्थ्यो भने आजभोलि नेण्डरटल भनिन्छ ) नेण्डरथल मानव आधुनिक होमो स्यापियन्स् स्यापियन्स्भन्दा के कुरामा भिन्न देखिन्छ भने यिनीहरू छोटाछोटा हातखुट्टाहरू भएका बलिया र भद्दा शरीरका थिए ।

होमो नेण्डरथलेन्सिस् अर्थात् नेण्डरथल मानव आजभन्दा कम्तिमा ३० हजार वर्ष पहिले नै पृथ्वीबाट लोप भइसकेको थियो भन्ने कुरा हामीले माथि उल्लेख गऱ्यौं । तर नेण्डरथल मानव लोप भएको हो वा त्यही मानव आधुनिक होमो स्यापियन्स् स्यापियन्स् मानवमा विकसित भएको हो भन्नेबारे मानवशास्त्रीहरूबीच अझै विवाद जारी छ ।

## *आधुनिक मानवको प्रत्यक्ष पुर्खा होमो आयन्टेसेसर*

यसैबीच, भर्खरै स्पेनमा पत्ता लागेको प्रागमानवको जीवावशेषले मानव विकासको श्रृंखलाको अन्तिम चरणमा थप नयाँ बिचार अगाडि ल्याएको छ । माथि शुरूमै पनि उल्लेख भइसकेको छ कि भर्खरै स्पेनमा भेटिएको करीब ८ लाख वर्ष पुरानो प्रागमानवको जीवावशेषलाई अध्ययन गरेर स्पेनिश अनुसन्धानकर्ताहरूले त्यो जीवावशेष नेण्डरस्थल मानव र आधुनिक होमो स्थापियन्स स्यापियन्स् मानवको साझा पुर्खाको हो भन्ने बिचार ब्यक्त गरेका छन् । उनीहरूले त्यस प्रागमानवको नाम होमो आयन्टेसेसर (H. antecessor) रोखका छन् । त्यसैले उनीहरूका अनुसार, होमो आयन्टेसेसरबाट नेण्डरथल मानव र आधुनिक होमो स्यापियन्स् स्यापियन्स्को विकास भयो । तर होमो स्यापिय् स्यापियन्स्को विकास पछिल्ला समयहरूमा निरन्तर भयो भने नेण्डरथल मानव आजभन्दा ३० हजार बर्षपहिले नै पृथ्वीबाट लोप हुनपुग्यो ।

नेण्डरथल मानव र होमो स्यापियन्स् स्यापियन्स् मानव हज्जारौं वर्षसम्म एकसाथ रहे । त्यसैले कोही बैज्ञानिकहरूले ती दुई मानव प्रजातिहरूबीचको द्वन्दबाट पराजित भएर नै नेण्डरथल मानव लोप हुनगएको हो भन्ने बिचार राखेका छन् । तर अहिलेसम्म उपलब्ध जीवावशेषहरूले ती दुई मानव प्रजातिहरू द्वन्दमा थिए वा मिलेर बसेका थिए भन्ने कुरा एकिन गरी भन्न नसकिने कुरा अन्य बैज्ञानिकहरू बताउँछन् ।

बैज्ञानिकहरूले नेण्डरथल मानव र आधुनिक होमो स्यापियन्स् स्यापियन्स् मानवबीच बिहाबारी भएर पनि नेण्डरथल प्रजातिको लोप भएको हुनसक्ने शंका व्यक्त गरेका थिए । तर भर्खरै दुई वर्षअगाडि मात्र आणविक जैवशास्त्रीहरूले नेण्डरथल मानवको जीवावशेषबाट डि.एन.ए. झिकेर आधुनिक मानवको डि.एन.ए.सँग दाँजेर हेरे । उनीहरूले नतिजा के पाए भने, आधुनिक मानव र नेण्डरथल मानवबीच गर्भाधान क्रिया त सम्भव थियो तर तिनीहरूका डि.एन.ए. हरूबीच भएको फरकपनाको मात्राले प्राचीन समयमा तिनीहरूको बीच गर्भाधानको प्रक्रिया भएर नेण्डरथल मानव प्रजाति लोप भएको हो भन्ने कुराको पुष्टि गर्दैन ।

नेण्डरथल मानवका बारेमा कोहीकोही मानवशास्त्रीहरूले अलि भिन्न र आश्चर्यलाग्दो कुरो पनि गरेका छन् । उनीहरूका अनुसार, नेण्डरथल मानव आजभन्दा ३०,००० बर्ष पहिले लोप भएको नभई त्यो मानव अझै पनि रूसको ककेशस पहाडी क्षेत्र तथा मंगोलियाका जङ्गलहरूमा अस्तित्वमा रहिरहेको हुनसक्छ ।

## *क्रोम्याग्नन मानव र होमो स्यापियन्स् स्यापियन्स्*

बैज्ञानिकहरूले आजभन्दा ३५ हजार बर्ष पहिले यूरोपमा नेण्डरथल मानवभन्दा विकसित मानव क्रोम्याग्नन मानव रहेको कुरा व्यक्त गरेका छन् । एक समयमा बैज्ञानिकहरूले क्रोम्याग्नन मानव नै आधुनिक होमो स्यापियन्स् स्यापियन्स् मानव हो भनेका थिए । र, उनीहरूका अनुसार क्रोम्याग्ननको आगमनले नै यूरोपमा नेण्डरथल मानवको लोप भयो । क्रोम्याग्ननको जीवावशेष सर्वप्रथम सन् १८६८ मा फ्रान्सको एक गुफामा भेटिएको थियो ।

अनुसन्धानबाट के थाहा भएको छ भने, क्रोम्याग्नन मानिसहरूले ढुङ्गाका औजार बाहेक हतियारको रूपमा जनावरका हाडहरू पनि प्रयोग गर्थे । यिनीहरूले रङ्गीन चित्रकला पनि कोर्न जानेका थिए । यूरोपका ठाउँ ठाउँका गुफाभित्र भित्तामा क्रोम्याग्नन मानिसहरूले कोरेका त्यतिखेरका विभिन्न जनावरहरूको चित्र भेटिएका छन् ।

मानवशास्त्रीहरू के कुरामा विश्वास राख्दछन् भने क्रोम्याग्नन मानिस एशियामा विकसित भएर पछि यूरोपमा सरेका थिए ।

क्रोम्याग्नन मानिसहरू शिकारलाई मार्न भालामा चुच्चो ढुङ्गो जडान गरी हिर्काउने गर्थे । तिनीहरू खाना पकाउन पनि जान्दथे । त्यस्तै उनीहरू ढुङ्गा वा हाडको सियो बनाई जनावरहरूको छालालाई सिएर लुगा बनाउँथे । क्रोम्याग्नन मानवलाई आधुनिक मानवको प्रथम चरणको रूपमा लिइन्छ ।

तर शुरूमा बैज्ञानिकहरूले यूरोपमा विकसित भएको क्रोम्याग्नन मानवलाई आधुनिक होमो स्यापियन्स् स्यापियन्स् मानव भनेर माने पनि पछि आएर यसको खण्डन गरिएको छ । उनीहरूका अनुसार आधुनिक होमो स्यापियन्स् स्यापियन्सको उदय यूरोपमा होइन अफ्रिकामै भएको थियो । सबभन्दा पुरानो होमो स्यापियन्स् स्यापियन्स्का जीवावशेषहरू अफ्रिकाका बिभिन्न ठाउँहरूमा भेटिएका थिए । केही जीवावशेषहरू दक्षिण अफ्रिकाको क्लासिज नदीको मुखनेरको गुफामा भेटिएका थिए । ती जीवावशेषहरू करीब ५० हजार बर्ष पुरानो भएको कुरा जीवावशेषविद्हरू बताउँछन् । त्यस्तै, इथियोपियाको ओमो भन्ने ठाउँमा भेटिएको होमो स्यापियन्स् स्यापियन्स्का जीवावशेष सम्भवतः सबभन्दा पुरानाहरूमध्ये एक हुनुपर्छ भनिएको छ । होमो स्यापियन्स् स्यापियन्स्का जीवावशेषहरू इजरायल, दक्षिण पूर्वी एशियामा पर्ने बोर्नियो र अष्ट्रेलियामा पनि पाइएका छन् ।

आधुनिक होमो स्यापियन्स् स्यापियन्स् मानव नेण्डरथल मानव तथा अन्य होमो स्यापियन्स् मानवभन्दा भिन्दै देखिन्छ । तिनीहरूमा अग्लो र बढी बाहिर निस्केको निधार, पातला र हलुका हाड, साना अनुहार, बङ्गारा र केही मात्रामा आँखामाथि र टाउको पछाडि हाड उठेको देखिन्छ ।

विकासक्रमलाई हेर्दा भर्खरै पत्तालगाएको भनी दावी गरिएको होमो आयन्टेसेसरबाट क्रोम्याग्नन मानव (जुन होमो स्यापियन्स प्रजातिमै पर्छ ) र क्रोम्याग्नन मानवका सन्तानहरूबाट नै आधुनिक होमो स्यापियन्स् स्यापियन्स् मानवको विकास भएको देखिन्छ ।

करीब १४ देखि १६ हजार बर्ष अगाडिको समयबीच 'क्रोम्याग्नन मानव' तथा होमो स्यापियन्स् स्यापियन्स् मानव गुफाबाट बाहिर निस्के, र जमिनमा स्थायी रूपमा छाप्रो .बनाई बस्नथाले । र, यस समयबाट नै आधुनिक मानवको इतिहास शुरूभयो ।

इसापूर्व १० हजारदेखि ८ हजारबर्ष अगाडिको समयबीच अर्थात् आजभन्दा करीब ११ हजार बर्ष पूर्वआधुनिक मानवको ढुङ्गेयुग शुरूभयो । यसलाई नयाँ ढुङ्गेयुग पनि भनिन्छ । त्यही समयदेखि नै मानिसहरूले मध्यपूर्व (हाल प्यालिष्टिन, इजरायल, लेवनान, जोर्डन आदि देशहरू) वरपर कृषिकार्य शुरू गर्नथाले । कृषि युगको शुरूवातका साथसाथै मानिसहरूको रहनसहन, भाषा, सामाजिक समुदाय आदिको पनि बिस्तारै शुरूवात हुनथाल्यो ।

बिभिन्न ठाउँहरूमा भेटिएका अभिलेखहरूको अध्ययनबाट पुरातत्वविद्हरूले आजभन्दा ५ हजार बर्ष पहिले मानिसहरूले लिपीको विकास गरेको कुरा बताएका छन् । र, त्यसपछि बिस्तारै साना-साना समुदायहरू ठूलो बन्दै गई क्रमशः गाउँ, शहर र राज्यहरू बन्नथाले । यही क्रममा आजभन्दा करीब ३ हजार ५ सय बर्ष अगाडिदेखि 'ढुङ्गेयुग' समाप्त भई 'आधुनिक धातुको युग' शुरू भयो । ❑

### सन्दर्भ स्रोतहरू :

1. Time, Jan, 17, 2000 2. National Geographic, Jan, 1996 3. Anthropology, Carol R. Ember, Melvin Ember 4. मानवशास्त्र सम्बन्धी अन्य विभिन्न किताबहरू

# एक नजर-विश्वको बिजुलीको भाउतर्फ लगाऔं


प्रतियूनीट बिजुलीको भाउ विश्वमा कहाँ कति छ, हामीमध्ये धेरैलाई थाहा छैन, तर यो थाहा पाउनु जरूरी छ । नेपालको बिजुलीको भाउ भारत र अमेरिकाको भन्दा महँगो पारिएको परिप्रेक्ष्यमा यो थाहा पाउनु अरू ज्यादा जरूरी भएको छ ।

यो समस्या हल गर्नको लागि मूल्यांकनले खोजवीन गरेर विश्वको धेरै ठाउँको गार्हस्थ्य क्षेत्रको बिजुलीको भाउबारे सबैभन्दा पछिल्लो भरपर्दो आँकडा संकलन गरेको छ । हेर्नुहोस्- त्यही आँकडा एक झलकमा ।

## बिजुलीको अन्तर्राष्ट्रिय भाउ (गार्हस्थ्य क्षेत्रको लागि)

*मूल्य अमेरिकी डलरमा / प्रति किलोवाट घण्टामा OECD मुलुकहरूमा*

| देशको नाम | प्रतियूनीट बिजुलीको मूल्य | आधार बर्ष |
|---|---|---|
| अष्ट्रेलिया | ८.० सेण्ट | १९९७ |
| अष्ट्रिया | १६.९ " | १९९७ |
| वेल्जियम | १६.८ " | १९९७ |
| डेनमार्क | २१.३ " | १९९८ |
| फिनलैण्ड | ९.८ " | १९९८ |
| फ्रान्स | १३.४ " | १९९७ |
| जर्मनी | १६.१ " | १९९७ |
| ग्रीस | १०.२ " | १९९७ |
| इटाली | १५.९ " | १९९७ |
| जापान | २०.७ " | १९९७ |
| नेदरलैण्ड | १२.८ " | १९९८ |
| न्यूजीलैण्ड | ७.३ " | १९९८ |
| नर्वे | ६.७ " | १९९८ |
| स्पेन | १६.३ " | १९९७ |
| स्वीडेन | १०.१ " | १९९७ |
| स्विट्जरलैण्ड | १३.५ " | १९९८ |
| बेलायत | १२.१ " | १९९८ |
| अमेरिका | ८.२ " | १९९८ |
| दक्षिण कोरिया | ९.४ " | १९९७ |



## अन्य मुलुकहरूमा

| | | |
|---|---|---|
| ब्राजिल | १४.६ सेण्ट | १९९६ |
| अर्जेण्टिना | १३.७ " | १९९७ |
| ताइवान | ८.९ " | १९९७ |
| क्यूवा | १२.८ " | १९९७ |
| भारत | २.८ " | १९९५ |
| द.अफ्रिका | ४.५ " | १९९६ |
| थाइलैण्ड | ७.४ " | १९९७ |
| निकारागुआ | ११.९ " | १९९७ |

स्रोत: ❑ Energy prices and taxes-quarterly statistics (Fourth Quarter 1998), USA


❑ US Energy Informantion Administration, Annual Energy Review

*निजीकरण र उदारवादका विरुद्ध*

# लाखौं कर्मचारीहरूको अभूतपूर्व संघर्ष

मजदूर, कर्मचारी इन्जिनियरहरूको संघर्षलाई एकादेशको दन्त्यकथा मान्ने पूँजीवादीहरू यसपटक निजीकरण र उदारवादका विरुद्ध संघर्षमा उत्रेका भारतीय मजदूर-कर्मचारीहरूको संघर्षशीलता र जुझारूपना देखर विस्मित भए । भारतको उत्तर-प्रदेश राज्यका विद्युत क्षेत्रसँग सम्बन्धित ४३ सय इन्जिनियरहरू र ८७ हजार कर्मचारी-मजदूरहरूले राज्यस्तरीय विद्युत केन्द्रलाई विश्व बैंकको दवावमा गरिन लागेको निजीकरणको विरोधमा र आफ्नो तलब एवं सुविधाको वृद्धिको मागमा ठूलो स्तरको हडताल गरे । विश्वबैंक समर्थक राज्य सरकार र हडतालरत सरकारी कर्मचारीहरूको यो संघर्षमा गिरफ्तारी र जेल-नेल जस्ता दमनकारी उपायको प्रयोगका बावजूद सरकार नै उनीहरूसमक्ष झुक्नुपर्‍यो । अन्ततः उसले भारतको आर्थिक स्वतन्त्रता र आफ्नो जीविकाको पक्षमा लडिरहेका कर्मचारीहरूको पक्षमा घोषणा गर्नुपर्‍यो- निजीकरणको प्रक्रियालाई रोकिने छ । र, कर्मचारीहरूको सुविधामा वृद्धि गरिने छ ।

भारतमा यसपटक विश्व बैंकद्वारा निर्देशित उदारीकरण र निजीकरणका



विरुद्ध र आफ्ना सुविधामा वृद्धिको माग गर्दै राजस्थान, जम्मु-कश्मिरका लाखौं लाख कर्मचारीहरूले महिनौं दिन लामो हडताल शुरू गरेका थिए । सो हडताल अहिले महंगी भत्ता र तलब वृद्धिको सवालमा कर्मचारीपक्षीय निर्णयको लागि संझौता वार्ताको क्रममा रहेको थाहाभएको छ । सो हडताल सफल भएमा लाखौं कर्मचारीहरूको संघर्षले ऐतिहासिक रूपमा सफलता पाउनेछ ।

यस्तै संघर्षहरूको क्रममा भारतभरिका ११ वटा प्रमुख बन्दरगाहमा काम गर्ने हजारौंहजार सरकारी मजदूरहरूले हडताल गरी कैयौं दिनसम्म बन्दरगाह ठप्प पारेका थिए । छोटो समयको संघर्षको क्रममा भारत सरकारलाई नै आच्छु आच्छु पार्न सफल ती मजदूरहरूको संघर्ष सफल नभएता पनि त्यसले संघर्षशील जनताको पक्षमा राष्ट्रव्यापी प्रभाव पारेको छ । यी सबै संघर्षहरूले सन्देश दिएका छन्- भारतका मजदूर, कर्मचारीहरू विश्वव्यापीकरण, उदारीकरण र निजीकरणको विरोधमा सशक्त संघर्ष गर्न सचेत, संगठित र सबल छन् । ❑

सिर्जनशील प्रकाशनबाट प्रकाशित पुस्तकहरू :

◆ ओयाङ हाइको गीत
- चिनचिङ माइ

◆ सावियत संघको कम्युनिष्ट पार्टी (बो.) को इतिहास

◆ परिवार निजी स्वामित्व र राज्यको उत्पति
- एंगेल्स

◆ मैले अध्ययन कसरी गरें
-म्याक्सिम गोर्की

*बजारमा उपलब्ध छन् ।*

# किन चेचेन्यामा अहिले भीषण युद्ध चल्दैछ ?



श्याम श्रेष्ठ

रूसको दक्षिण-पश्चिमी सानो इस्लामी ककेसस् पहाडी राज्य चेचेन्या गतः चार महीनादेखि भीषण रूसी आक्रमणको शिकार भइरहेछ । क्रेमलीनले यतिखेर अत्याधुनिक युद्धकविमान, टैंक र आर्टिलरीहरूसहितको १ लाख सेना, १३ लाख जनसंख्या भएको एउटा सानो राज्यविरूद्ध खन्याइरहेछ । रूसी बम वर्षाबाट हज्जारौं निर्दोष नागरिकहरूको अनाहकमा ज्यान गएको छ । एक चौथाइभन्दा ज्यादा जनसंख्या आफ्नो गृह राज्यबाट भागेर सीमावर्ती राज्यहरूमा शरणार्थी हुन पुगेका छन् । त्यहाँका शरणार्थी शिवीरहरूमा ओखती र खानेकुरा नै नपाएर हरेक हप्ता सैयौं चेचेनहरू फ्ल्यु र भोकमरीले मर्दैछन् । पहिले ४ लाख जनसंख्या भएको चेचेन्याको राजधानी ग्रोज्नी अहिले भग्नावशेषहरूको खण्डहर र मशानघाटमा परिणत भएको छ, जहाँ बाँकी ४० हजार निर्दोष नागरिकहरू भाग्न खोजेर पनि भाग्न नसकेर अझै चेपुवामा परेका छन् । रूसी बम वर्षाबाट कुनै पनि क्षण उनीहरूको चिहान हुने टड्कारो सम्भावना छ, किनकि रूसी सेना अहिले बेपर्वाह बम वर्षा र जथाभावी टैंक आक्रमण गर्दै जसरी पनि ग्रोज्नी हातमा लिई छोड्न शहरको केन्द्रीय भागतर्फ अघि बढ्दैछ । यो पंक्ति लेख्दासम्म ग्रोज्नी शहर अधिकांशतः ध्वस्त भइसकेको छ र यो शहर लगभग रूसी सेनाको कब्जामा परिसकेको छ ।

परन्तु यो महाविनाशकारी युद्ध न रूसको राष्ट्रिय सुरक्षाको आवश्यकताबाट पैदा भएको हो, न फौजी रणनीतिको आवश्यकताबाट । धेरैलाई पत्याउने गाह्रो पर्ला, परन्तु यो युद्ध रूसको एकजना नयाँ छवि र अनुभवहीन कठपुतली राष्ट्रपतिलाई सक्षम नेताको रूपमा स्थापित गर्न र राज्य डुमाको गत डिसेम्बरको आम चुनावमा लोकप्रियता हासिल गर्ने मुद्दा सिर्जना गर्न प्रारम्भ गरिएको थियो । सारमा, यो विशुद्ध चुनावी र उत्तराधिकारीको आवश्यकताबाट पैदा भएको युद्ध हो । रूसको पूँजीवादी खेमामा अहिले कुनै एउटा पश्चिमको कठपुतली नेता बाँकी छैन, जसमाथि जनताको विश्वास बाँकी होस् । येल्तसीनको पतनपछि त्यस्तो अर्को एउटा नेता स्थापित गर्न चेचेन्यामा युद्ध शुरू गरिएको हो ।

अमेरिकाबाट प्रकाशित हुने विश्वप्रसिद्ध पूँजीवादी पत्रिका TIME आफैंले चेचेन्या युद्धको बास्तविक कारण र असली रहस्यको यसरी उद्‌घाटन गरेको छ :

"...युद्धको मेशीनलाई जेले वास्तवमा हाँकिरहेको छ त्यो फौजी आवश्यकताले होइन, न त्यो रणनीतिक गोटी चालले नै हो, न आतंककारीहरूको आक्रमणको भयले नै हो । यो त क्रेमलीनको अस्तित्वको राजनीति हो । रूसका नेताहरू उत्तराधिकारीको लडाइँ लडिरहेछन्, र यो लडाइँको डिजाइन क्रेमलीनका छवि-सृजनाकारहरूले रूसी मतदाताहरूलाई यो प्रमाणित गर्न गरिरहेछन् कि प्रधानमंत्री पुटिन, जो के. जी. बी.का भूतपूर्व लेफ्टिनेण्ट कर्णेल हुन् र जसलाई येल्तसीनले दुई महीनाअघि हतारहतार एक्कासी कुर्सीमा ल्याएका छन्, एकजना साँच्चिकैका मान्छे हुन्, उनी येल्तसीन कुर्सीबाट ओर्लेपछि राष्ट्रपतिका रूपमा रूसलाई हाँक्न समर्थन छन् ।

क्रेमलीनको तर्क स्पष्ट छ । पुटिन छोटो र बुद्धिमतापूर्ण लडाइँ लड्छन् । उनको लोकप्रियताले आकाश छुन्छ, र येल्तसीनका पिट्ठूहरूले राष्ट्रपतीय चुनावी अभियानमा करोडौं डलर खन्याउँछन् । पुटिन निर्वाचित हुन्छन् र राष्ट्रपतिको परिवार र उनका चम्चाहरूलाई भ्रष्टाचारको मुद्दाबाट बचाउँछन् ।" (हेर्नुहोस्- TIME पत्रिका, अक्टोबर ११, १९९९)

हामी पत्याउँ वा नपत्याउँ, अपार जनसंहारकारी चेचेन्या युद्धको असली कारण भने यही नै हो ।

हालको चेचेन्या युद्ध शुरू भयो नै नाटकीय ढंगबाट । गएको अगस्त महीनाको अन्त्य र सेप्टेम्बर महीनाको प्रारम्भमा मस्कोमा र रूसका विभिन्न भागमा एक्कासी नागरिक भवन र बस्तीहरूमा पटकपटक बम बिष्फोट भयो । दुई हप्ताको बीचमा लगभग ३०० जना नागरिकहरू मारिए । सराकारद्वारा यो बम बिष्फोटको दोषारोपण पृथकतावादी चेचेन विद्रोहीहरूमाथि गरियो, यद्यपि उनीहरूले यो आरोपको तुरून्तै खण्डन गरे र लगातार त्यसको खण्डन गरिरहे । परन्तु क्रेमलीनले यही निहुँमा गत सेप्टेम्बर महीनाको

रूसका नेताहरू उत्तराधिकारीको लडाइँ लडिरहेछन्, र यो लडाइँको डिजाइन क्रेमलीनका छवि-सृजनाकारहरूले रूसी मतदाताहरूलाई यो प्रमाणित गर्न गरिरहेछन् कि प्रधानमंत्री पुटिन येल्तसीन कुर्सीबाट ओर्लेपछि राष्ट्रपतिका रूपमा रूसलाई हाँक्न समर्थन छन् ।



रूसका कार्यवाहक राष्ट्रपति पुटिन

अन्तिम हप्तादेखि चेचेन्यामा भीषण आक्रमण शुरू गरिहाल्यो ।

रूसलाई नजिकैबाट नियालिरहेका एकथरि पर्यावेक्षकहरूको के विश्लेषण रहेको छ भने, त्यो बम बिष्फोट राष्ट्रपति येल्तसीन, उनको परिवार र उनका निकटस्थ सहयोगीहरूले नियोजित रूपमा उक्साएर गर्न लगाएका हुन् । यसो भन्नुको पछाडि उनीहरूले के प्रमाण अघि सारेका छन् भने, त्यस बम काण्डका पछाडि शमील बासायेभ र उनका जोर्दानी लेफ्टिनेण्ट खत्ताबको हात रहेको पत्तो लागेको छ । स्मरणीय छ, ती दुवै व्यक्ति रूसी भू.पू. गुप्तचर संस्था के.जि.बि.का लामो समयदेखिका सूचनादाताहरू हुन् । र, हाल पनि क्रेमलीनसित उनीहरूको राम्रो पहुँच छ । क्रेमलीनका सुरक्षा परिषद्का भूतपूर्व अध्यक्ष अलेक्ज्याण्डर ल्याबेदले यो तथ्यको पुष्टि गरेका छन् ।

ती पर्यवेक्षकहरूले चेचेन्यामाथि सेप्टेम्बर महीनामै आक्रमण थाल्नुको पछाडि अर्को एउटा सहायक कारण पनि रहेको तथ्य उजागर गरेका छन् । त्यो के भने, यही समयमा राष्ट्रपति येल्तसीन र उनका दुई छोरीहरूमाथि दशौं अरब डलर भ्रष्टाचार गरेको आरोप स-प्रमाण सार्वजनिक भइरहेको थियो । स्विट्जरलैण्डका अधिकारीहरूले त अगस्त महीनाको अन्तिम हप्तामा के कुरा सार्वजनिक रूपमै बाहिर ल्याएका थिए भने, उनीहरूले येल्तसीनको आफ्नै हस्ताक्षरसहितको त्यस्ता क्रेडिट कार्ड सबूद प्रमाणहरू भेट्टाएका छन्, जसले सावित गर्छन् कि स्विट्जरल्याण्डको मावाटेक्स निर्माण कंपनीले क्रेमलीनको सरकारी मुख्यालय पुनर्निमाण गर्दा राष्ट्रपति येल्तसीन र उनका दुई छोरीलाई व्यक्तिगत खर्चको लागि भनेर प्रशस्त नगद घूस दिएका थिए । भ्रष्टाचारका यी र यस्ता गंभीर प्रामाणिक



## उत्तरी समतल भूमिबाट भीषण आक्रमण गर्दै घेर्दै घेर्दै, अहिले रूसी सेना दक्षिणी पहाडी क्षेत्रमा आक्रमण गर्न आइपुगेको छ

आरोपहरूले त्यतिखेर रूसी जनताको ध्यान खुबै तानिरहेको थियो । त्यो ध्यानलाई अन्यत्र मोड्न पनि त्यही समयमा चेचेन्या युद्ध प्रारम्भ गरिएको थियो ।

ठीक यति नै बेला १० अगस्टमा चेचेन्यासँगै जोडिएको अर्को इश्लामी राज्य डागेस्तानले आफूलाई स्वतन्त्र इस्लामी राज्य घोषणा गर्‍यो । डागेस्तान रूसको लागि रणनीतिक हिसावले महत्वपूर्ण राज्य थियो, किनकि अजरबैजानबाट रूसतर्फ आउने तेलको पाइप-लाइनको रूट त्यहीं पर्दथ्यो । यति भएपछि मस्कोको लागि निहुँ पुगिहाल्यो । स्वतन्त्र राज्य घोषणा गरियो डागेस्तानमा, चेचेन विद्रोहीहरूले नै यस्तो गरेको भन्दै चेचेन्यामाथि आक्रमण गरियो । यसरी शुरू भयो वर्तमान चेचेन्या युद्ध ।

चेचेन्या अहिले भीषण युद्धको चपेटामा छ । दुई तिहाइ चेचेन्यामाथि अहिले रूसी सेनाले आधिपत्य जमाइसकेको छ । उत्तरी समतल भूमिबाट भीषण आक्रमण गर्दै घेर्दै घेर्दै, अहिले रूसी सेना दक्षिणी पहाडी क्षेत्रमा आक्रमण गर्न आइपुगेको छ । राजधानी ग्रोज्नी आफ्नो हातमा पारिछोड्न उनीहरू यतिखेर आफ्नो मुख्य शक्ति केन्द्रित गर्दैछन् र त्यसमा उनीहरू लगभग सफल पनि भइरहेछन् । मार्च महिनाको राष्ट्रपतीय चुनावअघि नै येनकेन प्रकारेण ग्रोज्नी आफ्नो हातमा पारिछोड्ने उनीहरूको रणनीतिक लक्ष्य छ, ता कि रूसी जनतालाई भन्न सकियोस् कि कार्यवाहक राष्ट्रपति भ्लादीमीर पुटिन साधारण मान्छे होइनन् र उनी रूसको नेतृत्व गर्न सक्षम छन् । नत्र क्रेमलीनसित अहिले राष्ट्रपतिको चुनाव लड्नको लागि जनताको मन जित्ने कुनै अर्को नीति र कार्यक्रम नै छैन । चुनाव जित्ने इस्यु नै नभएर उनीहरूलाई बडो फसाद परेको छ । अहिले एउटै चुनावी इस्यु चेचेन्या युद्ध हो । त्यसमा पनि नजितेर पहिले १९९४-९६ को युद्धमा जस्तै लज्जाजनक ढंगले हारियो भने ? त्यसैले चुनावी सत्ता स्वार्थका लागि जसरी पनि, जुनसुकै मूल्यमा पनि चेचेन्या युद्ध जित्न पुटिन कृतसंकल्पित छन् । यसका लागि सँगै ग्रोज्नी शहर नष्ट पार्नु परे पनि त्यहाँका ४० औं हजार निर्दोष सर्वसाधारण नागरिकहरू मार्न परे पनि उनी पछि हट्ने छाँटकाँट छैन । सत्ता स्वार्थका लागि पूँजीवादीहरू कति अमानवीय, विवेकहीन र हिंस्रक हुन सक्छन्- त्यसको ज्वलन्त उदाहरण वर्तमान चेचेन्या युद्ध हो ।

परन्तु चेचेन्या युद्ध पुटिनको निम्ति भालुको कम्पट समातेझैं भइसकेको छ । चेचेन विद्रोहीहरू अहिले दक्षिणी पहाडी क्षेत्रमा ८,००० जवान मात्र भएको बताइन्छ, तर उनीहरूको 'हान्ने र कुद्ने' खालको गुरिल्ला संघर्षले रूसी सेनालाई हावाकावा खेलाइरहेको देखिएको छ । रूसी सेनाको निकै ठूलो नोक्सानीको मूल्यमा ग्रोज्नी रूसी सेनाको कब्जामा गएपछि त्यहाँ रहेका थप लगभग २५०० चेचेन विद्रोहीहरू पनि दक्षिणी पहाडतिरै गएका छन् ।


चेचेन्या युद्धको चार महिनाले के देखाइरहेको छ भने पुटिनले योजना गरेजस्तो यो युद्ध न छोटो हुनेवाला छ, न सस्तो । यो निकै लामो युद्धको रूपमा परिणत हुँदैछ, जसलाई धान्न रूससित न पैसा छ, न सेनामा उच्च मनोबल । अहिले हरेक महिना चेचेन्या युद्धको लागि

*चुनावी सत्ता स्वार्थका लागि जसरी पनि, जुनसुकै मूल्यमा पनि चेचेन्या युद्ध जित्न पुटिन कृतसंकल्पित छन् ।*





ग्रोज्नीमा आक्रमण गर्न अघि बढ्दै रूसी सेनाका ट्यांकहरू (बायाँ) र ग्रोज्नीमा गोला प्रहार गरेपछि आफ्नो कान थुन्दै एक रूसी सैनिक (दायाँ)
फोटोः सी.एन.एन.





ग्रोज्नी शहरमा रूसी घेराबन्दी (माथि) कब्जा भएको ग्रोज्नी शहरको भागमा रूसी झण्डा फरहराउँदै एक रूसी सैनिक (दायाँ)

**चेचेन्या युद्धको चार महिनाले के देखाइरहेको छ भने पुटिनले योजना गरेजस्तो यो युद्ध न छोटो हुनेवाला छ, न सस्तो ।**

१४ करोड ८० लाख डलर खर्च भइरहेको छ । जम्मा ४ अरब अमेरिकी डलरको सैन्य बजेट भएको रूसले यो खर्च पैसाकै कारणले पनि लामो समय धान्न सक्ने स्थिति छैन । लामो चेचेन्या युद्धकै कारणले उसै टाट पल्टन लागेको रूस अरू चाँडै टाट पल्टिन संभव छ ।

चेचेन्याको लडाइँ रूसी सेनाको लागि एकदमै गहीरो र गिलो भास भैँ भएको छ, जहाँ एकचोटि गाडिएपछि जति चल्यो उति ज्यादा भासिँदै गैइन्छ । चेचेन विद्रोहीहरू रूसी सेनालाई ग्रोज्नी शहरको घेरोमा सकेसम्म ज्यादा ध्वस्त पारेपछि अहिले आफू सुरक्षित दक्षिणी पहाडतिर स्थानान्तरण गर्ने रणनीति अख्तियार गर्दैछन्, जहाँबाट पुनः उपयुक्त मौका पारेर ग्रोज्नीमाथि अप्रत्याशित आक्रमण गरेर रूसी सेनालाई पराजित गर्न पाइयोस् । स्मरणीय छ- १९९४-९६ को चेचेन्या युद्धको समयमा पनि उनीहरूले यही रणनीति अख्तियार गरेका थिए । पहिले उनीहरूले सजिलै रूसी सेनालाई उत्तरी समतल ग्रोज्नी शहर जिल्न दिए । एक वर्ष जति पछि अगस्त १९९६ मा चेचेन विद्रोहीहरूले अकस्मात् ग्रोज्नीमाथि आक्रमण गरेर रूसी सेनालाई लज्जाजनक ढंगले परास्त गरे । त्यतिखेर रूसी सेनाले भोग्नु परेको लाजलाग्दो पराजय अहिले पनि क्रेमलीनले बिर्सन सकेको छैन ।

तथापि चेचेन्या युद्ध भने अहिले पुनः त्यही दिशामा अघि बढिरहेको छ । अहिले पनि युद्धको पहिलो तीन महिनामा रूसी सेनाले उत्तरी समतलमा विद्रोहीहरूको खास ठूलो प्रत्याक्रमण खप्न परेन । परन्तु गत महिना रूसी सेनाले जब चेचेन्याको राजधानीमाथि घेराउ गर्‍यो र दक्षिणी पहाडी क्षेत्रमा धावा बोल्यो, रूसी सेनाले ठूलो नोक्सानी खप्न पर्‍यो । ग्रोज्नीमा चेचेन विद्रोहीहरूले रूसी सेनाका डिपुटी कमाण्डर मेजर जनरल मिखाइल मालोकेयेभलाई नै एम्बुसमा पारेर गिरफ्तार गरे, अनि हत्या गरिदिए । यसबाट रूसी सेनाको मनोबल गिर्न थालेको छ । यस स्थितिमा रूसी सेनाका जवानहरूलाई प्रोत्साहित गर्न तक्मा दिइँदैछ, तर तक्मा पाएकाहरू पुनः मोर्चामा जान मानिरहेका छैनन् ।

तसर्थ, ग्रोज्नी शहर रूसी सेनाले भीषण बम वर्षाबाट र ठूलो जनसहार बाट लिईहाले पनि चेचेन्या युद्ध चाँडै राष्ट्रपतिको चुनावअघि सकिने छाँटकाँट छैन, जस्तो कि क्रेमलीनका शासकहरूले चाहिरहेका छन् । न त ग्रोज्नीमाथिको रूसी पकड नै लामो समय टिक्नेवाला छ ।

चेचेन्या त्यस्तो राज्य हो, जसलाई नोवेम्बर १९९१ मै तात्कालीन निर्वाचित राष्ट्रपति भोकार दुदायेभले 'रूस सोभियत संघबाट अलग्गिन मिल्ने, हामी रूसबाट अलग्गिन किन नमिल्ने? !, भन्ने धारणाका आधारमा स्वतन्त्र इस्लामी राज्य घोषणा गरिसकेका थिए । रूसी महासंघ विरूद्धको यही विद्रोहलाई दमनद्वारा हल गर्न येल्तसीनले १९९४ देखि १९९६ सम्म चेचेन्याविरूद्ध भीषण युद्ध गरेका थिए । दुदायेभ रूसी आक्रमणमा परेर अप्रिल १९९६ मा मारिए । परन्तु त्यो युद्धमा रूस अन्ततः नराम्ररी पराजित भयो । फलस्वरूप, तात्कालीन सुरक्षा परिषदका अध्यक्ष अलिक्जेण्डर ल्यावेदको पहलमा रूसले चेचन्यासित अगष्ट १९९६ मा एउटा नाक जोगाउने संझौता गर्न बाध्य भयो: रूसी सेना चेचेन्याबाट पूर्ण रूपले हटिदिने र चेचेन्याले पनि ५ वर्षसम्म स्वतन्त्र राज्यको माग स्थगित गरिदिने । त्यो पाँच वर्ष सकिएकै थिएन, चुनावी स्वार्थका लागि रूसले संझौता तोडेर एक वर्षअघि नै चेचेन्यामाथि आक्रमण गरेको छ । तसर्थ, यो आक्रमणबाट चेचेनहरूको स्वतन्त्र राज्यको माग अरू चर्को ढंगबाट उठ्नेवाला छ । यसका निम्ति थुप्रै दुदायेभहरू निस्कनेवाला छन् ।

परन्तु, चेचेन्या रूसको निम्ति रणनीतिक महत्वको ठाउँ रहेको छ, किनकि ग्रोज्नी तेलको केन्द्र हो । क्यास्पियन सागर छेउमा निकालिने तेलको संपूर्ण पाइपलाइन चेचेन्या भएर, अझ राजधानी ग्रोज्नीकै बाटो भएर रूसतर्फ जान्छ । यही हुनाले रूस चेचेन्यामाथिको आफ्नो पकड छोड्न मानिरहेको छैन ।

चेचेन्या रूसको 'कोसोभो' हो । परन्तु कोसोभोमा अल्बानियालीहरू सर्वियनहरूको अत्याचारमा परे भनेर "मानवताको कारणले" हवाइ आक्रमण गर्ने नाटो यतिखेर मस्कोको चेचेनहरूमाथिको उस्तै अत्याचारमा चाहिँ कुन कुनामा लुकेर चुपचाप तमासा हेर्दै बसिरहेको छ ? किन ऊ चेचेनहरूलाई रूसको अत्याचारबाट बचाउन मस्कोमाथि हवाइ आक्रमण गरिरहेको छैन, जस्तो कि उसले बेल्ग्रेडमाथि गरेको थियो ? माग एउटै, मुद्दा पनि एउटै, तर नाटोको व्यवहार किन बेग्लाबेग्लै ? ❑


आहुतिद्वारा लिखित

**नेपाली कम्युनिष्ट आन्दोलनलाई विषयबस्तु बनाइएको चर्चित उपन्यास**

**'नयाँ घर'**

**दोस्रो संस्करण प्रकाशित भयो ।**

**बजारमा उपलब्ध छ ।**



# कमरेड गोन्जालो नेपाली वामपन्थीहरूको असङ्गतिपूर्ण समर्थन

## "साइनिङ्ग पाथ" प्रति असहमत एकजना विदेशी लेखकको अभिमत

*साइनिंग पाथ र टुपाक आमारु रिभोल्यूशनरी मुभमेन्टको सशक्त संघर्षको चपेटामा परिरहेको पेरुको कम्युनिष्ट आन्दोलनका बारेमा हामीले मूल्यांकन मासिकको प्रकाशनको शुरुदेखि नै खोजपूर्ण सामग्रीहरु प्रस्तुत गर्दै आइरहेको कुरा सबैलाई थाहा छ ।*

*यसपटक हामीले स्टेफन माइकसेलद्वारा लिखित 'कमरेड गोन्जालोः नेपाली वामपन्थीहरुको असंगतिपूर्ण समर्थन' नामक लेख प्रस्तुत गर्दैछौं । नेपालमा माओवादीहरुको जनयुद्ध शुरु हुनुभन्दा अगाडि लिखित यस लेखमा पेरु र नेपालबीचका आर्थिक, राजनैतिक र सांस्कृतिक समानताहरुबारे गहिरो विश्लेषण गर्ने क्रममा लेखकले जनयुद्धका कारणहरु र परिणामहरुबारे विचारोत्तेजक तथ्य र विचारहरु प्रस्तुत गरेका छन् । साइनिङ्ग पाथको हिंसात्मक संघर्ष, जनसंगठनविरोधी आक्रामक रवैया तथा माओको चिनियाँ क्रान्तिको अन्ध नक्कल गर्ने प्रवृत्तिको आलोचनात्मक समीक्षा गर्दै लेखकले अन्तरपार्टी जनवाद भएका जनसंगठनहरु र पार्टीहरुमार्फत् अगाडि बढ्नुपर्ने राय व्यक्त गरेका छन् । स्टेफन माइकसेलको यो लेखले नेपालमा पनि माओवादीको नेतृत्वमा साइनिङ्ग पाथको जस्तै अतिवादी 'जनयुद्ध' चलिरहेको सन्दर्भमा पेरु र नेपालका सशस्त्र संघर्षहरुको मूल जरो खोतल्न र त्यसका राम्रा, नराम्रा पक्षबारे बुझ्नका लागि आवश्यक थप विवाद र बहसको ढोका खोल्ने संभावना छ ।*

*नेपालको आर्थिक, राजनैतिक र सांस्कृतिक क्षेत्रमा भइरहेको पूँजीवादीकरणका बारेमा गहन अनुसन्धान गरेका स्टेफन माइकसेल त्रि.वि.वि.का अनुसन्धानकर्ता, मानवशास्त्रका प्राध्यापक र लेखक–सम्पादकका रुपमा नेपाल र अमेरिकामा परिचित छन् । नेपाली वामपन्थी आन्दोलनको बारेमा चिन्तित र चिन्तनशील अमेरिकी मार्क्सवादी विद्वान स्टेफन माइकसेलले विगतमा माओवादीका नेता क. बाबुराम भट्टराईको सम्पादकत्वमा प्रकाशित 'झिल्को' पत्रिकामा नेपाल र नेपालको बाम राजनीतिबारे करीव नियमितजसो गहन लेख लेखेका थिए । नेपालको करीव एक दशकको बसाइको क्रममा उनले लेखेका नेपालसम्बन्धी रचनाहरुको संकलनको रुपमा हालै मात्र दिल्लीबाट Class, State and Struggle in Nepal नामक किताब प्रकाशित भएको छ ।*

*–मूल्यांकन*


पेरूमा बन्दी बनाइएका त्यहाँको 'साइनिङ पाथ' नामक गुरिल्ला समूहका नेता अबिमायल गुजमानको जीवनरक्षानिम्ति गठित 'इन्टरन्याशनल इमर्जेन्सी कमिटी' को लण्डनस्थित कार्यालयका कर्मचारीहरू उनको समर्थनमा नेपालबाट लेखिएका चिठीहरूको खात देखेर चकित परेका छन् । विश्वको कुनै पनि देशबाट यतिबिध्न चिठीहरू आएका थिएनन् । सर्वसाधारणा नेपालीले कति पठाए भन्ने कुरै छाडौं, त्यसरी चिठी पठाउने संसद सदस्यहरूमा सबैभन्दा बढी नेपालका नै थिए ।

विश्वको सुदूर कुनामा अवस्थित पेरूलाई धेरैले अन्तर्राष्ट्रिय समाचार माध्यमबाट, अनि भ्रमण पुस्तिका र मानवशास्त्र सम्बन्धी निबन्धहरूबाट चिन्दछन् । दक्षिण अमेरिकाको यो देशलाई मध्युगीन रोमान्स र रहस्यवादका कारण धेरैले चिन्दछन्, सशस्त्र राजनीतिक आन्दोलनका कारण होइन । तर एकाएक कमरेड गोन्जालोलाई समर्थन गर्नेहरूले गर्दा मान्दछन् ।

अन्तर्राष्ट्रिय सञ्चार माध्यम (प्रेस) र पश्चिमी विश्लेषकहरूले पेरूको सेन्देरो लुमिनोसो' (स्पेनिश भाषामा क. गोन्जालोको पार्टीको नाम) बारेमा धेरै चर्चा गरेका छन् । त्यसबारे अनभिज्ञ भएर पो नेपालीहरूले त्यति दूरस्थ देशका नेताको यति विध्न समर्थन गरेका हुन् कि ? अथवा क्रान्तिकारी परम्पराप्रति नेपाली बुद्धिजीवीहरूले देखाउने गरेको सहज 'हार्दिकता' का कारणले पो यसो हुनगएको हो कि ? अथवा यहाँको हिमाली समाज

### छद्म हिंसा

पेरू र नेपालबीच टड्कारा भू-साँस्कृतिक समानताहरू पाइन्छन् । दुवै देश आ-आफ्ना महाद्वीपका बिराट पर्वतमालाबाट घेरिएका छन् । अनकण्टार बेंसी र अग्ला डाँडाकाँडाहरूले गर्दा दुवै देशमा विविधतापूर्ण सांस्कृतिक परम्पराहरूले जन्म लिएका छन् । चीनले सन् १९३० को दशकमा झेल्नु परे झैं विदेशी सेनाको आक्रमण र अधीनता यी दुई देशले धेरै दशक यता भोग्नु परेको इतिहास छैन ।




◆ स्टेफन माइकसेल ◆


पेरूले कुख्याति कमाइरहेछ । यसो किन भयो त ? कमरेड गोन्जालो यस्ता व्यक्ति हुन्, जसलाई उनकै देशका एकथरिले निर्दयी आतङ्ककारीका रूपमा चिन्दछन् । अर्काथरी, खासगरी स-साना माओवादी पार्टीहरूको संयुक्त गठबन्धन 'रिभोल्युशनरी इन्टरन्याशनल मुभमेन्ट' ले चाहिं कमरेड गोन्जालोलाई माओका जनवादी युद्धलाई अघि बढाउने विश्व क्रान्तिकारी आन्दोलनको केन्द्र

र एन्डीज पर्वतमाला भएको पेरूको समाजमा धेरै मिल्दाजुल्दा चारित्रिक विशेषताहरू भएकाले कमरेड गोन्जालोका राजनैतिक दर्शनले यहाँको समाजमा अति गहिरो महत्व राख्दछ भनेर पो उनीप्रति यसप्रकारको स्नेहभाव प्रदर्शित गरिएको हो कि ? यदि यसो हो भने नेपालमा पनि पेरूमा झैं हिंसात्मक प्रवृत्ति जुर्मराएर उठ्ला त ?

दुवै देशमा ग्रामीण जनता धेरै छन्, जसमाथि मुठ्ठीभर ठूलाठालु सामन्तहरूले हैकम चलाइरहेका छन् र ती जनतालाई नश्लवादी, जातिवादी र क्षेत्रीयतावादी नीतिद्वारा विभाजित पारिरहेका छन् ।

पेरू र नेपाल दुवै देशमा शहर र गाउँको तीव्र र बढ्दो विभाजन देखिएको छ । त्यसैगरी दुवै देशमा नयाँ व्यापारी वर्ग र सरकारी अधिकारी वर्गको अभ्युदय भएको छ । यी दुवै वर्गहरूको जन्म र उत्थानमा देश बाहिरका औद्योगिक

# क. गोन्जालोप्रति नेपालबाट किन यति धेरै स्नेहभाव प्रदर्शित गरिएको हो ? किन नेपालमा पनि पेरूमा झैं हिंसात्मक प्रवृत्ति जुर्मराएर उठिरहेको छ ?



माओवादी नेता : क. प्रचण्ड

र आर्थिक स्वार्थ र तथा राजनैतिक दर्शनको ठूलो हात रहेको छ । पेरूमा धेरै पहिलेदेखि नै प्रत्यक्ष 'बहुराष्ट्रिय लगानी' र स्वामित्वले जरा गाडिसकेको छ भने खासगरी दक्षिण एशियामा शुरू भएको उदारीकरणको प्रक्रियाले गर्दा नेपालमा भारतीय आर्थिक स्वार्थले आफ्नो अवस्था बलियो पार्दैछ ।

अनि दुवै देशमा सशक्त कम्युनिष्ट आन्दोलनको इतिहास हुनुका साथै उस्तै उस्तै कारणहरूबाट दुवै देशको कम्युनिष्ट आन्दोलनमा चिरा पनि परेका छन्, जस्तै मास्कोपन्थी र चीनपन्थी, संसदीय मार्गका अनुयामी र सांस्कृतिक क्रान्तिका अनुयायी, प्रजातन्त्रवादी/संशोधनवादी र अतिवादी/विशुद्ध माओवादी आदि आदि ।

सांस्कृतिक, ऐतिहासिक तथा गाउँ र शहरको विभेद र कम्युनिष्ट पार्टीको विभाजनले पेरूमा जातीय दङ्गा, रक्तपातपूर्ण संघर्ष र किसान आन्दोलनलाई जन्माएको छ । 'साइनिङ पाथ' ले यसैलाई आफ्नो कार्यक्रम अघि बढाउने आधार बनाएको छ । तर नेपालमा यी विभेद र विभाजनले पेरूमा जत्तिकै डरलाग्दो स्वरूप लिइसकेका छैनन् ।

तथापि नेपाली समाजमा छद्म हिंसाका अनेकानेक रूपहरू पाइन्छन् । यस्तै हो भने कमरेड गोन्जालोले थालेको हिंसापूर्ण आन्दोलन यहाँ आइपुग्न त्यति बेर नलाग्ला ।

नेपालमा पाइने छद्म हिंसाका केही उदाहरण यसप्रकार छन्: भूमिको बेदखली, ग्रामीण ऋण, कमैया प्रथा, उच्च बाल मृत्युदर, स्रोतहरूको दुरूपयोग, महँगी, भ्रष्टाचार, श्रमशक्तिको बसाइँ सराइ र महिलाहरूको देह व्यापार आदि । कम्युनिष्ट आन्दोलन बाहेक उपरोक्त कारणहरूले पनि नेपालका पहाडहरूमा एउटा नयाँ किसिमको 'जनजाति' संचेतना र राष्ट्रिय आन्दोलनको लहर फैलिँदै छ । यदि विरोधका ती स्वरहरूलाई आत्म-पहिचान, स्वायत्त विकास र सारपूर्ण परिवर्तनका निम्ति उठेको आवाज भनेर कदर गर्ने हो भने तिनलाई सकारात्मक शक्तिका रूपमा विकसित गर्न सकिन्छ । यदि तिनलाई वास्ता नगर्ने हो र लत्याउने हो भने कट्टरपन्थी र हिंसात्मक प्रवृत्ति जन्मिन सक्छ ।

## असङ्गतिको उपज

'साइनिङ पाथ' का कार्यकर्ताहरू शिक्षा प्राप्त गरेर दरिद्रताबाट त्राण पाउन चाहने पेरूका लाखौंलाख युवाहरूको जमातबाट आएका छन् । ती युवाहरूका लागि अनौपचारिक क्षेत्रका सानातिना काम र लागू पदार्थको ओसार-पसार गर्ने कामबाहेक अन्य अवसर उपलब्ध छैन । तिनले स्पेनिश भाषा बोल्ने उच्च वर्गद्वारा नियन्त्रित सरकारी तथा सैनिक प्रशासनको निम्न तहको जागीरबाहेक केही पाउन सक्दैनन् । पचास प्रतिशत जति कार्यकर्ता महिलाहरू भएको 'साइनिङ पाथ' पेरूजस्तो पुरूष प्रधान समाजका लागि अति महत्वपूर्ण नारी आन्दोलनका रूपमा पनि रहेको छ । 'साइनिङ पाथ' ले एकातिर ती लाखौं हताश युवाहरूमा आत्म पहिचानको भावना जगाएको छ भने अर्कातिर आफ्ना आकांक्षाहरूलाई कुण्ठित पार्ने समाजलाई टक्कर दिंदा मिल्ने आत्मसन्तोषको भावना पनि दिएको छ ।

नेपालमा पनि सबैतिरका युवा जमात र तिनका परिवार शिक्षाका माध्यमद्वारा आफ्ना सामाजिक र आर्थिक हैसियत बढाउने प्रयत्नमा लागेका छन् । तर स्कूल र कलेजबाट उत्तीर्ण भएर निस्कने ती युवाहरूले बेरोजगारीको त्यही समस्या बेहोर्नु परेको छ, जुन पेरूका युवाहरूले बेहोर्दै आएका थिए । काम पाइहाले पनि सरकारी र सैनिक सेवा अथवा उद्योग र व्यापारका क्षेत्रमा निम्न तहका पदमा जागीर खानुबाहेक उनीहरूका सामु अरू विकल्प छैन । निजामती सेवामा चाहिनेभन्दा बढी मानिस छन् र वास्तवमा सरकारले उनीहरूलाई छाँट्ने काम पनि थालेको छ । गोर्खा भर्तीमा कटौती भइरहेछ । औद्योगिक विकासको गति अति नै मन्द भएकोले थप श्रमशक्ति लिनसक्ने यहाँका उद्योगहरूको क्षमता नै छैन । त्यसमाथि पनि विद्युत आपूर्तिमा आएको ह्रासले (जो अर्को दश वर्षसम्म पनि कायमै हुनेछ) औद्योगिक विकासलाई झनै अवरूद्ध पारेको छ । नेपाल दूरसञ्चार संस्थानका ५-६ वटा रिक्त पदका लागि ५०,००० दरखास्त परेको तथ्यबाट नेपालका युवाहरूले कस्तो नैराश्यपूर्ण स्थितिलाई भोगिरहेका छन् भन्ने थाहा हुन्छ ।

एल.एल.सी. परीक्षा प्रणाली यस्तो प्रकारको छ, जसबाट काठमाडौं खाल्डोभन्दा बाहिरका ज्यादै थोरै विद्यार्थी उत्तीर्ण हुन्छन् । नेपालको शिक्षा पद्धतिले विद्यार्थीहरूलाई प्रशासनिक र व्यवस्थापकीय कामलाई मात्र सुहाउने खालको जनशक्ति तयार पार्दछ तर सबैलाई काम दिन पनि सक्तैन । पेरूमा झैं यहाँको शैक्षिक पाठयक्रम गाउँघरका मानिसहरूको अवस्था र आवश्यकतालाई हेरेर बनाइएको छैन । त्यसका विपरीत यहाँको शिक्षा पद्धतिले पश्चिमबाट ल्याइएका ज्ञानप्राप्तिको बिरानो पद्धति, मूल्य मान्यताहरू, प्राथमिकता र उपायहरूलाई गाउँले समुदायहरूमाथि थोपरेको छ । स्कूले अनुशासन, परीक्षा लिने र प्रमाणपत्र दिने यावत पद्धतिले 'सच्चा ज्ञान' यही हो भनेर ठोकुवा गर्छ र गाउँलेहरूको भाषा, ज्ञान र व्यवहारको अवमूल्यन गर्ने गर्छ ।

परीक्षाहरूमा निरन्तर अनुत्तीर्ण भएपछि गाउँले युवाहरू के बुझ्न थाल्छन् भने विकासे कार्यकर्ता, स्वास्थ्यकर्मी, रेन्जर र फरेस्टर, इन्जिनियर, डाक्टर, ठेकेदार, राजनैतिक नेता, बिदेशी सल्लाहकार र यस्तै खाले 'सर्टिफाइड' व्यक्तिहरूको रोबरवाफमा दबिएर बस्नुबाहेक कुनै उपाय छैन ।

आफ्नै गाउँले संस्कृतिलाई मिल्काउन सकुन् भनेर अहिले नेपालको जनसंख्याको एउटा ठूलो अङ्शलाई स्कूल पठाइँदैछ ।

नेपालमा 'साइनिङ पाथ' जस्तो आन्दोलन शूरू हुनसक्ने बडो अनुकूल र




*क. गोन्जालोलाई उनकै देशका एकथरिले निर्दयी आतङ्ककारीका रूपमा चिन्दछन् भने रिमले चाहिँ माओको जनवादी युद्धलाई अघि बढाउने विश्व क्रान्तिकारी आन्दोलनको केन्द्र मान्दछ ।*



*राजनीतिक भेला गर्दै साइनिङ्ग पाथका छापामारहरू*

उपयुक्त अवस्था छ । त्यस्तो आन्दोलनले जनतालाई एउटा विकल्प र घतलाग्दो 'सच्चा ज्ञान' प्रदान गर्दछ । यसप्रकार सामाजिक अस्तित्वको एक खाले अस्वीकृति र निरपेक्षताले अर्को खाले अस्वीकृति र निरपेक्षतालाई जन्माउने छ । किनभने काम र माम दिने, विकास गर्ने, भूमि र स्वास्थ्य सेवामा सुधार गर्ने, आधारभूत आवश्यकता पूरा गर्ने आदि इत्यादि कबुलहरू जब कहिल्यै पूरा हुँदैनन्, तब मानिसहरूको मोहभङ्ग हुनथाल्दछ ।

## राजनीतिक आवश्यकता

'साइनिङ पाथ' को उद्देश्य पुरानो समाजलाई नष्ट गरेर त्यसका ठाउँमा एउटा नयाँ समाज पुनर्स्थापित गर्नु हो । तर 'साइनिङ पाथ' ले फेर्न खाजेको समाज पहिल्यैबाटै जनता र तिनका स्वतन्त्र सङ्गठनहरूले भरिएको छः जस्तै, गाउँले र शहरका झुप्रे बस्तीका संगठनहरू, मजदूर संगठनहरू, राजनीतिक पार्टीहरू आदि ।

ती संगठनहरू अवश्य पनि दोषरहित छैनन् र अन्तरविरोधयुक्त छन् । तर ती सबै नै समाजका शोषितहरूको पक्षमा समाजलाई बदल्ने काममैं लागि परेका छन् ।

मार्क्सको 'निषेध'को सिद्धान्तलाई माओको "राजनीतिक शक्ति बन्दूकको नलीबाट आउँछ"- भन्ने उक्तिका आधारमा व्याख्या गर्नु आकर्षक देखिन्छ, जस्तो कमरेड गोन्जालो र दक्षिण एशियाका नक्सलवादीहरूले गरेका छन् । मार्क्सका सिद्धान्त हेगेलका अवधारणहरूबाट विकसित गरिएका हुन् । मार्क्सका अनुसार शोषित वर्गले नयाँ समाज र संस्कृतिको निर्माण गरेर पुरानालाई विस्थापित गर्दै लान्छ (हेगेलले त्यसलाई 'परिष्कार' भनेका छन्) परिवर्तनको यो प्रक्रिया दक्षिण अमेरिकामा बितेका पचास वर्षदेखि चलिरहेछ । त्यहाँका कलकारखाना, गाउँ, जिल्ला आदिमा हजारौं हजार जनस्तरीय संगठनहरूको तीव्र विकास भएको छ । त्यसले गर्दा वृहत् र जनस्तरीय समिति तथा परिषद्हरू खडा भएका छन् र नितान्त नौला परिपाटीका पार्टीहरू समेत जन्मिएका छन् । ती पार्टीहरू 'अन्तरपार्टी प्रजातन्त्र' को माध्यमद्वारा जनस्तरीय संगठनहरूबाटै नियन्त्रित छन्, नेपालका राजनीतिक पार्टीहरू जस्तो पदाधिकारी वा नाइकेहरूद्वारा होइन ।

ल्याटिन अमेरिकामै निकारागुआको 'स्यान्डिनिस्टा फ्रन्ट', ब्राजिलको 'वर्कर्स पार्टी' र १५ लाख सदस्य भएको चिलीको 'स्लम ड्वेलर्स कमिटी' आदि आफ्नो स्वायत्तता र आन्दोलनलाई नखल्बल्याई विभिन्न सामाजिक समूहहरूलाई समेटी बृहत् ऐक्यबद्धता स्थापित गर्न सफल भएका छन् ।

**किसान, मजदूर तथा झुप्रे बस्तीका गरीबहरुद्वारा थालिएको स्वतन्त्र आन्दोलनलाई अघि बढाउनुको साटो 'साइनिङ पाथ' ले तिनका लक्ष्यलाई 'संशोधनवादी' वा 'सुधारवादी' बताउँदै तिनलाई सरकारसित मिलेको आरोप लगाउन थाल्यो ।**

किसान, मजदूर तथा झुप्रे बस्तीका गरीबहरूद्वारा थालिएको यसप्रकारको स्वतन्त्र आन्दोलनलाई अघि बढाउनुको साटो 'साइनिङ पाथ' ले तिनका लक्ष्यलाई 'संशोधनवादी' वा 'सुधारवादी' बताउँदै तिनलाई सरकारसित मिलेको आरोप लगाउन थाल्यो । तिनलाई पेरू सरकारका आँखामा नङ्ग्याएर आफ्नो पक्षतिर तान्ने नीति लियो । तर ती संगठनहरूसित 'साइनिङ पाथ' का दस्ताहरूमा भैं गोपनीयता र सैनिक संगठन थिएन । त्यसले गर्दा कुनै पनि लोकप्रिय जनआन्दोलनलाई राज्यविरूद्धको बगावत ठान्ने त्यहाँको प्रशासनले ती संगठनहरूलाई हिंसा र दमनको शिकार बनाउने मौका पायो । ती मौलिक जनसंगठनहरूले सरकारी र गुरिल्ला दुवै सशस्त्र पक्षको साङ्घातिक मारमा पर्नुपर्‍यो ।

यी जनसगठनहरूले शुरूशुरूमा आफ्ना उद्देश्यहरूलाई अघि बढाउन सघाउ पुग्छ कि भनेर 'साइनिङ पाथ' को समर्थन गरेका थिए । तर जब 'साइनिङ पाथ' ले आफ्नो राजनीतिक र सैनिक स्वार्थ परिपूर्ति गर्न ती जन संगठनहरूलाई दबाब दिनथाल्यो तब उनीहरू 'साइनिङ पाथ' कै विरोधमा उत्रिए । परिणामस्वरूप जुन क्षेत्रहरूमा ती जन संगठनहरू सक्रिय रहेका थिए, त्यहाँ साइनिङ पाथको केही जोड चल्न सकेन । बरू यिनै जनसंगठनहरूले एकातिर पेरूका शासक वर्ग र तिनका पृष्ठ पोषक 'बिरोधी' आन्दोलनलाई प्रभावकारी ढंगबाट अघि बढाइरहेछन् भने अर्कातिर जुनसुकै किसिमका कट्टरपन्थी क्रियाकलापलाई पनि अग्रिम दस्तामा डटेर सामना गरिरहेका छन् ।

पञ्चायत कालमा नेपालमा कुनै पनि जनस्तरीय संगठनहरू र तिनका स्वतन्त्र आंन्दोलनले हुर्कने मौका पाएनन् । त्यसो नगरिएको भए त्यस्ता जनसंगठनहरूले अहिले देखिएको सैनिक र प्रशासनिक शक्तिको अतिबिस्तार तथा कट्टरपन्थी प्रवृत्तिहरूसित जुध्ने बलियो आधार तयार पार्नसक्ने थिए । तर त्यसो भएन र आज नेपाली समाज राजनीतिक अतिवाद र हिंसाबाट गाँजिने अवस्थामा पुगेको छ ।

अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको अनुदान (सहयोग) नीतिलाई ध्यानमा राखेर स्थानीय निकायमा ऐन कानूनमा परिवर्तन गरिएका छन्, जो भट्ट हेर्दा जनस्तरीय गतिविधिहरूलाई प्रोत्साहन दिने खालका देखिन्छन् । तर यथार्थमा स्थानीय प्रशासनिक निकायका मेशीनहरूलाई केन्द्रद्वारा नै नियन्त्रण गर्ने बठ्याइँ गरिएको छ । संस्था दर्ता गराउनपर्दा प्रशासनिक झैं-झमेला थपेर वास्तवमा असली गैर-सरकारी संगठनका क्रियाकलापलाई निरूत्साहित पारिएको छ । केही मानवशास्त्रीहरूका अनुसार हालै पारित श्रम-सम्बन्धी ऐन कानूनहरू पञ्चायतकालका भन्दा पनि अनुदार र मजदूर यूनियनविरोधी प्रकृतिका छन् । यसप्रकार,

पहिलेका प्रभुत्वकारी शक्तिहरूले अहिले पनि आफ्नो प्रभुत्व कायमै राखेका छन्- तर नयाँ 'प्रजातन्त्र' का नाममा ।

अचेल अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले अनेकानेक प्रतिवेदन लेखेर तथा नयाँ नाराहरू दिएर जनस्तरीय गतिविधिको सक्रियता चाहिँ गैर-सरकारी संगठनहरूका माध्यमबाटै आउनु पर्दछ भन्दै आएका छन् । तर तिनै अन्तर्राष्ट्रिय संस्थाहरू उच्च शिक्षा प्राप्त गरेका मोटो तलब र भत्ता खाने अङ्ग्रेजीबाज समूहहरूसित मिलेर काम गर्न रूचाउँछन् । यसले गर्दा उनीहरू शोषितहरूसँग काँधमाकाँध मिलाएर काम गर्न सक्तैनन् र तिनका अप्ठ्याराहरू पनि बुझ्न सक्तैनन् । फलतः जनस्तरीय सक्रियता बढाउन भनेर आएको त्यस्तो अनुदान रकम मोटो तलब भत्ता खाने 'विकासे कार्यकर्ताहरूको एउटा नयाँ वर्गलाई पोस्दैमा ठीक्क हुन्छ । यसले जसका लागि भनेर सहायता रकम आएको हुन्छ, ती गाउँलेहरूमाथि फेरि अर्को बोझ थप्छ ।

यस्तो हुनाले पछि 'साइनिङ पाथ' जस्ता आतिवादी आन्दोलनहरू हुर्कने उपयुक्त वातावरण तयार हुन्छ, जुन आन्दोलनका अनुशासित र राजनीतिक रूपमा प्रतिबद्ध कार्यकर्ताहरू गाउँहरूको अवस्था बुझ्न र गाउँलेहरूलाई संगठित गर्नमा बर्षौंबर्ष बिताउन सदा तत्पर रहन्छन् । शासक वर्ग र सरकारका ज्यादतीबाट बच्न र आफ्नो हितलाई अघि बढाउन गाउँ र शहरका गरीबहरूको आफ्नै स्वतन्त्र संगठनहरू नभएकाले उनीहरूका सामु जातीय, राष्ट्रवादी र वा धार्मिक अतिवादी आन्दोलनमा सामेल हुनुबाहेक अर्को उपाय हुँदैन । अनि, ती अतिवादी आन्दोलनहरूले वास्तवमा भइरहेको राजनीतिक वैमनस्यतालाई भ्रमात्मक तरिकाले बढाइचढाइ सामाजिक विभाजन तथा शोषणलाई आफ्नो संगठनको आधार बनाउछन् ।

छिमेकी बिहारमा कृषि मजदूरहरूमाथि भइरहेको हिंसात्मक दमन नेपालभित्र पनि फैलिएर यहाँका राष्ट्रवादी आन्दोलनहरूको सैन्यीकरण हुनथाल्यो भने अथवा नेपाल भित्रबाटै हुने विशुद्ध सामाजिक आन्दोलनहरूलाई दबाउन यहाँको सरकारले सेना प्रयोग गर्नथाल्यो भने त्यसबाट हिंसा र अतिवाद मात्र भड्कने छ ।

**माओको क्रान्ति सन् १९३० को दशकको चीनका सन्दर्भमा थियो । तर त्यही क्रान्ति सन् १९८० को दशकको पेरूमा प्रत्यारोपित गर्न खोज्नु कमरेड गोन्जालोको गल्ती थियो ।**



*जमिन कब्जा गरौं ! 'भन्ने नारा अंकित साइनिङ्ग पाथको पोष्टर*

### *अतिवादको विकल्प*

माओको क्रान्ति सन् १९३० को दशकको चीनका सन्दर्भमा थियो । तर त्यही क्रान्ति सन् १९८० को दशकको पेरूमा प्रत्यारोपित गर्न खोज्नु कमरेड गोन्जालोको गल्ती थियो । त्यस्तो खालको क्रान्ति सन् १९९० को दशकको नेपालका सन्दर्भमा पनि उपयुक्त छैन । हुन त पेरू तथा नेपाल दुवै समाजमा सामन्ती व्यवस्थाका हिमायती वर्गहरू छन् । तर माओकै वर्गीकरण अनुसार ती वर्गहरू मध्ये कसैलाई 'अर्ध सामन्ती' र 'अर्धऔपनिवेशिक' भन्ने, अर्का थरिलाई 'साम्राज्यवादी' भनी तोक्ने अनि 'संशोधनवादी' र 'सुधारवादी' जस्ता शब्दावलीको प्रयोग गर्ने भनेको अन्य प्रकारका आन्दोलनहरूलाई नकारेर जनवादी युद्धलाई मात्र सही ठहऱ्याउने यान्त्रिक अभ्यास जस्तो देखिन्छ ।

'साइनिङ पाथ' ले अवलम्बन गरेको सम्भवतः सबैभन्दा ठूलो अन्तरविरोधी मार्ग के हो भने जुन अधिनायकवादी, हिंसात्मक र शून्यवादी अवधारणाले अहिलेको शोषणयुक्त सामाजिक व्यवस्थालाई टिकाइराखेको छ र जनताको क्रियाशीलतालाई नकारेको छ, त्यसभन्दा माथि 'साइनिङ पाथ' पनि उठ्न सकेको छैन । राजनीतिक, आर्थिक, सांस्कृतिक र वातावरणीय सबै हिसाबले निकट अन्तरसम्बन्ध रहेको आजको विश्वमा कुनै पनि रणनीतिको शुरूआत मानवीय पक्षमा आधारित हुनुपर्दछ । आजको सन्दर्भमा सरकारी प्रशासनिक ढाँचाको नेतामुखी पुराना राष्ट्रिय पार्टीहरू तथा राष्ट्रिय संघर्षहरू काम नलाग्ने भइसकेका छन् । किनभने आज मानिसहरू अनेक थोक किन्छन्, आफ्नो श्रम बेच्छन्, बिचारहरूको आदान प्रदान गर्छन् अनि आफ्नो स्थानीय समुदाय र राष्ट्रिय सीमाभन्दा पनि परका कारणहरूबाट उत्पन्न परिस्थितिसित लड्छन् भिड्छन् या आत्मसात हुन्छन् ।

आजको अवस्थामा सबैभन्दा ठूलो खाँचो सूक्ष्म विश्लेषणको छ । त्यस्तो विश्लेषणबाट सिकेर सोहीबमोजिम संगठन गर्नुपर्दछ । तर त्यो विश्लेषण बाहिरिया व्यक्तिहरू, राजनीतिक नेताहरू, बुद्धिजीवीहरू, विशेषज्ञहरू र उच्चवर्गीय गैर सरकारी संस्थाहरू आदि कसैबाट पनि गरिनु हुन्न । त्यो कि त गरीब निमुखा र शोषितहरूबाटै गरिनु पर्छ कि त उनीहरूसंग मिलेर बस्ने, सँगसँगै काम गर्ने र उनीहरूकै दुरावस्था भोग्न सक्नेहरूबाट गरिनु पर्छ । आजको विश्वलाई प्रभावित पार्ने समस्या र शक्तिहरू यतिबिघ्न छन् कि तिनलाई बेहोर्न पनि उति नै धेरै रणनीति र क्रियाशीलताहरूको संयोजन चाहिन्छ । तिनलाई पुराना सिद्धान्तका आधारमा बनाइएका आजका नाराहरूबाट मात्र सामना गर्न सकिन्न, चाहे ती 'माओ बिचार' हुन्, 'गोन्जालो विचार' हुन् वा आडम स्मिथका सूत्रहरू । ती बिचारहरू त व्यावहारिक प्रयोग र प्रयासद्वारा विकसित हुनुपर्दछ ।

यदि मानव जातिको भविष्यलाई सुनिश्चित गर्ने हो भने यो पृथ्वी तथा यहाँका कमजोर व्यक्तिहरूको माग र आवश्यकता पनि पूरा हुनुपर्दछ र त्यसका लागि खासगरी शक्तिशाली वर्गमा अति उच्च सहिष्णुता, मिलेर काम गर्ने तत्परता, त्याग तथा बलिदानको भावना हुनुपर्दछ ।

❑ *अनुः* **बसन्त थापा**

*साभार : हिमाल, मार्च, अप्रिल , १९९३*



अध्ययनमा व्यस्त साहित्यकार रमेश विकल

# 'यो जनताको प्रजातन्त्र होइन'

# साहित्यकार नभएको भए म संगीतकार हुन्थें

◆ रमेश विकल ◆

*सुप्रसिद्ध साहित्यकार रमेश विकल अहिले बहत्तर बर्षमा हिंडिरहनु भएको छ । उहाँ वि.सं. १९८५ कार्तिक २९ गते काठमाण्डौको आरुबारीमा जन्मनुभएको हो । उहाँका सातवटा कथासंग्रह, तीनवटा उपन्यास, एउटा एकांकी संग्रह, एउटा पूर्णाङ्की नाटक, दुईवटा यात्रा संस्मरणका पुस्तकहरु, एउटा किशोर उपन्यास र पाँचवटा बाल साहित्यका पुस्तकहरु गरी २० वटा पुस्तकहरु प्रकाशित भइसकेका छन् । 'नयाँ सडकको गीत' र 'अविरल बग्दछ इन्द्रावती' जस्ता चर्चित कृतिहरुका स्रष्टा रमेश विकल नेपाली साहित्यका एक विशिष्ट आख्यानकारका रुपमा प्रतिष्ठित हुनुहुन्छ । उहाँका असंख्य निबन्धहरु पनि पत्रपत्रिकाहरुमा छरिएरहेका छन् । यो उमेरमा पनि निरन्तर लेखिरहनुभएका विकल हाल सातसय पेजभन्दा लामो आत्मकथा लेख्ने काममा व्यस्त हुनुहुन्छ । प्रगतिशील लेखक संघका पूर्व अध्यक्ष रमेश विकलका अचेलका अनुभूतिहरु के कस्ता रहेछन् भन्ने जिज्ञासावश यसपटक 'मूल्यांकन'ले उहाँसँग वार्ता गऱ्यो । साहित्य, राजनीति र सिर्जनासंग सम्बन्धित त्यही वार्ता यहाँ प्रस्तुत छ ।*

**- गोविन्द वर्तमान**

**◉ साहित्य-यात्राबाट यहाँसम्म आइपुग्दा अहिले तपाई कस्तो अनुभव गर्दै हुनुहुन्छ ?**

- साहित्य यात्रा भनेको एकथरि समाजले ग्राह्य नगरेको बडो कठिन यात्रा रहेछ । तर साहित्य नै यस्तो चीज हो, जसले समाजमा स्वस्थ संस्कृतिको निर्माण गर्छ । त्यही साहित्यलाई समाजले चाहिंदो मात्रामा महत्व दिइरहेको छैन । म अहिले यस्तो अनुभव गर्दैछु ।

**◉ तपाई मूलतः कथाकार हुनुहुन्छ, कुन परिस्थिति र प्रेरणाले तपाईं कथा लेखनतिर लाग्नुभयो ?**

- म केटाकेटीदेखि नै कथा सुन्न रहर गर्थें । मकै सऱ्याउने बेलामा हजुरआमाले भन्नु हुने कथाहरू म बडो चाख मानेर सुन्थें । पछि गएर त्यसरी सुनिएका कथाहरूलाई साथीभाइको माझमा बढाईचढाई गरेर भन्न थालियो । त्यसपछि साहित्य पढ्न थालियो र संगत पनि त्यस्तै भयो । अनि म कथा लेखनतिर लागें ।

**◉ तपाईंका साहित्यिक मान्यताहरू के के हुन् ?**

- मेरो साहित्यिक मान्यता प्रष्ट छ । म जनताको निम्ति लेख्छु । सर्वसाधारण शोषित जनताको भलाइ, प्रगति र चेतनावृद्धिको लागि म कथालगायत साहित्यका अन्य विधाहरूमा कलम चलाउँछु । समाजमा आर्थिक विषमता नहोस् भन्ने मेरो मान्यता रहेको छ । त्यस्तै, चरित्र र नैतिकतालाई म ठूलो महत्त्व दिन्छु । समाजमा असल चरित्र र नैतिकता भएन भने समाज पतनको खाडलतिर जान्छ । त्यसैले साहित्यको एउटा प्रमुख उद्देश्य हो - समाजमा चरित्र र नैतिकताको संचार गर्नु । लेखनमा म त्यसतिर बल दिन खोज्छु ।

**◉ त्यस दृष्टिबाट हेर्दा तपाई समकालीन साहित्यको अवस्था कस्तो पाउनुहुन्छ ?**

- सभ्यताको पनि विविध रूप हुन्छ । नग्नता भनेको प्रतिगमन हो । मानिसले लुगा लगाउने सभ्यतामा आइपुग्न ठूलो संघर्ष गरेको छ । तर फेरि त्यही नाङ्गो अवस्थामै पुग्न मानिसहरू हौसिएका छन् । आजको साहित्यले यो स्थितिको प्रतिकार गर्नुपर्छ । नाङ्गो र उच्छृङ्खल सभ्यतालाई हामीले अगाडि आउँन दिनुभएन । एकथरि साहित्यकारले नग्नता र उच्छृङ्खलतालाई प्रोत्साहन दिइरहेका छन् । बडे बडे विद्वान र चिन्तक भनिएकाहरूले पनि यसलाई प्रोत्साहन दिइरहेका छन् । समकालीन साहित्यले यस स्थितिविरूद्ध सशक्त प्रतिकार गर्न सकिरहेको छैन । तर पनि एकथरि साहित्यकारहरूले प्रतिकार गर्ने प्रयत्न गरिरहेका छन् । उनीहरूले समेत त्यस्तो प्रयत्न नगरेको भए समाज उहिले नै पतनको खाडलमा पुगिसक्थ्यो ।

**◉ एकथरिले प्रतिकार गरेका छन् भन्नुभयो, ती एकथरि को हुन् ?**

- जसले समाजको उन्नति चाहन्छ, जसले समाजलाई स्वस्थ देख्न चाहन्छ, जसले समाजलाई प्रगतितिर लान चाहन्छ, एकथरि भनेका तिनै हुन् । प्रगतिशील धारामा जो लागेका छन्, उनीहरू नै त्यो एकथरि हुन् । उनीहरूले नग्नता र उच्छृङ्खलताविरूद्ध प्रतिकार गरेका छन् ।

**समाजमा असल चरित्र र नैतिकता भएन भने समाज पतनको खाडलतिर जान्छ । त्यसैले साहित्यको एउटा प्रमुख उद्देश्य हो , समाजमा चरित्र र नैतिकताको संचार गर्नु ।**

**◉ कुन कुन विदेशी लेखकहरू तपाईंका आदर्श हुन् ?**

- खास गरेर म्याक्सिम गोर्की मेरा आदर्श हुन् । गोर्कीलाई म अत्यधिक सम्मान गर्छु र रूचाउँछु । उनी जीवनप्रति अत्यधिक भिजेर लेख्ने साहित्यकार हुन् । रूसी साहित्यकारहरूमा मेरा आदर्शहरू

छन् । म तुर्गनेभ र तोल्सतोयलाई पनि मनपराउँछु ।

मलाई मन पर्ने अर्का रूसी कथाकार हुन् - चेखव । चेखवका कथाहरू साँचो अर्थमा कथा हुन् । उनका कथामा कलात्मक उच्चता पाइन्छ । चेखवको लेखनधारा पक्डेर लेख्ने कथाकारहरू हामीकहाँ पनि थुप्रै छन् । दोस्तोएव्स्की पनि मलाई पढ्न मनलाग्छ, पढेको पनि छु । प्रेमचन्द मेरा निम्ति भारतीय साहित्यका प्रमुख आदर्श हुन् । भारतीय साहित्यकारहरूमा बंगाली साहित्यकारहरू विमल मित्र, महाश्वेतादेवी र आशापूर्णा देवीजस्ता केही साहित्यकारहरू पनि मलाई मनपर्छन् । उनीहरूको साहित्यलाई म रूचाउँछु ।

**◉ स्वदेशी लेखकहरू कस-कसलाई मनपराउनु हुन्छ ?**

-भूपी शेरचन मलाई ज्यादै प्रिय लाग्ने साहित्यकार हुन् । कथाकारमा विश्वेश्वरप्रसाद कोइरालाको कथाको कलात्मक पक्ष निकै सबल छ । उनको वैचारिक आदर्शसँग चाहिं म सहमत छैन । तर कथाकार गुरूप्रसाद मैनाली तात्कालीन समयको सापेक्षतामा प्रगतिशील धाराकै कथाकार हुन् । उनी बास्तवमा जनताका लेखक हुन् ।

**◉ तपाईं आफूलाई मैनालीको उत्तराधिकारी मान्नुहुन्छ ?**

- ठ्याम्मै मैनालीको उत्तराधिकार नै लिएर लेखेको भन्न त कसैलाई पनि मिल्दैन । मलाई पनि मिल्दैन । मेरा केही कथाहरू त्यस्ता छन् जसलाई मैनालीको उत्तराधिकार लिएर लेखिएको भन्न सकिन्छ । तर अरू त्यस्ता छैनन् ।

**◉ समकालीन कथाकारहरूमा कस-कसलाई मन पराउनुहुन्छ ?**

- समकालीन कथाकारको रूपमा म गोविन्दबहादुर गोठालेलाई मनपराउँछु । त्यस्तै दौलत विक्रम विष्टलाई पनि मनपराउछु । खगेन्द्र संग्रौला एउटा मानिएका कथाकार हुन् । तर उनको भाषा चाहिं मलाई रूखो लाग्छ । उनका कथाहरूमा राजनीतिक आग्रह अलि बढी भएभैं लाग्छ मलाई । त्यस्तै, राजव र नारायण ढकाल पनि सशक्त कथाकार हुन् - अहिलेका । इस्माली, सनत रेग्मी पनि मलाई मनपर्ने कथाकार हुन् । एकदम नयाँमा म कथाकार महेश विक्रम शाहलाई अत्यन्त मनपराउँछु ।

**◉ पारिजातलाई विर्सनुभयो नि ?**

- नेपाली साहित्यमा पारिजात बीसौं शताब्दीकै एकमात्र प्रखर र प्रतिनिधि महिला साहित्यकार हुन् ।

*त्यतिबेला मलाई प्रगतिशील लेखक संघ अहिलेको राजनीति जस्तो लाग्यो । त्यहाँ लेखकीय धर्म पालन गर्नुभन्दा राजनीतिक लुछाचुँडी बढी आउनथाल्यो ।*



पारिजातलाई बिर्सन खोज्नेले पनि बिर्सन सक्दैन । त्यसकारण मैले बिर्सने कुरै आउँदैन ।

**◉ साहित्यकार नभएको भए के हुन्थें जस्तो लाग्छ ?**

- साहित्यकार नभएको भए म संगीतकार हुन्थें । अथवा चित्रकार हुन्थें । किनभने साहित्य, संगीत र चित्रकलामा केटाकेटीदेखि नै मेरो रूचि थियो । म एकपटक स्वर परीक्षा दिन रेडियो नेपाल पनि गएको थिएँ । यो २०११/१२ सालतिरको कुरा हो । त्यसबेला म चावेल गणेशस्थानमा भजन गाउँन जान्थें । त्यहाँ म प्रमुख हार्मोनियम बादक हुन्थें । माघ महीनामा माघे स्नान हुँदा गाउँदै भट्याएर हिंड्नेमा थिएँ म । त्यसैले म स्वर परीक्षा दिन रेडियोमा गएँ । त्यो बेला रेडियोमा रेकर्डिङ्ग हुँदैनथ्यो । लाइभ नै हुन्थ्यो । तबला बजाउनेमा शम्भुप्रसाद मिश्र थिए भने हार्मोनियमबादक थिए- रामहरि गुरूङ्ग । नातिकाजी पनि थिए । म उसै त नर्भस भएर स्वर परीक्षा दिन गएको थिएँ, त्यहाँमाथि तबला र हार्मोनियमबादकहरूले हा ऽऽ हा ऽऽ र हु हु गरेर मलाई झन् नर्भस तुल्याइदिए । त्यसपछि मेरो ताल सुर बिग्रियो । के कारणले हो उनीहरूले मलाई दुरूत्साहित गरिदिए र म स्वर परीक्षामा फेल भएँ ।

**◉ तपाईंलाई शास्त्रीय संगीतको ज्ञान पनि छ ?**

- मैले शास्त्रीय संगीतको सिलसिलावद्ध औपचारिक अध्ययन गरेको त होइन । तर मलाई त्यसको धेरै कुरा आउँछ । म केही रागहरूसँग परिचित छु । स्वरमा अलिकति पनि बेसुरा भयो भने म पत्ता लगाउनसक्छु । म एकताका बाँसुरी राम्रै बजाउँथें । कहिलेकाहीं अहिले पनि बजाउँछु । तर मैले त्यसरी बजाउन कुनै गुरूसँग सिकेको चाहिं होइन । घरमा मेरो बा हार्मोनियम बजाउनुहुन्थ्यो, तबला पनि थियो । सायद त्यही कारणले पनि मेरो संगीततिर रूचि बसेको हो ।

**◉ चित्रकार र मूर्तिकारको रूपमा अघि बढ्न चाहिं किन चाहनु भएन?**

- मलाई धेरै समयसम्म तीनवटा कुरा साहित्य, संगीत र कलाले अल्मल्याइरहे । म ०८-९ सालसम्म तीनवटै विषयमा समानान्तर रूपले गएँ । पछिसम्म कुन विषय लिउँ भन्ने बडो दोधार भइरह्यो मलाई । रेडियोबाट फेल गराइदिएपछि संगीततिर म निराश भइहालें । अहिलेको ललितकला क्याम्पसलाई पहिले टेक्निकल स्कूल भनिन्थ्यो । चित्रकला चाहिं मैले त्यहाँ गएर चार पाँच महीनासम्म सिकें । मलाई सिकाउने गुरू चन्द्रमान मास्के हुनुहुन्थ्यो । तर म चित्रकलामा अड्न सकिंन । किनभने त्यसको लागि अत्यन्त ठूलो मिहिनेत र त्यत्तिकै धैर्य चाहिन्छ । चित्रकला अत्यन्त खर्चिलो विषय पनि हो । अहिलेको फासफुसे कलामा त रंग थोपरिदिए पुग्छ । तर दक्ष कलाकारले रंग थोपरेर मात्र हुँदैन । आधुनिक अमूर्त चित्रकार पनि पहिला मूर्त कलाकारको रूपमा दक्ष भइसकेपछि मात्रै राम्रो अमूर्त चित्रकार हुनसक्छ । तैपनि मैले आफ्नै ढंगले चित्रहरू बनाएँ । चित्रकला प्रदर्शनी गर्ने ठाउँसम्म चाहिं पुगिंन । त्यस्तै, मैले मूर्तिहरू पनि बनाएको छु । म्याक्सिम गोर्कीको मूर्तिको डाइ अहिले पनि मसँग छ । त्यसमा माटो भऱ्यो भने मूर्ति निस्कन्छ । एउटा बुद्धको मूर्ति पनि बनाएँ । केही नारी मूर्तिहरू पनि बनाएको थिएँ । तर त्यसपट्टि निरन्तर लागिरहन चाहिं सकिंन ।

**◉ तपाईं एकपटक प्रगतिशील लेखक संघको अध्यक्ष पनि हुनुभयो । त्यसबेलाको अनुभव कस्तो रहयो ?**

- त्यतिबेला मलाई प्रगतिशील लेखक संघ अहिलेको राजनीति जस्तो लाग्यो । त्यहाँ लेखकीय धर्म पालन गर्नुभन्दा राजनीतिक लुछाचुँडी बढी आउनथाल्यो । मंजुलकी श्रीमती र मंजुलको डाइभोर्सको मुद्दा त्यहाँ आयो । पारपाचुके गर्ने विषयको मुद्दा छिन्नु पर्ने स्थिति त्यहाँ आयो । मोदनाथ प्रश्रितलाई पारिजातले "साइलक" भनेको मुद्दा पनि त्यहाँ आयो । यस्ता यस्ता मुद्दा छिन्ने ठाउँ त प्रलेस होइन नि । तर त्यस्ता वाध्यताहरू पनि त्यहाँ आए । अर्थात् त्यहाँ साहित्यिक आग्रहभन्दा राजनीतिक आग्रहहरू बढी आए । त्यस्तो राजनीतिक आग्रहहरूको प्रभुत्व देखेर मलाई त्यहाँ बसिरहन मन लागेन । अनि मैले प्रलेसको अध्यक्षबाट अवकाश लिएँ ।

**◉ अब विषयान्तर गरौं । तपाईं कसरी कम्युनिष्ट पार्टीतिर आकर्षित हुनुभयो ?**

- कम्युनिष्ट पार्टीमा जनवादी, न्यायपूर्ण र विवेकशील सिद्धान्तहरू छन् । त्यसैले शिक्षित र चेतनशील मान्छे कम्युनिष्ट पार्टीतिर आकर्षित भैहाल्छ । म वि.सं. २००८ सालतिर कम्युनिष्ट पार्टीमा लागेको हुँ । त्यसबेला बलराम श्रमजीवी र श्यामप्रसाद शर्माको माध्यमबाट कम्युनिष्ट पार्टीमा पुगेको थिएँ । ०१५ सालसम्म मैले कम्युनिष्ट पार्टीमा रहेर काम गरें । ११/१२ सालतिर क्षेत्रीय कमिटीको सचिव भएर मैले पार्टीमा काम गरेको थिएँ । मैले ०९ सालमा पार्टी सदस्यताको निम्ति दरखास्त दिएको थिएँ । दुई वर्षसम्म समर्थकको रूपमा काम गरिसकेपछि ०११ सालमा निर्मल लामाले चावेलमा मलाई पार्टी सदस्यताको प्रमाणपत्र दिएका थिए । त्यसपछि मलाई विभागको जिम्मा दिइयो र मैले आफ्नो क्षेत्रमा किसान र विद्यार्थीहरूको संगठन गरें ।

**◉ ०१५ सालपछि चाहिं किन कम्युष्टि पार्टी छोड्नुभयो ?**

- म कति उदार भएँ भने, भियना जाने चान्स आएको थियो, मैले छोडिदिएँ । त्यस्ता अवसरहरू आइरहन्थे । साथीहरू मलाई लटरपटर पार्थे र आफू जान्थे ।



**पुराना सिनेमाहरू संभन्छु । हिन्दीमा राजकपुरको 'जागते रहो' जस्तो सिनेमा मलाई निकै राम्रो लाग्छ । विमल रायले बनाएका र दिलिप कुमारले खेलेका 'देवदास' जस्ता सिनेमाहरू पनि मलाई राम्रा लाग्छन् ।**

अरूको खुट्टा तानेर आफू माथि जाने प्रवृत्ति मैले त्यहाँ देखें । राजनीतिमा फोहोरमैला पनि हुँदो रहेछ । ममा धूर्त्याईं र चलाखी गर्ने प्रवृत्ति थिएन । अनि व्यवहारिक पार्टी राजनीतिमा मेरो काम छैन भन्ने मलाई लाग्यो । त्यसपछि मैले पार्टी छोडिदिएँ ।

**◉ बहुदलीय प्रजातन्त्रको एक दशकको अभ्यासलाई तपाईंले कसरी हेर्नुभएको छ ?**

-बहुदलीय प्रजातन्त्रको एक दशकको अनुभवबाट म के निष्कर्शमा पुगेको छु भने- यो जनताको प्रजातन्त्र होइन । राजनीतिका सत्ताभोगी र तिनका खास पिछलग्गुहरूको लागि मात्र यो प्रजातन्त्र भएको छ । यसै प्रवृत्तिलाई नै प्रजातन्त्र भन्ने हो भने जनताको निम्ति यस्तो प्रजातन्त्रको कुनै काम छैन ।

**◉ अहिलेको कम्युनिष्ट राजनीतिबारे चाहिँ तपाईं के भन्नुहुन्छ ?**

- कम्युनिष्ट सिद्धान्तको एउटै प्रमुख कुरा हो- आर्थिक समानता र सामाजिक न्याय । तर रणनीति र कार्यनीतिको भिन्नताको नाउँमा दशथरि कम्युनिष्ट पार्टीहरू देखिएका छन् । दुईचार जना बटुलेर एउटा पार्टी बनाउँछन् र अर्कोलाई गाली गर्छन् । यो त पूर्णतया सत्ताको भोक मात्रै हो, सिद्धान्तप्रतिको लगाव होइन ।

**◉ माओवादीहरूको अहिलेको गतिविधि कस्तो लागेको छ ?**

- प्रतिक्रियावादी सत्ताविरूद्ध माओवादीहरूको सैद्धान्तिक लडाईंसित म सहमत छु । तर अहिले नै यसरी हतियार उठाइहाल्नु पर्ने समय चाहिं आई सकेको छैन । हतियार नउठाइकनै पनि कतिपय समस्याहरू समाधान हुनसक्ने स्थिति अहिले छ । अन्ततोगत्वा ठूलो लडाई नलडीकन त कम्युनिष्टहरूको लडाईं सकिन्न, तर आफूमा ११ टुक्रा भएर त्यस्तो लडाई लडिंदैन । अर्को कुरा, अहिले मुठभेडको नाममा सरकारले जनता मारेर त्यसको दोष पनि माओवादीकै थाप्लोमा लगाइदिएको छ । माओवादीहरूले पनि तल्लातहका प्रहरी र कर्मचारीहरूलाई मारेर ठीक काम गरिरहेका छैनन् । उनीहरूले आफ्नो गतिविधिलाई जनयुद्ध भनेका छन् । तर त्यो जनयुद्ध होइन ।

**◉ एकताकेन्द्र र मसालजस्ता बीचका कम्युनिष्ट पार्टीहरूबारे के भन्नुहुन्छ ?**

- ती पार्टीहरूले सिर्जनशील ढंगले जनतामा आधारित भएर सशक्त रूपमा आफूलाई अगाडि बढाउनुपर्ने हो । तर उनीहरूले त्यसो गरिरहेका छैनन् ।

**◉ नेपाली कांग्रेस र एमालेको राजनीति कस्तो लागेको छ ?**

- नेपाली कांग्रेस र एमाले दुवैको राजनीति जनमुखी होइन, सत्तामुखी र सुविधाभोगी भएको छ ।

**◉ तपाईं अघिल्लो पटक प्राज्ञ हुनुभयो । प्राज्ञ हुँदाको अनुभव कस्तो रहयो ?**

- प्रज्ञामा स्वतन्त्र रूपले काम गर्ने वातावरण छैन । धेरै कुराहरू माथिबाट लादिएका हुन्छन् । त्यसले गर्दा आफूले चाहेका धेरै कुराहरू हामीले गर्न सकेनौं । अर्को कुरा, पछिल्लो अवधिमा प्रज्ञाका पदाधिकारीहरूबीच अस्वस्थ प्रतिस्पर्धा भइदियो । त्यसले गर्दा पनि काम गर्न बाधा पर्‍यो । त्यसैले प्राज्ञ हुँदाको अनुभव त्यति प्रिय रहेन ।

**◉ अहिलेको एकेडेमीबारे के भन्नुहुन्छ ?**

-'म सुन्छु, हामीले आफ्नो कार्यकालमा तय गरेका योजनाहरूलाई पनि अहिलेकाले खारेज गरिदिए रे । उनीहरूले खोइ के गर्न लागेका हुन् । मलाई त कार्यक्रमहरूमा निम्ता गर्न पनि छोडे । एकेडेमीको योभन्दा धेरै राम्रो स्वरूप हुनसक्थ्यो । दुई चार जनाबाहेक त्यहाँ राम्रा मानिसहरू देखिंदैनन्।

**◉ अचेल के लेख्दै हुनुहुन्छ ?**

- मुख्यतया यतिबेला म मेरो आत्मकथा लेख्दैछु । अहिले दुईसय साठी पेज जति लेखिसकेको छु । सकिंदा सातसय पेज जति हुन्छ । अचेल पत्रपत्रिकाहरूलाई टुक्राटाक्री लेखहरू पनि लेख्दैछु । कथाहरू पनि कहिलेकाहीं लेखेको छु । बालपत्रिकाहरूलाई एक दुईटा बालकथाहरू पनि लेख्दैछु ।

**◉ 'अबिरल बग्दछ इन्द्रावती जस्तै सशक्त अर्को उपन्यास किन लेख्नुभएन ?**

- आँट आएन । किनभने त्यो स्तरमा मैले लेखिसकेपछि त्योभन्दा खस्कियो भने मैले के गर्ने भन्ने डर मलाई लाग्यो । त्यस्तो सशक्त उपन्यास लेख्नको लागि उपयुक्त वातावरण, धैर्य र संकल्प चाहिन्छ । अहिले मैले त्यस्तो संकल्प गर्न सकेको छैन । तर पछि, एउटा ल्याण्डमार्क हुने उपन्यास लेख्ने ईच्छा छ । त्यो ईच्छा पूरा हुन्छ कि हुँदैन अहिले म भन्न सक्दिन ।

**◉ लेखनबाहेक तपाईंका अन्य रूचिहरू के के हुन् ?**

- कहिलेकाहीं टेलिभिजन हेर्छु । (दराजका बाजाहरू देखाउँदै) कहिले यी बाजाहरू बजाउँछु ।

**◉ सिनेमा कत्तिको हेर्नुहुन्छ ?**

- सिनेमा हेर्छु- अलिअलि ।

**◉ तपाईंलाई मनपरेका राम्रा सिनेमाहरू संभदा कुन कुन सम्भिनुहुन्छ ?**

- पुराना सिनेमाहरू संभन्छु । हिन्दीमा राजकपुरको 'जागते रहो' जस्तो सिनेमा मलाई निकै राम्रो लाग्छ । विमल रायले बनाएका र दिलिप कुमारले खेलेका 'देवदास' जस्ता सिनेमाहरू पनि मलाई राम्रा लाग्छन् । ती सिनेमाको टक्करमा अहिलेका सिनेमाहरू आउँदैनन् । अहिलेको सिनेमाले तत्कालको लागि अल्मल्याउँछ तर कुनै छाप छोड्दैन । तर पनि अहिलेको हिन्दी सिनेमाको एउटा प्रकृति चाहिं मलाई मनपरेको छ । त्यो हो - राजनीतिका विकृतिहरूलाई साह्रै तीखो किसिमले उजागर गर्ने प्रकृति । अहिलेका अधिकांश हिन्दी सिनेमामा त्यस्तो प्रकृति देखिन्छ ।

**◉ तपाईंको जीवनको सबभन्दा सुखद क्षण कुन हो ?**

- त्यस्तो खास सुखद क्षण छैन । तर ज्यादै आपत् परिरहेको बेला ०१८ सालमा जागीर पाएँ, त्यो बेलाको क्षण सुखदै भयो । २०१८ सालमा मदन पुरस्कार पाउँदा पनि म त्यति साह्रो प्रफुल्ल भईन । सायद त्यो पुरस्कार पाउनु मेरो अधिकार हो भन्ने पनि मलाई लागेको थियो । त्यसैले त्यति धेरै खुसी भईन । बेखुसी पनि भईन । मैले मदन पुरस्कार पाउँदाको क्षणलाई सामान्य रूपमा नै लिएँ ।

**◉ सबभन्दा दुःखको क्षण नि ?**

- २००६ सालमा बा मर्दा म दुःखी भएँ । तर सबभन्दा दुःखको क्षण चाहिं दुर्घटनामा परेर २०२५ सालमा माइलो छोरो शेखर मर्दाको क्षण हो । त्यसबेला चाहिं आफूलाई सम्हाल्न मलाई साह्रै गाह्रो पर्‍यो ।

**◉ तपाईंका बाँकी रहेका ईच्छाहरू के के हुन् ?**

- मेरा ईच्छाहरू त्यति ठूला छैनन् । सामान्य रूपबाट मेरा दैनिक व्यवहारहरू चलेर जाउन् । सामान्य जनताले मध्यमवर्गीय जिन्दगी जसरी चलाएको छ, त्यस्तो जिन्दगी चलाउन अभाव नहोस् । जम्मा गर्न मलाई धन चाहिएन । म लखपति, करोडपति हुन चाहन्न । र, लेख्दा लेख्दै, बोल्दा बोल्दै मरूँ भन्ने एउटा ईच्छा छ ।

**◉ तपाईं आफ्ना पाठक र शुभचिन्तकहरूलाई के भन्न चाहनुहुन्छ ?**

- हामी जुन किसिमको उच्छृङ्खल समाजतिर गइरहेका छौं, त्यसबाट हामीले सतर्क हुनुपर्‍यो । समाजलाई एउटा नैतिक दिशातिर मोड्नुपर्‍यो । नैतिक भनेर मैले पुराणपन्थी भनेको होइन । जसले समाजलाई अगाडितिर बढाउँछ र प्रगतितिर लैजान्छ - त्यो नै उच्च नीति हो । हामी मानवताको जुन सिंढीमा उक्लिसकेका छौं, त्यसबाट नभरौं । म मेरा पाठक र शुभचिन्तकहरूलाई यही भन्छु । ❑




# खलनायक

विमल निभा

नेपाली फिल्मस्टार भुवन के.सी.को नयाँ चलचित्रमा एउटा मन्त्री खलनायक हुने खबर पढेर मन गद्गद भएको छ । हाम्रा युवा मन्त्री शरदसिंह भण्डारीको अपूर्व साहसलाई सम्मान गर्नैपर्छ । बल्ल कुनै मन्त्रीले आफ्नो भूमिकाको सही पहिचान गरेका छन् । म नतमस्तक छु । यो सिनेमा बक्सअफिसः हिट हुने कुरामा कुनै सन्देह छैन । सिनेप्रेमी जनता न्याय गर्न सक्षम छन् । म मन्त्रीज्यूलाई यस उपलक्ष्यमा हार्दिक बधाई दिन चाहन्छु । आशा छ, स्वीकार हुनेछ ।

तर केही बेरपश्चात् म हच्किन्छु, खलनायक हुन तत्पर मन्त्री शरदसिंह भण्डारीलाई बधाई दिनुको कुनै अर्थ छैन । उनी कदापि यसको हकदार होइनन् । म बधाई दिन असमर्थ छु । वस्तुतः एउटा मन्त्रीको खलनायक हुनसक्ने हैसियत नै हुँदैन । यो कुनै मामुली कुरो होइन । तसर्थ खलनायक हुन चाहने मन्त्रीज्यूले सर्वप्रथम स्वयंबारे गहन चिन्तन गर्नु आवश्यक छ - म को हुँ ? किन हुँ ? कसरी हुँ ? कस्तो हुँ ? र कतिसम्म हुनसक्छु ? आदि इत्यादि । बेसी महत्वकांक्षा पाल्नु हमेसा उचित हुँदैन , यसले अहित पनि गर्नसक्छ ।

अब प्रश्न के छ भने, मन्त्रीहरू खलनायक हुन योग्य छैनन् भने अन्ततः को खलनायक हुने ? जसलाई हाम्रो चालु राजनीतिको थोरबहुत समझ छ, तिनले वास्तविक खलनायकलाई चिनेका छन् । म चिन्छु । तपाईहरूले पनि राम्ररी चिनेको हुनुपर्छ । हो, यहाँ खलनायकको श्रमसाध्य खोजी नै गर्नुपर्दैन । त्यो त स्वतः एवम् सहजै उपलब्ध छ । हामीकहाँ प्रधानमन्त्रीको गरिमामय उपस्थिति हुँदाहुँदै एउटा मन्त्रीले खलनायकको लागि प्रस्तुत हुने दुष्प्रयास कसरी गरे ? किसुनजीले यसलाई गम्भीरतापूर्वक लिनैपर्छ । प्रजातन्त्र भनेको प्रधानमन्त्री प्रमुख हुने व्यवस्थाको नाउँ हो । मौजुदा संविधानमा यही किटान गरिएको छ । अतएव खलनायक अरू को हुने ? कुनै मन्त्रीको त्यहाँसम्म पुहँच नै हुनसक्दैन । यो असम्भव छ । त्यसोभए यस्तो संविधानविरोधी काम हाम्रा मन्त्रीज्यूले किन गरेका हुन् ? यो विचारणीय छ र मेरो विचारमा मन्त्रीहरू बढीसेबढी खलनायकको चमचा (चालु भाषा उधारो लिएर)सम्म हुनसक्छन् । योभन्दा बढीको अधिकार छैन । हामी सिनेमाहरूमा हेर्ने गर्छौं, एउटा मोटो-घाटो मुख्य खलनायक हुनेगर्छ र अरूहरू सानातिना चक्कु-छुरी बोकेका बदमासहरू । यही एक व्यवसायिक फिल्मको सफल फर्मुला हो । यसलाई खण्डित गरेर मन्त्री शरदसिंह भण्डारीले के गर्न खोजेका हुन् ? यो हाम्रो प्रधानमन्त्रीज्यूलाई कुनै अवस्थामा पनि स्वीकार हुने छैन । किसुनजी आफ्नो स्थितिबारे सर्वथा सावचेत (सावधान+सचेत) छन् । उनलाई थाहा छ, मेरो चमकदार व्यक्तित्वको प्रतिच्छाया कहाँसम्म पुग्छ । कसैले यो परिधिको उल्लंघन नगरे हुन्छ । हाम्रा प्रधानमन्त्रीज्यू विराटस्वरूप धारण गरेर लोकतन्त्रको कुर्सीमा विराजमान छन् । के तस्वीरहरूमा देख्नुभएको छैन ?

तर यहाँनेर एउटा जटिलता उत्पन्न भएको छ । त्यो के भने - दृश्यपटलमा गिरिजाबाबुको पनि सशक्त उपस्थिति छ । यसलाई उपेक्षा गर्न सकिदैन । अब जहाँ हाम्रा गिरिजाबाबु छन्, त्यहाँ अन्यले कसरी खलनायक हुने ? यो त प्राविधिक रूपले पनि मिल्दैन । त्यसकारण उनी तारन्तार घोषणा गरिरहेका छन् - "किसुनजी, मेरो लागि स्थान खाली गर्नोस् । म सम्पूर्ण वेगसहित आउँदैछु ।" यसको कारण स्पष्टै छ । उनी पुराना खलनायक हुन् । यसर्थ अनुभवी पनि हुने नै भए । यस आधारमा गिरिजाबाबुको जिकिर दुर्बल छैन । तर किसुनजी पनि आफूलाई कम खलनायक ठान्दैनन् । उनी साक्षात् वर्तमान हुन् । उनको अगाडि भूतपूर्व खलनायकको के प्रयोजन ? संक्षेपमा भन्ने हो भने, सत्ताधारी पार्टीमा अहिले जुन द्वन्द छ, त्यो व्यक्तित्वको होइन, खलनायकत्वको हो । दुई बलशाली पात्रहरू एक अर्कालाई चुनौती दिइरहेका छन् । यस्तोमा एउटा मन्त्रीले 'म खलनायक हुन्छु' भनेर के गर्न खोजेका हुन् ?

अन्त्यमा, म फिल्म निर्माता भुवन के.सी.सँग करजोरी विन्ति गर्छु - भुवन के.सी.ज्यू, समस्या गम्भीर छ । तसर्थ तपाई स्वयम् अघि बढेर हस्तक्षेप गर्नोस् । आफ्नो सिनेमाको खलनायक चयनमा तपाईले जागरूक हुनैपर्छ । यो खेलाँची होइन । हो, गिरिजाबाबु र किसुनजी जस्ता भीमकाय काँग्रेसी-समक्ष कुनै लिलिपुट काँग्रेसीले खलनायक हुन मिल्दैन । चाहे त्यो मन्त्री नै किन नहोस् । युवा मन्त्री शरदसिंह भण्डारी केवल खलनायकको एक सानो परिचर (चालु भाषामा चमचा) सम्म हुनसक्छन् । योभन्दा बढीको अनुमति कसैलाई छैन । ❑

**जहाँ हाम्रा गिरिजाबाबु छन्, त्यहाँ अन्यले कसरी खलनायक हुने ? यो त प्राविधिक रुपले पनि मिल्दैन ।**


व्यंग्यकार

◀ अन्तर्क्रिया



फोटो: सुन्दर बस्नेत

# शिक्षामा प्रजातान्त्रीकरण गर्न हाम्रो टाउकोमा प्रजातान्त्रीकरण गर्नुपर्छ

## शिक्षाविद् डा. विद्यानाथ कोइरालासँग शिक्षामा प्रजातन्त्रीकरणको प्रश्नबारे कुराकानी

**◉ अहिलको नेपालको शिक्षापद्धतिलाई तपाईंले कसरी हेरिरहनु भएको छ ?**

प्रजातान्त्रिक दृष्टिकोणले हेर्दा सबैले पढन नपाउन्जेल शिक्षामा प्रजातन्त्र भएन भन्ने ठान्छु म । शिक्षाको दुर्दशा हेर्दा हामी प्रजातान्त्रिक बाटोमा गएका छैनौं भन्ने मेरो धारणा छ । किनभने अहिलेसम्म ३० प्रतिशत बाल-बालिकाहरू स्कूलमा आउन सकेका छैनन् । स्कूलमा आएकाहरू पनि बीचमै पढाइ छाडेर जान्छन् । तिनीहरूको लागि पनि हामीले केही गर्न सकिराखेका छैनौं । अहिले यहाँ पढेलेखेका मान्छेहरूसँग पनि गरिखाने सीप छैन । त्यसैले मलाई लाग्छ- यहाँ शिक्षामा प्रजातन्त्रीकरण हुनको लागि थुप्रै कुरा गर्न बाँकी छ।

**◉ शिक्षामा प्रजातन्त्रीकरणका लागि के के गर्नु जरूरी ठान्नुभएको छ ?**

मेरो ढंगबाट हेर्ने हो भने पहिलो काम हो, अहिले स्कूल नआएका वा आउन नदिइएका ३० प्रतिशत बाल-बालिकाहरूलाई स्कूलमा ल्याउनु । जस्तो- दलित जातिलाई हाम्रो परंपरागत रूढीवादले स्कूल आउन रोकिराखेको छ र स्कूल आएकालाई पनि लखेट्ने काम गरिरहेको छ । यस्ता सबै बालबालिकाहरूलाई एक झमट समातेर ल्याएर भए पनि स्कूलमा पढाउनु पर्छ । जबरजस्ती हुन्छ कि अनिवार्य शिक्षा गरेर हुन्छ, तिनीहरूलाई स्कूलमा पढाउन ल्याउनै पर्छ । त्यसो गरियो भने बल्ल शिक्षामा प्रजातन्त्र हुन्छ । किनभने राष्ट्रले उनीहरूलाई संरक्षण दिनुपर्छ । उनीहरूको लागि प्रजातन्त्र भनेको त्यही हो । तिनीहरूलाई राष्ट्रले पढ्ने संस्कार बनाइदिनुपर्छ । एकपटक पढ्ने संस्कार बनाईदिएपछि उनीहरू आफैं पढ्नथाल्छन् ।

शिक्षामा प्रजातन्त्रीकरण गर्नको लागि शिक्षा उपयोगी खालको हुनुपर्‍यो । शिक्षा प्राप्त गरिसकेपछि त्यसबाट उसले केही फाईदा प्राप्त गर्न सक्नुपर्‍यो । ५ कक्षा पास गरेका मान्छेलाई पनि 'अब मैले के गरेर खाने ?' भन्ने समस्या हुनु नपरोस् । शिक्षाले उनीहरूलाई पनि केही गरेर खान सक्ने सीप सिकाउनु पर्छ । गरिखाने सीप सिकेपछि नै उनीहरूले पाउने प्रजातन्त्रको फल र प्रजातन्त्रको शिक्षा प्राप्त गरेको मानिन्छ । जुन व्यक्तिले विश्वविद्यालयबाट बौद्धिक शिक्षा प्राप्त गरेको हुन्छ, त्यो व्यक्तिले २/३ वटा क्षमताको पनि विकास गरेको हुनुपर्छ । पहिलो कुरा, जुन मतबाट होस् वा जुन विचारधारबाट होस्, उसले समाजको विश्लेषण गर्न सक्नुपर्छ । दोस्रो, समाजको विश्लेषण गरिसकेपछि प्राज्ञिक हिसाबमा, आर्थिक हिसाबमा, सामाजिक हिसाबमा आफू यसरी जिउनसक्छु भन्ने कुरामा ऊ तयार हुनुपर्छ । यी कुराहरू पूरा भएपछि मात्र शिक्षामा प्रजातन्त्रीकरण हुने हो । मलाई लाग्छ, प्रजातन्त्रीकरण भनेको विभिन्न तहमा हुन्छ । ती सबै तहमा एकसाथ काम गर्न सकियो भने प्रजातन्त्रीकरण हुने हो ।

**◉ शिक्षा पद्धतिमा प्रजातन्त्रीकरणको सवालमा विचार गर्दा जनसहभागिताको कुरा पनि उठ्छ । अहिलेको शिक्षापद्धतिमा जनसहभागिता कहाँ र कसरी हुनसक्छ ?**

जनसहभागिता भनेर केलाई सोचिएको हो, हामी नै स्पष्ट छैनौं । वास्तवमा सिंगो राष्ट्र नै यस विषयमा स्पष्ट छैन । किन यो कुरा भन्न खोजिएको हो भने- विद्यालय भवन बनाउने हो भने जनताले छाप्रो बनाइदिंदा जनसहभागिता हुन्छ कि हुँदैन ? जनता आफैं छाप्रोमा बस्छन् । सिमेन्ट बोक्ने उनीहरूको संस्कारै होइन । जसले सिमेन्ट देखेकै छैन, उसले कसरी सिमेन्ट बोक्न सक्छ ? त्यसैले जनसहभागिताको यो एउटा भौतिक पक्ष हो । अर्को पक्ष भनेको योजना हो । जनतासँगै बसेर योजना बनाउने हो भने जनसहभागिता आउँथ्यो ।

हाम्रो परम्परागत सोचाइअनुसार जनसहभागिता भनेको भवन बनाउने, जग्गा जमीन जोर्ने भौतिक क्षेत्रमा जनताको सहयोग लिनेजस्ता काम मात्र ठानियो । शिक्षालाई कसरी समाज उपयोगी गराउने भन्ने कुरामा जनताको विचार लिनुलाई जनसहभागिताको अर्थमा लिइएकै छैन । परम्परागत सोचाइअनुसार हामीले जनसहभागिताको अर्थ कसरी लगायौं भने हामीले गरेको कुरामा उनीहरू आइदिनुपर्छ । हामीले बनाउने योजनामा जनताहरू आइदिउन् भनेर सोच्नुभन्दा फरक ढंगले सोच्नु र काम गर्नु जरूरी छ । उनीहरू सँगसँगै गएर योजना बनाऔं न । पाठयक्रम नै उनीहरूले बनाउन् त । उनीहरूले बनाएको

**प्रजातन्त्रवादीहरुलाई प्रजातान्त्रिक शिक्षा भनेको के हो भनेर थाहा नहुनु, साम्यवादीहरुलाई जनवादी शिक्षा भनेको के हो भन्ने थाहा नहुनु जस्ता बैचारिक अन्यौल यहाँ रहेको छ ।**

# शिक्षा प्रणालीमा प्रजातन्त्रीकरण : किन र कसरी ?

नेपालमा बहुदलीय प्रजातन्त्र स्थापना भएको दश वर्ष पूरा हुन लागिरहेको छ । तर यो एक दशकभित्र सांस्कृतिक क्षेत्रमा, विशेषगरी शिक्षा क्षेत्रमा प्रजातन्त्रीकरणको लागि कुनै चिन्ता र चिन्तन नहुनु निकै दुखद् कुरा हो ।

कस्तो विडम्बना भने, आफूलाई 'प्रजातान्त्रिक समाजवादी' भन्ने नेपाली कांग्रेसलाई शिक्षा प्रणालीलाई किन र कसरी प्रजातन्त्रीकरण गर्ने भन्ने कुरामा न कुनै चासो छ न कुनै ज्ञान छ । उता आफूलाई 'जनवादी र समाजवादी हुँ' भन्न रुचाउने आधा दर्जनभन्दा बेसी कम्युनिष्ट पार्टीहरुले पनि यस विषयमा गहिरो चिन्तन-मननसहित वैकल्पिक बाटो खोज्न सकिरहेका छैनन् । त्यसैले हामीले कटु वास्तविकतालाई स्वीकार्नै पर्दछ - शिक्षामा जनवादीकरण किन र कसरी गर्ने भन्ने विषयमा स्थापित वामपन्थी पार्टीका नेताहरुमा पनि कुनै 'भिजन' छैन । यस्ता पार्टीहरुका पिछलग्गु बनेका विद्यार्थी, शिक्षक, प्राध्यापक, शिक्षणसंस्थाका कर्मचारीहरुका संघ वा संगठनहरुको चिन्ता र क्रियाशीलता पनि शिक्षा प्रणालीमा जनवादीकरण वा प्रजातन्त्रीकरणको सवालमा अत्यन्त कम, पार्टीका चुनाव र जुलूसहरुमा वा पेशागत हक-हितका सवालहरुमा बेसी देखिन्छ ।

यस्तो अपठ्यारो स्थितिमा हामीले भिजनविहीन पार्टीका नेता-कार्यकर्ताहरुको ध्यानाकर्षण गर्न, विविध सूत्रीय शैक्षिक मागहरुसहित संघर्ष गरिरहेका विद्यार्थी संगठनहरुलाई सचेत र सतर्क गर्न र पेशागत हकहितका सवालहरुमा डुबिरहेका शिक्षक, प्राध्यापक र कर्मचारी संघ-संगठनहरुलाई झकझक्याउन 'शिक्षामा प्रजातन्त्रीकरण : किन र कसरी ?' भन्ने सवालमा भएको कुराकानी यहाँ प्रस्तुत गर्दछौं ।

वैचारिक अन्यौल र अस्पष्टता रहेको यस विषयमा शिक्षाविद् डा. विद्यानाथ कोइरालासँग भएको कुराकानीले यस विषयका अन्तरकुन्तरहरु खोतल्न, गहन र विस्तृत छलफल गर्न धेरै नै मद्दत गर्न सक्दछ ।

हामीलाई लाग्दछ - धनी र गरीबबीच विभाजित हाम्रो समाजको शासकवर्गले मानिसहरुलाई अहिलेको वर्गीय सामाजिक ढाँचामा फिट गरी अनुकूलित गर्ने बलियो सांस्कृतिक हतियारको रुपमा शिक्षा प्रणालीलाई प्रयोग गरिरहेको छ । यस्तो प्रणालीमा प्रजातन्त्रीकरण वा जनवादीकरण गर्नका लागि र यसमा उत्पीडित जनताको हक-अधिकार स्थापित गर्नका लागि हामी सबैले चिन्ता र चिन्तन गर्नु जरुरी छ ।

शिक्षालाई कसरी सस्तो र सुलभ पार्ने ? कसरी सबैको पहुँचभित्र राख्ने ? कसरी धर्मनिरपेक्ष बनाउने? विद्यार्थीहरुलाई कसरी वैज्ञानिक दृष्टिकोणले लैश पार्ने ? कसरी आफ्नो जीवन र सामाजिक जीवनलाई प्रजातान्त्रिक बनाउनका लागि सघाउ पुऱ्याउने हिसाबले सम्पूर्ण शिक्षा प्रणालीलाई प्रजातन्त्रीकरण गर्ने ? स्कूल क्याम्पसको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, परीक्षा प्रणाली, स्कूल, क्याम्पसको व्यवस्थापन आदि जस्ता प्रश्नमा विद्यार्थी, अभिभावक र सम्पूर्ण जनताको अंकुश कसरी कायम गर्ने ?

सस्तो, सुलभ, वैज्ञानिक, धर्मनिरपेक्ष र प्रजातान्त्रिक शिक्षा प्रणालीको निर्माणका लागि जन-हस्तक्षेप गर्न चाहने सबै व्यक्ति, समूह वा पार्टीहरुले यस्ता विषयहरुमा गाउँ-शहरमा, स्कूल-क्याम्पसहरुमा व्यापक बहस, छलफल र अन्तर्क्रिया चलाउनुका साथै आवश्यक संघर्ष चलाउनु जरुरी भएको हामीलाई लाग्छ ।

❑ राजेन्द्र महर्जन

पाठयक्रम राष्ट्रले बनाएको पाठयक्रमभन्दा थप हुनसक्ला नि त । यसो गर्दा के पो नराम्रो भयो त ? उनीहरूको गाउँ ठाउँ सुहाउँदो कुराकानी, किताब, पाठ्यक्रम, भाषा सबै जोडिंदा केही नराम्रो होला त ? त्यसले नोक्सानी गर्दैन । उनीहरूको विश्वास लिन सकियो नि । जनसहभागिता भनेको यसरी आउने हो । नत्र ऊ अरू कसैको योजनामा के पाउनको लागि आउने ? तपाईं हाम्रो काम गर्नलाई उनीहरू आउनुपर्छ भन्ने जरूरी छैन । त्यसैले मलाई लाग्छ, हामीले ल्याउनै नजानेर शिक्षामा जनसहभागिता नभएको हो ।

◉ अहिलेको शिक्षापद्धतिमा सुधार र परिवर्तनका लागि जनताको सहभागिता कस्तो हुनुपर्छ ? नीति निर्माणमै पनि उनीहरूको सहभागिता कसरी हुनुपर्ने देखिन्छ ?

नीतिनिर्माण भनेको राष्ट्रियस्तरको हो कि उनीहरूको गाउँठाउँको लागि हो ? चिन्तनको दायराअनुसार मान्छेहरूले सोच्छन् । मेरो संसार भनेको मैले देखेको संसार मात्रै हो र तपाईंको संसार भनेको तपाईंले देखेको संसार मात्रै हो । तपाईंले देखेको र मैले देखेको संसार त एउटै पक्कै होइन । तपाईंको आँखा भिन्न हुनसक्छ, मेरो आँखा भिन्न हुनसक्छ । तपाईंको चिन्तनको शैली भिन्न हुनसक्छ, मेरो चिन्तनको शैली भिन्न हुनसक्छ । त्यसैले उनीहरूले बनाउने योजना भनेको उनीहरूको गाउँ ठाउँको लागि योजना हो । उनीहरूको गाउँ ठाउँको लागि बनाउने योजनामा उनीहरूलाई समावेश गर्ने भन्ने परिपाटी नै हाम्रोमा रहेन ।

नीति-निर्माणमा सहभागिता बढाउन अहिले हामीले केही कामधन्दाहरू गर्न थालेका छौं । जस्तो- अहिले जिल्ला शिक्षा योजना बनाइएको छ । २६/२७ वटा योजना बनाउँदा म त्यसमा सम्मिलित थिएँ । हामीले जनतामा क्षमता छ भन्ने कुरामा विश्वास गऱ्यौं । अनि केही जिम्मा दिंदा निकै छोटो अवधिमा उनीहरूले बकाइदासँग पटापट योजना बनाए । गाउँमा गए, हल्ला गरे, कुराहरू बटुलेर ल्याए, त्यसलाई लेखे, प्रस्तुत गरे । उनीहरूको क्षमतालाई चुनौती



सबैले यसरी पढ्ने अवसर कहिले पाउलान् ?

नगरेर पो अहिलेसम्म नआएको रहेछ त, नत्र त आउने रहेछ नि । हामीहरूले उनीहरूको योजना बनाइदिएकोले क्षमता र सहभागिता बृद्धि नभएको हो । त्यसैले उनीहरूलाई नै योजना बनाउन दिने र सहभागिता जुटाउने जिम्मा लगाउनुपर्छ । उदाहरणको रूपमा एउटा विद्यालयमा के के गर्ने भन्ने कुराको निर्णय गर्ने जिम्मेवारी र अधिकार उनीहरूलाई सुम्पनु पर्छ । तर यसको लागि पनि त्यहाँ विभिन्न समस्याहरू छन् । एउटा समस्या छ, बढ्दो राजनीतिकरणको । राजनीतिकरणभन्दा पनि पोल्युटाइजेसन भनौं न । पोलिटीसाइजेसन होइन कि पोल्यूटाइज्रेसन । चिन्तनलाई पोल्यूट (प्रदूषित) गर्ने किसिमको हिसाव मात्रै त्यहाँ हुने गर्छ । अर्को हेर्नु पर्ने पक्ष छ- कुनै कामको तत्काल फाईदा मेरो भाइ भतिजालाई, मेरो बहिनी ज्वाइँलाई, मेरो दिदीलाई हुनुपर्छ भन्ने मानसिकता । त्यो दुईटा मानसिकतालाई जित्ने बाटो ल्यायौं भने त जनसहभागिता प्रशस्त पाइन्छ । उनीहरू आफैं गर्छन्, गरिरहेका पनि छन् । हामीले त्योप्रति आफूलाई 'ट्यूनअप' नगरेको मात्रै हो ।

**◉ अहिले त स्कूलको व्यवस्थापन समिति बनाउँदा पनि केन्द्रिकृत ढंगले निर्णय भइरहेको छ । त्यसमा के गर्नुपर्छ जस्तो लाग्छ ?**

त्यसमा पनि हामीले विभिन्न अभ्यासहरू गऱ्यौं । व्यवस्थापन समिति निर्माणमा हामीले पहिलो प्रयास गऱ्यौं, त्यसमा प्रविधिकहरू मात्रै बनाउने रहर गऱ्यौं र प्राविधिक मान्छेहरू राख्यौं । समस्या के भयो भने, जिल्ला शिक्षा कार्यालयको ठूलो हस्तक्षेप भयो । फेरि जनप्रतिनिधित्व गर्ने हिसावले दोस्रो प्रयास गऱ्यौं । त्यसमा गा.वि.स. वा अन्य जनप्रतिनिधिहरूलाई ल्यायौं । त्यहाँ फेरि पार्टी हावी भयो । तेस्रो दुवैथरिलाई मिलाएर राख्ने प्रयास गऱ्यौं । त्यसमा दुईजना शिक्षाविद्, दुई जना चन्दादाता आदिबाट ल्याउने सोचाइ भयो । त्यसो गर्दा पनि फलाना व्यक्तिलाई नै त्यहाँ राख्नुपर्छ भन्ने मानसिकताबाट ग्रसित भयौं । समाजले रुचाएको व्यक्तिलाई खोजेर राख्न सकेको भए राम्रो हुन्थ्यो । हामीले त्यसो गरेनौं । त्यसो नगरेको हुनाले अहिलेको व्यवस्थापन समितिमा एउटा अर्को नयाँ सोच आएको छ । त्यो सोच के हो भने, जसको केटाकेटी पढिरहेको छ, उनीहरूमध्येबाट उनीहरूले पत्याएको व्यक्ति राख्ने । त्यो चिन्तनलाई ठाउँ ठाउँमा प्रस्तुत पनि गरिएको छ । यसलाई प्राथमिक शिक्षा परियोजनाको गुरूयोजनामा पनि उल्लेख गरिएको छ ।

तर त्यहाँ पनि व्यवस्थापन समितिमा बसेर फाईदा के पाइन्छ भन्ने समस्या उत्पन्न भयो । वास्तवमा हामीले यस्ता विभिन्न नयाँ प्रयासहरू गऱ्यौं । तर कुन ठाउँमा कुन प्रयासले राम्रो काम गर्छ भन्ने कुरा सोचेनौं । मेचीदेखि महाकालीसम्म एउटै नीतिले काम गर्नुपर्छ भन्ने यान्त्रिक सोचाईले हामीलाई अहिलेसम्म धोका दिइरह्यो । हामी त्यही यान्त्रिक सोचाईको शिकार भएका हौं । वास्तवमा नीति निर्माणकर्ताले विभिन्न ठाउँको परिस्थिति बुझ्न नसक्नुको दुस्परिणाम हो यो । यदि उनीहरूले यो कुरा बुझ्न सकेको भए निश्चितै रूपमा विभिन्न ठाउँको लागि विभिन्न नयाँ नयाँ कुराहरू आउँथ्यो । एउटै जिल्लामा पनि



विभिन्न 'सेटिङ्ग' आउँथ्यो ।

कुनै जिल्लामा व्यवस्थापन समितिका मान्छेकहाँ गइयो भने अहिले पनि झुकेर नमस्ते गर्नुपर्छ । वि.पि.कोइरालाको भाषामा भन्ने हो भने उनीहरू ठूला मान्छे हुन्, असल मान्छे होइनन् । असल मान्छे नभएर उनीहरू ठूला मान्छे मात्रै भए । ठूला मान्छेलाई सम्मान गर्ने काममा हाम्रो व्यवस्थाले समर्थन गरिरह्यो । असल मान्छेलाई हामीले ल्याउनै जानेनौं । त्यही व्यवस्थापन समितिमा पनि त्यस्ता असल मान्छे पनि छन्, जसलाई भित्रैदेखि झुकेर नमस्ते गरौं जस्तो लाग्छ । तिनीहरूलाई हामीले अगाडि ल्याउन सकेनौं । त्यसो भएपछि उनीहरूमा नैराश्यता बढ्यो ।

**◉ शिक्षामा जनताको सहभागिता बढाउने तरिका के हुनसक्छ ? कुन प्रक्रियाबाट हुनसक्छ ?**

वास्तवमा जनसहभागिता बढाउने सोच चाहिं छ, तर कार्यान्वयन गर्ने आँट कसैसँग पनि भएन । एउटा स्केच मात्रै हाम्रो टाउकोमा हुने हो र त्यसलाई ठाउँमा लगेर हेर्ने हो भने नयाँ नयाँ प्रक्रियाहरू फक्रिदैं जान्छन् । त्यसकारण म के भन्छु भने, स्केच बनाएर ठाउँमा जान सक्ने हाम्रो आँट नभएको हो । यदि आँट भएको भए थुप्रै कुरा फटाफट् त्यहीं जन्मन्थे । जनसहभागिताको सम्भावनाहरू थुप्रै छन् । केही काम सफलतापूर्वक भई पनि रहेका छन् । जस्तो- एउटा शिक्षकलाई लिन सकिन्छ । एउटा शिक्षकले समाजलाई परिचालन गर्न गरेको योगदानलाई अगाडि ल्याइदिने हो भने उसले समाजभित्र कसरी छिर्न सकिन्छ भनेर भन्नसक्छ । एउटा शिक्षकले सामग्री उत्पादन कसरी गरिरहेको छ भन्ने कुरा हेरेरै त्यहाँ के गर्नसकिन्छ भन्ने कुरा थाहा भइहाल्छ । यसरी उनीहरूले गरेको कुरालाई समेटेर शिक्षा व्यवस्थाको अंग बनाउन हामीले सकेनौं । हामीले सोचेको कुरामा उसलाई फिटिङ्ग गर्ने मानसिकता मात्र हामीमा रह्यो । उनीहरूले सोचेको कुरालाई फलाई-फुलाई हाम्रो बनाउँछौं भन्न सकेको भए स्थिति खुलस्त भइहाल्थ्यो ।

स्थानीय रूपमा पाठ्यक्रम बनाउने बारेमा एकपटक सोचौं । स्थानीय भाषामा पाठ्यपुस्तक लेख्ने कुरा सोचौं, के हुन्छ ? उनीहरूको भाषामा 'कथा, कविता लेख, गीत लेख' भनेर भन्ने हो भने आफ्नो भाषामा कैयौंले लेख्नसक्छन् । त्यसलाई सम्पादन गरौं । त्यसमध्ये सबभन्दा राम्रो रचनालाई पुरस्कार दिने व्यवस्था गरौं । छ महिनामा देशभरिका भाषाहरूमा सबै किताब बन्नसक्छ । अहिले तामाङ्ग भाषामा, गुरूङ्ग भाषामा 'आर्किमिडिजको सिद्धान्त' किन चाहियो ? अहिले चाहिएको कुरा उनीहरूको चिन्तन प्रक्रियाको विकास गर्नु हो । अहिलेको स्थितिमा कथा मात्रै बटुले

**स्थानीय भाषामा पाठ्यपुस्तक लेख्ने कुरा सोचौं, के हुन्छ ? छ महिनामा देशभरिका भाषाहरूमा सबै किताब बन्नसक्छ ।**

पनि किताब बन्छ, कविता मात्रै बटुलियो भने पनि किताब बन्छ । उनीहरूले भोगेको कथाव्यथा मात्रै बटुलियो भने पनि किताब बन्छ । त्यसरी उनीहरूले लेखेको कथा कविताबाट किताब बनेपछि 'ए हामीले पनि लेख्न सक्छौं' भन्ने आत्मविश्वास उनीहरूमा जन्मिन्छ । त्यसपछि त्यहाँको परंपरागत विज्ञान के छ, त्यसलाई खोजौं । त्यसको र अहिलेको आधुनिक विज्ञानसंग के सम्बन्ध छ, त्यो हेरौं । यसरी नै शिक्षामा जनसहभागिता बढ्दै जान्छ । त्यसैले म भन्छु- यो काम गर्ने आँट महत्वपूर्ण हो, त्यस्ता नयाँ नयाँ चिन्तन त थुप्रै छन् ।

**◉ यस्तो प्रयोग नेपालमा पनि कहीं भएको छ कि ?**

अहिलेसम्म मेरो जानकारीमा त्यतिधेरै छैनन् । केसम्म छ भने अनौपचारिक शिक्षा र प्रौढ कक्षाहरूमा गाउँले प्रौढहरूले, त्यहींका शिक्षक सहयोगीहरूले लर्नर जेनेरेटेड मेटेरियल वा पार्टिसिपेन्ट जेनेरेटेड मेटेरियल भनेर पाठ्यपुस्तक बनाउने, अनि छलफल गर्ने र पढाइको कार्यक्रम संचालन गर्ने चलनचल्ती छ । त्यहाँ सहभागीहरूले बनाएका गीतहरू छाप्ने र उनीहरूले भोगेका-व्यहोरेका कथा, कविता लेख्न लगाएर छाप्ने र उनीहरूलाई त्यो किताब पढ्नदिने चलनचल्ती छ । त्यो प्रक्रिया औपचारिक शिक्षामा ल्याउन सकियो भने निकै काम लाग्छ । यसको लागि आँट चाहियो । जनताप्रतिको विश्वास चाहियो । 'उनीहरूले देखाएको नौलो प्रक्रियालाई म मेरो स्केचभित्र फिटिङ्ग गर्नसक्छु' भन्ने मानसिकता चाहियो ।

**◉ शिक्षामा प्रजातान्त्रिक प्रक्रियाको कुरा गर्दा बिकेन्द्रीकरणको कुरा पनि उठ्छ । अहिलेको अवस्थामा यहाँ कत्तिको विकेन्द्रीकरण भएको छ ?**

बिकेन्द्रीकरणलाई मैले एक दुईवटा पक्षबाट हेरेको छु । एउटा पक्ष, शक्तिको विकेन्द्रीकरण कि चिन्तनको विकेन्द्रीकरण ? हाम्रो ढाँचा शक्तिको विकेन्द्रीकरणको हिसाबमा बनेको छ । किनभने हामीसँग बिकेन्द्रीकरणको ऐन छ, नियमावली बन्दैछ । विकेन्द्रीकरण गर्नुपर्छ भन्ने भाषण धेरै समयदेखि हुँदै आएको छ । फेरि हामी विकेन्द्रीकरण प्रणालीमा त्यति धेरै नहुर्केको हुनाले गाह्रो पनि छ । अर्को, केन्द्रीकरण र विकेन्द्रीकरण जे हुँदा पनि हामीले सार हेर्नुपर्छ, रूप होइन । प्रजातान्त्रिक देशहरूमा फ्रान्सको शिक्षा व्यवस्थालाई हेर्ने हो भने त्यहाँ केन्द्रीकरण छ, अति नै धेरै केन्द्रीकरण । चीनमा हेरियो भने पनि अति नै केन्द्रीकरण छ । दुईटै देशको प्रजातान्त्रिक अभ्यासको कुरा गरियो भने फेरि भिन्नै पाइन्छ । त्यसैले त्यो एउटा अंग हो भन्ने किसिमको हाम्रो सोचलाई पनि हामीले एकचोटि सोचौं । केन्द्रीकृत हुंदा पनि विकेन्द्रीत जनशक्तिको क्षमतालाई हामी कसरी माथि ल्याउन सक्छौं भनेर हामीले हेर्न सक्छौं ।

शिक्षामा विकेन्द्रीत व्यवस्थालाई अमेरिका र क्यानाडाले अपनाएका छन् । उनीहरूले पनि सारमा त्यही कुरा ल्याएका छन् । त्यसकारण विकेन्द्रीकरण भएपछि समस्याहरू आउँछन् भन्ने कुरा होइन । नत्र केन्द्रीकृत चिन्तनमा पनि विकेन्द्रीकरणका धारणाहरू हाल्नसक्ने गुन्जायस हुनसक्छ । विकेन्द्रीकृत व्यवस्थामा पनि ती कुराहरू हाल्न सकिन्छन् । एउटा उदाहरण लिउँ । साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने जिम्मा कसको भन्यो भने 'राष्ट्रको' भनेर एकजनाले भन्नसक्ला । तर गाउँको माझमा स्कूल छ, स्कूल वरिपरिका व्यक्तिहरू निरक्षर छन्, कसैले ती व्यक्तिहरूलाई साक्षर बनाउने काम स्कूलको पनि हो भन्यो भने त्यो स्कूल नै केन्द्र हुनजान्छ । अथवा त्यसलाई 'फुच्चे केन्द्र' भन्न सकिन्छ । त्यो फुच्चे केन्द्र आफू उत्प्रेरित भयो भने तिनीहरू आफैंले कार्यक्रम संचालन गर्नसक्छन् । त्यसो भयो भने केन्द्रको काम त सहयोगी र सहजकर्ताको मात्र हुनसक्थ्यो । त्यसैले विकेन्द्रीकरणलाई अभिशापका रूपमा हेर्नुभन्दा पनि केन्द्रीकरण होस् वा विकेन्द्रीकरण होस्, गर्नुपर्ने काम त्यसरी नै हो भन्ने सोच बनाउनु पर्छ ।

**अनौपचारिक शिक्षा र प्रौढ कक्षाहरूमा गाउँले प्रौढहरूले, त्यहींका शिक्षक सहयोगीहरूले लर्नर जेनेरेटेड मेटेरियल वा पार्टिसिपेन्ट जेनेरेटेड मेटेरियल भनेर पाठ्यपुस्तक बनाउने, अनि छलफल गर्ने र पढाइको कार्यक्रम संचालन गर्ने चलनचल्ती छ । त्यो प्रक्रिया औपचारिक शिक्षामा ल्याउन सकियो भने निकै काम लाग्छ ।**



**◉ अहिलेको शिक्षा पद्धतिले कति हदसम्म समानताको नीतिलाई अँगिकार गर्न सकिरहेको छ ?**

– अहिलेको शिक्षा पद्धतिले समानता ल्याएको छैन । अहिलेको समानता भनेको सबैलाई अलि अलि गरेर बाँड्ने समानता हो । धनी-गरीब सबैलाई बराबर बाँड्ने समानता भएको छ । तर गरीबका छोरा-छोरीलाई धनीका छोरा-छोरीलाई भन्दा विशेष व्यवस्था गर्ने काम यहाँ भएको छैन ; त्यसैले अहिलेको समानता भनेको शाब्दिक समानता हो, यो प्रायोगिक समानता हो भन्ने कुरा म ठान्दिन । प्रायोगिक समानता भनेर मैले कस्तो समानता भन्न खोजेको हुँ भने, प्रजातन्त्रीकरणमा सबैलाई एउटै अवसर दिने बित्तिकै सबैले लिन सक्छन् भन्ने कुरा गलत हो ।

अवसर दिने बित्तिकै सबैले बराबर रूपमा लिन सक्छन् भन्ने कुरा यान्त्रिक सोच मात्रै हो । त्यसमा त कोही कोही अत्यन्त आशावादी भएर त्यसलाई लिन कुद्ने खालका हुन्छन् । कोही उदार भएर 'भोलि लिउँला' भन्ने खालका हुन्छन् । तर भोलि हुँदा अरूले लगिसक्छ । त्यसैले प्रजातन्त्रमा शिक्षाको समानताको कुरा गर्ने हो भने 'सकारात्मक विभेद'लाई संगसँगै लैजानुपर्छ । यसरी लगिएन भने त्यो प्रजातान्त्रिक समानता हुँदैन ।

**◉ सकारात्मक विभेदलाई व्यावहारिक उदाहरणसहित व्याख्या गर्न सकिन्छ कि ?**

मैले भन्न खोजेको के हो भने अवसर दिएर पनि लिन नसक्नेहरूको लागि राष्ट्रले सुरक्षा दिनुपर्दछ । जस्तो- दलित जाति वा विपन्न स्थितिमा बाँचेका वा दुर्गम ठाउँमा बस्नेहरू । तिनीहरू अवसर लिन नसकेका व्यक्तिहरू हुन् । त्यसरी अवसर लिन नसकेका व्यक्तिहरूलाई एउटै घेरामा नआएसम्मको निम्ति गरिने व्यवस्था भनेकै 'सकारात्मक विभेद' हो । त्यसको लागि हामीसँग केही सफल प्रयोगहरू पनि छन् । जस्तो- महिला शिक्षाको लागि महिला छात्रवृत्ति । यो कार्यक्रम सन् १९७० देखि नै चल्दै आएको हो । अर्को, संस्कृत भाषा पढ्ने विद्यार्थीहरूको लागि छात्रवृत्ति । यो त युगौंदेखि चलिआएको छ । अहिले पनि दुर्गम क्षेत्रका प्राथमिक शिक्षामा सबै केटाकेटीहरूलाई छात्रवृत्ति दिने भनेको कुरा पनि त्यही सकारात्मक विभेदकै कुरा हो । दलित वा महिला छात्रवृत्ति, तथा प्राथमिक कक्षामा दिइएको पौष्टिक आहारको कुरा पनि त्यही सकारात्मक विभेद नै हो । तर यो सकारात्मक विभेदलाई अलि घनीभूत ढंगबाट लिएर त्यस्तालाई स्कूलमा ल्याउन सकियो भने बल्ल प्रजातान्त्रिक र सकारात्मक ढंगको विभेद आउँछ, समानताको स्थिति आउनसक्छ ।

समानता भनेको इक्वेल होइन, इगेलिटेरियन कुरा हो । इक्वेल भनेको ५ जनामध्ये पाँचै जनालाई एक एक मुठी बराबर बाँडिदिनु हो । तर व्यक्तिगत आवश्यकता-अनुसार कसैलाई एक मुठी

चाहिएला, कसैलाई दुईमुठी चाहिएला । कसलाई दुईमुठी दिने भन्ने कुरा प्रजातान्त्रिक हिसाबमा इगेलिटेरियन उपाय वा सकारात्मक विभेद हो । खोजेको कुरा पनि त्यही हो ।

**◉ शिक्षामा प्रजातन्त्रीकरणको सवालसँग जोडिएर आउने अरू कुराहरू के के छन् ?**

प्रजातन्त्रीकरण गर्नलाई सबभन्दा पहिले हामीले हाम्रो टाउकोमा प्रजातन्त्रीकरण पऱ्यो । हामीजस्ता कथित बौद्धिक जमात, पत्रकार वा शिक्षाविद् आदिको चिन्तनमा प्रजातन्त्रीकरण चाहिन्छ । कथित किन भनेको भने हामीले बुझेका छौं तर गर्ने ठाउँमा पुऱ्याएइका छैनौं । हामीमा एकले अर्कोलाई के भन्न खोजेको छ भन्ने कुरा विश्लेषणसहित सुन्न सक्ने धैर्य चाहिन्छ । दोस्रो पक्ष हो- आर्थिक हिसाव । विपन्न व्यक्तिको निम्ति विशेष आर्थिक व्यवस्था हुनुपर्छ । त्यो व्यवस्था नभएसम्म शिक्षामा प्रजातन्त्रीकरण सम्भव छैन । तेस्रो पक्ष- संस्कारको पुनर्चिन्तन हो । हामीसँग भएका केही संस्कारले केही व्यक्तिहरूलाई स्कूलमा प्रवेश दिंदैन । केही मान्यताहरू छन् जसले गर्दा केही व्यक्तिहरूलाई त्यहाँ आउन असजिलो हुन्छ । चाहे अपांग होस्, चाहे दलित होस्, चाहे महिला होस् उनीहरूलाई खिस्याउने चलन छ । यस्तो संस्कारको बपौतीलाई हामीले फेर्नुपर्छ । अर्को फेर्नुपर्ने कुरा भनेको राजनीतिज्ञहरूको चिन्तन हो । शिक्षाको दृष्टिकोणले हेर्दा राजनीतिज्ञको चिन्तन अहिले 'गीत गाउने शैली' मा छ । कांग्रेस होस्, कम्युनिष्ट होस् वा पंच होस् वा अरू कुनै होस् ,उनीहरूको चिन्तन मीठो लयमा गीत गाउने शैलीमा छ । राम्रा, आकर्षक, लोकप्रिय तर अमूर्त नीति, कार्यक्रम र नाराको गीत गाउने शैली । यसलाई छोडेर प्रत्येक विचारधाराका राजनीतिज्ञहरूले स्कूलमा नगएका व्यक्तिरूलाई कसरी स्कूलमा लैजाने ? स्कूलमा लैजानको लागि मैले के गर्नसक्छु ? भन्ने व्यवहारिक चिन्तन गर्न थाले भने बल्ल शिक्षामा प्रजातन्त्रीकरणको शुरूवात हुन्छ ।

**◉ शिक्षा मन्त्रालय-देखि तल स्कूलसम्मको नोकरशाहीतन्त्रलाई शिक्षामा प्रजातन्त्रीकरणको बाधकको रूपमा लिइएको छ । के त्यो साँच्चै बाधककै रूपमा छ ?**

वास्तवमा जनप्रशासन बारेमा विश्लेषण गर्ने व्यक्तिहरूमध्ये नोकरशाहीलाई चाहिं साँच्चै बाधा हो भनेर देख्ने व्यक्तिहरू थुप्रै छन् । तर त्यसले राम्रो काम गरेको पनि छ । त्यसैले नोकरशाहीतन्त्रलाई बाधा भनेर त्यतिबेलासम्म मात्रै भन्न सकिन्छ, जतिबेलासम्म तिनीहरूको हालीमुहाली चल्नसक्ने अवस्था हुन्छ । जब गाउँ गाउँमा राजनैतिक दलहरूले 'यो पाँचवर्ष पछाडि



यहाँका केटाकेटीहरूलाई के के गराउँछु, आर्थिक रूपले विपन्नहरूलाई कसरी शिक्षा दिलाउँछु, प्रजातान्त्रिक अभ्यासको लागि मेरो संस्कारलाई कसरी परिवर्तन गर्नसक्छु ?' भन्ने चिन्तन गर्ने हो भने नोकरशाहीले त्यति बाधा दिदैन । किनभने जनताभन्दा नाकेरशाही बलियो भयो भने त्यसले जनतालाई पेल्छ नै । तर जनता बलियो भयो भने त नोकरशाही कमजोर हुन कर लाग्छ । यतिखेरसम्म चलिरहेको संस्कार हो- राम्रो लुगा लगाउने र राम्रो टेबुलमा बस्ने मान्छे ठूलो । प्रजातन्त्रले पनि त्यही मान्यता बोक्ने हो भने त्यो प्रजातन्त्र नै होइन । यदि प्रजातन्त्र त्यस्तै हुने हो भने त्यहाँ सकारात्मक विभेदको कुराकानी पनि हुँदैन, त्यसैले त्यो शिक्षा पनि होइन । त्यसैले त्यो नोकरशाहीलाई बलियो बनाउन हाम्रो शिक्षाले काम गरेको भए म भन्न सक्दिनँ । तर यदि हामीले भनिरहेको प्रजातान्त्रिक शिक्षा ल्याउने हो भने त्यो नोकरशाही बलियो हुँदैन । यो शिक्षाले गर्दा नोकरशाही कमजोर हुनुपर्छ र हुन्छ पनि ।

**◉ शिक्षालाई एकहदसम्म सरकारले "दान दिने" अर्थमा लिइएको छ । यसलाई जनताको मौलिक अधिकारको रूपमा लिने कुरालाई कसरी व्यवस्थित गर्न सकिन्छ ?**

म अधिकार भन्ने कुरालाई

> **मेचीदेखि महाकालीसम्म एउटै नीतिले काम गर्नुपर्छ भन्ने यान्त्रिक सोचाइले हामीलाई अहिलेसम्म धोका दिइरह्यो । हामी त्यही यान्त्रिक सोंचाइको शिकार भएका हौं ।**

कसरी हेर्छु भने जनता सचेत भयो भने 'मेरो अधिकार' भनेर उसले अधिकार खोज्छ । अचेत जनता भयो भने सरकारले पेल्छ । अहिले पनि त पेली नै राखेको छ । अहिलेसम्म हामीसँग भएको संस्कार नै यही हो । सरकार सुरक्षा दिने अंगको रूपमा स्थापित छ कि सहयोग गर्ने वा सजग बनाउने अंगको रूपमा ? यदि सुरक्षा दिने अंगको रूपमा हो भने सरकारले कसलाई सुरक्षा दिनुपर्छ ? सरकारले विशेष गरी गरीव उत्पीडित तप्काका व्यक्तिहरूलाई सुरक्षा दिनुपर्छ । यदि सरकार फासिलिटेड गर्ने अंगको रूपमा छ भने चेतनाको स्तर पुगीसकेकालाई फासिलिटेड गर्नुपर्ने हो । मैले देख्दा अहिलेको स्थितिमा सरकारले सबैलाई एउटै भाउ गऱ्यो । चिन्तन भएका मान्छेलाई पनि सुरक्षा नै दिने र नियन्त्रण नै गर्ने हिसाबमा सरकारले व्यवहार गऱ्यो ।

मेरो विचारमा अहिले सरकारले शिक्षामा लगानी गर्नुपर्छ । यो सरकारको दायित्व हो । कुनैबेला शिक्षाको दायित्व परिवारको थियो । कुनैबेला धर्मको थियो । तर अहिले परिवार र धर्मले मात्र शिक्षा दिएर पुग्दैन । अब परिवारले मात्र शिक्षा दिएर पुग्ने अवस्था छैन । र, धर्मले मात्र शिक्षा दिएर पुग्ने अवस्था पनि छैन । किनभने धर्मको शिक्षा एकांकी हुन्छ भने परिवारको शिक्षा सीमित आकाशजस्तै हुन्छ । राष्ट्रले दिने शिक्षा भनेको राष्ट्रिय तथा अन्तरराष्ट्रिय दायित्व दुवैलाई बुझेर दिने शिक्षा हुन्छ । यो शिक्षाको प्रतिफल राष्ट्रले नै पाउँछ । त्यसैले राष्ट्रले शिक्षामा न्यूनतम लगानी त गर्नैपर्छ । राष्ट्रले लगानी गर्नु यस अर्थले पनि जरूरी छ कि जनताले शिक्षा प्राप्त गर्ने अधिकारको ग्यारेन्टी गर्ने दायित्व सरकारको हो । जनता सचेत भएको भए त आफ्नो शिक्षा प्राप्त गर्ने अधिकार प्राप्तिको लागि उनीहरू आफैं लड्थे । तर अहिले नेपालमा त्यो स्थिति छैन । त्यसैले पनि राष्ट्रले जनताको शिक्षाको अधिकार ग्यारेन्टी गर्न लगानी गर्नैपर्छ ।

**◉ संविधानमा शिक्षालाई मौलिक हकको रूपमा ग्यारेन्टी दिने व्यवस्था गर्न सकिन्छ कि सकिदैन ?**

सकिन्छ । शिक्षा प्राप्त गर्नु जनताको अधिकार हो । वास्तवमा अहिले संयुक्त राष्ट्रसंघको भाषा बोल्ने हो भने, उनीहरूले बोल्ने कुरा पनि यही हो । त्यही भाषा रट्दै भाषण गर्दछौं हामी । तर हाम्रो गराइले त्यो भाषाको मर्म बोलेको छैन । हाम्रो गराइले के भाषा बोल्नु पर्थ्यो भने "हामीले यो वर्षमा यो ठाउँमा सबै व्यक्तिलाई स्कूल छिराउँछौं । सबै ठाउँमा सबै जनतालाई पढ्न पाउने ग्यारेन्टी गर्न यो यो व्यवस्था गर्छौं । हाम्रो राष्ट्रको यन्त्र त्यतातिर जान्छ । " - तर यो कुरा भन्ने हाम्रो तागत छैन । यसो नभएको हुनाले त्यो भनाइलाई रट लगाएको मात्र भन्न सकिन्छ । कि त जनतालाई "शिक्षा प्राप्त गर्ने तिम्रो अधिकार हो, त्यो अधिकार हामीसँग लिन आउनू" भनेर सरकारले भन्नु पऱ्यो ।

**◉ राजनैतिक पार्टीहरूको**

**घोषणापत्र, दस्तावेज वा क्रियाकलापहरूमा शिक्षापद्धतिको प्रजातन्त्रीकरणको सवाल केही झल्किएको देखिन्छ कि देखिँदैन ?**

०५५ को शिक्षा आयोगको रिपोर्टको सुन्दरता केमा छ भने यो रिपोर्ट आउँदा करीब सबै पार्टीहरू, काँग्रेस, एमाले, माले, रा.प्र.पा. र सद्भावनासमेत सरकारमा पुगिसकेका थिए । तर उनीहरू सरकारमा पुगिसकेको नाताले त्यो रिपोर्टको सम्बन्धमा जुन राजनैतिक सम्मति बन्नुपर्थ्यो, त्यो बनेको देखिँदैन । किनभने राजनीतिज्ञहरूले त्यसबारेमा गहिरो चिन्तन गरेकै छैनन् । प्रजातन्त्रवादीहरूलाई प्रजातान्त्रिक शिक्षा भनेको के हो भनेर थाहा नहुनु, साम्यवादीहरूलाई जनवादी शिक्षा भनेको के हो भन्ने थाहा नहुनु जस्ता बैचारिक अन्यौल यहाँ रहेको छ । त्यही अन्यौलले गर्दा आउन सक्ने कुरा नआएका हुन् । नत्रभने त शिक्षामन्त्री देवी ओझा भएका हुन्, गोविन्दराज जोशी भएका हुन् र अर्जुनरसिंह के.सी. भएका हुन् । दुइटै बलिया पार्टीका मन्त्री भएपछि त दुईटैका कुरा आउनुपर्ने हुन् नि ! त्यहाँ त जनवाद प्लस प्रजातान्त्रिक शिक्षाको योजना हुनुपर्ने हो । र, रा.प्र.पा.को उदारवाद तथा सद्भावनाको समतावाद सबै टाँसिएर आउनुपर्ने हो । तर टाँसिनै सकेन । किनभने उनीहरूको राजनैतिक चिन्तन शिक्षाको दस्तावेजमा पस्न सकेन । पार्टीहरूको घोषणापत्रमा चाहिँ केही उल्लेख गरिएको छ । जस्तो- एमालेको घोषणापत्रमा ५ वर्षभित्रमा सबैलाई साक्षर बनाउने भन्ने उल्लेख छ । नेपाली काँग्रेसको दस्तावेजमा साक्षरता प्रतिशत ७० पुऱ्याउने भन्ने कुरा लेखिएको छ । तर त्यसलाई व्यवहारमा रूपान्तर गर्नलाई के मन्त्र छ त, जुन मन्त्रले देशका सबै व्यक्तिहरू ५ वर्षमा साक्षर हुनसक्छन् ? -त्यो मन्त्र पनि त्यसमा आउनु पर्थ्यो तर आएन । त्यो मन्त्र त्यसभित्र नआएको हुनाले घोषणापत्रमा उल्लेख भएको कुरा हात्तीको देखाउने दाँत मात्र भयो । त्यसको व्यावहारिक रूप र प्राविधिक पक्ष कस्तो हुनुपर्छ भन्ने कुराको निर्धारण गर्ने जिम्मा त राजनीतिक चिन्तकहरूले प्राविधिक व्यक्तित्वलाई जिम्मा दिनुपर्थ्यो । प्रत्येक पार्टीले बनाएका घोषणापत्रलाई प्रत्येक पार्टीका प्राविधिकहरूले प्राविधिक मासु भरिदिनु पर्थ्यो, तर त्यसो भएन । हाड बन्यो तर 'लफ्टी हाड' मात्रै, त्यसले प्राविधिक मासु पाएन । प्राविधिक मासु नपाएको हुनाले यस विषयमा दस्तावेजै छैन ।

विश्वको कुनै पनि देशमा राजनैतिक दलले शिक्षा हाँकेको ठाउँमा, विशेष गरी साम्यवादी देशहरूमा उनीहरूले इमान्दारीसाथ भनेका छन्- "विद्यार्थीहरूलाई रेड एक्सपर्ट" बनाउँछु । उनीहरूले त्यो कुराकानीलाई ठ्याक्क बुझेका छन् र किताबमा त्यसरी नै हाल्छन् । अमेरिका वा क्यानाडा जस्ता पूँजीवादी देशहरूले पनि आफ्ना प्रजातान्त्रिक अभ्यास र चिन्तनहरू व्यवहारमा कसरी अनुवाद गर्ने भन्ने कुरा लेखेका छन् । तर हाम्रोमा त्यस्तो भएन । हुन सक्ने संकेत पनि देखिएन ।

***प्रजातन्त्रवादी देशले 'अरूको अनुभवबाट सिक, आफ्नो अनुभवबाट गर' भन्ने कुरा ल्याए । साम्यवादी देशहरूले 'किसानहरूकहाँ जाऊ र उनीहरूबाट सिक' भन्नेकुरा ल्याए । तर दुईटैले गरेको एउटै तत्व के हो भने पाठ्यपुस्तकलाई किताब मात्र पढेर होइन, जीवनसँगै पढाउनु पर्ने व्यवस्था गरे ।***

◉ **शिक्षामा प्रजातन्त्रीकरणलाई विदेशमा कसरी अभ्यास गरिएको छ । साम्यवादी र पूँजीवादी मुलुकहरूले के के गरेका छन् ?**

- साम्यवादीहरूले समाजलाई रूपान्तरण गर्ने सोच राखेर जनवादी शिक्षाको कुरा ल्याए, जसमा राज्यसत्ता, आर्थिक संरचना र सामाजिक शैली जम्मैलाई रूपान्तरण गर्ने सोच राखिएको छ । प्रजातन्त्रवादी वा पूँजीवादी देशहरूले व्यक्तिको सत्तालाई सम्मान गर्दै सुरक्षा दिनुपर्ने व्यक्ति वा समूहलको प्रजातान्त्रिक शैक्षिक अधिकारलाई सुरक्षा दिने सोच ल्याए । यसरी दुईटैको सोच भिन्दाभिन्दै भएता पनि उनीहरूले एउटै काम गरे, त्यो काम के हो भने सबैकहाँ शिक्षा पुऱ्याउने । चाहे त्यो कोरसिभ किसिमले होस् वा परसूएसिभ किसिमले होस्, उनीहरूले सबैमा शिक्षा पुऱ्याउने काम गरे । यस हिसाबले अमेरिका, क्यानाडा अथवा चीनमा तात्विक भिन्नता त केही भएन । उनीहरूले न्यूनतम शैक्षिक अधिकारको ग्यारेण्टी गरिदिए ।

त्यसै गरी, पढाउने विधिमा पनि दुवैथरिले समाजलाई विश्लेषण गर्नसक्ने र सामाजिक कुरासँग जोडिन सक्ने क्षमताबृद्धि गर्ने प्रयास गरे । प्रजातन्त्रवादी देशले 'अरूको अनुभवबाट सिक, आफ्नो अनुभवबाट गर' भन्ने कुरा ल्याए । साम्यवादी देशहरूले 'किसानहरूकहाँ जाऊ र उनीहरूबाट सिक ।' भन्नेकुरा ल्याए । बाटो फरक होला, पेल्ने र फकाउने । तर दुईटैले गरेको एउटै तत्व के हो भने पाठ्यपुस्तकलाई किताब मात्र पढेर होइन, जीवनसँगै पढाउनु पर्ने व्यवस्था गरे । अर्को पढाउने तरिकामा दुवैथरिले 'आफूले पढाउने विषयमा आफैंलाई प्रस्तुत गर' भन्ने कुरा ल्याए । जस्तो - कुनै विषय पढाउँदा 'फलानाले यस्तो भन्नेको छ, ढिस्कानाले यस्तो भनेको छ' भन्ने कुरा मात्र नपढाईन आफ्नो चिन्तन के हो, त्यो पनि प्रस्तुत गर भनी सिकाए । त्यस्तै किसिमले परीक्षा लिने तरिकालाई 'कण्ठ गरेर जाँचमा बान्ता गर्ने तरिका' भनी दुईवटैले हाँक दिए । परीक्षार्थीलाई 'खोजेर ल्याऊ, आफूलाई समृद्ध पार, आफूलाई बलियो बनाएर आऊ, तिमीलाई चुनौती दिन्छौं, त्यसको उत्तर खोज ।" भन्ने कुरा सिकाइदिए । दुवै ठाउँमा चिन्तकहरूले श्रमिकलाई हेला गर्ने किसिमको कुरा ल्याएनन् ।

त्यसैले मैले भन्न खाजेको कुरा के हो भने, उनीहरूले जुन जुन ठाउँमा जुन जुन सोच ल्याए, उनीहरूको बाटो फरक भएको हुनाले सोच ल्याउने तरिकाहरू पनि फरक भए । तर ल्याएको कुरा चाहिं झण्डै झण्डै एउटै पऱ्यो ।

◉ **पूँजीवादी खेमा र साम्यवादी खेमाको अनुभव हेर्दा नेपालको शिक्षा प्रणालीको अर्थ र आधार कुनसँग जोडिएको देखिन्छ ? परिवर्तनको प्रक्रिया कहाँ गएर अड्किएको जस्तो लाग्छ ?**

- हामी परंपरागत चिन्तनको दास भयौं । हामीले त्यो दासता फुकाएनौं । हामीले त्यो दासता के गर्दा हट्छ भनेर विचार गरे पनि दासतालाई फुल्काउने प्रयास गरेनौं । त्यसैले शिक्षा प्रणालीमा हामीले परिवर्तन ल्याउन सकेनौं । परिवर्तन ल्याउन थुप्रै प्रयास पनि गऱ्यौं । जस्तो-हामीले सेमेष्टर प्रणाली अपनायौं । यसमा शिक्षक आफैंले प्रश्न बनाउँछ र कापी पनि आफैंले जाँच्छ । नियम त्यही हो तर त्यसलाई हामीले पचाउन सकेनौं । शिक्षकलाई तर्साएर बढी नम्बर लिने वा पास हुने विद्यार्थीहरूको प्रवृत्ति यसमा देखियो । शिक्षकहरू पनि लचिला भइदियौं । किनभने हाम्रा मनपरेका र नातापरेका व्यक्तिलाई बढता नम्बर दियौं । त्यसैले त्यो प्रणाली पनि हामीबाट खोसियो । यसरी शिक्षा प्रणालीमा सुधार गर्ने नेपालले प्रयास नगरेको होइन । तर हामीमा रहेको हाम्रो संस्कारको दास हुने मानिसकताले गर्दा सुधार गर्न गाह्रो भयो । हामी अड्किएको त्यहीं हो ।

◉ **विगतमा अमेरिकाले नेपालको स्कूलको शिक्षालाई आफ्नो ढंगबाट चलाउन नयाँ शिक्षा पद्धति लागु गर्न खोज्यो । यसको बारेमा केही प्रष्ट पार्न सकिन्छ कि ?**

- नयाँ शिक्षा पद्धति अमेरिकाकै फोटोकपी हो भन्नलाई मसँग प्रमाण छैन । म शिक्षाको विद्यार्थी भएको हुनाले म त्यसलाई अर्कै ढंगबाट हेर्छु । नयाँ शिक्षा पद्धतिमा अमेरिका मात्रै ल्याइएको छैन, संगसँगै चीन र फ्रान्स पनि ल्याइएको छ । नयाँ शिक्षा पद्धतिको शिक्षाको उद्देश्य हेर्ने हो भने त्यो चीन र रूससँग ठ्याक्कै मिल्छ । स्कूलहरूमा त्यहाँ जुन व्यक्तिपूजा हुन्थ्यो, यहाँ पनि त्यस्तै व्यक्तिपूजा भयो । त्यहाँ माओ र लेनिनको पूजा हुन्थ्यो, यहाँ राजाको पूजा भयो । ढंग एउटै हो । त्यस्तै गरी नेपालको कुन स्कूलको कुन कक्षामा के पढाई भइरहेको छ भनेर केन्द्रीकृत हिसावले काम गरियो । यो पद्धति फ्रान्ससँग ठ्याक्कै मिल्छ । त्यतिबेलाको स्कूलको रूटिनलाई हेर्ने हो भने पनि शिक्षा मन्त्रालयको कोठाले देशभरिका स्कूलहरूको लागि रूटिन दिन्थ्यो । त्यसैले नयाँ शिक्षा योजना यी सबैको छ्यासमिसे स्वरूप हो । ❑

*फोटोहरूः घनश्याम क्षेत्री*

# क. नागभूषणको दु:खद मृत्यु



*'जीवन हाेस् या मृत्यु, हरक्षण म पार्टीकै लागि हुँ'*

## नक्सलवादी नेता क. नागभूषण पटनायकको आत्म बलिदानले भरिएको संघर्षको गाथाको अन्तिम अंश

सन् १९९२ को शुरूसम्ममा क. नागभूषण पटनायकको नेतृत्वमा चलिरहेको इण्डियन पिपुल्स फ्रन्ट (आईपीएफ) निकै संकटग्रस्त भइसकेको थियो । त्यसका केही विधायकहरू लालुप्रसाद यादवको काखमा गइसकेका थिए । चुनावमा त्यसको धेरै हार, थोरै जीतको सिलसिला चलिरहेको थियो । त्यसले गर्दा त्यसको चुनावी उपयोगका बारेमा थुप्रै सवालहरू उठिसकेका थिए । 'दाम बाँधो - काम दो' र्‍याली र 'मैत्री यात्रा'को असफलताले नेतृत्वको क्षमतामाथि प्रश्नको ताँती लगाइसकेको थियो ।

यस्तो विकट स्थितिमा आईपीएफले १९९२ को फेब्रुअरी महीनामा विजयवाडामा आफ्नो चौथो राष्ट्रिय सम्मेलन गर्‍यो । त्यसले संगठन र आफ्नो नेतृत्वमाथि उठेका सवालहरूलाई सम्बोधन गरेर क्रान्तिकारी संगठनहरूको मोर्चा निर्माण गर्नुपर्ने स्थितिमा पुराना संघर्ष र कार्यशैलीलाई सही ठहर्‍याउनमै आफ्नो समय खर्च गर्‍यो । चुस्त, सक्रिय र जनवादी नेतृत्व निर्माण गर्नुको सट्टा त्यसले अध्यक्ष क. नागभूषणलाई नै अत्यधिक अधिकार सुम्पने प्रस्ताव पारित गर्न खोज्यो । आन्तरिक जनवादलाई नष्ट गर्ने खालको यो प्रस्तावमाथि अत्यधिक विरोध हुंदा हुँदै पनि बहुमतको बलमा चुनावद्वारा यसलाई पारित गरेरै छाडियो ।

नेताहरूसँग लामो लामो समयसम्म बोल्ने अधिकार हुने, देशभरिका कार्यकर्ताहरूले भने पाँच-दश मिनेटमा कुनै एउटा विषयमा मात्र बोल्न पाउने जस्तो संवादहीनताको स्थितिबीच भएको विजयवाडा सम्मेलनले संकटग्रस्त आईपीएफलाई प्रगतितिर बढाउन कुनै ठोस भूमिका खेल्न सकेन । काँग्रेसको लोकप्रियतामा ह्रास आउन थालेको, भारतीय जनता पार्टी झन्झन् शक्तिशाली हुन थालेको स्थितिमा वामहरूको भूमिका, राजनीतिक पहलकदमी र ठोस जनसंघर्षको बारेमा मूर्त प्रस्ताव ल्याउन यो सम्मेलन असफल भयो ।

यही असफलताको एउटा कडीको रूपमा देखापर्‍यो - बोफोर्स काण्ड र आयोध्याको बाबरी मस्जिदको विध्वंशविरूद्ध आईपीएफले ठोस संघर्षको अगुवाइ गर्न नसक्नु । राजनीतिक परिपक्वताको अभावमा क. नागभूषणको नेतृत्वमा चलिरहेको आईपीएफ झन् बेसी असमर्थ, असफल र अकर्मण्य हुनथाल्यो ।

१९९२ को डिसेम्बर २० देखि २६सम्म कलकत्तामा आईपीएफलाई खुला संगठनको रूपमा संचालन गरिरहेको भूमिगत पार्टी भाकपा (माले) - लिबरेशन समूहको पाँचौ सम्मेलन पहिलो पटक खुला रूपमा भयो । ब्रिगेड परेड ग्राउण्डमा विशाल र्‍याली गरेर लिबरेशन समूहले अबदेखि पार्टीले खुला रूपमा राजनीति गर्ने, सशस्त्र संघर्षको क्रममा निर्मित सशस्त्र दस्ताहरू भंग गर्ने, र एउटा वाम महासंघ निर्माण गर्ने घोषणा गर्‍यो ।

पार्टीको चौथो सम्मेलनमा जस्तै क. नागभूषणले लिबरेशन समूहको पाँचौ सम्मेलनको पनि अध्यक्षता गरेका थिए । उनले 'बदलिँदो परिस्थितिमा क्रान्तिकारी शक्तिका हातमा सत्ताको शान्तिपूर्ण हस्तान्तरण हुनसक्ने' लिबरेशनको नयाँ माध्यमार्गी सोचाइप्रति समर्थन गर्नुका साथै सशस्त्र संघर्षको आवश्यकता हुनसक्ने विचार राखे । उनले सत्ताको दमनको प्रतिकार गर्न जस्तोसुकै उपाय पनि खोज्ने, आवश्यक परे भूमिगत हुने, सशस्त्र दस्ता निर्माण गर्ने घोषणा गरे ।

उनकै अध्यक्षतामा सम्पन्न लिबरेशन समूहको सम्मेलनले अब खुला पार्टीको रूपमा क्रियाशील हुने घोषणा गरेपछि आईपीएफको खुला पार्टीको भूमिकामाथि ठूलो प्रश्नचिन्ह खडा भयो । लिबरेशन समूहले खुला रूपमा राजनीति गर्न थालेपछि आईपीएफको औचित्य र आवश्यकतामाथि नै सवाल उठ्यो । त्यस सवाललाई अझ मजबूत पार्नका लागि आईपीएफका नेताहरू स्वयं नै खुलेआम रूपमा लिबरेशन समूहका नेता-कार्यकर्ताहरूका रूपमा



क्रियाशील हुनु र त्यसका जनवर्गीय संगठनहरूले आम वामपन्थी जनसंगठनहरूसँग मोर्चाबन्दी गर्न थाल्नुले निकै सघाउ पुऱ्यायो । आईपीएफको निस्कृयता र अकर्मण्यतालाई बढाउन पनि यस सवालले ठूलो सघाउ पुऱ्यायो ।

विगतमा आईपीएफलाई जनसंगठनहरूको स्वतन्त्र र स्वायत्त मोर्चाको रूपमा चलाउन मद्दत गर्नुको सट्टा आफ्नै पार्टी इकाईको रूपमा चलाउने लिबरेशन समूहको प्रयासले गर्दा पनि २५० वटा जन-संगठनहरूमध्ये अधिकांश संगठनहरू यस मोर्चाबाट हट्दै हट्दै गए । यस्तो स्थितिमा लिबरेशन समूहको अगुवाइमा गठित जनसंगठनहरूको मात्र मोर्चाको रूपमा त्यसलाई यथावत् राखीछाड्नुको औचित्य धेरै समयसम्म रहेन ।

त्यसैले २ वर्षको असमञ्जस्यको स्थितिलाई चिर्दै लिबरशेन समूहले आईपीएफलाई भंग गर्ने आन्तरिक निर्णय गऱ्यो । आफ्नो मुख्य प्रभाव रहेको क्षेत्र पटनामा त्यसले १९९४ फेब्रुअरी २६ र२७ मा विस्तारित भेलाको आयोजना गऱ्यो । भेलाले आईपीएफको अखिल भारतीय कमिटीलाई भंग गर्ने निर्णय गऱ्यो । मोर्चाको संगठनात्मक र वैचारिक कामलाई अगाडि बढाउन नयाँ नेतृत्व चयन गर्ने उद्देश्यले एउटा सम्मेलन आयोजक समिति बनाइयो । क. नागभूषणको अध्यक्षतामा गठित समितिले छिटोभन्दा छिटो राष्ट्रिय सम्मेलन गर्ने, त्यसमा सबैजसो प्रजातान्त्रिक र क्रान्तिकारी शक्तिहरूलाई समेट्ने र अन्त्यमा नयाँ खालको संयुक्त मोर्चा गठन गर्ने फैसला गऱ्यो ।

क. नागभूषणले आईपीएफ अब एउटा पार्टीको रूपमा क्रियाशील नहुने घोषणा गरे । आईपीएफलाई नयाँ मोर्चा बनाउने घोषणा पनि गंगा नदीको पानीसँगै बगेर गयो । वास्तवमा १९९४ मा आईपीएफको औपचारिक विघटन भयो । त्यसैले केही वामपन्थी, समाजवादी र ग्रासरूट संगठनहरूसँग मिलिजुली साम्राज्यवादविरोधी एजेन्डामा नयाँ मोर्चा बनाउने त्यसको नौलो प्रयासलाई पनि लिबरेशन समूहले नै बोक्नु पऱ्यो । यसरी क. नागभूषण पटनायकको नेतृत्वमा अगाडि बढेको आईपीएफ नामक संयुक्त मोर्चाको निर्माण केही अगाडि बढदा नबढदै, प्रतिरोध संघर्ष केही अगाडि बढदा-नबढदै आईपीएफको अकाल मृत्यु भयो ।

आफैले बनाएको संयुक्त मोर्चाको आवसानपछि क. नागभूषणलगायत लिबरेशन समूहका नेताहरू केही हदसम्म जनसंघर्ष र संसदीय संघर्षमा क्रियाशील हुनथाले । सशस्त्र संघर्षको भट्टीमा खारिएका मानिने लिबरेशन समूहका ७ जना सांसदहरूमध्ये ४ जना लालुप्रसाद यादवको पक्षमा गएको, पार्टी एरिया एरियाबाट राज्यसत्ता कब्जाको नीतिबाट हटेर एरिया एरियाबाट संसदीय सीटहरू कब्जा गर्न र सीमित मात्रामा जनसंघर्षमा लाग्न थालेको दृश्य पार्टीभित्र देखापर्न थाल्यो । १९९५ मा महासचिव विनोद मिश्रले आफ्ना पार्टी कार्यकर्ताहरू जनता दलको पक्षमा गएको, लालु यादवले संसदीय दल फोडेको, माओवादी कम्युनिष्ट केन्द्र (एमसीसी) र पार्टी यूनिटी समूहले आफ्नो पार्टीको जनाधार खोस्न थालेको स्थितिमा दुःखपूर्वक घोषणा गरेका थिए- 'बास्तवमा हामी चारैतिरबाट घेरिएका छौं ।... मैले स्पष्ट रूपमा भन्नुपर्दछ- निश्चित रूपमा हाम्रा अपेक्षाहरू अलि बेसी नै भए । अनि हाम्रो आधार सतही र विश्लेषण आत्मगत भयो ।'

यही दुरावस्थालाई चिर्न क. विनोद मिश्र र क. नागभूषणको नेतृत्वमा त्यसले दलित महासभा, इन्कलावी मुस्लिम कांग्रेस बनाउनेजस्ता नयाँ प्रयोगहरू गर्ने र विदेशी कम्युनिष्ट पार्टीहरूसँग अन्तर्क्रिया गर्ने अभियान चलायो । पार्टीको पोलिटब्यूरोको सदस्यको हैसियतले क. नागभूषणले लिबरेशन समूहका हरेक क्रियाकलापमा अग्रिम पंक्तिमा रहेर साथ दिए, नेतृत्व दिए । उनले हरदम भारतभरि रातो झण्डा फहराउने उद्देश्यलाई दृढतापूर्वक समातिराखे । तर उनको पार्टीको विचार र व्यवहारमा रातोपना झन्झन् गुलाफी रंगमा परिवर्तन हुनथालेको दृश्य उनले देख्नै सकेनन् ।



भाकपा (माले) लिबरेशन समूहका महासचिव क.विनोद मिश्रका साथ क. नागभूषण पटनायक

फोटो : उषा तिवारी

*वामपन्थका सबै हिस्साहरूबीच राजनीतिक सहयोग हुनुपर्ने र एकताबद्ध भई पूँजीवादी शासनविरूद्ध लड्नुपर्ने कुरा क. नागभूषणले राखे ।*

अत्यन्त तेज गतिमा गिर्दो स्वास्थका बावजूद उनले पार्टीको छैठौं सम्मेलनको अध्यक्षता गर्ने र जनसंघर्षहरूको नेतृत्व गर्ने कामलाई जारी राखे । जर्जर अवस्थामा रहेको शरीर बोकेर उनले संशोधनवादी पार्टीको रूपमा गाली गरिँदै आइरहेको भाकपा (CPI) को १७औं सम्मेलनमा सहभागिता जनाए । चेन्नईमा उनले भाकपा (माले) लिबरेशन समूहको तर्फबाट बोल्दै वाम महासभाको नारा बुलन्द पारे । वामपन्थका सबै हिस्साहरूबीच राजनीतिक सहयोग हुनुपर्ने र एकताबद्ध भई पूँजीवादी शासनविरूद्ध लड्नुपर्ने कुरा राखे ।

चेन्नईमा भाकपाको १७ औं सम्मेलनमा गरिएको उनको यो भाषण उनको अन्तिम भाषण साबित भयो । त्यहीं पेटमा निकै पीडा भएको शिकायत गर्दै भाषण गरेका क. नागभूषणलाई १९ सेप्टेम्बर, १९९८ मा मेडिकल जाँचका लागि एउटा निजी नर्सिङ होममा भर्ना गरियो । त्यो पीडा वास्तवमा उनको कलेजोको क्यान्सरको कारणले पैदा भएको रहेछ । कलेजोको क्यान्सरले निकै खतरनाक स्तर हासिल गरिसकेको स्थितिमा डाक्टर र औषधिले पनि उनलाई मृत्युको मुखबाट बचाउन सकेनन् ।

अन्ततः ९, अक्टोबर ,१९९८ को राति साढे दश बजे चेन्नईको श्री रामचन्द्रन कलेज र अस्पतालमा उनको दुखद् मृत्यु भयो । उनले मृत्यु शैयाबाट घोषणा गरेका थिए- 'जीवन होस् या मृत्यु, हरक्षण म पार्टीकै लागि हुँ !'

भारतको क्रान्तिका लागि समर्पित क्रान्तिकारीको अन्ततः अवसान भयो । क्रान्ति र पार्टीप्रति अटल विश्वास गर्ने, क्रान्तिकारी उत्साह र क्रियाशीलताका धनी क. नागभूषण पटनायकले लडेका संघर्षहरू सबै क्रान्तिकारीहरूका लागि शिक्षाप्रद छन् । क्रान्तिकारी नेता क. नागभूषणको अवसानले भारतको जनसंघर्षलाई ठूलो घाटा पुऱ्याएको तथ्य यहाँ उल्लेखनीय देखिन्छ । क. नागभूषणप्रति हाम्रो पनि हार्दिक श्रद्धाञ्जली । *(समाप्त)*

◆ **राजेन्द्र महर्जन**

# बुद्धसिंह गुरुङ्गलाई अनसन गराउँदा र माडवारीविरुद्ध जुलूस गर्दाको सम्झना

◆ निर्मल लामा ◆

दरभंगा प्लेनम सकिएपछि डा. केशरजंग रायमाझी र डि.पि. अधिकारीलाई प्रमोद शमशेरले हेलिकप्टरबाट काठमाण्डौ ल्याए ।

पंचायती व्यवस्था लागू भएपछि म स्याङ्जा फलेबासबाट भागेर काठमाण्डौ आइपुगें । फेरि काठमाण्डौबाट दरभंगा जाने कुरा भयो । त्यसपछि म पोखरा गएर त्यतापट्टिका पार्टीहरू सम्हाल्दै दरभंगा गएँ । त्यतिबेला पार्टी सम्हाल्न गाह्रो भयो । कांग्रेस सरकारलाई खत्तम गरियो भनेर पोखरा, स्याङ्जाका कम्युनिष्ट पार्टीका साथीहरू त भोज खाइराखेका थिए । अनि मैले सबै पार्टी साथीहरूलाई डाकें र म साह्रै रिसाएँ । - "कांग्रेस गयो भनेर खुसी हुने कुरा छैन । भएको प्रजातन्त्र पनि गयो । फेरि यो हुकुमी शासन आयो ।" यसरी कुरा गरेर मैले उनीहरूलाई सम्झाएँ । र, अनि मात्रै म दरभंगा गएँ ।

त्यतिबेला केशरजंग रायमाझीले गर्दा म काठमाण्डौ छोडेर उतै गइसकेको थिएँ । र, त्यहाँको क्षेत्रिय कमिटीको सदस्य भइसकेको थिएँ । केशरजंग रायमाझी दरवारसँग मिल्न थाल्यो भन्ने कुरा पहिले नै अलि अलि थाहा भइसकेको थियो । तर दरभंगा प्लेनमपछि भने स्पष्टै थाहा भयो । दरभंगा प्लेनम सकेपछि को को कता कता जाने भन्ने कुरा तय भयो । त्यसैबेला केशरजंग रायमाझी र डि.पि. अधिकारी एक्कासी हराए । कहाँ गए भन्ने कुरा कसैलाई थाहा भएन । पछि मात्र थाहा पाइयो- उनीहरू प्रमोद शमशेर (त्यतिबेला अंचलाधीश थियो) ले उनीहरू दुबैलाई हेलिकप्टरले काठमाण्डौ ल्याएको थियो । यो कुरा धेरै बर्षपछि थाहा भयो ।

योभन्दा अगाडि एउटा अर्को घटना घटेको थियो । ११/१२ सालतिर कम्युनिष्ट पार्टी भूमिगत भएको बेलामा पार्टी अफिस बनारसमा थियो । पार्टी चिफ पुष्पलाल श्रेष्ठ थिए । राजदरवारबाट केदारमान व्यथितलाई पुष्पलाललाई लिन पठाइयो । पुष्पलाल आएनन् । उनले हिक्मत सिंहलाई पठाए । 'गिरफ्तार नगर्ने, प्लेनबाट लाने, प्लेनबाट फर्काइदिने' शर्तमा हिक्मत सिंह काठमाण्डौ आए । राजा महेन्द्रसँग भेट गरे । कुरा मिलेन । उनी बनारसमै फर्के ।

काठमाण्डौमा मेरो राजनैतिक घटना घटेका थुप्रै घटनाहरूमध्ये केही घटनाहरूको उल्लेख गर्नु सान्दर्भिक होला । एउटा घटना, हामीहरू मुक्ति सेनामा कामगर्दा सँगै काम गरेको एक जना बुद्धसिंह गुरूङ्ग हुनुहुन्थ्यो । उहाँ सुभासचन्द्र बोशको अजाद हिन्द फौजमा काम गरेर आउनुभएको मान्छे हुनुहुन्थ्यो । उहाँको बीरगंज आक्रमण (००७ सालको पहिलो आक्रमण कार्तिक २५ गते)मा गोली लागेर एउटा हात र एउटा खुट्टा काटियो । क्रान्ति सकिएपछि दुईजना छोराहरू र एक श्रीमतीका साथ उहाँ काठमाण्डौको बागबजारमा बस्नुभएको थियो । उहाँले बडो दुःख पाउनुभयो । उहाँलाई खानसमेत धौ धौ थियो । सुवर्ण समशेरले उहाँलाई केही आर्थिक सहयोग गर्थे । तर त्यसले खान पुग्दैनथ्यो । मैले पनि दौडधूप गरेर केही कांग्रेसी नेताहरूसँग कुरा गरें : "साना साना ८/१० वर्षका दुइवटा छोराहरू छन्, एउटी



श्रीमती छिन् । काम केही छैन । सम्पत्ति केही छैन । काठमाण्डौमा बहालमा बसिरहेका छन् । केही पेन्सनको व्यवस्था गर ।" तर उनीहरूले केही व्यवस्था गरेनन् । अन्त्यमा मैले के सोचें भने, अब यिनलाई अनसन गराउनु पर्‍यो । करीब १०/११ सालको कुरा हो यो ।

त्यसपछि मैले कम्युनिष्ट पार्टीका साथीहरूसँग सहयोग लिएर एउटा पालको व्यवस्था गरें र भूगोल पार्कमा पाल टाँगेर उनलाई अनसन गराएँ । केही साथीहरूलाई स्वयंसेवक राखें । त्यतिबेला सबभन्दा बढी सहयोग गर्ने साथी नीरमान नेवा र उनका भाइ ज्ञानेन्द्रमान थिए । राति पालो बस्ने, सुरक्षाको व्यवस्था गर्ने, यताउति अरू व्यवस्था गर्ने आदि काममा उनीहरूले धेरै सहयोग गरे । सहयोग गर्ने अरू पनि धेरै साथीहरू थिए । अनसन बसेको चौथौं दिन जोगी नरहरिनाथ आएर 'राजदरवार हिंड' भनेर मलाई भने । मैले भनें- "म किन जाने ? लैजाने भए अनसन बस्नेलाई लग ।"

"ऊ जान सक्ने अवस्थामा छैन । यहाँको सबै व्यवस्था तिमीले गरेका छौ । तिमी नै हिंड" भनेर म नमान्दा नमान्दै मलाई जुरूक्क उठाएर जीपमा राख्यो र मलाई राजदरवार लग्यो । त्यतिबेला राजाको प्रत्यक्ष शासन थियो । लोकदर्शन राजाका प्रमुख सचिव थिए । उनी त्यतिबेला निकै शक्तिशाली व्यक्ति थिए । मलाई त्यहाँ उनीसँग भेटाए । सबै हाल हुकुम उनैको चल्थ्यो । त्यहाँ उनीसँग एक डेढ घण्टा बहस भयो । मैले भनें- "यो मान्छे ००७ को क्रान्तिमा होमिने मान्छे हो । राजालाई गद्दी फिर्ता गराउनमा ज्यान दिने मान्छे हो । त्यही क्रान्तिको बेला यसको हात खुट्टा काटियो । यसको व्यवस्था गर्नुपर्छ कि पर्दैन ?"

उनले जवाफ दिए- "यो काम राजदरवारको होइन । अरूले गर्ने काम हो यो ।"

मैले भनें -"यो काम अरूले गरेनन् । अरूले नगरेपछि राजदरवारले गर्नुपर्‍यो ।"

यसरी एक डेढ घण्टाको बहसपछि पनि हाम्रो कुरा मिलेन । हाम्रो कुरा नमिलेपछि मैले त्यहीं बसिरहेका नरहरिनाथसँग सोधें- "महाराज, मलाई यहाँ किन ल्याएको ? राजासँग भेट गराउन ल्याएको होइन ?" त्यतिबेला राजा बिरामी भएर स्विजरल्याण्ड गएका थिए । त्यसैले मैले भनें- "अहिले यहाँ राजा छैनन् । मलाई युवराजसँग भए पनि भेट गराउनु पर्‍यो । म उनको आसेपासेसँग भेट्न आएको होइन । उनीसँगै भेटाउनु पर्‍यो मलाई ।"

लोकदर्शनलाई मैले त्योभन्दा अगाडि चिनेको थिइँन । मैले त्यति भनेपछि उनले भने- "होइन, कुरा त मैले नै मिलाउँछु ।"

"कुरा मिलाउने भए छिट्टै मिलाउनु पर्‍यो नि । यो एक डेढ घण्टाको बहस किन ?" मैले भनें ।

त्यसपछि '५ मिनेट पर्खनुस्' भनेर उनी भित्र पसे । सायद भित्र युवराजसँग कुरा गर्न गएका होलान् । केही समयपछि उनी बाहिर आएर भने- "अहिले हनुमान ढोकाको तोषाखानाबाट महीनाको २००/- बकस पाएका छन् । यो पैसा हरेक महीना पाउंछ । उनलाई अनसन तोडाई दिनुस् ।"

**म नमान्दा नमान्दै मलाई जुरूक्क उठाएर जीपमा राख्यो र मलाई राजदरवार लग्यो ।**

"अनसन तोडाउने म होइन । मैले त गएर भनिदिन्छु । यो कुरा मान्यो भने अनसन तोड्छ । तर यति पैसाले उसलाई पुग्दैन ।" मैले भनेँ ।

उनले भने- "२०० रूपियाँले अहिले पुग्छ । बहाल पनि त्यति महंगो छैन । १०/१५ रूपियाँ त होला । अरू कुरा पनि सस्तै छ ।"

वास्तवमा त्यतिबेला घरभाडा २०/- रूपियाँ थियो । करीब करीब एक महीना खर्च चलाउन त्यतिले पुग्थ्यो । मैले फर्केर आएर सबै कुरा भनेँ । बुद्धसिंहले पनि त्यो कुरा मान्नुभयो र अनसन तोड्नुभयो ।

यसरी त्यतिबेला त्यो संघर्ष सफल भयो । उहाँले अहिलेसम्म पनि त्यो पेन्सन पाइरहनुभएको छ । अहिले त निक्कै बढेको छ क्यारे । कति बढेको छ ? त्यो थाहा छैन । उहाँको अवस्था अहिले धेरै राम्रो छ । राम्रो हुनुमा दुईवटा अरू कारणहरू पनि छन् । एउटा, अजाद हिन्द फौजमा काम गरेकोले अहिले भारतीय सरकारले पनि थुप्रै पेन्सन दिएको छ । उहाँकी कान्छी स्वास्नीबाट जन्मेको कान्छो छोरालाई भारतीय सरकारले सिमलामा पढाइदिएको छ रे !

अर्को कुरा उहाँ साधारण नेपाली पढेको मान्छे । अनसन बस्ने दिन उहाँलाई एउटा भाषण गराएर राख्ने योजना थियो । अनसन बस्ने अघिल्लो दिन 'भाषण लेखिदिनुपर्‍यो' भनेर उहाँले भन्नुभयो । मैले भनेँ- "आज भाषण लेखेर भ्याइँदैन । म बुँदा बुँदा लेखिदिन्छु, त्यसैको आधारमा तपाईंले बोल्नुस् ।"

तर उहाँले मान्नुभएन । मैले भनेँ -"कति पाना लेखिदिने ?"

"कमसेकम फुलिस्केपमा चार पाना"- उहाँले भन्नुभयो ।

"चार चार पाना लेखेर तपाई पढ्न भ्याउनु हुन्छ ?" - मैले सोधेँ ।

"म पढ्न त भ्याउँदिन, तैपनि लेखिदिनुस्" भनेर उहाँले जबरजस्ति गर्न लाग्नुभयो ।

मैले पनि ल त भनेर चार पाना लेखिदिएँ । त्यो लेखेको उहाँलाई छोडेर म कोठामा आएँ । त्यतिबेला म किलागलमा बस्थेँ ।

भोलिपल्ट सबै स्वयंसेवकहरू तयार गरेँ । पाल टाँगेर "मुक्ति सेनाका सेनानी । बीरगंज आक्रमणमा हातखुट्टा काटिएको । केही व्यवस्था नभएको हुनाले आमरण अनसन बसेको छ ।" भन्ने लेखिएको ठूलो ब्यानर टाँगे । माइकको पनि व्यवस्था थियो ।

अनसन बस्ने बेला भयो । भाषण गर्ने बेलामा मैले अघिल्लो दिन लेखिदिएको चारै पाना मलाई दिएर उहाँले भन्नुभयो- "म बीचमा अड्कें भने तपाईंले मलाई भन्नुस् । यो कागज लिइ राख्नुस् । म जहाँनिर अड्कन्छु, त्यहींनिर नाटकमा जस्तै मलाई पछाडिबाट भन्नुस् ।"

म पनि त्यो कागज लिएर उहाँको पछाडि बसेँ । उहाँले यस्तो फरर भाषण गर्नुभयो कि मैले कहींकतै केही भन्नु परेन । म त छक्क परेँ ।

अनसन सकिएपछि मैले भनेँ- "तपाई पढ्नुस् र एस.एल.सी. जाँच दिनुस् ।" उहाँले भन्नुभयो -"मेरो दाहिने हात काटिएको छ । देब्रे हातले लेख्न पनि जान्दिनँ । फेरि देब्रे हातले लेख्दा परीक्षामा ३ घण्टामा लेख्न पनि भ्याउँदिनँ ।"

मैले भनेँ- "अभ्यास गरियो भने सजिलैसँग देब्रे हातले लेख्न सिकिन्छ । परीक्षामा समय पुग्दैन भने म एक घण्टा थप गराइदिन्छु ।"

त्यसपछि मैले उहाँलाई पढाउने साथीहरूको पनि व्यवस्था गराइदिएँ । उहाँले पढ्न थाल्नुभयो । एक वर्षपछि मैले साथीहरूसँग सोध्दा उहाँले सजिलैसँग एस.एल.सी. पास गर्न सक्नुहुन्छ भनेर साथीहरूले भने । मैले पनि उहाँलाई कन्ट्रोल अफिसमा लगेँ र त्यहाँ -"उहाँको दाहिने हात छैन । देब्रे हातले लेख्नुहुन्छ । एस.एल.सी. जाँच दिन चाहनुहुन्छ । एक घण्टा समय थपी दिनुपर्‍यो ।" - भनेँ । त्यहाँबाट तुरुन्तै एक घण्टा समय थपिदिने कुरा स्वीकृत भयो ।

उहाँले जाँच दिनुभयो र मजाले द्वितीय श्रेणीमा एस.एल.सी. पास गर्नुभयो । सबभन्दा राम्रो विषय अंग्रेजी र हिसाब भयो । त्यसपछि मैले अब 'ट्यूसन पढाउन शुरू गर्नुस्' भनेँ । ट्यूसन पढाउन शुरू गरेपछि त ट्यूसन पढ्न आउनेमा केटीहरूको भीड हुनथाल्यो । किनभने केटीहरू जो पायो त्यही लोग्नेमान्छेसँग ट्यूसन पढ्न जान डराउने । हात खुट्टा नभएको मान्छेले ट्यूसन पढाएको भनेपछि त केटीहरू त्यहीं पढ्न जान शुरू गरे ।

त्यसपछि उहाँ बागबजारबाट नयाँ सडक, पाकोमा डेरा सर्नुभयो । त्यो डेरा नीरमानले खोजिदिनु भएको थियो । पढ्न आउनेको भीड । एक मिनेट फुर्सद छैन । यसरी तीनतिरबाट पैसा आउने भएपछि त घर पनि बनाउनु भयो । अहिले त बुढो पनि भइसक्नुभएको छ । ट्यूसन पढाउन पनि छोड्नु भयो होला । यसरी बुद्धसिंह गुरूङ्गको पार लाग्यो ।

**त्यस्तै** एउटा अर्को काण्ड ११/१२ सालतिरको छ । म अलि अलि रक्सी खाएर बेलुकी सुतेको थिएँ । बेलुकी १०/११ बजेतिर किलागलको कान्छाभाइले मलाई उठाउन आयो । "अस्पतालमा कत्रो काण्ड भइरोखेको छ । जि.सि.एस. भएर यहाँ सुतिराखेको छ ।" - भनेर उसले भन्यो ।

"ए कान्छाभाइ मैले रक्सी खाएको छु ।" भनेर मैले उसलाई भनेँ ।

"रक्सी खाएर के भयो त ? हामी चार पाँच जनाले वरिपरि घेरेर राख्छौं तपाईंलाई । तपाईंले लोकदर्शनसँग कुरा गर्नुपर्‍यो ।" भने उनीहरूले ।

"काण्ड के हो ?" भनेर मैले सोधेँ ।



## "ए कान्छाभाइ मैले रक्सी खाएको छु" भनेर मैले उसलाई भनेँ ।

"मारवाडीले धुलिखेलको एउटा साहुलाई गाडीले किचेर मार्‍यो । मारवाडीहरू चन्दा उठाएर भारतीय दूतावासमा पुगिसकेका छन् र त्यो मान्छे मार्ने मारवाडीलाई बचाउन लागेका छन् । पोष्टमार्टममा गोलमाल गरिराखेका छन् । त्यहाँ हजारौं जनताले घेरिराखेका छन् । बोल्ने मान्छे कोही छैन ।" उसले भन्यो र मलाई तानेर लग्यो । मैले धेरै रक्सी खाएको त थिइन । तैपनि रक्सी खाएको सुरमा- "जनताको तर्फबाट पोष्टमार्टम गर्ने डक्टर राख्नुपर्छ । होइन भने गोलमाल हुन्छ ।" भनेर मैले एक घण्टासम्म बहस गरेँ । लोकदर्शन माथि बार्दलीमा छन् । तलैबाट म उनीसँग कुरा गरिरहेको छु । वरिपरि जनता छन् । मलाई चारपाँच जना मान्छेले घेरिराखेका छन्, नजिक कोही आउला र रक्सीको

**म जेलमा पर्दा भद्रगोल जेलमा त्यो मारवाडीसँग भेटभयो । त्यहाँ मेरो खुट्टा समातेर क्वाँ क्वाँ रोयो ।**

गन्ध थाहा पाउला भनेर ।

अन्ततः पोष्टमार्टमको लागि जनताको तर्फबाट पनि डाक्टर राख्ने कुरा उनले स्वीकार गरे । त्यसरी दोश्रोपटक लोकदर्शनसँग भेट भयो ।

भोलिपल्ट मारवाडीको विरूद्धमा काठमाण्डौमा स्वतःस्फूर्त जुलूस निक्लियो । जुलूसले मारवाडीहरूको सामान लुट्छ कि भनेर मलाई डर लाग्नथाल्यो । आन्दोलन भयो भने जिम्मेवार त म हुने भएँ । त्यसैले म पनि जुलूसमा गएँ । भोटाहिटीबाट जुलूस शुरूभयो । त्यहाँबाट इन्द्रचोकसम्म आउँदा मारवाडीको विरूद्धमा नारा लगाउने लुट्ने पिट्ने आदि गर्नथाले । त्यसपछि म इन्द्रचोकको डबलीमा उक्लेर- "मारवाडी लुट्ने को हो ? मारवाडी लुट्नेले मेरो ज्यान लिएर मात्र लुट्न पाउँछ । मारवाडी लुट्ने भनेको मामुली कुरा हो ? यहाँ तिमीहरूले हजार जना मारवाडी लुट्छौ । भारतमा १० लाख नेपाली मारिन्छन् । त्यसको जिम्मा तिमीहरू लिन्छौ ? यहाँ एक जना मारवाडी लुट्दा दिल्लीमा ५० हजार नेपाली मारिन्छन् । यो राजनीतिक कुरा हो, मारवाडी लुट्ने कुरा होइन । एउटा मारवाडीलाई पनि कुट्ने, पिट्ने र लुट्ने छैनौं ।" यति भनेर जोडदारसँग भाषण गरें । यो कुरा मलाई कसैले सिकाएको थिएन । "जुलूस निकाल, तर शान्तिपूर्ण । अपराधी उम्कन नपाओस् । सब चीज गर । तर यो गर्न पाइदैन ।"

मेरो भाषणपछि लुट्पाट भएन । मारवाडी जेलमा पऱ्यो । पछि म जेलमा पर्दा भद्रगोल जेलमा त्यो मारवाडीसँग भेटभयो । त्यहाँ मेरो खुट्टा समातेर क्वाँ क्वाँ रोयो । र भन्नथाल्यो- "तपाईले गर्दा म जेल परें । तपाई नभएको भए म छुट्थें । मेरो लागि थुप्रै पैसा उठाइएको थियो ।" पछि त्यो मारवाडी छुट्यो । यसरी मारवाडी काण्डमा कूटपीट हुन पाएन । ❑

प्रस्तुतिः
**तुल्सीदास महर्जन**

◄ पर्दा/रंगमञ्च

# यिल्माज गुने

## जेलभित्रैबाट फिल्म निर्देशन गर्ने क्रान्तिकारी फिल्मकार !

टर्कीका क्रान्तिकारी फिल्म निर्देशक यिल्माज गुनेका विचार र व्यवहारबाट धेरैजसो नेपालीहरू अपरिचित नै होलान् । अत्यन्त थोरै नेपाली वामपन्थी कार्यकर्ताहरूले मात्रै पढेका होलान्- यिल्माज गुनेलाई । उनका क्रान्तिकारी फिल्महरू त सायद कुनै पनि नेपालीले हेर्ने सुअवसर पाएका छैनन् कि ?

जेहोस्, नेपालीहरूका लागि अपरिचित क्रान्तिकारी फिल्मकार- यिल्माज गुने अहिले पनि विश्वका क्रान्तिकारीहरूबीच बाँचिरहेका छन्, आफ्ना विचारहरूका कारणले र कालजयी रचनाहरूको माध्यमबाट । १९८३ मा क्यान्सरको रोगबाट मृत्युको मुखमा पुगेका गुनेका छ वटा चर्चित फिल्महरू अहिले पनि सार्थक र यथार्थवादी फिल्महरूका रूपमा प्रख्यात छन् । यिनै फिल्महरूबाट गुनेले अमरत्व प्राप्त गरिरहेका छन् ।



उनले बनाएका छ वटा फिल्महरू Umut (आशा), Agit (शोकगीत), Suru (The herd) The wall (पर्खाल) र Dushman (शत्रु) र थ्यो (संघर्ष) मा टर्कीका उत्पीडित जनताका सुख-दुःख, पीडा र संघर्षको वास्तविकतालाई सजीव ढंगले चित्रण गरिएको छ । विश्वको सिने जगतमा यिनै फिल्महरूका कारण गुने यथार्थवादी फिल्मी-धाराका महान अनुयायीका रूपमा प्रख्यात छन् ।

लोकप्रिय फिल्मकार गुनेको जीवन पनि उनका फिल्महरूभैं निकै संघर्षपूर्ण रह्यो । उनी जन्मले कुर्द जातिका थिए । टर्कीमा अल्पसंख्यक कुर्द जातिको परिवारमा जन्मिनुको अर्थ हो- दोस्रो दर्जाको नागरिकको नियति भोग्नु । त्यसमाथि पनि कम्युनिष्ट विचार अंगाल्नु र सोहीअनुरूप क्रान्तिकारी कर्म गर्नुको मतलब हो- जेलको चिसो हावा खान र जेलमै सड्न तयार हुनु ।

हो, यिल्माज गुनेले पनि विश्वविख्यात क्रान्तिकारी कवि नाजिम हिकमतकै नियति भोग्नुपऱ्यो । कुर्द जातिका कम्युनिष्ट भएकै कारणले उनले जीवनको धेरै समय टर्कीका मध्ययुगीन जेलका चिसा कोठाहरूमै बिताउनु पऱ्यो । टर्कीका सैनिक शासकहरूले गुनेलाई अल्पसंख्यक कुर्द जातिको कम्युनिष्ट भएको,

**गुनेका छ वटा चर्चित फिल्महरू अहिले पनि सार्थक र यथार्थवादी फिल्महरूका रूपमा प्रख्यात छन् ।**

क्रान्तिकारी फिल्म निर्देशन गरेको निहुँमा १९६० देखि जेलमा बन्द गरेका थिए । १४ वर्षपछि १९७४ मा जेलबाट स्वतन्त्र भएको ४० दिनभित्रै उनलाई पुनः जेल हालियो । न्यायधीशको हत्या गरिएको भूठो अभियोग लगाएर विनाजाँचबुझ, विनाप्रमाण उनलाई कठोर सजायँ दिइयो ।

उनले सैनिक शासकहरूको जेललाई पनि आफ्ना क्रान्तिकारी फिल्महरूको सिर्जना गर्ने शिवीर नै बनाए । उनले जेलभित्रै 'सुरू' र 'दुश्मन' फिल्मका स्क्रीप्टहरू तयार गरे । अनि जेलभित्रैबाट जेलबाहिर निर्माण हुने आफ्ना ती दुई फिल्महरूको निर्देशन गर्ने अठोट गरे । आफ्ना अभिन्न मित्र तथा साहसी सहयोगी जाकी ओक्तेनको सहयोगमा उनले जेलभित्रैबाट फिल्म निर्देशन गरे । उनले ती दुवै फिल्महरू त सफलतापूर्वक बनाए तर टर्कीका शासकहरूको सेन्सरको मारबाट ती बच्न सकेनन् ।

गुने जेलमै हुँदा १९७९ मा अमेरिकी फिल्मकार इलिया काजानले उनलाई जेलमै गएर भेटेका थिए । त्यही भेटघाट र कुराकानीको आधारमा इलिया काजानले Newyork Times Magazine मा ...A View From A Turkish Prision (टर्कीको जेलबाट देखिएको दृष्य) नामक प्रख्यात संस्मरण लेखेर यिल्माज गुनेका विचार र कर्महरू जेलमै बन्दरहेको वास्तविकता विश्वसामु छर्लङ्ग्याएका थिए ।

अन्ततः स्वतन्त्रता र समानताका पुजारी यिल्माज गुनेलाई सैनिकहरूको जेलको चारपर्खालले र जेल-नेलले पनि बन्दी बनाइराख्न सकेन । उनी अन्ततः अक्टोबर, १९८१ मा जेलबाट भाग्न सफल भए । उनी त्यसपछि जेलबाट मात्रै होइन, टर्कीबाटै भागे । अनि यूरोपतिर उडे । त्यसपछि भने उनी कहिले पनि आफ्नो पीडित मातृभूमि फर्केर आउन पाएनन् ।

उनले जर्मनी लगायत यूरोपेली मुलुकहरूमै बसेर फिल्मी कार्यलाई निरन्तरता दिए । आफ्नो पछिल्लो फिल्म The Wall को निर्देशन र निर्माणको लगत्तै १९८३ मा क्यान्सर रोगको कारणले उनको देहान्त भयो । बदलिँदो समय र मनुष्यको सिर्जनालाई रोक्न खोज्ने व्यवस्था, राजनीति , र सांस्कृतिक विश्वासलाई भत्काउने साहस र शिल्पका धनी यिल्माज गुनेको देहान्त भएको १८ वर्षपछि पनि विश्वका क्रान्तिकारीहरूबीच उनी सम्मानित ढंगले बाँचिरहेका छन् ।

❑ राजेन्द्र महर्जन

# के हो अधिभूतवाद र द्वन्दवादबीचको भिन्नता ?

प्रज्ञानरत्न

*अधिभूतवादीहरूको इतिहासमा राजकुमार सिद्धार्थ गौतम कहिल्यै पनि गौतम बुद्धमा रूपान्तरित हुँदैन*

अधिभूतवादको एउटा मुख्य दोष नै यही हो कि त्यसले हरेक बस्तुमा हुने अन्तरविरोधी पक्ष देख्दैन । देख्न सक्दैन । अतः यो एकपाखे दर्शन हो । कुनै पनि बस्तुको बिपरीत पाटो देख्न नसक्नु नै अधिभूतवादको एउटा मुख्य सीमा हो ।

अधिभूतवादीहरु कुनै बस्तु वा व्यक्तिमा सकारात्मक पक्ष देख्छन् भने त्यति नै बेला त्यसमा नकारात्मक पक्ष हेर्न बिर्सन्छन् । उनीहरु सगरमाथाको उँचाइ देख्छन् भने त्यो उँचाइको छेवैमा त्यति नै लम्बाइको गहीराइ हेर्न भुल्छन् । उनीहरु कुनै बस्तुलाई विश्रामको स्थितिमा देख्छन् भने त्यति नै बेला त्यो बस्तु गतिमा पनि रहेको अर्थात् बदलि पनि रहेको देख्न बिर्सन्छन् । उनीहरु कुनै एउटा सिंगो बस्तुलाई एक्लो खडा भइरहेको देख्छन् भने त्यो बस्तुको त्यति नै बेला अरु अनगिन्ती बस्तुहरुसितको अर्न्तसंवन्धहरु हेर्न भुल्छन् । उनीहरु कुनै बस्तुलाई अस्तित्वमा देख्छन् भने यो बिर्सन्छन्, कि त्यो बस्तु त्यही समयमा अस्तित्वबाट जाँदै पनि छ । कुनै जीव ,बनस्पतिलाई एक जना अधिभूतवादीले जीवित देख्यो भने उसले यो भुल्छ कि त्यो बस्तु त्यही समयमा मर्ने प्रक्रियामा पनि छ ।

द्वन्दवादका अनुसार प्रकृति, समाज र विचारको हरेक क्षेत्रमा बिपरीत वा अन्तरविरोधी पक्षहरु हुन्छन् । अन्तरविरोधी पक्षहरुबीचको आपसी द्वन्द र अन्तरसम्बन्ध नै बस्तुको गति, परिवर्तन वा विकासको मुख्य कारण हो । परन्तु अधिभूतवादले गति, परिवर्तन वा विकासको यो मुख्य कारणलाई नै ठम्याउन सक्दैन । यही हुनाले अधिभूतवादीहरुको धारणामा एउटा बस्तु अन्तरविरोधी पक्षहरुबीचको द्वन्द वा अन्तरसंवन्धले गर्दा पहिले मात्रामा बदलिँदै गएर, एउटा निर्णायक विन्दुमा गुणात्मक रुपले नै नयाँ र उन्नत बस्तुमा रुपान्तरित हुने भन्ने कुरा हुँदैन । एक जना अधिभूतवादीको लागि मात्रात्मक परिवर्तन भन्ने कुरा मात्र हुन्छ, गुणात्मक परिवर्तन भने कुरा हुँदैन, वृद्धि भन्ने कुरा मात्र हुन्छ, विकास भन्ने कुरा हुँदैन । उस्तै उस्तै घटना दोहोरिरहने, पुनरावृत्ति भइरहने भन्ने कुरा मात्र हुन्छ, एउटै बस्तु बिल्कुलै नयाँ अर्को बस्तुमा बदलिने भन्ने कुरा हुँदैन ।

अधिभूतवादीहरुको इतिहासमा राजकुमार सिद्धार्थ गौतम कहिल्यै पनि गौतम बुद्धमा रुपान्तरित हुँदैन । सामन्ती नेपाल कहिल्यै पूँजीवादी नेपालमा बदलिँदैन । जनसंख्या बढी-घटी होला । तापक्रम ज्यादा-कम होला । परन्तु पूँजीवादी अमेरिका हमेशा पूँजीवादी थियो र पूँजीवादी रहनेछ । यो समाजवादी अमेरिकामा बदलिँदैन । यस्तो किनभने, अधिभूतवादले कुनै पनि बस्तुको परिवर्तन र विकासको मूल कारण नै बुझ्न, ठम्याउन सक्दैन ।

यही हुनाले त अधिभूतवादलाई एकपाखे र स्थिरताको दर्शन भनिएको हो ।

परन्तु द्वन्दवाद भने अर्न्तद्वन्द र अन्तसंम्बन्धको दर्शन हो । यो निरन्तर गति र विकासको दर्शन हो ।

अधिभूतवादको ठीक विपरीत द्वन्दवादले हरेक बस्तुमा अन्तरविरोधी पक्षहरु रहेको देख्छ, ती पक्षहरुबीच लगातार द्वन्द र अर्न्तसम्बन्ध देख्छ र यही कारणले हरेक बस्तु लगातार गतिशील भइरहेको देख्छ ।

सिद्धार्थ गौतममा अन्तरविरोधी पक्षहरु थिएनन् र ती पक्षहरुबीच द्वन्द-अन्तरसंबन्ध थिएन भने उनी कहिल्यै बुद्धमा रुपान्तरित हुने थिएनन् । सिद्धार्थ गौतम एक जना युवराज थिए । एउटा युवराजमा अक्सरतया हुने मोजमज्जा गर्ने, खाने, पिउने, बाँच्ने जनावर-प्रवृत्ति मात्र सिद्धार्थमा अस्तित्वमा भएको भए उनी कहिल्यै सत्यको खोजमा दरवारका भोग विलासका संपूर्ण अवसरहरु छोडेर हिँड्ने थिएनन् । राजकुमार सिद्धार्थमा दुःखको कारण जान्ने, सत्यको गहीराइ पत्ता लाउने मान्छे-प्रवृति पनि साथसाथै विद्यमान थियो । उनीभित्र रहेको दुई विपरीत प्रवृत्तिबीचको द्वन्दमा जनावर-प्रवृत्ति र मान्छे-प्रवृत्तिबीचको अर्न्तद्वन्दमा , वरपर घटेका घटनाहरुको अर्न्तसंबन्धमा मान्छे-प्रवृत्तिले जित्यो । त्यसैले उनी मोजमस्तीको दरवार छोडेर सत्यको खोजमा निक्लिए र लामो संघर्षपछि बुद्धमा रुपान्तरित भए । अधिभूतवादी आँखाले हेरेर राजकुमार सिद्धार्थमा खालि एउटा पाटो मात्र देख्ने हो भने, सिद्धार्थ बुद्धमा कसरी बदलिए ?- व्याख्या विश्लेषण नै गर्न सकिँदैन ।

यही कुरा हरेक मान्छेमा लागु हुन्छ । द्वन्दवादका अनुसार व्याख्या बिश्लेषण गर्ने हो भने प्रत्येक मान्छेमा पशु-प्रवृत्ति पनि हुन्छ, मान्छे-प्रवृत्ति पनि । यी दुई बिपरीत प्रवृत्तिहरु लगातार द्वन्दमा हुन्छन् । काम, क्रोध, लोभ, मोह, आफैं मात्र खाउँ, आफैं मात्र बाँचु भन्ने प्रवृत्ति मान्छेमा रहेको पशु-प्रवृत्ति हो । मान्छेमा रहेको बुद्धि र विवेकशीलता, सत्य र न्यायको पक्षधरता मान्छे-प्रवृत्ति हो । यी दुई प्रवृत्तिबीचको लडाइँ प्रत्येक मान्छेमा चलिरहेको हुन्छ । यो लडाइँमा कुन प्रवृत्तिले जित्यो वा जितिरहेको छ, मान्छे जम्माजम्मीमा त्यही हुन्छ । जुन मान्छेमा जम्माजम्मीमा मान्छे-प्रवृत्ति ज्यादा हावी छ, त्यसलाई नै हामी असल मान्छे भन्छौं, जसमा समग्रतामा पशु-प्रवृत्ति ज्यादा हावी हुन्छ, हामी त्यस्ता मान्छेलाई खराव मान्छे भन्छौं । त्यस्तो कोही मान्छे हुँदैन, जसमा खालि मान्छे-प्रवृत्ति मात्रै हुन्छ अथवा पशु-प्रवृत्ति मात्रै हुन्छ । जम्माजम्मीमा कुन प्रवृत्ति ज्यादा हावी छ भन्ने कुरा मात्र हुन्छ । त्यस्तो कुनै स्थिति हुन्न, जसमा पशु-प्रवृत्ति ज्यादा भएको मान्छे लगातार संघर्ष गरेर मान्छे-प्रवृत्ति ज्यादा भएको मान्छेमा रुपान्तरित हुनसक्दैन । ठीक त्यस्तै, मान्छे-प्रवृत्ति ज्यादा भएको व्यक्ति पनि संघर्ष र सजगता छोड्यो भने पशु-मान्छेमा रुपान्तरित हुन्न भन्ने कुरा पनि हुँदैन ।

द्वन्दवादको शब्दकोषमा अन्तिम र अपरिवर्तनीय भन्ने कुरा केही पनि हुँदैन, सिर्फ परिवर्तनको नियमबाहेक । अधिभूतवादको शब्दकोषमा प्रत्येक बस्तु अन्तिम र अपरिवर्तनीय हुन्छ । अधिभूतवादीहरुको दृष्टिकोणमा खराब मान्छे कहिल्यै असलमा बदलिन संभव छैन, र असल मान्छे खराबमा ।

हामीले विश्वकै इतिहास हेर्दा पनि देख्छौँ- सामन्ती भारत नै पूँजीवादी भारतमा बदलियो, अर्द्ध-सामन्ती चीन समाजवादी चीनमा बदलियो । र, ती देशमा विद्यमान अन्तरविरोधी वर्ग र जन-समुदायबीचको द्वन्द र विश्व समुदायसितको अर्न्तसंबन्धमा नै ती देश र समाजहरु त्यसरी बदलिए । नेपाल आफैं पनि त सामन्ती नेपालबाट अर्द्ध-सामन्ती नेपालमा बदलियो र अर्द्ध-सामन्ती नेपाल अहिले पूँजीवादी नेपालमा बदलिँदैछ । यो बदलाहटको मूल कारण यहाँ विद्यमान अन्तरविरोधी पक्षहरुबीचको द्वन्द-अर्न्तसंबन्ध नै हो ।

यसरी हेर्दा संसारमा त्यस्तो कुनै बस्तु र घटना नै हुँदैन, जसमा अर्न्तविरोधी पक्षहरु हुन्नन् । त्यस्तो अन्तरविरोधी पक्ष नै हुँदैन, जो द्वन्दमा र अर्न्तनिर्भरतमा हुन्नन् । जहाँ पूँजीपति हुन्छ, त्यहाँ अवश्य पनि मजदूरहरु हुन्छन् । जहाँ शोषक हुन्छ, त्यहाँ अवश्य पनि शोषितहरु पनि हुन्छन् । जहाँ क्रिया हुन्छ, त्यहाँ निश्चिय पनि प्रतिक्रिया हुन्छ । क्रिया जति चर्को हुन्छ, प्रतिक्रिया त्यति नै चर्को र विपरीत हुन्छ । जुन बस्तुको शुरुवात हुन्छ, त्यसको अन्त पनि हुन्छ । जुन बस्तुमा जीवन हुन्छ, त्यसमा मृत्युको प्रक्रिया पनि संगसँगै हुन्छ । जुन प्रणाली कसैको लागि प्रजातन्त्र हुन्छ, त्यो कसैको लागि तानाशाही पनि हुन्छ । जुन लडाइँमा कसैको विजय हुन्छ, त्यही लडाइँ कसैको लागि पराजय भइरहेको हुन्छ । कुनै बखत असाध्यै प्रेम गर्नेहरु नै अर्को बखत असाध्यै घृणा गर्छन् । जसको प्राप्ति र उपस्थिति अत्यन्त सुखद् हुन्छ, उसको गुमाइ र अनुपस्थिति उत्तिकै दुखद् पनि हुन्छ । वाद जति उँचाइको हुन्छ, त्यहाँ विवाद पनि त्यत्तिकै उँचाइको हुन्छ, र जहाँ वाद-विवाद जति उँचाइको हुन्छ, त्यहाँ संश्लेषण पनि उत्तिकै उँचाइको निक्लन्छ ।

द्वन्दवादले यसरी हेर्छ संसारलाई, प्रकृति, समाज र विचारलाई । परन्तु अधिभूतवादको दृष्टिकोणमा कुनै पनि बस्तुको विपरीत पाटो हुँदैन । कुनै पनि बस्तुको अर्न्तविरोधी पक्ष हुँदैन । र, यसका अनुसार हरेक बस्तु एकपाटे र एकपाखे हुन्छन् । ❑

# मैले माओवादी पार्टी यसकारण छाडें

## छापामार भएर हिंड्दा जनतालाई धम्क्याएर खाना खानुपर्ने स्थिति पनि रह्यो

◆ पुष्कर गौतम
*ने.क.पा. (माओवादी) का भू.पू. जिल्ला कमिटी सदस्य, (ओखलढुंगा, सोलु, दोलखा जिल्ला) र जिल्ला सैन्य कमाण्डर*



कमरेड प्रचण्ड

### *सबल पक्ष*

माओवादी पार्टीको मुख्य सकारात्मक पक्ष नेपालमा अहिले विद्यमान संसदीय व्यवस्थाको क्रान्तिकारी विकल्पको रूपमा खडा हुनु हो । माओवादीहरूले प्रदर्शन गर्नुभएको उच्चस्तरको त्याग र समर्पण भावको म उच्च मूल्यांकन गर्दछु । विगत चार वर्षमा माओवादी जनयुद्धलाई चर्चाको शिखरमा पुऱ्याउनु र माओवादी पार्टी र जनयुद्धलाई जनताबीच स्थापित गराउनसक्नु पनि अर्को सबल पक्ष हो ।

### *दोष पक्ष*

तथापि मैले सैद्धान्तिक, राजनीतिक, र सांगठनिक क्षेत्रमा गंभीर मतभिन्नताका कारणले केही समयअघि माओवादी पार्टी परित्याग गर्ने निर्णय गरेको हुँ ।

माओवादी पार्टी सैद्धान्तिक क्षेत्रमा जडसूत्रवादी चिन्तनले ग्रस्त छ । चीन र पेरूको यान्त्रिक नक्कल गर्नुसिवाय यसको नेतृत्वसित नेपालको र विश्वको बदलिंदो यथार्थसित मेलखाने मौलिक क्रान्तिकारी चिन्तन मैले पाइनँ । समाजवाद त अहिले विश्वमा रक्षात्मक स्थितिमा छ । यो स्थितिमा विश्वका विभिन्न मुलुकमा समाजवाद स्थापना भएर पनि किन ढल्यो ? ती मुलुकमा समाजवाद ढल्नुबाट हामीले सिक्नुपर्ने पाठ के हुन् ? यी सवालमा ठोस निष्कर्ष निकालेर समाजवादलाई परिमार्जित गर्नुपर्ने र हाम्रो शक्तिलाई जोगाउनु पर्ने बेला हो यो ।

यो परिस्थितिमा माओवादी पार्टी भने विगतबाट कुनै शिक्षा नलिएर मार्क्सवादलाई जडसूत्र बनाएर पुरानै ढर्रामा रूढीग्रस्त ढंगले अघि बढ्दैछ । उसको यो जडसूत्रवादी ढंगसित म पटक्कै सहमत हुनसकिनँ । यो ढंगबाट क्रान्ति संभव पनि देखिन्न ।

माओका विचारहरूलाई 'माओवाद' भन्ने यसको सोचसित पनि म सहमत हुनसकिनँ । माओले मार्क्सवाद लेनिनवादलाई चीनको परिस्थितिमा अत्यन्त राम्रोसित लागु गर्नुभयो । केही सवालमा सार्वभौम महत्व राख्ने सैद्धान्तिक योगदान पनि गर्नुभयो । तर समग्रतामा उहाँको सैद्धान्तिक योगदान मार्क्स र लेनिनको कोटिमा आउने सार्वभौम महत्वको योगदान नभएकाले उहाँको विचार र शिक्षालाई 'वाद'को श्रेणीमा राख्नु सैद्धान्तिक रूपले बिल्कुलै बेठीक हुन्छ । र, त्यसलाई 'माओ विचार' भन्नु नै उपयुक्त हुन्छ । माओकै जीवनकालमा माओवादको सवाल उठ्दा उहाँ आफैंले पनि यही 'माओ विचार' कै शब्दावली उपयुक्त हुन्छ भनेर भन्नुभएको जगजाहेर हुँदाहुँदै माओवादी नेतृत्वले 'माओवाद' भन्नु माओ स्वयम्कै अपमान हो ।

राजनीतिक क्षेत्रमा जनयुद्ध भनेको जनता स्वयम् सजगतापूर्वक सामेल भएर गरिने युद्ध हो तर माओवादी जनयुद्ध चाहिँ त्यस्तो देखिएन । जनता स्वयम् सामेल भएर युद्ध गर्ने सोचको सट्टामा एकाध छापामारहरू, कार्यकर्ताहरू र नेताहरूको सनक र चाहनाको भरमा युद्धलाई हाँकिरहेको हामीले पायौं । हामी स्वयम् छापामार भएर हिंड्दा कैयन् ठाउँमा जनतालाई तर्साएर, धम्क्याएर खाना खानुपर्ने स्थिति पनि रह्यो । बन्दूक देखाएर र आतंक सिर्जना गरेर जनतासित पैसा उठाउनुपर्ने खण्ड कैयन् ठाउँमा पऱ्यो । स्थानीय जनता तैयार छैनन्, तर पार्टी नेताको ठाडो निर्देशनमा व्यक्ति हत्या गर्नुपर्ने बाध्यात्मक स्थिति हामीलाई कैयन् ठाउँमा पऱ्यो । फलस्वरूप, आफूले र स्थानीय जनताले नचाहँदा नचाहँदै पनि नेताहरूको ठाडो आदेशमा कतिपय व्यक्तिको हत्या भयो अथवा कतिपय व्यक्तिलाई हत्या गर्ने आदेश दिइयो । यसले जनताको नजरमा माओवादीहरू ठीक छन् भन्दा पनि गलत छन् भन्ने प्रभाव सिर्जना गऱ्यो । यसबाट जनताले हामीलाई उनीहरूका आफ्नै मुक्तियोद्धा ठान्नुको सट्टामा उनीहरूभन्दा पृथक व्यक्ति हत्यावादी वा आतंककारी हुन् भनेर ठहऱ्याउने स्थिति बन्यो । जनताले गर्नुपर्ने कार्यवाही- पार्टीका थोरै छापामारहरूले गर्नु, जनताभन्दा पार्टी धेरै अगाडि हुनु, र पार्टीको कार्यवाही जनताले पचाउनै नसक्नु भनेको उग्रवामपन्थी र अराजकतावादी भड्काव हो । हामी माओवादी नेताहरूको यो उग्रवामपन्थी र अराजकतावादी राजनीतिसित सहमतै हुन सकेनौं ।

हामीले यो खालको राजनीतिको विरोध नेताहरूसित बारंबार नगरेका होइनौं । तर हरेक पटक आलोचना गर्दा यो राजनीतिसित असहमत हुनेहरू पार्टी छोडेर गए हुन्छ, जनयुद्धबाट बाहिरिए हुन्छ भन्ने खालको गैरजिम्मेवार जवाफ मिल्थ्यो ।

त्यसपछि पार्टीको चौथो विस्तारित बैठकले तीन चारवटा सवालमा निर्णय गऱ्यो : नेतृत्वको केन्द्रिकरणको सवाल, आधार इलाकाको सवाल र नेतृत्व स्थापनाको सवाल बारेमा । यी तीनवटै सवालमा पनि चौथो विस्तारित बैठकको निर्णयसित हाम्रो बिमति रह्यो ।

नेतृत्वको केन्द्रिकरण हामीलाई पदको केन्द्रिकरणजस्तो महशूस भयो । पार्टीको महासचिव पनि एउटै व्यक्ति, संयुक्त मोर्चाको अध्यक्ष पनि उही व्यक्ति र सेनाको प्रमुख पनि एउटै व्यक्ति हुनुपर्ने धारणाले हामीलाई पार्टीमै एउटा नयाँ निरंकुश वर्ग सिर्जना हुन्छ भन्ने लाग्यो । पार्टीमा त विचारको केन्द्रिकरण हुनुपर्ने, पदको केन्द्रिकरण होइन । तर माओवादी पार्टीमा चाहिँ केको केन्द्रिकरण गर्न खोजिएको हो, स्पष्ट पारिएन । हामीलाई लाग्यो, नेतृत्वको केन्द्रिकरणको नाममा कुनै एउटा अमूक व्यक्तिलाई सारा पदहरू जिम्मा लगाउने र निरंकुश तानाशाह बनाउने काम गरिंदैछ । लामो समयसम्म युद्धमा लगातार योग्यता देखाएर होइन, संगठनले जबर्जस्ती निर्णय थोपरेर कसैलाई प्राधिकार मान्नुपर्ने, उसको कोटेशन उद्धृत गर्नुपर्ने, उसलाई स्थापित गर्नुपर्ने भन्ने धारणा हामीलाई एकदमै गलत र यान्त्रिक लाग्यो । स्थापित त नेताहरूलाई होइन, पार्टीलाई गर्नुपर्ने हो, पार्टी स्थापित हुँदा त्यो पार्टीको नेता स्वतः स्थापित हुनजाने कुरा हो । निर्णय लादेर प्राधिकार मानिदिने, विचार मानिदिने भन्ने चिन्तन सामन्ती चिन्तन हो भन्ने हामीलाई लाग्यो ।

माओवादी पार्टीमा जनवादी केन्द्रियता हामीले पटक्कै पाएनौं । त्यहाँ न त भिन्न विचारलाई चलखेल गर्ने स्वतन्त्रता थियो, न नेतृत्वको आलोचना गर्ने स्वतन्त्रता । जिल्लामा संघर्ष र जनयुद्धको कस्तो योजना बनाउने ? त्यो योजनाको बारेमा पनि जिल्ला वा कमिटीमा व्यापक छलफल र बहस गर्न पाइन्नथ्यो । जिल्लामा लागु गर्नुपर्ने योजनामाथि केन्द्रिय समितिले निर्णय गर्थ्यो, क्षेत्रीय ब्यूरोले अनुमोदन गर्थ्यो र जिल्लाले त्यसलाई आँखा चिम्लेर लागू गर्नुपर्थ्यो । यदि केन्द्रले लादेको योजनालाई आँखा चिम्लेर लागु गरिएन भने "पार्टी विरोधी" जस्ता

अनेकौं खालका आरोप लगाइन्थ्यो । यसले देखाएको कुरो के हो भने, माओवादी पार्टीमा वास्तवमा नोकरशाही केन्द्रीयता हावी थियो, जनवादी केन्द्रीयता होइन ।

जनवादी केन्द्रीयता नभएको मात्र होइन, नेतृत्वको आलोचना गर्ने, उनीहरूको बदमासी, गलत विचार र प्रवृत्तिको विरोध गर्ने मान्छेलाई त माओवादी पार्टीमा गाउँका जालीफटाहाले झैं अनेकौं जालझेल र षडयन्त्र गरेर जसरी पनि फँसाउने, त्यसपछि चरित्रहत्या गर्ने र सिध्याउने लिनप्याओवादी प्रवृत्ति भेटियो । जस्तो, भिन्न मतका कार्यकर्ताले पैसा बुझाउन खोज्दा पैसा नबुझ्ने, पैसा र हिसाब साथमा नभएको अप्ठेरो बेला पारेर त्यो एक्कासी मागिदिने, अनि त्यतिखेरै त्यो बुझाइएन भने "पैसा हिनामिना गऱ्यो फलानोले" भनेर नेताहरू आफैंले चरित्रहत्या गर्ने गरेको घटना पनि कैयन् पटक घटे । आफ्ना अनुकूलका केटीहरूलाई लगाएर, त्यस्तै एकान्त वातावरण सिर्जना गरेर भिन्न मतका नेता कार्यकर्तालाई यौनकाण्डमा फँसाउने, अनि "फलानोको त फलानोसँग लसपस छ है" भनेर नेतृत्व आफैंले चरित्रहत्या गर्नथाल्ने जालीझेली प्रवृत्ति पनि माओवादी नेतृत्वमा देखियो । भिन्न मत वा आलोचना राख्ने कतिपयलाई त भौतिक सफयासमेत गरेको पनि भेटियो । केन्द्रमा क. वादललाई यौनकाण्डमा नेतृत्व आफैंले षडयन्त्रपूर्वक फँसाएर उहाँलाई आफ्नो पदबाट 'कू' गरियो । क. आलोकको गलत प्रवृत्तिको 'म अब जमेर विरोध गर्छु' भने बापत क. रमेश ढुंगेललाई गएको भदौमा ललितपुरमा फाँसी दिइयो । जातीय सवालमा पार्टीले स्पष्ट सोच राख्नुपऱ्यो भन्दा राजविक्रम राईलाई, र भिन्न सोच राखेवापत क. रूद्र तिमिल्सिनाको पनि हत्या गरियो । रमेश ढुंगेलको हत्याको यथार्थ विवरण माग्न खोज्दा,

> एउटा घटना कस्तो घट्यो भने, एकचोटि एउटा पोस्टरमा आलोकजीको कोटेशन आयो । मैले त्यो प्रवृत्तिको विरोध गरें ।

क. आलोकको कार्यशैली र ऐयाशी जीवनशैलीको विरोध गर्दा र नेतृत्वसित कैयन् सवालमा विमति र भिन्न सोच राख्दा हतियार खोसेर षडयन्त्रपूर्वक मलाई नै गिरफ्तार गरियो, हिरासतमा राखियो र ठाउँ सार्ने निहुँमा भौतिक सफाया गर्न खोजियो । हिरासतबाट उम्केर आउन सकेकाले मात्र म बाँचे, नत्र त म यतिखेर मारिईसकेको हुने थिएँ ।

माओवादी पार्टीमा आलोचना र भिन्न सोचको लागि कुनै स्थान नै छैन, जस्तो लेनिनवादी संगठनात्मक सिद्धान्तअनुसार चलेको हरेक पार्टीमा हुनुपर्दछ । माओवादी नेताहरू सिधै भन्छन्- कम्युनिष्ट पार्टीमा नेतृत्वलाई कार्यकर्ताले सुझाव र सल्लाह दिने अधिकार मात्र हुन्छ, आलोचना र विरोध गर्ने अधिकार हुँदैन । सुझाव र सल्लाहलाई सुन्नु नसुन्नु नेतृत्वको खुशीको कुरो हो । हामीले बुझेको त कम्युनिष्ट पार्टीमा दुनियाँको सबैभन्दा उन्नत जनवाद हुनुपर्ने तर मैले माओवादी पार्टीमा जनवादको अभ्यास भएको ठ्याप्पै देखिनँ । माओवादी पार्टी त मैल हुकूमीतन्त्रबाट चलेको पाएँ, जुन बिल्कुलै सामन्ती कार्यशैली हो ।

माओवादी जनयुद्धको चारवर्षको दौरानमा मैले ३/४ पटक वैचारिक क्लासमा बस्ने मौका पाएँ । ती क्लासमा मैले नेतृत्वसित कैयन् कुरामा विमतिहरू राख्न खोजें । मैले त्यहाँ पाएको कुरो के हो भने, विमति राख्न खोज्दा त्यहाँ सकेसम्म बोल्न नै छेकेवार लाइँदो रहेछ । विमति राखीहालियो भने नेतृत्व आफैले यो मान्छेको चरित्र नै खराब छ, यसको कुनै कुरामा विश्वास नगर्नु भनेर चरित्रहत्या गर्न खाजिँदोरहेछ । म मान्छे हुँ । मैले कैयन् गल्ती गरें हुँला । म आफ्नो गल्ती कमजोरीबारे खुलेर कुरो राख्थें । तर नेताहरूले आफ्नो गल्ती कमजोरी एकचोटी पनि स्वीकारेको तथा आत्मालोचना गरेको मैले पाइँन । मैले गल्ती स्वीकार गर्नु नै मेरो अपराध हुनजान्थ्यो । मेरो गल्ती म आफैंले खुलस्त नपारेको भए म 'हिरो' हुन्थें हुँला । तर उहाँहरूले चाहिं आफ्नो गल्ती खुलस्त राखेको मैले कहिल्यै भेटिनँ ।

एउटा घटना कस्तो घट्यो भने, एकचोटि एउटा पोस्टरमा आलोकजीको कोटेशन आयो । मैले त्यो प्रवृत्तिको विरोध गरें । त्यसो गर्नासाथ नेतृत्वको र उनका मान्छेहरूको मलाई हेर्ने दृष्टिकोण फरक पर्नथाल्यो । मलाई के भनियो भने "तैंले यो उठाउने विषय नै होइन । यो नेतृत्वको कुरो हो । नेतृत्व तहमै यो हल गरीहाल्छन् । तैंले यसमा आलोचना किन गर्ने ?" यो प्रवृत्ति मलाई बिल्कुलै ठीक लागेन । यो त कार्यकर्तालाई नेतृत्वको घोडा मात्र बनाउने र कार्यकर्तामा नेतृत्वप्रति अन्धभक्ति मात्र विकास गर्ने प्रवृत्ति भयो । आलोचनात्मक चेतना भएका, स्तर उठेका कार्यकर्तालाई चाहिं तल झार्ने, निरूत्साहित गर्ने प्रवृत्ति भयो यो । यो त कार्यकर्ताको रगत पसीना लुटेर, ज्यान खर्चेर संगठन बनाउने, तर संगठनमा कार्यकर्ताको कुरा चाहिं लागू हुन नदिने, उनीहरूको त्यहाँ कुनै सुनवाइ नै हुन नदिने प्रवृत्ति भयो ।

हाम्रो विमतिको अर्को विषय के हो भने, युद्धरत पार्टीको प्रमुख कुरा भनेको विचार हुनुपर्छ, बन्दूक होइन । विचारले बन्दूकमाथि नियन्त्रण कायम गर्नुपर्छ, बन्दुकले विचारमाथि कदापि होइन । मार्क्सदेखि माओसम्मले यो कुरो स्पष्टसित बताउनुभएको छ । तर माओवादी पार्टीमा ठीक उल्टो छ । त्यहाँ बैचारिक मान्छेहरू, आलोचक मान्छेहरू बन्दूक हातमा लिएकाहरूसित डराउनु पर्ने स्थिति छ । आलोचनात्मक मत राख्नेहरू, भिन्न विचार राख्नेहरू त्यहाँ बन्दूक हातमा लिनेहरूबाट कैद हुनुपर्ने स्थिति छ । मारिनुपर्ने स्थिति छ, यसको उदाहरण मैले माथि दिईसकें ।

त, यिनै सब कारणले माओवादी पार्टी गलत लागेर मैले त्यसलाई छोडेको हुँ । ❑



नेकपा माओवादीका छापामारहरू


राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा कंचनपुर जिल्लावासी तथा समस्त देशवासीहरूप्रति हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौ !

ऋषिराज लुम्साली
सभापति तथा
कंचनपुर जि.वि.स.
परिवार

जुम्ला, हुम्ला, डोल्पा, मुगु र कालीकोट जिल्लाको आर्थिक, सामाजिक जीवनको सजीव चित्रणयुक्त पुस्तक
रमेश खड्कालिखित
'कर्णाली'
खोज पत्रकारिताको क्षेत्रमा एउटा ठोस कदम !
बजारमा उपलब्ध छ




उन्नत खेती र उद्योग व्यवसाय : सबैको संलग्नता
कृषि विकास र गरिबी निवारण : हाम्रो प्रतिबद्धता

कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीलाई ग्रमीण कृषि कर्जा, व्यापार कर्जा र बैंकिङ्ग सुविधाहरु प्रदान गर्दछ ।

हाम्रा प्रमुख प्राथमिकताका क्षेत्र विशेष गरी कृषि विकाससँग सम्बन्धित छन् । यसको लागि हामी सुलभ ब्याजदरमा संस्थागत ऋणहरु उपलब्ध गराउँछौं । सरकारका कतिपय कार्यक्रमहरु कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ । देशको समष्टिगत विकास कार्यलाई अघि बढाउन कृषि विकास बैंकका कार्यहरुमा रचनात्मक ढंगले सहभागी होऔं ।

कृषि विकास बैंक
मुख्य कार्यालय
रामशाहपथ, काठमाण्डौ

फोन नं.: २६२८८५ / २६२५९६
तार : कृषि बैंक
फ्याक्स : ९७७-१-२६२६१६
e-mail : agrbnk@adbn.mos.com.np

# प्रगतिशील प्राध्यापकहरुको धरान सम्मेलन

# किन यो संपूर्ण प्रगतिशील प्राध्यापकहरुको एकताबद्ध सम्मेलन हुन सकेन ?

प्राध्यापक संगठन यस्तो संगठन थियो, जहाँ वामपन्थीहरू अन्यत्र फुट्दा पनि यहाँ चाहिँ एकजूट रहन्थे । लामो समयदेखि यो एकता ज्यूकात्यूँ कायम रहरिहेको थियो र धेरैको लागि यो एउटा उदाहरण बनिरहेको थियो । परन्त गत पुष २५, २६ र २७ गते धरानमा संपन्न सम्मेलनमा यो आदर्श कायम रहेन । एमाले पक्षधर प्राध्यापकबाहेक सबैले यो सम्मेलनलाई अन्तमा बहिष्कार गरे । अत्यन्त परिपक्व बौद्धिकहरूले भरि एको यो संगठनमा किन यस्तो भयो ? किन यो संगठन पनि फुटतिरै अग्रसर भयो ? र यसलाई फुट्न नदिएर साझा संगठनकै रूपमा बचाईराख्न के गर्नु पर्ला ? यसबारे प्रस्तुत छ- पक्ष र विपक्ष दुवै थरिको विचार । पक्षमा वर्तमान संगठनका सभापति चिरंजीवि शर्मा स्वयमले आफ्नो विचार प्रस्तुत गर्नुभएको छ । चित्त नबुझेर सम्मेलन बहिष्कार गर्ने विभिन्न प्राध्यापकहरुमध्ये डा. हीराबहादुर महर्जन, रमेश शर्मा, डा. ओम गुरूङ्ग र डा. जगदीशचन्द्र भण्डारीले विपक्षमा आफ्नो धारणा राख्नु भएको छ ।

*हामी कामना गर्छौं, यो संगठन नफुटोस् र एकताबद्ध बनिरहोस् ।*


*-मूल्यांकन*

## सम्मेलन कसैले पनि बहिष्कार गरेको छैन

चिरंजीवि शर्मा (सभापतिः नेपाल प्रगतिशील प्राध्यापक संगठन)

प्रगतिशील प्राध्यापक संगठनको धरान सम्मेलन २०५६ पौष २५, २६ र २७ गते भयो । प्रगतिशील प्राध्यापक संगठन भनेको सबै प्रगतिशील प्राध्यापकहरुको वैचारिक र पेशागत साझा संगठन हो । यस साझा संगठनको पाँचौ राष्ट्रिय सम्मेलन कसरी गर्ने भन्ने सन्दर्भमा सबै प्राज्ञहरुको हौसला

पक्षको विचार



जोस, जाँगर र वहाँहरुकै सरसल्लाह, सुझाव अनुसार यो सम्पन्न भयो । २५, २६ र २७ गतेका सबै कार्यक्रमहरुमा सबै प्राज्ञहरुको पूर्ण सहभागिता रहेको हो । अध्यक्ष मण्डल, निर्वाचन समिति, निर्वाचन घोषणा, धन्यवाद ज्ञापन र समापनका समेत सबै कार्यक्रममा सबै प्रगतिशील प्राध्यापकहरुको पूर्ण सहभागिता रहेको थियो ।

जहाँसम्म नेतृत्वमा प्रतिनिधित्वको सवाल छ, व्यक्ति धेरै, सिट थोरै भएपछि अघिपछि पर्नु स्वभाविक हुन्छ । त्यही भएको मात्र हो । सम्मेलनपश्चात् काठमाण्डौका केही, छापाहरुले 'सम्मेलन बहिष्कार', 'सबैको सहभागिता रहेन', 'छुट्टै संगठन निर्माण गर्ने' जस्ता विविध कुराहरु छापेको मैले पढें । यो वास्तवमा हुँदै होइन । सम्मेलन कसैले पनि बहिष्कार गरेको छैन, सम्मेलनका सबै कार्यक्रममा सबैको पूर्ण सहभागिता रहेको छ । जहाँसम्म छुट्टै संगठन निर्माण गर्ने सवाल छ, त्यो मलाई विश्वास छैन । यो हुनै सक्दैन । यस्तो आत्मघाती निर्णय कसैबाट पनि हुन्छ भन्ने कुरामा मलाई विश्वास लाग्दैलाग्दैन ।

संगठन सबैको साझा हो, यसलाई साझा संगठनका रुपमा लग्ने कार्यहरु हामी बनाउँदै छौं । विशेषत : निम्नानुसार विकास गराउने पक्षमा हामी लागेका छौं :

१. पाँचौ राष्ट्रिय सम्मेलनपश्चात् सबै घटकका प्राज्ञहरुसँग हामीले कुराकानीहरु गरिरहेका छौं । सबैको सर-सल्लाह र सुझावअनुसार सबैको संलग्नताका आधारमा संगठनका काम कार्वाहीहरु अघि बढाउँछौं ।

२. संगठनका भावी कार्यक्रमहरुको रुपरेखा तयार पारी यसलाई सबै पक्षको सहभागिताका आधारमा अघि बढाउँछौं ।

३. विविध वैचारिक र सांगठनिक तथा प्राज्ञिक कार्यक्रमहरुमा सबै पक्षलाई संलग्नता गराइने छ ।

४. नेपालको राष्ट्रिय राजनीति र विश्वविद्यालय सत्ताको मूल्यांकन गर्दै प्रगतिशील प्राध्यापक संगठनका एकीकृत क्रियाकलापहरु प्रदर्शन गरिनेछन् ।

५. संगठनले शैक्षिक प्राज्ञिक कृयाकलापहरु (सेमिनार गोष्ठी, छलफल, पेशागत मागहरु पुरा गराउने कार्यक्रमहरु सर्व सम्मतबाट) तयार गरी कार्यान्वयनमा ल्याइने छन् ।

६. पाँचौ राष्ट्रिय सम्मेलनको मूल्यांकन समिक्षा गर्दै संगठनलाई साझा संगठनका रुपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत विकास गरिने छ ।

७. विविध आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसका साथीहरुमा संगठनको अनुभूति गराउँदै संगठनको विस्तार गरिनेछ ।

यी सबै कृयाकलापहरु आगामी पूर्ण बैठकपछि क्रमिक रुपमा प्रकाशमा ल्याई कार्यान्वयन गर्दै लगिने छ । ❑

## एमालेको भ्रातृ संगठन हुन जाने देखेर बहिस्कार गऱ्यौं

रमेश शर्मा

नेपाल प्रगतिशील प्राध्यापक संगठनको धरानमा भएको पाँचौं सम्मेलनको उद्घाटन र बन्द सत्रमा सबै प्रगतिशील प्राध्यापकहरूले भाग लिएको, तर अन्तिम सत्रको निर्वाचन प्रक्रियामा आफूलाई 'एमाले कार्यकर्ता हुं' भन्न नचाहने प्राध्यापकहरूले भाग नलिएर बहिष्कार गर्नुभएको हो । विगतमा महाकाली सन्धि लगायतका सवालहरूमा ने.प्र.प्रा.सं.लाई एमालेको नीतिअनुसार प्रयोग गरियो । तर अहिले राष्ट्रियताको सवाललाई गम्भीर ठानेर देशमा नेकपा मालेको पुर्नगठनपछि प्रगतिशील प्राध्यापक क्षेत्रमा पनि स्थिति बदलियो । संख्यात्मक रूपमै पनि एमाले कार्यकर्ता प्राध्यापक र अरूको संख्यामा धेरै अन्तर रहेन । सम्मेलनको सन्दर्भमा भएको वार्ताको क्रममा हाम्रो तर्फबाट एकताको लागि अन्तिम प्रस्तावको रूपमा 'केन्दीय समितिमा एमाले प्राध्यापकहरूको बहुमत मान्न सकिने तर सचिवालयमा कुनै पक्षको पनि पूर्ण बहुमत नरहने गरी एघार जनामध्ये सभापति लगायत पाँच जनासम्म एमाले पक्षलाई लिन' आग्रह गरियो । तर उहाँहरूले सबै ठाउँमा पूर्ण बहुमत चाहिन्छ भनेर अडिएपछि अब यो संगठन पुनः एमालेको भातृसंगठन हुनजाने देखेर हामी एमाले बाहेकका प्राध्यापकहरूले निर्वाचन बहिष्कारको निर्णय गरेका हौं । यसरी यो दुःखद् समापनको लागि आफूलाई प्रगतिशील प्राध्यापक संगठनको लागि सक्रियभन्दा पनि एमाले कार्यकर्ताहरूको रूपमा प्रस्तुत हुन गर्व गर्ने प्राध्यापकहरू जिम्मेवार हुनुहुन्छ ।

अब यो संगठनलाई एकतावद्ध साझा संगठन बनाई राख्न के गर्नु पर्ला भन्ने प्रश्नको सन्दर्भमा म के भन्छु भने - पहिलो कुरा, यसलाई

### विपक्षको विचार

सबै प्रगतिशील प्राध्यापकहरूको साझा मंचको रूपमा विकसित गर्नुपर्दछ, जसले सर्वमान्य कुरालाई मात्र अगाडि बढाओस् र कुनै पार्टीविशेषको नीति निर्देशन लागु गर्ने स्थल यो नबनोस् । यसको लागि सबै वैचारिक मान्यताका प्रगतिशील प्राध्यापकहरूलाई संगठनमा सक्रिय बनाएर नेतृत्वमा सहभागी गराउनु पर्दछ । निष्कृय बस्ने, तर नेतृत्वमा भाग चाहिं खोज्ने प्रवृत्तिको चाहिं अन्त्य हुनुपर्दछ ।

- दोस्रो, यो पेशागत संगठन पनि भएकोले आफूलाई फलाना पार्टीको कार्यकर्ता भन्न बढी रूचाउने प्रवृत्ति हुनुहुदैन । कारण, पार्टी कार्यकर्ताको लागि राजनीतिक मैदान धेरै फराकिलो छ, प्राध्यापक क्षेत्रमा सीमित रहनुपर्दैन । ❑

# वर्तमान नेतृत्वले आफ्नो गम्भीर त्रुटीलाई आत्मसात गर्नुपर्छ

डा. हीराबहादुर महर्जन

नेपाल प्रगतिशील प्राध्यापक सङ्गठनको इतिहासमा धरान सम्मेलन अत्यन्त दुःखद् रहेको म ठान्दछु । हालसम्म सम्पूर्ण प्रगतिशील प्राध्यापकहरूको साझा वैचारिक र पेशागत मञ्चका रूपमा रहेको सो सङ्गठन अब त्यस रूपमा रहेन, यो धरान सम्मेलनबाट एमालेको भ्रातृ-सङ्गठन बन्नपुग्यो ।

एमालेका प्राध्यापकहरूले सङ्गठनलाई फुटाउने किसिमका साझा भावनाविरोधी गतिविधि पहिलेदेखि गर्दै आउनुभएको थियो । त्यसबेला हामीले त्यस ढङ्गले नहेरे पनि अन्तिममा उहाँहरूबाट प्रदर्शित व्यवहारले उहाँहरूको नियतलाई स्पष्ट पारेको छ । उदाहरणका लागि एउटा घटनालाई लिऔं । सङ्गठनको सम्मेलन उद्घाटन समारोहमा सबै वाम नेताहरूलाई प्रमुख अतिथि बनाउने केन्द्रीय समितिको बैठकको निर्णय थियो । तर उहाँहरूले त्यस निर्णय विपरीत एमाले महासचिवलाई प्रमुख अतिथिको विवरण लेखिएका निम्तो पत्रहरू छापेर बाँड्नुभयो । माधव नेपाललाई मात्र प्रमुख अतिथि बनाएर आयोजना गरिने उद्घाटन समारोहमा बहुसंख्यक प्राध्यापकहरूले सहभागिता नजनाउने निर्णय सुनाएपछि उहाँहरूले आत्मालोचना साथ सबै वाम नेतालाई प्रमुख अतिथि बनाउने लिखित सहमति त गर्नुभयो, तर माधव नेपाललाई मात्र प्रमुख अतिथिको ब्याच लगाउनुभयो र स्वागत भाषण गर्ने मान्छेलाई प्रमुख अतिथिका रूपमा माधव नेपाललाई मात्र सम्बोधन गर्न लगाउनुभयो । काठमाण्डौ आएर उहाँहरूले गर्नुभएको पत्रकार सम्मेलनमा वितरित प्रेस विज्ञप्तिमा समेत माधव नेपाललाई प्रमुख अतिथि बनाइएको कुरा उल्लेख गरियो । यसबाट उहाँहरूको नियत झनै स्पष्ट भएको छ ।

> **हामी एमालेइतरका प्राध्यापकहरूले निर्वाचन प्रक्रियामा भाग नलिएपछि उहाँहरूले यो सबैको साझा वैचारिक र पेशागत सङ्गठन हो भन्ने पनि बिर्सिदिनुभयो ।**

धरानमा सम्पन्न वार्तामा समेत उहाँहरूको सकारात्मक धारणा कहीं पनि पाइएन । ३३ सदस्यीय केन्द्रीय समिति र ११ सदस्यीय केन्द्रीय सचिवालय दुवैमा आफ्नो एकलौटी बहुमत हुनैपर्ने 'मूढाग्रह उहाँहरूले राख्नुभयो । प्राध्यापक सङ्गठनजस्तो साझा संस्थामा उहाँहरूलाई बहुमत हुनै पर्ने कारण के हो ? बुझ्न सकिएको छैन । हामी एमालेइतरका प्राध्यापकहरूले निर्वाचन प्रक्रियामा भाग नलिएपछि उहाँहरूले यो सबैको साझा वैचारिक र पेशागत सङ्गठन हो भन्ने पनि बिर्सिदिनुभयो । र, बिना संकोच 'नपाउनेले केरा पायो, बोक्रैसित खायो' भन्ने उखानलाई चरितार्थ गर्दै पूरै नेतृत्व एकलौटी बनाएर आउनुभयो । एमालेको छैठौं महाधिवेशनमा समेत पर्याप्त सीटहरू खाली राखेर अर्को पक्षसँग पछि वार्ता अगाडि बढाइएको थियो । एमालेको प्राध्यापक नेतृत्वले त्यत्ति पनि उदारता प्रदर्शन गर्न सकेन ।

यसरी समग्रमा नेप्रप्रासंको धरान सम्मेलन एमाले प्राध्यापकहरूका कारण दुर्भाग्यपूर्ण रह्यो भन्ने मैले ठानेको छु ।

नेप्रप्रासं. पेशागत सङ्गठन मात्र नभएर वैचारिक सङ्गठन पनि हो । ठीक विचार ठूलो समूहमा मात्रै हुन्छ भन्ने सोच कसैले राख्छ भने त्यो अल्पदृष्टि र अज्ञानताबाहेक अरू केही हुन सक्दैन । नेप्रप्रासं.मा पनि साना ठूला जुनसुकै वामपन्थी समूह होउन्, तिनको वैचारिक प्रतिनिधित्व हुनु अनिवार्य हुन्छ । यसमा हामी स्पष्ट छौं । यदि बढी टाउकाकै मात्र गणना गर्ने हो र पेशागत सङ्गठन मात्रै बनाउने हो भने नेपाल प्राध्यापक संघभन्दा भिन्न चरित्र त्यसको रहन सक्दैन ।

यदि नेप्रप्रासंलाई सबैको साझा सङ्गठन बनाउने हो भने वर्तमान नेतृत्वले आफ्ना गम्भीर त्रुटीहरूलाई आत्मसात् गर्नुपर्छ, त्यसमा सुधार गर्नुपर्छ र नेतृत्वबाट राजिनामा दिएर साझा सहमतिका लागि पहल गर्नुपर्दछ । अनि मात्र यो सङ्गठन सबैको साझा हुन सक्दछ । अन्यथा एमालेको भातृसङ्गठनको रूपमा देखा परेको वर्तमान नेप्रप्रासं सबैको साझा हुन सक्दैन । यो एमालेको जनवर्गीय सङ्गठन मात्र हुनजान्छ । यस्तो अवस्थामा अन्य सम्पूर्ण प्राध्यापकहरू यस सङ्गठनको छातामुनि रहन सम्भव हुँदैन । यस्तै स्थिति रहेमा प्राध्यापकहरूको हकहित र प्राज्ञिक उन्नयनका साथै वैचारिक अभियानका लागि समेत अन्य साझा मञ्चको आवश्यकता टड्कारो हुनेछ र हामी त्यस दिशामा जान बाध्य हुनेछौं ।

❑

# साथीहरुले संख्यात्मक औंकात देखाएर वैचारिक पक्षलाई वेवास्ता गर्नुभयो

डा. ओम गुरुङ

नेपाल प्रगतिशील प्राध्यापक संगठन सबै प्रगतिशील प्राध्यापकहरुको साझा संगठन हो भन्ने मलाई लागेको थियो । यो संगठन सिर्फ पेशागत संगठन मात्र नभएर बैचारिक संगठन पनि हो । त्यसकारण यस संगठनमा संख्यात्मक आधारमा मात्र नभएर वैचारिक आधारमा सबै प्रगतिशील प्राध्यापकहरुको समान प्रतिनिधित्व हुनुपर्दछ र हुनेछ भन्ने मान्यताका आधारमा यस संगठनको पाँचौ राष्ट्रिय सम्मेलनमा भाग लिन धरानतर्फ लागेका थियौं । त्यस आधारमा सम्मेलनको उद्घाटन समारोहदेखि लिएर बन्द सत्रसम्मका सबै कार्यक्रमहरुमा हामीलाई सहभागी बनाइयो र हामी पनि सहभागी बन्यौं । तर बन्द सत्रसम्मको कार्यक्रम समापन भएपनि समितिको निमार्ण गर्ने बेलामा सम्मेलनका सहभागी एमाले पक्षधर साथीहरुले आफ्नो संख्यात्मक औकात देखाएर बैचारिक पक्षलाई बेवास्ता गर्नुभयो । संख्यात्मक बाहुल्यताकै आधारमा वहाँहरुले केन्द्रीय समिति र समितिको सचिवालय दुवैमा आफ्नो बहुमत हुनैंपर्ने अड्डी लिनुभयो । सबै पक्षका प्रगतिशील प्राध्यापकहरुलाई समान रुपमा समेटेर संगठनलाई साझा समंच बनाउनु पर्दछ भन्ने सोचाई राख्न भएन । संगठनमा विचार पक्षभन्दा संख्यात्मक पक्ष प्रधान बन्यो । यस्तो स्थितिमा हामी संगठनको समितिमा बस्नुभन्दा नबस्नु नै स्वीकार हुन्छ भन्ने लागेकोले हामी एमाले इतर सबै प्रगतिशील प्राध्यापकहरुको सर्व सम्मतिबाट समिति बनाउने जिम्मा एमाले पक्षधर साथीहरुलाई सुम्पेर धरानबाट फर्क्यौं ।

> **आधारमा आफूलाई ठूलो नठानेर विचार र सिद्धान्तको आधारमा आफ्नो मूल्यांकन गर्नुपर्दछ ।**

प्रगतिशील प्राध्यापक संगठनलाई क्रियाशील र सबैको साझा संगठन बनाउनका लागि सबै वामपंन्थी, प्रगतिशील प्राध्यापक साथीहरुले आफ्नो अहं भावना त्यागनु पर्दछ । संख्याको आधारमा आफूलाई ठूलो नठानेर विचार र सिद्धान्तको आधारमा आफ्नो मूल्यांकन गर्नुपर्दछ । विचार, नीति, कार्यक्रम अरुलाई मान्य छैन भन्ने थाहा पाईपाई पनि जर्वजस्ती लाद्ने प्रवृत्ति हटाउनु पर्दछ । आफूमा त्याग र प्रतिबद्धताको भावना हुनुपर्दछ । संगठनलाई क्रियाशील र साझा मंच बनाउने हो भने मुखले एउटा कुरा र ब्यवहारले अर्को कुरा गर्नुहुदैन । सबैलाई मान्य हुनेखालको सोचाई र आचरण देखाउनु पर्दछ । यस्तो भएन भने संगठनले गति लिन सक्तैन र यो टुक्रिने अवस्थामा पुग्छ । संगठन टुक्रियो भने हामी कसैलाई पनि फाइदा पुऱ्याउदैन ।


❑

# प्रगतिशील प्राध्यापकहरुको चाहनामाथि प्रहार

डा. जगदोश चनु भण्डारी

- प्रगतिशील प्राध्यापक संगठनको धरान सम्मेलनले देशभरिका प्रगतिशील प्राध्यापकहरूको चाहनामाथि ठूलो प्रहार गरेको छ । सत्ताको संरक्षणमा पालिन, पोषित तत्वहरूको आक्रमण भइरहेको अवस्थामा प्रगतिशील प्राध्यापकहरू एकताबद्ध हुनुपर्ने आवश्यकताका सन्दर्भमा झनै विखण्डित हुनु दुखलाग्दो कुरा हो । खासगरी उक्त सम्मेलनमा विभाजक तत्वका रूपमा एमाले समर्पित प्राध्यापकहरू स्पष्टतः मैदानमा उभिए । सैद्धान्तिक र वैचारिक ऊर्जाको, स्खलनताको, उपजका रूपमा मुखर हुने प्रवृत्ति उक्त समूहका प्राध्यापकहरूमा बिगतमा पनि हावी भएको पाइन्थ्यो

(बाँकी ४४ पेजमा)


लेखक

# प्रगतिशील प्राध्यापक संगठनको इतिहासमा आएको पटाक्षेप

◆ राजेन्द्र सुवेदी ◆

### विषय प्रवेश

नेपालका पेशागत संगठनहरुमा नेपाल प्राध्यापक संघ पनि एक हो । पञ्चायती शासन व्यवस्थामा पेशागत अथवा वैचारिक किसिमका संगठनहरुको अस्तित्व भूमिगत रहँदा रहँदै पनि २०४६ सालपछि नेपाल प्राध्यापक संघ एउटै मात्र त्यस्तो संस्था देखापर्‍यो, जसको नेतृत्वको चयन 'एक व्यक्ति-एक मत'का आधारमा देशभरका प्राध्यापकहरुको सहभागिताबाट हुने परम्परा आरम्भ भयो । यसरी देशव्यापी रुपमा खुला संगठनमा आबद्ध हुने वातावरण तयार हुनुभन्दा पहिले पनि आवश्यकताअनुसार विभिन्न वैचारिक आधार भएका राजनीतिक विचारसँग आबद्ध मानिने प्राध्यापकहरुका बीचमा सामञ्जस्य र समभ्कदारी कायम राख्ने र न्यूनतम कार्यक्रममा सहकार्य गर्ने परम्परा कायम हुँदै आएको थियो । २०४६ सालपछि भने नेपालका वामपन्थी घटकहरुका बीचमा सामञ्जस्य कायम गरेर पेशागत कार्यमा न्यूनतम सहमति राख्ने ध्येयले प्रगतिशील प्राध्यापकहरुका बीचमा एउटा न्यूक्लियस गठन भयो । प्राध्यापक संघ खुला रुपमा क्रियाशील भएपछि पनि यो न्यूक्लियस भूमिगत रुपमा नै रहिरह्यो । न्यूक्लियसको संरचना वैचारिक आधारमा सबै खाले वाम विचार राख्ने प्राध्यापकहरुको प्रतिनिधित्व हुने गरी निर्माण हुने र न्यूक्लियसमा रहेका एकमात्र सदस्यको पनि विमति रहेमा त्यस्तो विषय कार्यान्वित नहुने परम्परा अनुरुप यो न्यूक्लियस २०४६ को जन-आन्दोलनसम्म क्रियाशील रहिरह्यो ।

२०४६ को जनआन्दोलनबाट प्राप्त खुला वातावरणले भने राजनीतिक, व्यवसायिक र वैचारिक संगठनमा पनि केही खुला र सहजता ल्याइदियो । भूमिगत रहेका नेता र नीति खुला भए । व्यवसासयिक संगठनका नाममा पार्टीका संगठनका एकाइहरु मौलाए । २०४६ सालदेखि नै व्यवसायिक हितका निम्ति लड्दै आएको नेपाल प्राध्यापक संघ पनि बहुमतका नाममा नेपाली कांग्रेसको निकट र प्रवक्ताका रुपमा परिणत हुँदै गयो । वैचारिक दृष्टिले विभिन्न विचारसँग आबद्ध प्राध्यापकहरुको पनि सम्मानजनक सहभागिता रहनुको सट्टा बहुमतको शासन लाद्ने कार्यथलो बन्नपुग्यो । विशेष गरेर नेपाली कांग्रेस, वामपन्थी र पञ्चायतका समर्थक तीनवटा ध्रुवमा विभाजित प्राध्यापकहरुमा प्रतिस्पर्धा हुने प्रचलनका बीचबाट नेपाल प्राध्यापक संघ गुज्रँदै जाँदा यस किसिमको नेतृत्व चयन प्रणलीबाट वैचारिक र व्यवसायिक हितको परिणाम देखापर्न सक्दैन भन्नेहरुको आवाज पनि सघन बन्दै गयो । त्यस्तो किसिमको बहुमतको प्रणालीमा, उदाहरणका लागि २०० मतदाता भएको अवस्थामा १०१ मत प्राप्त गर्नेले ९९ मतलाई शासन गर्ने प्रावधान रहन्छ । वैचारिक सत्यता, व्यापक हितको निष्ठा र इमान्दारिताका दृष्टिकोणाहरुलाई कार्यान्वियन गरिनुपर्ने विचार ९९ को पक्षमा रहेकै खण्डमा पनि अवैचारिक र अराजक हूलको १०१ को गणितीय संख्याले सिंगो संगठनभित्रका सही र यथार्थ पक्षहरुको मर्यादालाई लत्याएर आफ्नो नजिकको राजनीतिक गुटको भातृ-संगठनका रुपमा धकेल्ने काम गर्दछ । नेपाल प्राध्यापक संघको अवस्था पनि त्यस्तै रह्यो । आफ्नो पक्षको सरकार बनेका अवस्थामा नियुक्त पदाधिकारीहरुले विश्वविद्यालयका क्याम्पसहरुमा योग्यता र क्षमताका आधारमा नभएर आफ्ना र कार्यकर्ता भएकै नाममा शिक्षकहरुको नियुक्ति र बढुवा गर्ने प्रचलनको होडबाजी चल्यो । यसले उता विश्वविद्यालयको गुणस्तर चौपट त भयो नै, यता प्राध्यापक संघ त भन् आफ्ना प्रभुहरुको दुष्कृत्यको समर्थन गर्न र ती दुष्कार्यहरु ढाक्ने खालका विज्ञप्तिहरु छपाइदिने र अवसर पाएमा उच्च एवं राजनीतिक, कूटनीतिक पदमा नियुक्ति पाउने एउटा गतिलो सिंढी मात्र बन्यो । यस्तो स्थिति आएपछि प्राध्यापक संघप्रति आम प्राध्यापकहरुको आस्था र विश्वास घट्दै गयो । यस कारणले वामपन्थी प्राध्यापकहरुले आफ्नो पक्षलाई संगठित गर्न र व्यवसायिक हितका पक्षमा क्रियाशील बनाउन पहल गर्नैपर्ने स्थिति आइपर्‍यो ।

### प्रगतिशील प्राध्यापक संगठनको निर्माण

प्रगतिशील पक्षबाट नेपाल प्राध्यापक संघको केन्द्रीय सभापतिमा लडेका व्यक्तिलाई नै संयोजक मानेर आफ्ना समूहको प्रतिनिधित्व गर्ने र न्यूक्लियसको सहमतिमा कार्यान्वयन गर्ने अवधारणालाई गति दिने काम पनि निरन्तर रह्यो । काठमाण्डौ र ललितपुरमा भएको प्रगतिशील प्राध्यापकहरुको भेलाले प्राध्यापकहरुको हकहित संरक्षण गर्ने उद्देश्यले एउट औपचारिक संगठन निर्माण गर्ने निर्णय गर्‍यो । यसको दोस्रो सम्मेलन पनि ललितपुरमै भयो । यसपछि यसलाई संस्थागत रुपमा विकास गर्ने सोचअनुरुप २०५२ सालमा भएको तेस्रो सम्मेलनले संगठनको केन्द्रीय समिति चयन गरी संगठनलाई विधिवत दर्ता पनि गर्‍यो । तर यसै क्रममा वामपन्थी प्रगतिशील विचार राख्ने प्राध्यापकहरुका बीचमा भने संगठनको निर्णायक प्रक्रियामा र कार्यकारिणी तहमा सबैको सहभागिता हुनुपर्छ भन्नेहरुका बीचबाट न्यूक्लियसको अवधारणा पूर्णतः दुर्बल बन्दै गयो । महेन्द्रनगरमा भएको यस तेस्रो सम्मेलनले के देखायो भने, संगठनको निर्णायक तहमा वैचारिक समूहको नाम मात्रको प्रतिनिधित्व स्थान दिएर एमाले समर्थक प्राध्यापकहरुको वर्चस्व कायम भयो । यसो हुँदा पनि वैचारिक सहकार्य गरिने मञ्चका रुपमा रहनुपर्छ भनेर सबै वामविचारका प्राध्यापहरुले त्यस संगठनलाई आफ्नै संगठन ठानेर सहभागी भइरहे ।

२०५४ सालमा वीरगंजमा भएको चौथो सम्मेलनबाट पनि केन्द्रीय कार्यसमिति बन्यो । त्यस कार्यसमितिमा आइपुग्दा यसको स्वभावमा नेपाल प्राध्यापक संघको भैं उही १०१ ले ९९ लाई शासन गर्ने रवैया पूर्ण रुपमा विकसित भयो ।

२०३६ देखि नै अवलम्बन गरिँदै आएको संख्या र जमात होइन, विचारलाई इकाइ मान्ने र समान रुपमा प्रतिनिधित्व हुने, अनि सर्वसम्मत निर्णय मात्र कार्यन्वयन गरिने प्रक्रिया व्यापक रुपमा विच्छिन्न हुन पुग्यो । वैचारिक-पेशागत संगठनको अवधारणा मृतप्रायः भयो र त्यही नेपाल प्राध्यापक संघले अनुशरण गरेको पार्टीको 'मुखपत्र' बन्ने प्रक्रिया थपक्कै आइपुग्यो । यसमा विमति राख्नेहरुले आफ्नो विचारलाई बलियो ढंगले राख्दै आए तर केन्द्रीय कार्य-समितिको निर्माणमा ३३ जनामध्ये ३० जना एमाले समर्थक विचारबाट र अन्य वाम विचारबाट तीन जनाको मात्र प्रतिनिधित्व गराई मात्र नामको प्रगतिशील र कामको एमाले संगठनका रुपमा यो रुपान्तरित हुँदै गयो । यसैबीच, नेपालको कम्युनिष्ट आन्दोलनको प्रमुख धार एमाले

( ४३ पेजको बाँकी)

भने अहिले पनि त्यो प्रवृत्ति नाङ्गो र घिनलाग्दो रूपमा प्रकट भयो । कुनै एक समूहको वर्गीय संगठनका रूपमा प्रगतिशील प्राध्यापक संगठन खुम्च्याउन संलग्न तत्वहरू र तिनका निर्देशकहरू यस स्थितिका निम्ति जिम्मेवार छन् ।

❑ यस स्थितिमा प्रगतिशील प्राध्यापक संगठनलाई क्रियाशील र सबैको साभ्का संगठन बनाउन के गर्नुपर्ला ?

- साभ्का सहमतिको मूल कुरालाई स्वीकार गर्न सकेमात्र प्रगतिशील प्राध्यापक संगठन दरिलो र बलियो हुनसक्छ । विभिन्न प्रवृत्तिमा आबद्ध प्राध्यापकहरूले साभ्का सहमतिका बिन्दुहरू पहिल्याउनु पर्छ । मेरो गोरूको सोह्रै आना भन्ने प्रवृत्तिबाट मुक्त हुनुपर्ने देखिन्छ भने, कुनै एउटा प्रवृत्तिको संवाहक संगठनका रूपमा विकसित गर्ने दुराशयबाट पृथक हुनुपर्दछ । देशभरिका संपूर्ण प्रगतिशील प्राध्यापकहरूको साभ्का संगठन बनाउन चाहना गर्ने तर बनाउँदा चाहिँ भ्रातृ संगठनजस्तो बनाउने कुरा एकदमै नमिल्ने कुरा हुन् र त्यस्तो दुराकांक्षालाई भेदन गर्नुपर्छ र प्रगतिशील प्राध्यापक संगठनलाई बलियो र दरिलो संगठनका रूपमा विकसित गर्नुपर्छ । यसका निम्ति प्राध्यापकहरूको वास्तविक हकहितको लागि र प्राज्ञिक स्वतन्त्रताको लागि प्रतिबद्ध संगठन बनाउन साभ्का कार्यक्रम निक्यौल गरी अघि बढ्नुपर्छ । ❑

## प्राध्यापकहरूको धरान सम्मेलनमा के भयो ?

पार्टी एमाले र मालेका रुपमा विभाजित भयो । यस विभाजनको प्रभाव विश्वविद्यालयका विभिन्न गतिविधिमा पनि गम्भीर रुपमा देखापर्‍यो । यो विभाजनपश्चात् प्रगतिशील प्राध्यापक संगठनका केन्द्रीय कार्यसमितिका केही प्रतिनिधि जस्तै उपाध्यक्ष चाहिं माले पक्षमा रहनाले र केन्द्रीय समितिका अन्य विचार राख्ने केही सदस्यहरु पनि त्यहाँ भएबाट गत कालको ३० प्लस ३ को स्थिति भने रहेन । तर केन्द्रीय समितिमा रहेका पदाधिकारीहरु नै विश्वविद्यालयको जिम्मेदारी बहन गर्नुपर्ने पदमा रहेका कारणले विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष, राजिष्ट्रार जस्ता पदमा नेपाली कांग्रेस समर्थित व्यक्तिहरु नियुक्त भएपछि तिनको समर्थनमा विज्ञप्ति प्रकाशित गरिदिने काममा संगठनको प्रतिष्ठा धितो राखिने, राष्ट्रहित विपरीतका कार्य हुँदा पनि समर्थनमा प्रेस विज्ञप्ति प्रकाशित गरिदिने जस्ता अवैचारिक र अव्यवसायिक क्रियाकलापहरु बढ्दै गए । यसै क्रममा हालको पाचौं राष्ट्रिय सम्मेलन हुने मिति र कार्यक्रमको पनि निर्धारण भयो ।

### *वैचारिक मोर्चामा बहुमतको दम्भ*

अल्पमत माथि दमनको नीति रहे पनि प्रगतिशील प्राध्यापक संगठनलाई एकताबद्ध रुपमा लानुपर्छ भन्ने मान्यता अनुरुप घसिदै आएको उक्त संगठनको पाँचौं राष्ट्रिय सम्मेलन पूर्व निर्धारित कार्यक्रमअनुसार धरानमा २०५६ पुस २५ देखि २७ सम्म हुने तय भयो । आगामी केन्द्रीय समितिको निर्माण विचारका आधारमा सम्मानजनक रुपमा र साझा मञ्चको मर्यादाअनुरुप गराउनु पर्ने उद्देश्य राखेर वार्ता गरिनुपर्ने विचारले विभिन्न घटकहरुका तर्फबाट प्रतिनिधित्व गरिने व्यवस्था पनि भयो । हाल प्राध्यापकको समूहमा क्रियाशील रहेका घटकहरुले आशय र विचारको प्रतिनिधित्व गरेर भएको वार्तामा एमाले समर्थक प्रतिनिधिहरुको रवैया बहुमतको नाममा अन्य समूहलाई पेल्ने अवैचारिक खालको प्रकट हुँदै आयो र त्यसले वार्ताको क्रममा घातक हिसाबले मूर्त रुप लिन थाल्यो । नेपालका सबैजसो बामपन्थी धारहरुका तर्फबाट प्रतिनिधित्व गर्नेहरुमध्ये एमाले र माले तथा अन्य घटकहरुका निम्ति सम्मेलनबाट चयन गरिने २० वटा पदमध्ये महासचिव १, केन्द्रीय कार्यसमितिको सदस्य १, अनि केन्द्रीय समितिको सदस्य ५ समेत ७ स्थान मालेको पक्षमा, अध्यक्ष लगायत ७ स्थान एमालेको पक्षमा र अन्य समूहहरुका निम्ति ६ स्थान गरेर जम्मा बीस पदको सन्तुलन गरिनु पर्ने बारेमा एमालेबाहेक अन्य घटकहरुको सहमति भएको अवस्था आयो । तर यस किसिमको निर्णयमा हस्ताक्षर गर्ने बेलामा मात्र एमाले पक्षले विमति जनायो । एमालेको अडान आफ्नो पक्षलाई १२ स्थान र अन्य सबै समूहलाई ८ स्थान राखेर मिलाउनु पर्ने भन्ने रह्यो । वार्तामा अवरोधको स्थिति पैदा भयो ।

वार्ताको विभिन्न चरणमा विश्वविद्यालयको शैक्षिक र प्राज्ञिक स्थितिको बारेमा कुनै चासो देखिएन, व्यावसायिक सङ्गठनको न्यूनतम महत्व पनि चर्चामा आएन । बरु बहुमतको नाङ्गो दमन भने एमालेका तर्फबाट प्रकट भइरह्यो । वार्ताको स्थान र समय निर्धारण गरिसकेपछि त्यस स्थान र समयमा उपस्थित नहुने, आफ्नो समूहको प्रतिनिधित्व गरेको बेला यसभन्दा बढ्ता विषयमा मेन्डेट नभएका कारणले वार्ता अघि बढाउन नसकिने भन्ने निरीहता प्रकट गर्नु, पार्टी लाइनको मुख ताक्नु पर्ने कुरा लाचारीका साथ प्रकट गर्नुजस्ता स्थितिहरु वार्ताका प्रत्येक बैठकमा देखियो । यो वार्ता प्राध्यापकको मर्यादा र विचारको वार्ता नभएर कुनै जनवर्गीय संगठनको वार्ता झैं लागिरहेको थियो । वास्तवमा केन्द्रीय समिति र ११ जनाको कार्यसमितिमा पनि बहुमत रहनै पर्ने अडान एमालेले प्रकट गर्‍यो ।

सम्मेलन आयोजनाका तयारीका प्राविधिक पक्षहरुमा पनि असन्तुलनका पक्षहरु देखापरे । सम्मेलनमा अतिथिहरु आमन्त्रण गरिने कार्यमा ठाडो पक्षपात गरियो । केन्द्रीय समितिको बैठकले सम्मेलनका ५ जना प्रतिनिधि छनौट गर्नुपर्ने नियमअनुरुप छानिएका प्रतिनिधिहरु पनि आफ्नै पक्षबाट मात्र उपस्थिति गराउन एमाले नै सफल रह्यो । तर यति गर्दा पनि सम्मेलनस्थलमा एमाले पक्षधर प्राध्यापकहरुको मानसिकता एक्लै जानुपर्छ भन्नेतर्फ झुकेको भने पटक्कै थिएन । नेतृत्वको आदेश विपरीत आफ्नो विचार राख्न पाउने स्वतन्त्रताको अभावले मूक दर्शक बनेका एमाले पक्षधर प्राध्यापकहरुमा नेतृत्वको ठाडो आदेश हावी भएका कारणले नै संगठनको अवस्था त्यस्तो बन्न पुग्यो । संगठनको व्यवसायिक निष्ठा र वैचारिक मर्यादा अनिवार्य पालन हुनुपर्छ भन्ने दृष्टि भने एमाले समर्थक तल्ला तहका प्राध्यापकहरुमा पनि जीवन्त रहेको पाइयो । यसबाट एमाले पक्षको गलत नेतृत्व रहेका कारणले नै संगठनमा विखण्डन आएको हो तर तलका प्राध्यापकहरुमा बैचारिक विविधता रहे पनि कार्यगत एकतालाई जीवन्त राख्ने साझा मंचको अवधारणाअनुरुप चल्नुपर्छ भन्ने दृष्टिकोण विकसित हुन लागेको देखियो । कुनै एक दलको भातृसंगठन बन्नु सबै प्राध्यापकहरुको दुर्भाग्यलाई निम्त्याउनु हो भन्ने कुरा स्पष्टै प्रकट भएको पाइयो ।

### *भ्रातृसंगठनमा रूपान्तरण*

सम्मेलनको उद्घाटनका दिन पुनः सम्मेलनमा सहभागी भएका घटकहरुका बीचमा वार्ता भयो । वार्तामा पहिलेकै अनुसार एमालेले सम्मेलनबाट छानिने २० सिटमध्ये १२ सिट लिने र बाँकी ८ सिटमात्र अन्य घटकहरुलाई रहनु दिने अडान यथावत् राख्यो । वार्ताको प्रकरण टुङ्गियो । सम्मेलनको दोस्रो दिन सम्मेलनका सहभागीहरुको प्रयासमा पुनः वार्ताको प्रयत्न भयो । समय र स्थानको निर्धारण भयो । साँझ सात बजेपछि संरचनाको अन्तिम रुप तय गर्न बैठक बस्ने सहमति भयो । सोही अनुरुप साँझ सात बजे गरिने भनेको वार्तामा एमालेतर्फका वार्ताकारहरु अनुपस्थित रहे । आठ बज्यो, नौ बज्यो, दस बज्यो र रातको साढे दस पनि बज्यो । उनीहरुको नियत स्पष्टिदै गयो । संगठनलाई पोल्टामा राख्ने प्रयत्न गरेको कुरा नाङ्गो रुपमा प्रकट भयो ।

अन्य (एमाले इतर) प्राध्यापकहरुका बीचमा छलफल भएर एउटा निर्णय भयो । वार्ताको प्रारम्भिक चरणदेखि राखिदै आएको अडान अनुरुप ७+७+६ को सहभागितामा अडान कायम राख्ने र क्षेत्रीयस्तरबाट प्रतिनिधित्व गरेर आउनेहरुको हकमा जस्को जस्तो स्थिति रहे पनि ११ जनाको कार्य समितिमा कुनै एक समूहको बहुमत हुन नहुने र केन्द्रीय समितिमा एमाले समूहको बहुमत रहे पनि आपत्ति नहुने कुरामा एमाले इतरका अन्य समूहको उपस्थितिले एकमतका साथ निर्णय गर्‍यो । अनि सम्मेलनको अन्तिम दिन निर्धारण गरिएको निर्वाचन कार्यक्रम आरम्भ हुनुपूर्व १० बजेभित्र नै टुङ्गोमा पुग्नुपर्ने कुरा पनि निर्णयहरुमा उल्लेख भयो । यी सबै प्रक्रियाहरु पौष २७ गते १० बजे बिहानभित्र टुङ्गो नलागेमा हालैको निर्वाचन प्रक्रियामा सहभागी नहुने भन्ने बारेमा रातको १०:५० बजे एकमतले निर्णय भयो । तर एमालेको पक्षबाट भने वार्तामा कसैको उपस्थिति रहेन ।

सम्मेलनको अन्तिम दिन बिहान ९ बजे एमालेका तर्फबाट वार्ताकारहरु पुनः उपस्थिति भए । वार्तामा लचिलो र वैचारिक सहभागिताको प्रश्नलाई किनारा लगाएर आफ्नो पूर्व अडान फेरि पनि दोहोर्‍याउने काम भएपछि अन्य समूहका वार्ताकारहरुले वैचारिक सम्मानको मर्यादा उल्लघंन भएको ठहर गरी निर्वाचन प्रक्रियामा भाग नलिने र एमालेलाई सम्पूर्ण पदमा आसीन हुन शुभकामना दिएर आफूलाई अलग राख्ने अडान सुनाएपछि वार्ताको नाटकको पर्दा अन्तिम पटक बन्द भयो । एमाले एक्लैले केन्द्रीय समितिको निर्माणको नाटक रचेर सम्मेलन समाप्त भयो । तर सम्मेलन समाप्त हुनु अगावै अन्य घटकबाट केन्द्रीय समितिमा सहभागी नहुने विचार सार्वजनिक भएपछि एमालेको वृत्तभित्र पनि असन्तुष्टिको वातावरण भने व्याप्त भयो । सम्मेलनमा सहभागी भएका एमाले बृत्तका प्राध्यापकहरु पनि सम्मेलन स्थलबाट बाटो लागेका थिए । यसरी प्रगतिशील प्राध्यापक संगठनको इतिहासमा एकपटक पटाक्षेप भएको छ ।

**सम्मेलन समाप्त हुनु अगावै अन्य घटकबाट केन्द्रीय समितिमा सहभागी नहुने विचार सार्वजनिक भएपछि एमालेको वृत्तभित्र पनि असन्तुष्टिको वातावरण भने व्याप्त भयो ।**

### *निष्कर्ष*

लामो समयको संघर्ष, त्याग र लगनबाट निर्मित व्यावसायिक एंव वैचारिक संगठनको यात्रामा लागेको पूर्णविरामबाट धेरै वटा प्रश्नहरु जन्मिएका छन् । अब प्रगतिशील प्राध्यापक संगठनको अबको स्थिति के हुन्छ ? अब यसको अवस्था कस्तो हुन्छ ? अनि यो संगठनले एमालेको भ्रातृसंगठनकै रुपमा चल्ने कि ? प्रगतिशील चिन्तन राख्ने प्राध्यापकहरुको कुनै मंच बन्छ कि ? अथवा अब त्यस्तो कुनै संस्थाको आवश्यकता समाप्त नै भएको हो त ? यस्ता अनेकौं समस्याग्रस्त प्रश्नहरु जन्मिएका छन् । विश्वविद्यालयमा विकृतिको चरम विकास भएको छ । शैक्षिक स्तर, प्राज्ञिक मर्यादा र अध्ययन अध्यापनप्रतिको निष्ठा र विश्वसनीयता धराशायी बन्दै गएको छ । त्यस्तो स्थितिमा पनि यस संगठनको अस्तित्वलाई एउटा गुटको स्वार्थमा प्रयोग गर्ने अभिष्टको चरम रुप विखण्डन सिवाय कुनै विकल्प नरहेको कुरा पनि घाम जत्तिकै सत्य बनेको थियो ।

नेपालको प्रगतिशील र मार्क्सवादी चिन्तनलाई अक्षुण्य राख्ने प्राध्यापकहरुको लगन र त्यागले फेरि पनि संगठनको अस्तित्वलाई धूलोमा मिल्न देला भन्न सकिन्न । अवस्था र परिस्थितिले कुनै न कुनै रुपमा प्राध्यापकहरुलाई एकत्रित र संगठन गर्नेछ । प्रगतिशील विचारमा संगठित रहन चाहने र पेशागत मर्यादाको आवश्यकता महसूस गर्ने प्राध्यापकलाई इतिहासका भावी कालखण्डले कुनै त कुनै मंच, मोर्चा वा समूह (जे भने पनि) मा एकताबद्ध हुन विवश बनाउने छ । कुनै समूहको बहुमतका नाममा मौलाएको दमन आफैं धूलोमा मिल्नेछ । ❑

# पाठकको कुरो

## उदारताको निम्ति बधाई

विगत ३ वर्षदेखि म मूल्यांकनको नियमित पाठक छु । मूल्यांकनको ७३ औं अंकमा प्रकाशित नेपाली कांग्रेसकी नेतृ सुश्री शैलजा आचार्यको अन्तरवार्ताले मलाई अचम्मित बनायो । पार्टी विद्रोह गरेर हिँडेपछि नेकाका विद्रोही जगन्नाथ आचार्यको सानो भेटघाटको टिपोट मात्र छापिएको थाहा छ । शैलजासँगको यो विस्तृत अन्तरवार्ता प्रकाशित गरेर सबै पक्षको विचार बुझ्ने उदारताको थालनी गरेकोमा मूल्यांकन परिवारलाई बधाई छ ।

माओवादी पार्टी छोड्नेहरुको अभिव्यक्ति, माओवादीको विचार र गतिविधिबारे मूल्यांकनको धारणा र माओवादीले निर्माण गरेको आधार इलाकाको दाबी यी तीनवटा समाचार र भनाइ एकआपसमा अन्तरविरोधपूर्ण छ जस्तो मलाई लाग्यो । जलस्रोतको धनी नेपाल पटक पटक विदेशीसँगको सन्धि-सम्झौतामा ठगिँदै आएको छ । एनरोनबारे एकपल्ट देशका वरिष्ठ बुद्धिजीविसँग अन्तरक्रिया चलाउनु र जनमत लिनु आवश्यक छ ।

**- सुश्री विमला ढुंङ्गाना**
*रीस्कु गा.वि.स.- ७, उदयपुर*

## संस्मरण स्तम्भ चाहियो

नेपाली पत्रिका आकाशमा आफ्नो अलग्गै पहिचान बनाउँदै आएको विचार अन्तरक्रियामुखी मूल्यांकन मासिकको अग्रगति र उज्जवल भविष्यको कामना गर्दछु ।

मूल्यांकन मासिकका हरेक अंक अत्यन्त महत्वपूर्ण र पठनयोग्य हुन्छन् । त्यसमा पनि अंक ७३ मेरो लागि अत्यन्त महत्वपूर्ण ठहरियो । वर्षौंदेखि चीनको अवस्थाबारे जानकारी लिने धोको विश्वप्रसिद्ध माओवदी लेखक 'विलियम हिन्टन'सँगको 'कता जाँदैछन् चीनका...' भन्ने शीर्षकको कुराकानीले पूरा गऱ्यो । अंक ६९ बाट समाजवादी क्यूबाको बारेमा जानकारी पाएँ । आगामी अंकहरुमा अन्य समाजवादी मुलुकको अवस्थाबारे पनि सामग्री पस्किइयोस् । कम्युनिष्ट आन्दोलनमा लाग्दा पाएका दुःख कष्ट समेटिने खालको संस्मरण स्तम्भ पनि राखियोस् भन्ने सुझाव दिन चाहन्छु ।

**- प्रकाश शाह 'अभागी'**
*बाजुरा, हाल : धनगढी*

## स्थान दिनु भएन

मूल्यांकन मासिकले पत्र-पत्रिकाको अगाडि प्रमुख स्थान नै लिएको पाइन्छ । यो पत्रिका सामान्यतया मार्क्सवादको परिचय गराएर पाठकहरुलाई बौद्धिक खुराक दिन सफल नै देखिन्छ । तर विश्व कम्युनिष्ट आन्दोलनको व्याख्या गर्ने सवालमा माओ विचारधारा नै परित्याग गर्ने दक्षिणपन्थी अवसरवादीहरुलाई यस पत्रिकाले किन स्थान दिन्छ ? यो प्रश्नले मलाई घोचिरहन्छ । नेपालको सन्दर्भमा भन्नु पर्दा बहुदलीय जनवाद मान्ने घोर पूँजीवादी बाटो लिएको एमाले, मालेजस्ता दक्षिणपन्थीहरुलाई कम्युनिष्ट दलको नाममा यस पत्रिकामा स्थान दिन उचित हो जस्तो लाग्दैन ।

**- लीलाप्रसाद पौडेल**
*भिमस्थान- ३, सिन्धुली*

## रूपचन्द्र विष्टबारे

ढिलो गरी भएपनि मूल्यांकन मासिक पत्रिका पढ्ने अवसर पाएँ । हामीजस्तो पाठकलाई रात पनि दिनजस्तै भयो । तर प्रतिभाशाली व्यक्तित्वहरु जीवितै छँदा प्रशंसनीय हुन्नन् । मरेपछि मात्रै उनीहरुको प्रशंसा गरिन्छ । रुपचन्द्र विष्टको राजनीतिक जीवन हेर्दा र उनी 'थाहा' आन्दोलनका प्रणेता भएकाले उनलाई नेपालको कम्युनिष्ट आन्दोलनको विशिष्ट व्यक्तित्व मान्न सकिन्छ । अब हामीले विष्टजस्ता प्रतिभाशाली व्यक्तित्व फेरि पाउन निकै गाह्रो हुनेछ । रुपचन्द्र विष्टबारे अझ विस्तृत अध्ययन गर्न पाउँ ।

**- श्रद्धा सुब्बा**
*चुलाचुली- १, कमल, इलाम*

## स्तम्भ थपियोस्

मूल्यांकनको पूर्णाक ७२ बेलैमा हात पऱ्यो । समयको धरातलामा राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाक्रम तथा साहित्य, संस्कृति र विज्ञानको यथार्थ कुरा लेख्ने यो मासिक अघिपछिको अंकजस्तै आफ्नै विशेषताले पाठकको मन जित्न सफल भएको छ । म यसको पाठकको नाताले पूँजीवादी पत्रिकामा खड्किएको स्तरीयतालाई यसैले एउटा 'पूँजीवादी प्रजातन्त्र' स्तम्भ थपी त्यताको पनि बजार लिएर सबै राजनीतिमा सर्वमान्यता कायम गरोस् भन्ने चाहन्छु ।

यस अंकको भ्रष्टाचारको आवरण कथाले नेपालका साना ठूला सबै वर्गका बदमासहरुको पर्दाफास गरेको छ । वास्तवमा यो कुरो हाम्रो राष्ट्रको अति सोचनीय कुरा हो । त्यसपछि पिकासो र बाजपेयी तथा रुपचन्द्र विष्टको भनाइ पनि पठनीय छ । रुसमा 'स्तालिनको लोकप्रियता' बारेको लेख पनि राम्रो छ । अन्त्यमा विज्ञान प्रविधि, सांख्य दर्शन, विश्व कम्युनिष्ट आन्दोलन र नीति संस्कृति धेरै राम्रो लाग्यो ।

**- शिव प्रसाद खनाल**
*डेढागाउँ- ९, नवलपरासी*

## धर्मको नाममा भ्रष्टाचार

मूल्यांकन ७२ मा हाम्रो धार्मिक परंपरा र धर्मको आडमा हुने हिनामिना एवं घूस र चाकडी सिकाउने धार्मिक कर्मकाण्डको बारेमा लेखिएको लेख एकदमै राम्रो लाग्यो । विश्व शान्ति र मानव कल्याणको नाममा कोटीहोम, लक्ष्यहोम वा अखण्डकीर्तन वा विभिन्न यज्ञयज्ञादिका थुप्रै आयोजनाहरु यहाँ हुने गरेका छन् । त्यस्तै यज्ञ धनुषाको क्षेत्र नं- २, गा.वि.स. धनुषाधाममा हुँदैछ । यो यज्ञ भारतका एकजना तथाकथित साधुको संरक्षणमा हुँदैछ । त्यस यज्ञमा धेरै अपराधीहरुले सहयोग पुऱ्याइरहेका छन् । यस्ता कामलाई हामी सचेत युवा जनसमुदायले सशक्त विरोध गर्नुपर्दछ भन्ने धारणा राखेका छौं । यो घूस र चाकडी सिकाउने र धर्मको आडमा हुने हिनामिनाविरुद्ध चन्द्रदेव नेपालीबाट लेखिएको लेख उपयोगी र ज्ञानवर्द्धक छ । उहाँलाई म मेरो धारणा मिलेकोमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

प्रज्ञानरत्नले सांख्य दर्शनको बारे लेख्नुभएको लेख पनि ज्ञानवर्द्धक छ । मूल्यांकन परिवारप्रति मेरो र शहीद रामदेव पंडित प्रतिष्ठानको तर्फबाट हार्दिक शुभकामना गर्दछु ।

**- ललितनारायण पंडित**
*धनुषा, औरही- १*

## कृषिलाई पाखा पारियो

नेपाल कृषि प्रधान देश हों र, अहिले पनि मुलुकको आधारभूत आर्थिक क्षेत्र भनेको कृषि नै हो । तर मूल्यांकन मासिकले देशभक्त, प्रजातन्त्रप्रेमी जनताहरुको अध्ययन तथा जागृतिको लागि हरेक क्षेत्रलाई ओगटेर त्यसको सार खिच्ने कार्यमा अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको भए पनि कृषि क्षेत्रलाई अलिकति पाखा पारेजस्तो भान भएको छ । भूमिसुधार प्रणाली कहिले र कहाँबाट शुरुभयो ? हालसम्म समाजवादी राष्ट्र चीन, भियतनाम, उत्तर कोरिया, क्यूबा र अन्य राष्ट्रहरुका भूमिसुधार प्रणालीहरुमा कति भिन्नता रहेका छन् भन्नेजस्ता कुराबारे पनि प्रकाश पारिदिएमा मजस्तै अरु थुप्रै चासोराख्ने पाठकहरुको लागि ठूलो सहयोग हुने थियो ।

**- रूपसिंह गुरुङ्**
*मद्रास मेडिकल कलेज, चेन्नई, भारत*

## क. निर्मल लामाको जीवनी

क. निर्मल लामाको धारावाहिक जीवनी प्रकाशित गर्न थालेकोमा मूल्यांकनलाई धन्यवाद । उहाँबारे हालसम्म प्रकाशित लेखहरुले नै पनि उहाँ र नेपाली इतिहासका थुप्रै प्रसंङ्गहरुबारे रोचक जानकारी गराएका छन् । उहाँजस्ता वरिष्ठ वाम नेताहरुका जीवन-संस्मरणहरुलाई सुरक्षित गर्न र व्यस्थित रुपमा जनतासमक्ष लैजान हाम्रो वाम-आन्दोलनले खासै ध्यान दिएको छैन । त्यसैले थुप्रै वरिष्ठ व्यक्तित्व यहाँ चुपचाप बितेर गएका छन् । त्यसैले उहाँहरुबाट नयाँ पुस्ताले सिक्न पाउने कुराबाट बंचित हुनु परेको छ । मूल्यांकनले अरु नेताहरुको पनि संस्मरण संकलित गरोस् भन्ने अनुरोध गर्दछु ।

**- वसन्त न्यौपाने**
*बल्खु, काठमाण्डौ*

## जनयुद्धको लम्काइ

माओवादीहरुले थालेको 'जनयुद्ध' मा उनीहरुको बहादुरी त देखिन्छ । तर त्यो बहादुरी मात्रै सबैथोक हैन । हाम्रो समाजको तह तहमा जमेर बसेका सांस्कृतिक, दार्शनिक र व्यवहारिक रुढीवाद एवं अन्धविश्वासका जराहरु काट्न भने माओवादीहरु सक्रिय छैनन् । यी जराहरु नकाटी केवल केही व्यक्तिहरुले हतियार उठाएका भरमा यो देशमा जनवादी राज्यसत्ता स्थापित हुन्न । स्थापित भएमा पनि दिगो हुन्न । यो कुरा विश्व कम्युनिष्ट इतिहासले प्रमाणित गरिसकेको छ । नेताहरुको दोहोरो जीवनचरित्र वा पाखण्ड अनि संगठनमा र जनतामा जनवादको अभाव : के यिनै महारोगहरुले विश्वमा ठूलाठूला कम्युनष्टि पार्टीहरु पछि गएर पंगु भएका हैनन ? मूल्यांकनले यसतर्फ पनि ध्यान दिएर रचनाहरु प्रकाशित गरोस् ।

**- विष्णु राई**
*खोटाङ, हाल : काठमाण्डौं*

## शैलजाको सक्रियता स्वै त ?

गतांक मूल्यांकनमा 'अचेल' स्तंभ अन्तरगत शैलजा आचार्यका विचारहरु पढ्दा उहाँ नेपाली कांग्रेसभित्र केही जनपक्षीय रुझान राख्ने नेतृ हुनुहुँदो रहेछ भन्ने लाग्यो । तर उहाँले किन आफूलाई कम सक्रिय पारिराख्नुभएको हो, बुझ्न सकिएन । राम्रा विचार भएका व्यक्तिहरुले त लेखहरु लेख्ने, विचार-गोष्ठी र छलफलहरु चलाउने, सके किताबै लेख्ने आदि कामलाई प्राथमिकता दिएको हुनपर्ने हो । किन उहाँ यस दिशामा सक्रिय हुनुहुन्न ? किन कांग्रेसीहरुबीच नै पनि उहाँ व्यवस्थित वैचारिक-आन्दोलन चलाउनु हुन्न ? यो प्रश्न उहाँसमक्ष राख्न चाहन्छु ।

**— तीर्थराज शाक्य**
*स्वयंभू, काठामाण्डौ*



असीमित छैन, पूँजीवादी प्रजातन्त्रको सीमा !

**कति विस्तृत र गहिरो छ, प्रजातन्त्रको जरो ?**

- चैतन्य मिश्र

जनमुखी विकाससम्बन्धी अन्तर्क्रिया र सामुदायिक विकासको उत्प्रेरणाका निम्ति प्रकाशित चौमासिक

# विकास

- ❑ एफ. एम. : उपयोगिता र चुनौतिहरु
  - सी.के. लाल
- ❑ नेपालमा आधुनिक 'चन्दा-गुठी' किन र कसरी ?
  - प्रत्युष वन्त
- ❑ भूपीको कविता पढाउँदै मैले क्रान्तिको कुरा गरें एक मास्टरको वकपत्र
  - खगेन्द्र संग्रौला
- ❑ दुई फरक विषय : विकासमा गरिवी निवारण
  - टीका भट्टराई
- ❑ जब आदिवासीहरुलाई गिट्ठा र भ्याकुरबाट पनि बञ्चित गरियो !
  निकुञ्जको संरक्षण नीति र आदिवासीहरुको पीडा
  - डम्बर चेम्जोङ
- ❑ किन उठ्न सकेन एकीकृत दलित आन्दोलन ?
  - पद्मलाल विश्वकर्मा
- ❑ संघर्ष जारी छ, मानव अधिकार आयोगका लागि
  - कृष्ण पहाडी

साथमा, कवि आहुतिको कविता: **गहुँगोरो अफ्रिका**

विकासको नयाँ अंक यसै हप्ता बजारमा आउँदैछ

प्रकाशक
**आविम**
फोनः ३३२२४४
पो.ब.नं. ७७३१
काठमाडौं

# HONS

**Himalayan Online Service Pvt. Ltd.**

*Your Gateway to the Information Superhighway*

PO Box : 9285, Bag Bazar, Kathmandu, Nepal
Phone : 977 1 220848, 223914
E-mail : info@hons.com.np

**SPECIAL OFFER !**

**Sign Up Now & Get FREE 24 hours internet access**

A Full Internet Service Provider and network consultant, provides services to all interested business and individuals all over Nepal. HONS is connected to the Internet via VSAT link.

**Our Services:**

- Full Internet Access
- E-mail
- E-Fax
- Fax2Fax
- Web Site Design & Hosting
- Domain Registration
- Network Consultant for LINUX, WIN NT, WINDOWS

**युवा**

हरेक युवाले पढ्नै पर्ने मासिक पत्रिका !

के तपाईले पढ्नु भयो ?

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०  म.क्षे.हु.द.नं. १२/०५१/५२


# हिमाल स्टील

## टोरस्टील®

*हिमालले सुरक्षित घर बनाउँछ।*

प्रत्येक इन्जिनीयर, आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ, फलामे डण्डीको यील्ड स्ट्रेन्थ, डिजाइनको त्यो आधार हो जसबाट निर्माण किफायती र बलियो बन्छ ।

हिमाल स्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो जुन अन्तरराष्ट्रिय प्रविधिबाट अन्तरराष्ट्रिय गुणस्तरमा नेपालमै तयार पारिएको छ । यस्को शक्ति सम्पन्न ४२.५ किलो वर्ग मि.मि. यील्ड स्ट्रेन्थको हामी ग्यारेन्टी दिन्छौं र यस्को बढी बण्ड स्ट्रेन्थले तपाईंको निर्माणमा बचत गराउँछ ।

तपाईंको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको ।

# अति शक्तिशाली



हिमाल आयरन एण्ड स्टील (प्रा) लि.